# कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०८२

(पर्यटन, वन, वातावरण तथा भू-तथा जलाधार व्यवस्थापन)

प्रदेश सरकार (मा.मन्त्रिस्तरीय निर्णय) बाट स्वीकृत मितिः २०८२/    /

मा. सदानन्द मण्डल
मन्त्री
पर्यटन, वन तथा वातावरण मन्त्रालय

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

## कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन सम्बन्धी परिचय

कोशी प्रदेशको पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पर्यटन विकास आयोजना, पर्यटन कार्यालय, आयोजना इकाई र कार्यालयहरुबाट स्वीकृत वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दा विद्यमान ऐन, नियम, कार्यविधि र मार्गदर्शन अनुसार सञ्चालन गरी कार्यक्रमले राखेको उद्देश्य, आशातित उपलब्धी प्रदेश सरकारको नीति तथा कार्यक्रमले हासिल गरी मन्त्रालयको समग्र उद्देश्य प्राप्ति गर्नु र नागरिक सेवा प्रवाह गराई सुशासन कायम गर्नु गराउनु तथा कार्यक्रमको उपलब्धी प्राप्त गर्नु आजको आवश्यकता हो । विभिन्न कार्यक्रम र क्रियाकलापहरु विभिन्न निकायहरुले सम्पादन गर्दा मिल्दाजुल्दा क्रियाकलाप समान मापदण्ड अनुसार कार्यान्वयन होउन् र कार्यान्वयन गर्ने निकाय/कार्यालय, संस्था र व्यक्तिलाई सहज र सरल होस् भन्ने उद्देश्यले विगतका अनुभवहरुलाई समेत मध्यनजर गरी कोशी प्रदेश विनियोजन ऐन,२०८२ को दफा ११ को उपदफा (२) को अधिकार प्रयोग गरी आ. व. २०८२/८३ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न यो मार्गदर्शन तयार गरीएको छ ।

## कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शनको आधारभूत सिद्धान्त

यो मार्गदर्शन निर्माणका क्रममा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९, सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका २०७९, भ्रमण खर्च नियमावली, २०६४, कोशी प्रदेश पर्यटन वर्ष, २०८२ सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१, कोशी प्रदेश विनियोजन ऐन, २०८२ तथा आ.व. २०८२/०८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनलाई आधारभूत सिद्धान्तको रुपमा लिइएको छ । उल्लिखित सिद्धान्तको परिधिभित्र रही प्रचलित कानूनका आधारमा तय गरिएका क्रियाकलाप सञ्चालन गर्नु सम्बन्धित निकायको जिम्मेवारी हुनेछ ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

## विषय सूची


कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन सम्बन्धी परिचय ..........

कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शनको आधारभूत सिद्धान्त ..........

**खण्ड १: भू-तथा जलाधार संरक्षण कार्यक्रम** .......... १

१. आकस्मिक भू-संरक्षण कार्यक्रम .......... १

२. एकिकृत भू-स्खलन नियन्त्रण .......... २

३. एकीकृत सुख्खा क्षेत्र व्यवस्थापन .......... ४

४. खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापन .......... ६

५. चुरे तथा नदी प्रणाली संरक्षण .......... ७

६. जलवायु परिवर्तन अनुकुलन नमुना गाउँ कार्यक्रम (Climate Smart Village) .......... ७

७. पार्श्व चित्र प्रकाशन (Activity Profile) .......... ८

८. भावर क्षेत्रमा रहेका पानी मुहान, सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन .......... ८

९. बायो इन्जिनियरीङ्ग खोला किनारा संरक्षण .......... १०

१०. विरूवा उत्पादन तथा वितरण .......... ११

११. संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख .......... १२

१२. संवेदनशिल क्षेत्र भू-संरक्षण कार्यक्रम .......... १२

१३. सडकसँग भू-संरक्षण .......... १३

१४. सिमसार/पोखरी जलाधार व्यवस्थापन/ पानी मुहान संरक्षण र पोखरी निर्माण तथा व्यवस्थापन .......... १४

१५. फलफूलको विरूवा खरिद तथा वितरण .......... १६

१६. नर्सरी मर्मत/स्तरोन्नति .......... १६

१७. Replication of DCRL activities -Catchment पुनर्स्थापना (contour trench मा घाँस रोपण तथा अन्य) ... १७

**खण्ड २: प्रदेश वन विकास तथा जडिबुटी प्रवर्द्धन कार्यक्रम** .......... १९

१८. अतिक्रमण हटाई पुनरूत्पादन व्यवस्थापन/वृक्षारोपण/ अतिक्रमण नियन्त्रण .......... १९

१९. सामुदायिक वनमा/ पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम .......... २०

२०. BSO प्लट स्थापना (विभिन्न प्रजातीको)/विभिन्न वन अनुसन्धान प्लटहरु संरक्षण तथा व्यवस्थापन .......... २१

२१. कवुलियती वनमा /पानी मुहान संरक्षण .......... २२

२२. युवा उद्यम विकास कार्यक्रम (वन पैदावरमा आधारित) .......... २२

23. एक सामुदायिक वन एक संरक्षण पोखरी .......... २३

२४. काठको डिपो (घाटगद्दि) स्थापना र व्यवस्थापन .......... २३

२५. वन डढेलो नियन्त्रण तथा ब्यबस्थापन कार्ययोजना कार्यान्वयन .......... २४

26. कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम/ कृषि वन विकास तथा विस्तार कार्यक्रम .......... २५

विशाल घिमिरे
प्रदेश सचिव


२७. स्थायी नर्सरी निर्माण ........ २६

२८. बिरुवा उत्पादन (३"*७" को पोलिथिन थैलामा) / बहुवर्षिय बिरूवा उत्पादन ८"x५" को पोलिथिन थैलामा) ........ २७

२९. जिल्ला वन क्षेत्र समन्वय समितिको सचिवालय व्यवस्थापन तथा सुदृढीकरण ........ २८

३०. सडक किनार तथा सार्वजनिक जग्गामा Ornamental Plants को वृक्षारोपण केज सहित / सडक/खोला किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण (ट्रीगार्ड सहित) सडक खण्ड हरियाली विकास (Road Green Belt Development) ........ २८

३१. वृक्षारोपण (तारबार सहित) ........ ३०

३२. गत साल भएको वृक्षारोपणको पून: रोपण/ वृक्षारोपण क्षेत्रमा पुनःरोपण तथा गोडमेल ........ ३१

३३. बर पिपल समि चौतारी निर्माण/संरक्षण तथा हरियाली प्रवर्द्धन कार्यक्रम ........ ३२

३४. नर्सरी मर्मत/स्तरोन्नति/(ग्रिन हाउस सहित) ........ ३२

३५. जोखिमयुक्त/ढलापडा रुख संकलन/ व्यवस्थापन/ढलापडा काठ दाउरा संकलन तथा व्यवस्थापन ........ ३३

३६. बाँसमा आधारित उद्यमशिलता अभिवृद्धि ........ ३४

३७. नगर उद्यान निर्माण ........ ३४

३८. बहुवर्षिय बिरुवा संरक्षण ........ ३५

३९. वनजन्य फलफुलको बिरुवा उत्पादन/खरिद तथा रोपण (वन क्षेत्रमा)/ फलफुलको बिरुवा खरीद गरी वितरण ........ ३५

४०. दरियाबुर्दि काठको संकलन, व्यवस्थापन र विक्री ........ ३६

४१. स्थायी/ नर्सरी नाइके ज्याला ........ ३७

४२. स्थानीय वन समूह/सा. व. उ. स मार्फत बिरुवा उत्पादन सहयोग ........ ३७

४३. सामुदायिक वनमा उद्यमशिलता अभिवृद्धि ........ ३८

४४. बाँसको बिरुवा उत्पादन ........ ३९

४५. अग्निरेखा मर्मत/ निर्माण (हे./ कि. मि. ) ........ ३९

४६. पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार ........ ४०

४७. जडीबुटी विरूवा उत्पादन तथा खेती विस्तार ........ ४०

४८. जडीबुटी तथा गैरकाष्ठ वन पैदावार प्रशोधनका लागि सामाग्री खरिद र व्यवस्थापन ........ ४१

४९. बाँस सम्बन्धी अध्ययन तथा अनुसन्धान ........ ४२

५०. प्रचार प्रसार कार्यक्रम / सामग्री उत्पादन वितरण ........ ४२

५१. सर्प उद्धार तथा पुनस्थापना तालिम ........ ४२

५२. सरोकारवालासंग वनका कुरा ........ ४३

५३. जिल्लाको आवधिक योजना सहितको रणनितिक योजना तयारी// जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना तयारी (वातावरणीय प्रभाव मूल्याङ्कन समेत) ........ ४३

५४. जिल्ला वन पैदावार आपुर्ति समिति मार्फत चिरान काठ उत्पादन र वितरणका लागि भौतिक पुर्वाधार व्यवस्थापन ........ ४४

५५. प्राकृतिक पुनरुत्पादन अभिवृद्दि कार्यक्रम ........ ४५

५६. अवैध चोरी शिकारी नियन्त्रणमा खटिएका कर्मचारी प्रोत्साहन पुरस्कार (सुरक्षा निकाय समेत) ........ ४५

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव


५७. कोशी प्रदेश वन न्युजलेटर प्रकाशन ........ ४६
५८. वन, वन्यजन्तु संरक्षण सम्बन्धी प्रचार प्रसार (होर्डिङ बोर्डिङ, पम्प्लेट, पुस्तिका, ब्रोसर आदि) ........ ४६
५९. कवुलियती वन समुहलाई क्षमता अभिवृद्धि तालिम ........ ४६
६०. सामुदायिक वन उपभोक्ता समुहलाइ क्षमता अभिवृद्धि तालिम ( वन विकास, लेखा, निती नियम आदी)/ रेकर्ड किपिंग तथा लेखा व्यवस्थापन तालिम ........ ४७
६१. सव-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी ........ ४८
६२. सामुदायिक तथा कबुलियती वन अनुगमन तथा निरिक्षण (अनुगमन पुस्तिका प्रकाशन समेत ) ........ ४९
६३. फलफुलको बिरुवा खरीद गरी कवुलियती वन समुहमा वितरण गर्ने ........ ५०
64. वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसंधान, तहकिकात र मुद्दाको दायरी ........ ५०
६५. वन र वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणको लागि नियन्त्रण कक्ष स्थापना र व्यवस्थापन ........ ५१
६६. सामुदायिक वन समूहको कार्ययोजना नवीकरणमा सहयोग ........ ५२
६७. सामाजिक परिचालन सेवा (समूह परिचालनको अनुदान सहयोग) ........ ५३
६८. लाहा खेती विस्तार तथा प्रविधी हस्तान्तरण ........ ५४
६९. सामाजिक परिचालिका र जिल्ला सुपरभाईजरको बैठक ........ ५५
७०. सामाजिक परिचालन सुपरिवेक्षण (जिल्ला सुपरभाईजरबाट) ........ ५६
७१. डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी ........ ५७
७२. प्रदेश स्तरीय योजना तर्जुमा गोष्ठी ........ ५७
७३. चौमासिक/त्रैमासिक/ वार्षिक प्रगति समिक्षा गोष्ठी (प्रगति समीक्षा गोष्ठी ) ........ ५८
७४. प्राविधिक सहयोग सेवा (वन प्राविधिक सहायकबाट) ........ ५९
७५. सहभागितामूलक अतिक्रमण, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रण ........ ६०
७६. चक्ला /वन व्यवस्थापन कार्ययोजना तयारी/कार्यान्वयन ........ ६०
७७. वन सामाजिक परिचालकको पारिश्रमिक ........ ६१
७८. सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गोष्ठी/ सव डिभिजन स्तरिय समन्वय बैठक/ सुरक्षा निकायसँग समन्वय बैठक ........ ६२
७९. मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन ........ ६३
८०. वन, वातावरण तथा भू संरक्षण सम्बन्धि सचेतना अभियान/ सूचना प्रवाह तथा पारदर्शिता सबलीकरण रेडियो एफ. एम. /रेडियो /टि. भी. मार्फत प्रचार प्रसार तथा सामग्री उत्पादन/ प्रकाशन ........ ६३
८१. कवुलियती वनमा जग्गा विकास पुर्नताजगी तालिम ........ ६४
८२. निष्क्रिय तथा पुराना समुह सशक्तिकरण सहयोग ........ ६४
८३. जडिबुटी उत्पादक, संकलक तथा व्यापारी बीच अन्तरक्रिया गोष्ठी ........ ६५
८४. संघीय वन ऐन, प्रदेश वन ऐन तथा नियमावली र कार्यविधि सम्बन्धी स्थानीय जनप्रतिनिधि तथा सा. व. उपभोक्तालाई तालिम/ वनको नीति नियम सम्बन्धी तालिम (फिल्ड स्तरीय) ........ ६६
८५. वार्षिक प्रगती पुस्तिका प्रकाशन ........ ६६

बिशाल घिमिरे
प्रदेश सचिव


८६. सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता, कार्ययोजना तयारी र हस्तान्तरण ........ ६७
८७. कर्मचारीहरूको लागि फिल्ड गियर सेट खरिद (जुता, टर्च लाईट, रेनकोट, ब्याग, क्याल्कुलेटर आदि) ........ ६८
८८. उत्कृष्ट वन समूह पुरस्कार (निजी वन समेत) ........ ६८
८९. जीविकोपार्जन सुधार योजना कार्यान्वयन........ ६९
९०. कबुलियती वन समुहमा बचत व्यवस्थापन (ग्रामीण वित्त सहायकबाट) ........ ७०
९१. पकेट क्षेत्रमा जडीबुटी उत्पादन, खेती विस्तार र भण्डारण ........ ७०
९२. फोकल टिमको बैठक ........ ७१
९३. कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन (जीविकोपार्जन सुधार योजनासमेत) ........ ७१
९४. सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास ........ ७२
९५. निजी वन सम्बन्धी प्रचारप्रसार कार्यक्रम ........ ७३
९६. वनजन्य उद्यम विकास कार्यक्रम सहयोग ........ ७३
९७. वन अनुसन्धान तथा अनुसन्धान केन्द्रबाट सञ्चालन हुने तालिम/गोष्ठी/अनुसन्धान कार्यक्रम ........ ७४
९८. टिम बिल्डिङ्ग तालिम........ ७५
९९. वन सामाजिक परिचालकहरुलाई फिल्ड गियर ........ ७६
१००. अर्गेली खेती विस्तार ........ ७७
१०१. वन व्यवस्थापन स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्नसिप कार्यक्रम ........ ७८
१०२. वन सम्बन्धी स्वीकृत IEE प्रतिवेदन कार्यान्वयन सम्बन्धी अनुगमन र प्रतिवेदन तयारी ........ ७९
१०३. वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा दिएको सम्बन्धी अनुगमन र प्रतिवेदन तयारी ........ ८०
१०४. वन अपराध अनुसन्धान तथा मुद्दा दायरी तालिम ........ ८०
१०५. नदी उकास जग्गामा वृक्षारोपण/वन पुनर्स्थापना कार्यक्रम ........ ८१
१०६. गरिबहरूको लागि जीविकोपार्जन सुधार योजना (LIP) को तयारी र कार्यान्वयनमा CFUG लाई सहयोग गर्ने........ ८२
१०७. लामपातेको बिरूवा खरिद तथा वितरण ........ ८२
१०८. कानून, जैविक विविधता तथा वन सम्बन्धी पुस्तकालय व्यवस्थापन........ ८३
१०९. रूखको मापन तथा मुल्यांङ्कन सम्बन्धि तालिम ........ ८४
११०. पुराना परिपत्रहरूको संगालो प्रकाशन ........ ८४
१११. NFA को संस्थागत सुदृढिकरण तथा व्यवस्थापन ........ ८५
११२. कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम ........ ८५
**खण्ड ३: वातावरण तथा जैविक विविधता संरक्षण कार्यक्रम** ........ ८७
११३. दिवस, समारोह, सप्ताह (वातावरण दिवस, जैविक विविधता, वन डढेलो सप्ताह आदि) ........ ८७
११४. नदीजन्य पद्धार्थ व्यवस्थापनको लागि IEE प्रतिवेदन तयारी (अनुगमन समेत)........ ८७
११५. वातावरण सचेतना सहितको विद्यालय वातावरण सुधार कार्यक्रम र वातावरण शिक्षण/सचेतना कार्यक्रम/स्कुल वन हरियाली कार्यक्रम .. ८८
११६. सडक किनार तथा सार्वजनिक जग्गामा Ornamental plants को वृक्षारोपण केज सहित (भू-संरक्षण/वृक्षारोपण)........ ८९

११७. सिमसार संरक्षण तथा व्यवस्थापन/ पोखरी जलाधार व्यवस्थापन/ पोखरी निर्माण तथा व्यवस्थापन ........ ९०
११८. वन्यजन्तुका लागि पानी आहाल तथा क्रिडास्थल निर्माण/ व्यवस्थापन ........ ९१
११९. मानव वन्यजन्तु द्वन्द न्यूनीकरण/व्यवस्थापन तथा वन्यजन्तु उद्धार ........ ९१
१२०. वन्यजन्तुवाट हुने क्षतिको राहत ........ ९२
१२१. हरियाली प्रवर्द्धन / हरियाली सौन्दर्यिकरण कार्यक्रम ........ ९२
१२२. रेडपाण्डा संरक्षणको लागि प्रजनन् केन्द्रको गुरूयोजना कार्यान्वयन ........ ९३
१२३. वन्यजन्तुको उद्धार, उपचार केन्द्र स्थापना र सहयोग ........ ९३
१२४. विरूवा उत्पादन/खरिद तथा वितरण ........ ९४
१२५. वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम ........ ९४
१२६. वन, वन्यजन्तु संरक्षण सम्बन्धी प्रचार प्रसार (होर्डिंग बोर्ड पम्फलेट पुस्तिका ब्रोसर आदि) ........ ९५
१२७. सोलार फेन्सिङ निर्माण/ममर्त सभार / सोलार फेन्सीङ निर्माण (मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण) झापा, मोरङ्ग, सुनसरी ........ ९६
१२८. जैविक विविधता संरक्षण तथा व्यवस्थापन ........ ९६
१२९. वन्यजन्तु अपराध नियन्त्रण इकाई (WCCB) को बैठक ........ ९७
१३०. वन, वन्यजन्तु संरक्षणको लागि गस्ती परिचालन ........ ९७
१३१. हात्ती प्रभावित क्षेत्रमा बाली बिमा कार्यक्रम ........ ९८
१३२. मानव वन्यजन्तु सहअस्तित्वका लागि RRT परिचालन ........ ९८
**खण्ड ४: पर्यटन क्षेत्र मन्त्रालय, पर्यटन कार्यालय र पर्यटन विकास आयोजना** ........ ९९
१३३. डिजिटल नागरीक वडापत्र ........ ९९
१३४. पर्यटन विषयको वेवसाइट निर्माण/अद्यावधिक ........ ९९
१३५. पर्यटन विषयगत समितिको बैठक कार्यक्रम ........ १००
१३६. अन्तर्राष्ट्रिय सगरमाथा दिवस (तयारी तथा कार्यान्वयन) ........ १०१
१३७. पर्यटन नीतिगत अन्तरक्रिया ........ १०२
१३८. पर्यटन सम्बन्धी लेखन वृत्ती ........ १०२
१३९. उत्कृष्ट पर्यटन सञ्चारकर्मी पुरस्कार ........ १०३
१४०. पर्यटन सेवा प्रवाहका लागि क्षमता अभिवृद्धि तालिम (कर्मचारी लक्षित) ........ १०४
१४१. प्रचार प्रसार सामाग्री उत्पादन र वितरण ........ १०४
१४२. उपाहरजन्य सामाग्री छपाई, खरिद तथा उत्पादन ........ १०५
१४३. भिडियो डकुमेन्ट्री निर्माण ........ १०५
१४४. कोशी प्रदेशको होमस्टेहरुको तथ्याङक अभिलेखिकरण ........ १०६
१४५. होमस्टेहरुको विवरण सहितको पुस्तिका प्रकाशन ........ १०६
१४६. नेपाल टेलिभिजन मार्फत पर्यटन प्रवर्द्धन ........ १०७
१४७. पर्यटन सेवाप्रवाह सम्बन्धी कार्यविधि/निर्देशिकाहरुको संगालो प्रकाशन ........ १०८


विशाल घिमिरे
प्रदेश सचिव

पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव


१४८. ऐन/ नियम/ नीति/ निर्देशिका/ कार्यविधि/ मापदण्ड आदि तयारी ........ १०८
१४९. Media Influncer मार्फत पर्यटन वर्षको प्रचार प्रसार ........ १०९
१५०. विमानस्थलहरु (काठमाण्डौ, पोखरा, भैरहवा) को प्रतिक्षालय तथा सिनेमा हलमा पर्यटन प्रवर्द्दन भिडियो तथा सूचना प्रसार ........ १०९
१५१. समग्र कार्यक्रमको प्रतिवेदन प्रकाशन ........ ११०
१५२. प्रदेश कर्मचारी लगायतको सहभागितामा हिमाल आरोहण ........ १११
१५३. प्रदेश मन्त्रालयबाट संचालित पर्यटन विषयक कार्यक्रमहरुको अभिलेखिकरण ........ १११
१५४. कोशी प्रदेश पर्यटन वर्ष ........ ११२
१५५. निर्देशक समिति अनुगमन भ्रमण खर्च ........ ११३
१५६. TTDP-QR कोडमा आधारित कथा र लोक कथाहरुको जानकारी ........ ११३
१५७. TTDP – पदमार्गका लागि ब्राण्ड एम्वेस्डर नियुक्ति ........ ११४
१५८. TTDP परियोजना व्यवस्थापन ........ ११५
१५९. केचना कन्चनजङ्घा पर्यटन प्रवर्द्धन कार्यक्रम ........ ११५
१६०. बोर्ड तथा प्रतिष्ठान गठन ........ ११६
१६१. बैठक भत्ता ........ ११६
१६२. International Public Theater Conference ........ ११६
१६३. होमस्टेहरुलाई आतिथ्यता तथा पर्यटन प्रवर्द्धन तालिम ........ ११७
१६४. पर्यटन जनशक्तिः बिकास (आतिथ्यता सीप विकास) र अभिमुखीकरण ........ ११८
१६५. पर्यटन गाइड, पोर्टर, ड्राइभरहरुलाई क्षमता विकास तालिम अनुशिक्षण ........ ११८
१६६. पर्यटन पत्रकारिता सम्बन्धी क्षमता विकास कार्यक्रम ........ ११९
१६७. पर्यटन पत्रकारिता सम्बन्धी क्षमता विकास तालिम (नेपाल पत्रकार महासंघ कोशी प्रदेशसँगको सहकार्यमा) ........ १२०
१६८. जिल्लास्तरीय पर्यटन प्रवर्द्धन कार्यक्रम तथा अन्तरक्रिया ........ १२०
१६९. सामुदायिक होमस्टे प्रवर्द्धनात्मक सहयोग कार्यक्रम ........ १२१
१७०. मुख्य गन्तव्य क्षेत्रका धार्मिक, सार्वजानिक स्थलहरु र कोशी टप्पुमा सरसफाइ र सौन्दर्यकरण ........ १२२
१७१. प्रचार-प्रसार सामाग्री विभिन्न आकारका होर्डिङ बोर्डहरु ........ १२२
१७२. पर्यटन सूचना केन्द्रहरुको सुदृढीकरण ........ १२३
१७३. पर्यटकीय क्षेत्रमा फोहोरमैला व्यवस्थापन तालिम तथा सामाग्री हस्तान्तरण ........ १२३
१७४. उपहारजन्य सामाग्री छपाइ, खरिद तथा उत्पादन ........ १२४
१७५. प्रचार प्रसार सामाग्री तयारी र वितरण ........ १२४
१७६. यातायातकर्मीमा पर्यटकमैत्री भावना र विकास सम्बन्धी क्षमता अभिवृद्धि तालिम ........ १२४
१७७. समाजिक सञ्जाल मार्फत प्रचास प्रसार ........ १२५
१७८. पर्यटन व्यवसाय दर्ता, उत्प्रेरणा तथा नीतिगत सुधार सुझाव कार्यक्रम ........ १२५
१७९. मौलिक खाना (फुड फेस्टिवल मार्फत पर्यटन प्रवर्द्धन) ........ १२६

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव


१८०. पर्यटन कार्यालयमा सूचना केन्द्र स्थापना तथा व्यवस्थापन ....................१२७
१८१. प्याराग्लाइडिङ प्रतियोगिता ....................१२७
१८२. कोशी मोटरबोट फेस्टीभल ....................१२८
१८३. स्वास्थ्य तथा पर्यटन प्रवर्द्धनका लागि साइक्लिङ मार्फत पर्यटन प्रवर्द्धन ....................१२९
१८४. क्लिन भिलेज ग्रीन भिलेज पर्यटन अभियान ....................१२९
१८५. मेरो बाटो मेरो कथा ....................१३०
१८६. पर्यटन सम्बन्धी फोटो प्रदर्शनी प्रतियोगिता ....................१३०
१८७. नेपाल-भारत मैत्री मिथिला पर्यटकीय सांस्कृतिक महोत्सव....................१३१
१८८. कोशी प्रदेशमा चरा पर्यटन कार्यक्रम ....................१३२
१८९. भारतीय सीमावर्ती बाजरमा गरीने मार्ट तथा पर्यटन प्रवर्द्धनमा सहभागिता ....................१३२
१९०. सीमापार पर्यटन बैठक ....................१३३
१९१. सीमा क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरुलाई पर्यटनमैत्री व्यवहार सम्बन्धी तालिम ....................१३४
१९२. अन्तरप्रदेश सामुदायिक होमस्टे भगिनी सम्बन्ध ....................१३५
१९३. कार्यालय सौन्दर्यकरण ....................१३५
१९४. लाउखीफारा मेचे सामुदायिक होमस्टेहरुको संस्थागत सुदृढीकरण कार्यक्रम ....................१३६
१९५. खेल पर्यटन प्रवर्द्धनका लागि कोशी प्रदेश अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता, झापा ....................१३७
१९६. कोशी टप्पुमा पर्यटकीय सूचना केन्द्र सुदृढीकरण, सुनसरी....................१३७
१९७. होमस्टे सञ्चालकहरुको अनुभव आदान प्रदान सम्बन्धी भ्रमण कार्यक्रम ....................१३८
१९८. होमस्टे सञ्चालन का लागि पुर्व तयारी शिक्षा कार्यक्रम ....................१३८
१९९. होमस्टे सम्बन्धी अभिमुखिकरण कार्यक्रम ....................१३९
२००. पाककला सम्बन्धी तालिम/होमस्टे संचालकहरुलाई रैथाने खाना सम्बन्धी तालिम....................१४०
२०१. नेपाल भारत पर्यटन प्रवर्द्धन बाइक राइडिङ (युटुवर भ्लगर्स आदी) ....................१४०
२०२. दर्ता भएका होमस्टेहरुको नक्सांकन सहित ब्रोशर प्रकाशन ....................१४१
२०३. हाम्रो गाउँ हाम्रो गन्तव्य (गाउँ उत्सव )....................१४१
२०४. चिया पर्यटन प्रवर्द्धन कार्यक्रम ....................१४२
२०५. स्वास्थ्य पर्यटन मार्ट....................१४३
२०६. विश्व पर्यटन दिवस तथा चित्रकला प्रतियोगिता ....................१४४
२०७. तिम्बुङ पोखरी ट्रेल रन सहयोग कार्यक्रम ....................१४५
208. रेडपाण्डा ट्रेल रन ....................१४६
२०९. पर्यटकीय मेला महोत्सव सहयोग कार्यक्रम ....................१४७
२१०. पर्यटन प्याकेज निर्माण सम्बन्धी तालिम कार्यक्रम....................१४७
२११. लघु घरेलु उद्यमी व्यवसायीसँग पर्यटन विकास अन्तरक्रिया ....................१४८

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
बिराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव


२१२. नेपाल रैथाने मार्ट प्रवर्द्धन कार्यक्रम ........ १४९

२१३. पर्यटकीय गन्तव्यहरुको ब्रोसर प्रकाशन ........ १५०

२१४. विभिन्न गन्तव्यहरुका छोटो भिडियो निर्माण ........ १५०

२१५. पर्यटन सम्बन्धी प्रादेशिक संस्थामा पर्यटन प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया ........ १५१

२१६. पर्यटन विकास आयोजनाको कार्यक्रम सञ्चालन प्रक्रिया ........ १५२

२१७. बहुवर्षिय आयोजनाहरु ........ १५३

२१८. पर्यटन प्रवर्द्धन तथा पुर्वाधार विकास योजनाहरु ........ १५४

२१९. संस्कृति तथा सम्पदा संरक्षण सम्बन्धि योजनाहरु ........ १५५

२२०. डि.पि.आर. निर्माण ........ १५६

221. उपभोक्ता समितिबाट गरिने कार्यको कार्यविधि ........ १५७

२२२. विभिन्न अध्ययन अनुसन्धान सम्बन्धी कार्य ........ १६३

**खण्ड ५- विविध ........ १६५**

**अनुसूचीहरु ........ १६६**

अनुसूची -१ उपभोक्ता समितिको लगत ........ १६६

अनुसूची -२ उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन ........ १६७

अनुसूची -३ योजना सम्झौता फाराम ........ १६९

अनुसूची -४ कार्यादेशको ढाँचा ........ १७४

अनुसूची -५ सार्वजनिक परीक्षण फारामको ढाँचा ........ १७५

अनुसूची -६ आयोजना सूचना पाटीको नमूना ........ १७८

अनुसूची ७: उत्कृष्ट निजी वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची ........ १७९

अनुसूची ८: उत्कृष्ट धार्मिक वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची ........ १८१

अनुसूची -९ उत्कृष्ट सामुदायिक वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची ........ १८३

अनुसूची १०: उत्कृष्ट कवुलियती वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची ........ १८९

अनुसूची ११: उत्कृष्ट साझेदारी वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथासूचकहरुको सूची ........ १९३

विशाल घिमिरे
प्रदेश सचिव

## खण्ड १: भू-तथा जलाधार संरक्षण कार्यक्रम

### १. आकस्मिक भू-संरक्षण कार्यक्रम

आकस्मिक रुपमा आइपर्ने विपद्ले व्यक्तिको घरवार नै उठिबास हुने अवस्था भई पिडित व्यक्तिले उपभोक्ता समिति बनाई राहत प्राप्त गर्न कठिनाई हुने अवस्थामा पिडित व्यक्तिको क्षतिलाई कार्यालयबाट तत्काल राहत हुन सक्ने गरी प्राथमिक भू -संरक्षणका उपचार उपलव्ध गराउनका लागि यो कार्यक्रम अमानतबाट सञ्चालन गरिने छ ।

**कार्यान्वयन प्रक्रिया**

- पिडितको माग निवेदन संकलन,
- स्थल छनौट, आधारभुत तथ्याङ्क संकलन,
- वस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया,
- सर्वे डिजाईन तथा लागत अनुमान तयार,
- कार्यान्वयन चरणः कार्यालय मातहतका कर्मचारीबाट कार्य सञ्चालन ,
- कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,
- अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन**

- भू-तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।
- दोश्रो र तेश्रो चौमासिक सम्ममा स्थान छनौट, वस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा लागत ईष्टिमेट तयार गरी तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५०,००,०००।- (पचास लाख) बजेट विनियोजन गरिएको छ । (यस बजेटमा मन्त्रालयमा विनियोजित रकम समेत समावेश गरिएको छ ।)

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न ९ स्थानमा आकस्मिक भू-संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ।

## २. एकिकृत भू-स्खलन नियन्त्रण

कोशी प्रदेश भौगोलिक हिसाबले हिमाल, पहाड र तराईमा विस्तारित रहेको र यसमा छोटो दुरीमै धेरै उचाई विविधता (६० मिटर देखि ८८४८ मिटर) का साथै भिरालो भू-भाग रहेको हुदा यस क्षेत्रका कतिपय भू भागहरु भू-क्षय, बाढी, पहिरोको उच्च जोखिममा रहेका छन्। यस क्षेत्रलाई भू-स्खलनको संवेदनशिलताको दृष्टिकोणबाट राष्ट्रिय स्तरमानै बढी संवेदनशिल मानिन्छ र यस क्षेत्रमा करीब १० घनमिटर/हे./वर्ष भू-क्षय दर रहेको अनुमान गरिएको छ। खास गरी मध्यपहाडी महाभारत तथा चुरे क्षेत्रहरुमा समस्याको रुपमा रहेको पहिरो, गल्छी, खहरे तथा यसको सम्मुखमा रहेका बस्ती समुदायका मानिसहरुको जीउ, धनको रक्षा तथा महत्वपूर्ण पूर्वाधारहरुको संरक्षणका लागि यो कार्यक्रम सञ्चालन गरिने छ।

**संभावित कार्यक्रम तथा क्रियाकलापहरु.**

- पहिरो उपचार (भल तर्काउने कुलो, नाला, चेक ड्याम, वाल, बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घाँस, बाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजाति बिरुवा रोपण)।
- पहिरो पूर्व सूचना प्रणाली विकास, जडान परीक्षण।
- गल्छि नियन्त्रण (भल तर्काउने कुलो, नाला, चेक ड्याम, वाल, बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घास, वाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजाति बिरुवा रोपण)।
- क्षतिग्रस्त भूमि पुनरुत्थान (भल तर्काउने कुलो, नाला, चेकड्याम, वाल, आकासे पानी संकलन पोखरी बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घास, वाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजातिका बिरुवा रोपण)।
- **कार्यगत ईकाई**: प्रभावित क्षेत्र, सो को जलप्रवाह प्रणाली (खोला, खहरे, गल्छि) र सम्मुखमा रहेका बस्ती समुदायलाई कार्यक्रम सञ्चालन का लागि ईकाई मानी कार्य गरिने छ। यसमा प्रभावित क्षेत्रको लागि उपयुक्त भू-उपयोगका उपायहरु देखि जैविक, संरचनात्मक, बायोईन्जिनियरिङ्ग प्रविधिहरुको प्रयोग गरी उपचार गरिने छ। कार्यक्रम निर्माणको प्रारम्भ देखि नै प्रभावित जनसमुदायलाई सहभागी गराईने छ।
- **प्राथमिकीकरण**: मानवीय क्रियाकलापका कारण सृजित पहिरो तथा भू-क्षय स्थल तथा प्रत्यक्ष रुपमा मानव बस्ती र मानवको जिउ धनको रक्षासँग जोडीएका पहिरो तथा भू-क्षय स्थलहरुको उपचारमा प्राथमिकता दिईने छ भने भौगर्भिक कारणले सृजित प्राकृतिक पहिरोहरु कम प्राथमिकतामा रहने छन र प्रत्यक्ष रुपमा मानवीय जोखिम र महत्वपुर्ण पूर्वाधार (जलविद्युत जलाशय, महत्वपुर्ण सडक) को क्षति हुने प्रकोपहरु बढी प्राथमिकतामा रहने छन्।

## कार्यान्वयन प्रक्रिया

- **स्थल छनौटः** सरोकारवालाहरु सँग छलफल तथा परामर्श लिई प्राथमिकताको आधारमा कार्यक्रम सञ्चालन गर्ने स्थल छनौट गरिने छ।
- **सरोकारवालाहरुसँग अन्तरकृयाः** प्रत्यक्ष प्रभावित समुदाय तथा प्रभावित क्षेत्रको जलप्रवाह प्रणाली (खोला, खहरे, गल्छि) र सम्मुखमा रहेका बस्ती समुदाय त्यस क्षेत्रमा रहेका वडाका प्रतिनिधिहरु, उपभोक्ता समूह/समिति तथा अन्य सरोकारवाला निकायहरुसँग कार्यक्रम कार्यान्वयन तथा संचालनका लागि आवश्यक समन्वय, सहयोग तथा सहकार्यका लागि छलफल गरिने छ।
- **सर्वे डिजाईन तथा ल.ई.:** यसमा स्थलगत नक्सा (लोकेशन म्याप), प्रभावित क्षेत्रको भु उपयोग देखीने खेस्रा नक्सा, विभिन्न भागको लम्बाइ, चौडाइ, गहिराई, माटो तथा भू बनौट, प्रकोपको प्रकृति (Mud flow, debirs flow, Gulley Erosion size etc) तथा प्रभावित हुने घर परिवार, संरचना वा सुरक्षित हुने जग्गा जमीनको क्षेत्रफल जस्ता विषयहरु समावेश हुने छन्।
- **सम्बन्धित वडा कार्यालयको सिफारिशमा उपभोक्ता समिति गठनः** समूहले प्रस्ताव गरेको जम्मा बजेटको कम्तीमा १०% रकम समूह आफैले ब्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ।
- उपभोक्ता समितिसँग कार्य सम्झौता, श्रोत, साधन, जनसहभागीता आदि परिचालन, सम्पन्न योजना समूहलाई हस्तान्तरण गरिने छ।
- इन्जिनियरिङ्ग संरचना निर्माण र संरक्षण तथा वृक्षारोपण गरिने छ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिने छ।
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ।

## जनशक्ति व्यवस्थापन तथा समयसिमा

- भू-तथाजलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान, समय, सीप तथा दक्षजनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।
- दोश्रो चौमासिक सम्ममा स्थान छनौट, वस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु तथा तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि जम्मा रु.२,१५,००,०००।- (दुई करोड पन्ध्र लाख मात्र) बजेट व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न स्थान गरी जम्मा २१ वटा गल्छी/पहिरो नियन्त्रण भएको हुनेछ।

## ३. एकीकृत सुख्खा क्षेत्र व्यवस्थापन

प्राकृतिक, मानवीय तथा जलवायुजन्य कारणले यस प्रदेशका विभिन्न स्थानहरुमा पानीका श्रोतहरु सुक्दै गई सुख्खा क्षेत्रको रुपमा परिणत भैरहेको अवस्थालाई सम्बोधन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो। पानीको मुलहरुको संरक्षण गर्दै परम्परागत पोखरीहरुको संरक्षण गर्ने, पुरीएका पोखरी पूनरुत्थान गर्ने, गाउँघरको बाटोमा बग्ने भललाई संकलन गर्ने, पोखरी बनाई बढी भएको पानीलाई खोला खोल्सीमा सुरक्षित निकास बनाउने, मध्यम भिराला बारी (१५ देखी २१ डीग्री ढलान कोण सम्मका लाई) सम्भव भए सम्म गह्राहरु सुधार गर्ने, नभए बीचमा बिरुवाको हेज रो बनाउने, नाङ्गो क्षेत्र, बुट्यान क्षेत्रमा उपयोगी बिरुवाहरुको वृक्षारोपण गर्ने, वृक्षारोपण गर्दा अर्ध चन्द्राकार आकारमा १. ५देखि २ मि. को आँखी भौ जस्तो वर्षे पानी संकलन गर्ने दुनो बनाई त्यसको मुनीबाट बिरुवा रोप्ने, वहुवर्षीय फलफूल तथा डालेघाँसका बिरुवाहरु ३-४ फिटको हुर्केको मात्र रोप्ने, हरित क्षेत्र कायम राख्न जमीनलाई बाक्लै घाँस पात लगाउने, खेती गर्दा मल्चिङ गर्ने र खेतीवारी संरक्षण गर्ने। कार्यक्रम सञ्चालन गर्न देहायका उपायहरु अवलम्बन गरिने छ।

- **खानेपानी योजना**:

  खानेपानीको योजनामा पाइप, ट्याङ्की, धारा मात्र होइन पानीको मुल र मुहान संरक्षणको कार्य पनि समावेश गरिने छ।

- **वन ब्यवस्थापन**:

  पानी मुहानको जलाधार क्षेत्रमा सल्लाको एकल प्रजाति भएको वनलाई चौडापाते मिश्रीत वनको रुपमा क्रमिक रुपमा रुपान्तरण गर्न डिभिजन वन कार्यालयसँग समन्वय गर्ने, सामुदायिक वन भए कार्य योजनामा समावेश गरी योजना बनाउने तथा स्थानीय तह र डिभिजन वन कार्यालयको सहकार्यमा कार्यक्रम सञ्चालन गरिने छ।

- **सुख्खा क्षेत्रमा कृषिमा अनुकुलन**:
  - जमीन ओसिलो राख्न जलाधार संरक्षणका विशेष कार्यहरुमा माथि उल्लेखित कार्यहरु गरिने छ।
  - खोला खोल्सीमा वर्षे भल पानी संकलन पोखरी बनाई सिंचाइ गरिनेछ।
  - खेतबारी संरक्षण गरिनेछ।

- सिंचाई हुन नसक्ने पाखो बारीहरुमा सुख्खा खप्ने बालीहरुको जात पहिचान तथा प्रवर्द्धन (घैया धान, जुनेलो, कागुना, सितल चिनी, सैजुन), फापर, अदुवा, बेसार, गहत पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।
- बाली विविधिकरण (कृषि, पशुपालन, मसलाबाली, कन्दमुल, फलफूल) गरिने छ ।
- सामुदायिक बिउ बैंकको स्थापना गरिने छ ।
- पानी फारो सिंचाई प्रविधि, थोपा सिंचाइ, जुठेलो सिंचाई जस्ता कार्यलाई जोड दिईने छ ।
- बोरा खेती, समुच्च रेखामा खेती (Contour Trench Farming) गरिने छ ।
- मल्चिंग (छापो खेती) लाई वढावा दिईने छ साथै संरक्षण खेतीपाती गरिने छ ।
- बहुवर्षिय फलफूल तथा डालेघाँस/भुईघाँसको बिरुवाहरु रोपण गरी कम खनजोत गर्नुपर्ने बालि लगाउने।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट,
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया,
- सर्वे डिजाईन, लागत ईष्टिमेटतथा उपभोक्ता समितिसँग कार्य सम्झौता,
- कार्यान्वयन चरणः श्रोत, साधन, जनसहभागिता आदि परिचालन, सम्पन्न योजना समूहलाई हस्तान्तरण,
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा) ।

**जनशक्ति व्यवस्थापन**

- भू-तथाजलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सीपको दक्षता तथा जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- प्रथम र दोश्रो त्रैमासिक सम्ममा स्थान छनौट, वस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा लागत ईष्टिमेट सम्पन्न गरी दोश्रो र तेश्रो त्रैमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ भने चौथो त्रैमासिकमा अनुगमन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५०,००,०००।- (पचास लाख) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट ५ वटा स्थानमा एकीकृत सुख्खा क्षेत्र व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

## ४. खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापन

खानेपानी, सिंचाई जलाधार संरक्षण तथा प्राकृतिक रुपमा रहेका महत्वपूर्ण र लोपोन्मुख हुन लागेका पानीका श्रोतहरुको पहिचान र वस्तुस्थितिको विश्लेषण गरी प्राथमिकताका आधारमा पानी श्रोतहरुको दिगो संरक्षण तथा व्यवस्थापन गरिनेछ । यस अन्तर्गत पानी मुहान संरक्षण, संरक्षण पोखरी, कुलो मर्मत, भलपानी भण्डारण बाँध जस्ता क्रियाकलापहरु गरिने छ ।

### कार्यान्वयन प्रक्रिया

- स्थल छनौट,
- वस्तुस्थितिको विश्लेषण: अध्ययन अनुसन्धान, अन्तरक्रिया,
- सर्भे डिजाईन तथा लागत ईष्टिमेट,
- कार्यान्वयन चरण: सम्बन्धित वडा कार्यालयको सिफारिशमा उपभोक्ता समिति गठन गरिनेछ । साथै प्रस्ताव गरेको जम्मा बजेटको कम्तीमा १०% रकम समूह आफैले व्यहोर्ने गरी प्रस्ताव पेश,
- उपभोक्ता समिति गठन सम्झौता र कार्यान्वयन,
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,
- अनुगमन तथा मूल्याङ्कन ।

### जनशक्ति व्यवस्थापन

- भू -तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यान्वयन गर्न सकिनेछ ।
- प्रथम र दोश्रो त्रैमासिक सम्ममा स्थान छनौट, वस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा लागत अनुमान सम्पन्न गरी दोश्रो र तेश्रो त्रैमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ भने चौथो त्रैमासिकमा अनुगमन गरिनेछ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि रु. ४५००,०००। (पैतालिस लाख) बजेट विनियोजन गरिएको छ ।

### अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट विभिन्न स्थान गरी जम्मा ५ वटा खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापन भएको हुनेछ।

## ५. चुरे तथा नदी प्रणाली संरक्षण

चुरे तथा तराई मधेशका वसिन्दाको जनजीविकाको आधार तथा कृषिका लागि आवश्यक पानीको स्रोत चुरे क्षेत्रको पर्वतीय पारस्थितीकीय प्रणालीमा आधारीत छ । अन्य प्रदेशमा झै कोशी प्रदेशमा पनि चुरेको पयार्वरणीय तथा पारस्थितिकीय प्रणालीमा भएका विनाशले भावर, तराइ-मधेश, भित्री मधेशको जीवन संकटमा पर्दै गएको छ । चुरेमा भएको विनाशकै कारण वर्षाका समयमा अत्याधिक बाढी आउने, भू-क्षय, नदी कटान, जमीन मुनिको पानीको सतह घट्ने, पानीका मुहानहरु सुक्दै जाने जस्ता असरहरु समग्र चुरे तराई मधेशमा देखिएका छन् । यसले गर्दा कृषिमा आधारित हाम्रो अर्थतन्त्रमा कृषि उत्पादनमा क्रमश कमी आइ ठुलो जोखिम निम्त्याइरहेको छ । यी समस्याहरुको सम्बोधन गर्नका लागि देहायका कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन प्रक्रिया अपनाइने छ । साथै कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- प्रथम र दोश्रो त्रैमासिक सम्ममा स्थान छनौट, वस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा लागत अनुमान सम्पन्न गरी दोश्रो र तेश्रो त्रैमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ भने चौथो त्रैमासिकमा अनुगमन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. २०,००,०००।- (बिस लाख) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट १ स्थानमा चुरे तथा नदी प्रणाली संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ ।

## ६. जलवायु परिवर्तन अनुकुलन नमुना गाउँ कार्यक्रम (Climate Smart Village)

जलवायु परिवर्तनको चुनौतीहरुसँग सामना गर्दै अनुकलन तथा न्यूनीकरणका क्रियाकलापहरुलाई प्रवर्द्धन गर्ने र समुदायको समानुकुलन क्षमता बढाउने उद्देश्य अनुरुप संघीय 'जलवायु अनुकुलित गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७३ बमोजिम जलवायू अनुकुलित विविध कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट,
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया

पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, कोशी प्रदेश, विराटनगर (नेपाल)
विशाल घिमिरे
प्रदेश सचिव

- सर्वे डिजाईन तथा लागत अनुमान,
- कार्यान्वयन चरण: उपभोक्ता समिति गठन, निर्देशिका तयारी, स्थानीय समुदायलाई हस्तान्तरण,
- अनुगमन तथा मूल्याङ्कन।

**जनशक्ति व्यवस्थापन**

- भू-तथाजलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।
- प्रथम र दोश्रो त्रैमासिक सम्ममा स्थान छनौट, वस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा लागत अनुमान सम्पन्न गरी दोश्रो र तेश्रो त्रैमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ भने चौथो त्रैमासिकमा अनुगमन गरिनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५०,००,०००।- (पचास लाख मात्र) बजेट विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट ५ वटा गाउँमा जलवायु परिवर्तन अनुकुलनका कार्यक्रम सञ्चालन भएको हुनेछ।

## ७. पार्श्व चित्र प्रकाशन (Activity Profile)

यस कार्यक्रम अन्तर्गतका कार्यक्रम सञ्चालन गर्ने सबै कार्यालय वा निकायहरुले कार्य प्रगतिको मासिक, आवधिक र वार्षिक प्रतिवेदन तथा वार्षिक संरक्षण पार्श्व चित्र (Activity Profile) तोकिएको ढाँचामा तयार गरी आफ्नो तालुक निकायहरुमा पठाउनु पर्ने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. २,००,०००।- (दुइ लाख) बजेट विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न २ वटा कार्यालयहरुले पार्श्व चित्र (Activity Profile) तयार गरेको हुनेछ।

## ८. भावर क्षेत्रमा रहेका पानी मुहान, सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन

चुरे र तराई मधेशका विचमा रहेको भावर क्षेत्रका वसिन्दाको जनजीविकाको आधार तथा कृषिका लागि आवश्यक पानीको स्रोत चुरे क्षेत्रको पर्वतीय पारस्थितीकीय प्रणालीमा आधारीत छ। अन्य प्रदेशमा झै कोशी प्रदेशमा पनि चुरेको पयार्वरणीय तथा पारस्थितिकीय प्रणालीमा भएका विनाशले

भावर क्षेत्रको जीवन संकटमा पर्दै गएको छ । चुरेमा भएको विनाशकै कारण वर्षाका समयमा अत्याधिक बाढी आउने, भू क्षय, नदी कटान, जमीन मुनिको पानीको सतह घट्ने, पानीका मुहानहरु सुक्दै जाने जस्ता असरहरुसमग्र चुरे भावर तथा तराई मधेशमा देखिएका छन् । यी समस्याहरुको सम्बोधन गर्नका लागि भावर क्षेत्रमा रहेको पानीको श्रोत तथा सिमसार संरक्षण कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन हुने छ ।

- ➢ पानी भण्डारण तथा भूमीगत पानी पुनर्भरण संरचना निर्माण,
- ➢ संरक्षण वृक्षारोपण,
- ➢ पानी स्रोत संरक्षण तथा भूमीगत जल उपयोग ।

**कार्यान्वयन प्रक्रिया**

- ➢ पिडितको माग निवेदन संकलन,
- ➢ स्थल छनौट, आधारभुत तथ्याङ्क संकलन,
- ➢ बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया; सर्वे डिजाईन तथा लागत अनुमान,
- ➢ कार्यान्वयन चरणः कार्यालय मातहतका कर्मचारीबाट कार्य सञ्चालन ,
- ➢ कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,
- ➢ अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन**

- ➢भू-तथाजलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।
- ➢ प्रथम र दोश्रो त्रैमासिक सम्ममा स्थान छनौट, वस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा लागत अनुमान सम्पन्न गरी दोश्रो र तेश्रो त्रैमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ भने चौथो त्रैमासिकमा अनुगमन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ६,००,०००।- (छ लाख) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट १ स्थानमा खानेपानीका श्रोत तथा सिमसार संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ।

विशाल घिमिरे
प्रदेश सचिव

## ९. बायो इन्जिनियरीङ्ग खोला किनारा संरक्षण

नदी किनारा स्थिरिकरण, आर्थिक र सामाजिक सुरक्षाको दृष्टिकोणले संबेदनशील रहेको छ। यो कार्य सञ्चालन गर्दा बायोइन्जिनियरिंङ्ग प्रविधिलाई बढी प्राथमिकता दिनुपर्छ । साथै स्थानीय उपभोक्ताको सहभागिता र सहकार्य लाई प्राथमिकता दिई सञ्चालन गर्नु पर्नेछ। बायोइन्जिनियरिंङ्ग बाहेकका संरचना जस्तै तट्बन्ध, स्पर र चेकड्याम निर्माण गर्नु पर्ने भएमा नदी, खोलाको बहाव क्षेत्रको लागि आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी मात्र निर्माण गर्नु पर्नेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रुपमा आवश्यक पर्ने लंचिंङ एप्रोन, स्टड र स्परहरुको अनिवार्य व्यवस्था गर्नु पर्नेछ। निर्मित संरचनाको दिगो संरक्षण गर्नको लागि नदीको दुवै किनारमा हरित पेटिका निर्माण गर्नु पर्नेछ।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट, आधारभूत तथ्याङ्क संकलन,
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया,
- सर्वे डिजाईन तथा लागत अनुमान,
- कार्यान्वयन चरणः सम्बनधित वडा कार्यालयको सिफारिशमा उपभोक्ता समिति गठन गरिनेछ। साथै समूहले प्रस्ताव गरेको जम्मा बजेटको कम्तीमा १०% रकम समूह आफैले ब्यहोर्ने गरी प्रस्ताव पेश,
- उपभोक्ता समिति गठन, सम्झौता, कार्यसंचालन,
- अनुगमन तथा मूल्याङ्कन।

**जनशक्ति व्यवस्थापन**

- भू-तथाजलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।
- प्रथम र दोश्रो त्रैमासिक सम्ममा स्थान छनौट, वस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा लागत अनुमान सम्पन्न गरी दोश्रो र तेश्रो त्रैमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ भने चौथो त्रैमासिकमा अनुगमन गरिनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ३,००,००,०००।- (तीन करोड लाख) बजेट विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न स्थान गरी २०. ५ कि. मि. खोला किनारा संरक्षण भएको हुनेछ।

## १०. विरूवा उत्पादन तथा वितरण

(क) एक वर्षिय (३"* ७") को पोलिथिन थैलामा

खाली वनक्षेत्रमा वृक्षारोपण गर्न, निजी जग्गामा बिरुवा रोपी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न र बिरुवा उत्पादन गरी वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ । कुन कुन प्रजातिको बिरुवाको माग छ सोको यकिन गरी माग अनुसारको प्रजाति र संख्या एकिन गरी बिरुवा उत्पादनको योजना तय गर्नु पर्ने छ । कुन प्रजातिका बिरुवा उत्पादन गर्ने हो कार्यादेशमै स्पष्ट खुलाउनु पर्नेछ । बिरुवा उत्पादन गर्दा माग भएका, गुणस्तरयुक्त र स्थानीयस्तरमा सफल भएका रुखबिरुवाका बीउलाई प्राथमिकता दिई छनौट गर्नुपर्नेछ । उत्पादन भएका बिरुवा वनको खाली तथा झाडिदार क्षेत्र, सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्न र विभिन्न महोत्सवहरु र निजी जग्गामा वृक्षारोपणका लागि वितरण गरिनेछ ।

साथै गुणस्तरीय बिरुवा उत्पादन गर्न मलिलो वनको माटो लगायत उपयुक्त सामग्री तथा प्रविधि प्रयोग गर्नुपर्दछ । बिरुवा उत्पादन गर्दा Nursery bed मा अनिवार्य रुपमा प्रजाति अनुसार Tagging, Seed sown date/polybag seddling transplant date अनिवार्य रुपमा राखेको हुनुपर्दछ । त्यसै गरी नर्सरीमा उत्पादन हुने बिरुवाहरुको जैविक भौतिक तथ्याङ्कहरु जस्तै seed source, presowing treatment, germination percent, average height of seedlings, तथा नर्सरीमा भएका बिरुवाहरुमा गरिएको अन्य सम्पूर्ण गतिविधिहरुको तथ्याङ्कहरुको अभिलेख राख्नु पर्नेछ । एक वर्षिय बिरुवा उत्पादनको हकमा न्यूनतम ७"x३" को पोलिब्याग प्रयोग गर्नु पर्दछ । वहुवर्षीय बिरुवा उत्पादनको हकमा न्यूनतम ८"x५" को पोलिब्याग प्रयोग गरी १ वर्ष भन्दा बढी समयसम्म नर्सरीमा संरक्षण तथा Hardening off गरेर मात्र वहुवर्षीय बिरुवा वितरण गर्नु पर्नेछ । साथै उत्पादित बिरुवाहरु वितरण गर्दा प्राकृतिक प्रकोपमा परेका क्षेत्र तथा प्राकृतिक प्रकोप क्षेत्रमा बसोबास गर्ने स्थानीय मानिसहरुलाई पहिलो प्राथमिकतामा राखी बिरुवा वितरण गर्नु पर्नेछ ।

यस शिर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही लागत अनुमान स्वीकृत गराई वन प्राविधिकबाट अमानतमा गर्न गराउन सकिने तथा निजी नर्सरीहरुबाट समेत बिरुवा खरिद गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा उत्पादित बिरुवाहरुको जात, संख्या, वितरणको लगत, रोपण गरिने ठाउँको विवरण, फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ।

### जनशक्ति व्यवस्थापन

बिरुवा उत्पादन (विभिन्न प्रकारका रुख, गैरकाष्ठ तथा बहुउपयोगी प्रजाति) कार्यक्रम संचालनको लागि सम्बन्धित कार्यालयहरूमा रहेका वन प्राविधिक कर्मचारी मार्फत कार्यान्वयन गरिने छ ।

### बजेट व्यवस्थापन

यो कार्य सम्पन्न गर्न कुल रकम रु. ११,००,०००।- (एघार लाख) विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

करिव एक लाख एकवर्षिय बिरुवा उत्पादन भई वितरण हुनेछन् ।

(ख) बहु-बर्षे बिरुवा उत्पादन (८"* ५") को पोलिथिन थैलामा

**जनशक्ति व्यवस्थापन**

बिरुवा उत्पादन लागि सम्बन्धित भु तथा जलाधार व्यवस्थापन कार्यालयहरूमा रहेका वन प्राविधिक कर्मचारी मार्फत कार्यान्वयन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न कुल रकम रु. १,००,०००।- (दश लाख) विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

विशेष आयमूलक प्रजातिहरुको बिरुवा उत्पादन भई यि बिरुवाहरुको वृक्षारोपण गरेर प्राप्त हुने वन पैदावरको बिक्री वितरणबाट स्थानीय मानिसहरुको आयस्रोतमा वृद्धि भएको हुनेछ ।

## ११. संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख

यस कार्यक्रम अन्तर्गत निर्मित संरचनाहरु, वृक्षारोपण क्षेत्र, नर्सरीको व्यवस्थापनमा थप निर्माण कार्य लगायत अन्य आवश्यक रेखदेखको लागि जनशक्ति तथा स्रोतको व्यवस्थापन गरिने छ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ९,००,०००।- (नौ लाख) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न ३ स्थानको लागि व्यवस्थापन तथा रेखदेख सम्बन्धी क्रियाकलप सञ्चालन भएको हुनेछ।

## १२. संवेदनशिल क्षेत्र भू-संरक्षण कार्यक्रम

भू-संरक्षणको दृष्टिकोणले अति संवेदनशिल क्षेत्रमा समस्याको प्रकृति हेरी उपयुक्त कार्यक्रम सञ्चालन गर्न सकिन्छ । खास गरी मध्यपहाडी, महाभारत तथा चुरे क्षेत्रहरुमा समस्याको रुपमा रहेको पहिरो, गल्छी, नदी कटान नियन्त्रण, खहरे तथा यसको सम्मुखमा रहेका बस्ती समुदायका मानिसहरुको जीउ धनको रक्षा तथा महत्वपूर्ण पूर्वाधारहरुको संरक्षणका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**कार्यान्वयन प्रक्रिया**

- पीडितको माग निवेदन संकलन,
- स्थल छनौट, आधारभुत तथ्याङ्क संकलन,
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया,
- सर्वे डिजाईन तथा लागत अनुमान,

पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, कोशी प्रदेश, विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

- कार्यान्वयन चरणः सम्बनधित वडा कार्यालयको सिफारिशमा उपभोक्ता समिति गठन गरिनेछ । साथै समूहले प्रस्ताव गरेको जम्मा बजेटको कम्तीमा १०% रकम समूह आफैले ब्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ । उपभोक्ता समितिबाट काम गराउन नसकिने देखिएमा कार्यालय मातहतका कर्मचारीबाट कार्य सञ्चालन ,
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,
- अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन**

- भू-तथाजलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।
- प्रथम र दोश्रो त्रैमासिक सम्ममा स्थान छनौट, वस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा लागत अनुमान सम्पन्न गरी दोश्रो र तेश्रो त्रैमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ भने चौथो त्रैमासिकमा अनुगमन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ४०,००,०००।- (चालिस लाख) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट आवश्यक परेको ४ स्थानमा भू-तथाजलाधार संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ ।

## १३. सडकसँग भू-संरक्षण

ग्रामीण क्षेत्रहरुमा तिब्रतर रुपमा ग्रामीण सडकको पूर्वाधार निर्माणका कार्यहरुले ठूलो परिमाणमा भू-स्खलन गराएको कारणले जैविक विविधता, भू-उपयोग प्रणाली तथा विविध क्षेत्रमा नकारात्मक असर बढ्दै गईराखेको सन्दर्भमा उक्त कार्यबाट हुनसक्ने जोखिम न्यूनीकरण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । ग्रामीण सडकको भू-स्खलन रोकथामका लागि अवलम्बन गरिने प्रविधिलाई प्रदर्शन स्थलको रुपमा विकास गरी प्रवर्द्धन गरिनेछ र विकसित प्रविधिलाई क्रमशः प्रदेश, स्थानीय तह सम्म हस्तान्तरण गरिनेछ।

यस कार्यक्रममा वायो ईन्जिनियरिङ्ग प्रविधिबाट सडकको दायाँवायाँ हरियाली प्रवर्द्धन तथा भिरालो पाखो संरक्षणका लागि जैविक र संरचनात्मक निर्माण कार्य, सडक आसपासका बस्ती र मानवीय जोखिमयुक्त स-साना पहिरो उपचार, गल्छि खोल्सी नियन्त्रण तथा सो सम्बन्धी कुलो नाला निर्माण, सुरक्षित भल पानीको निकास जस्ता कार्यहरु पर्दछन् भने यस कार्यक्रममा सडक निर्माण वा

स्तरोन्नतिका उद्देश्यले निर्माण हुने सडकको नाला निर्माण, वाल निर्माण जस्ता कार्यहरु यसमा समावेश हुने छैन।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट,
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया,
- सर्वे डिजाईन तथा लागत अनुमान।

**कार्यान्वयन चरणः** सम्बन्धित वडा कार्यालयको सिफारिशमा उपभोक्ता समिति गठन गरिनेछ। साथै समूहले प्रस्ताव गरेको जम्मा बजेटको कम्तीमा १०% रकम समूह आफैले ब्यहोर्ने गरी प्रस्ताव पेश,

- उपभोक्ता समिति गठन, निर्देशिका तयारी, स्थानीय समुदायलाई हस्तान्तरण,
- अनुगमन तथा मूल्याङ्कन,

**जनशक्ति व्यवस्थापन**

- भू-तथाजलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै समय, ज्ञान, सीप तथा दक्ष जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।
- दोश्रो चौमासिक सम्ममा स्थान छनौट, वस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा लागत अनुमान सम्पन्न गरी काम शुरु तथा तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. १,२०,००,०००।- (एक करोड विस लाख) बजेट विनियोजन गरिएको छ

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न स्थान गरी जम्मा १२ कि. मि. सडक संरक्षण भएको हुनेछ।

## १४. सिमसार/पोखरी जलाधार व्यवस्थापन/ पानी मुहान संरक्षण र पोखरी निर्माण तथा व्यवस्थापन

राष्ट्रिय सिमसार नीति २०६९ सिमसार र पोखरीहरुको व्यवस्थापनको मुख्य मार्गदर्शन हो। यी सिमसारहरु सतहपानीको स्रोत मात्रै नभई भूमिगत जल पुनर्भरणको माध्यम समेत हुन। जैविक विविधता, साँस्कृतिक महत्व र पर्यटकीय सम्भावना समेत भएका यस प्रदेशमा रहेका सिमसारहरुको नक्शांकन र अभिलेखीकरण गरी प्राथमिकताको आधारमा क्रमशः संरक्षण र व्यवस्थापनको कार्य यस अन्तर्गत गरिने छ। तालतलैया, पोखरी तथा सिमसार क्षेत्रहरुमा उपल्लो तटीय क्षेत्रबाट पुग्न जाने सम्भाव्य थिग्रिकरणको असरलाई न्यूनीकरण गरी सिमसार क्षेत्रको वातावरणीय स्वच्छता कायम गर्नु यस कार्यक्रमको मूख्य उद्देश्य रहेको छ। सम्बन्धित वडा कार्यालयको सिफारिशमा

विशाल घिमिरे
प्रदेश सचिव

उपभोक्ता समिति गठन गरिनेछ। साथै समूहले प्रस्ताव गरेको जम्मा बजेटको कम्तीमा १०% रकम समूह आफैले ब्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ। कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ।

यस अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन प्रक्रिया अपनाइने छ।

**कार्यक्रमहरु**

- भू स्खलन रोकथाम (गल्छी/पहिरो)
- तटबन्धन निर्माण
- ग्रामीण सडक संगै भू-संरक्षण तथा हरियाली प्रवर्द्धन
- मुलाधार पहिचान तथा संरक्षण प्याकेज कार्यक्रम
- मुलपानी व्यवस्थापन तथा जलाधार संरक्षण पोखरी निर्माण
- कृषि योग्य भूमिको व्यवस्थापन
- कम खर्चिलो तथा वायो इन्जिनियरीङ्ग प्रविधिको प्रवर्द्धन
- संरक्षणमा स्थानीय सरोकारवालाहरुको क्षमता अभिवृद्धि र समन्वयका कार्यहरु
- अध्ययन अनुसन्धान
- वृक्षारोपण
- सरोकारवालाहरुसँग अन्तरकृया (तालिम÷गोष्ठी)
- संरक्षण समिति गठन तथा शसक्तिकरण

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया
- सर्भे डिजाईन तथा ल. ई.
- कार्यान्वयन चरणः उपभोक्ता समिति गठन, निर्देशिका तयारी, स्थानीय समुदायलाई हस्तान्तरण

अनुगमन तथा मूल्याङ्कन

**कार्यक्रमहरु**

- गल्छि पहिरो भू क्षय नियंत्रण
- बायो ई. खोला तथा खहरे किनारा स्थिरीकरण÷व्यवस्थापन
- थिग्रिकरण छेकबाध संरचना निर्माण
- पानी भण्डारण तथा भूमीगत पानी पुनर्भरण संरचना निर्माण

## जनशक्ति व्यवस्थापन

- भू-तथाजलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित ऐन, नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।
- प्रथम र दोश्रो त्रैमासिक सम्ममा स्थान छनौट, वस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा लागत अनुमान सम्पन्न गरी दोश्रो र तेश्रो त्रैमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ भने चौथो त्रैमासिकमा अनुगमन गरिनेछ।

## बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि रु. १,९५,००,०००।- (एक करोड पन्चानब्बे लाख) बजेट व्यवस्था गरिएको छ।

## अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट जम्मा २० वटा सिमसार/पानी मुहान/पोखरीको जलधार संरक्षण भएको हुनेछ।

विशाल घिमिरे
प्रदेश सचिव

## १५. फलफूलको विरूवा खरिद तथा वितरण

कार्यालयले स्थानीय स्तरमा प्राथमिकतामा परेको वा फलफूलका लागि पकेट क्षेत्र घोषणा गरिएको हकमा उक्त क्षेत्रका लागि सिफारिस गरिएको जातको फलफूलका बिरुवाहरु खरिद वा कार्यालय आफैले उत्पादन गरी प्रभावकारी रुपमा रोपन कार्य गर्ने गराइने छ । यस शिर्षकमा विनियोजित रकम फलफूलको बिरुवा, कलमी, कट्टिङ, ग्राफ्टिङ आदि (जस्तैः लप्सी, रिठ्ठा, हर्रो, बर्रो, हलुवाबेद, सुन्तला, जुनार, अनार, कागती, लिची, आँप, रुखकटहर, अमला, किवी, एभोकाडो, मोरिङ्गा, स्याउ, नासपाती, भोगटे, अमिलो, ओखर, बडाजामुन, अम्वा आदि) खरिद गरी वा कार्यालय आफैले उत्पादन गरी वितरण गर्नुका साथै ढुवानी खर्च समेत व्यहोर्न सकिनेछ। बिरुवा खरिद गर्दा वन सेवाका अधिकृतस्तरका कर्मचारीको प्राविधिक प्रतिवेदनको आधारमा रोपन योग्य बहुवर्षिय फलफूल बिरुवा स्वीकृत बजेट, प्रचलित बजार भाउ तथा स्वीकृत जिल्ला दररेटको आधारमा सार्वजनिक खरिद प्रक्रिया अवलम्वन गरी बहुवर्षिय फलफूलका बिरुवाहरु खरिद, ढुवानी तथा वितरण गरिनेछ।आवश्यकता अनुसार कृषि सेवाका प्राविधिकसँग समन्वय गर्न सक्नेछ । कार्यक्रम सम्पन्न गरिसकेपछी फलफूल वितरण गरिएको भर्पाई रजिष्टर सहितको प्रतिवेदन साथ आवश्यक फोटोहरु पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

भू-तथाजलाधार व्यवस्थापन कार्यालयहरुबाट कार्यक्रम सञ्चालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रम संचालनको लागि बजेट रु. १३,५०,०००।- (तेह्र लाख पचास हजार) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

स्थानीयस्तरमा विभिन्न प्रजातिका फलफूलका बिरुवा सहज रुपमा उपलब्ध भई स्थानीयहरु लाभान्वित हुनेछन्।

## १६. नर्सरी मर्मत/स्तरोन्नति

डिभिजन वन कार्यालयहरु, भू-तथाजलाधार व्यवस्थापन कार्यालय/इकाई तथा मातहत कार्यालयहरुमा विगतका आ. व. देखि नै संचालनमा रहेका नर्सरीमा हुने नियमित मर्मत तथा त्यस नर्सरीको क्षमता अभिवृद्धि गर्न गर्नुपर्ने कार्य सञ्चालन गर्न यो क्रियाकलाप सञ्चालन गरिनेछ । खर्च अनुमान गर्दा प्रचलित स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम गर्नुपर्नेछ। कार्यतालिका तयार गरी समयमै बजेट प्राप्त भएको अवस्थामा प्रथम त्रैमासिकको अवधिमा नर्सरी निर्माण/मर्मतको कार्यहरु गर्नु पर्नेछ ।

नर्सरीमा सिचाईको स्थायी व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारवार वा पर्खाल, ओभरहेड वाटर टैंक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा पाईप जडान गरी स्पिरिडकल सिचाईको व्यवस्था, विजुली वत्तीको, प्रजातिको नाम प्लेट बोर्ड आदि व्यवस्था कार्य गर्न सकिनेछ।

नर्सरी मर्मत तथा सुधार गर्दा गरिएका क्रियाकलापहरुको स्पष्ट देखिने गरी रजिष्टरको व्यवस्था गरिनु पर्दछ। नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी नामाकरण सहितको होर्डिङ्ग बोर्ड राख्ने व्यवस्था मिलाएको हुनु पर्दछ।

**कार्यक्रम सम्पन्न पछि प्रगतिमा देहायका बुंदाहरु समावेश गर्नुपर्नेछ।**

- नर्सरी मर्मत गरिएको स्थान, फोटो तथा नक्शाहरु बिषयगत समेत,
- नर्सरीको पहिलेको क्षमता र अभिवृद्धि गरिएको भए हालको क्षमता,
- मर्मत गर्दा लागेको खर्च।

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र/डिभिजन वन कार्यालय/सव-डिभिजन वन कार्यालयहरुबाट यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रम संचालनको लागि बजेट रु. १,६३,०००।- (एक लाख त्रिसठ्ठी हजार) व्यवस्था गरिएको छ

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट २ वटा स्थायी/अस्थायी नर्सरीहरुको मर्मत/सुधार, स्तरोन्नती भई विभिन्न वन प्रजातिका बिरुवाहरु उत्पादन भएको हुनेछ।

### १७. Replication of DCRL activities -Catchment पुनर्स्थापना (contour trench मा घाँस रोपण तथा अन्य)

उपल्लो जलाधारीय क्षेत्रहरूमा रहेका महत्वपूर्ण प्राकृतिक श्रोतहरूको क्षयिकरण र विनाशका कारण जल पुनर्भरणमा कमी भई तल्लो तटिय क्षेत्रमा अवस्थित पानी मुहानहरू सुक्दै गएका र प्रत्यक्ष पानी वहाव तथा भू क्षयका कारण पहिरो, गल्छि जस्ता समस्या उत्पन्न भएका सुक्ष्म जलाधार क्षेत्रका स्थानीय उपभोक्ता बासिन्दाहरूको जिवनयापनमा सहजता ल्याउन र संरक्षणमुलक कार्यक्रम मार्फत लोपोन्मुख पानीको पुनर्भरण तथा मुहान संरक्षण एवं प्रभावित उपल्लो क्षेत्रहरूमा एकिकृत जलाधार व्यवस्थापनका क्रियाकलापहरू मार्फत संरक्षण सहित जमिनको उत्पादकत्व ब्रृद्धिको लागि नमुना स्थलको रूपमा बिकास गर्ने।

**कार्यहरू**

पानी मूहान श्रोत संरक्षण र सदुपयोग, आकासेपानी संकलन तथा प्लाष्टिक पोखरी निर्माण र बहुउद्देस्यीय उपयोग, पानी पुनर्भरण पोखरी, समउच्च खाडल(Contour Trench) निर्माण, भल

व्यवस्थापन संरचना (Diversion Channel) निर्माण, विभिन्न घाँस, भुईघाँस, फलफुल तथा बृक्षारोपण, बायो-इन्जिनियरिङ संरचना निर्माण, लाइभ फेन्सिङ,चेकड्याम, टेवापर्खाल/रिटेनिङ वाल निर्माण, थोपा सिंचाई, प्लाष्टिक टनेल खेती आदि क्रृयाकलापहरू सञ्चालन गर्न सकिनेछ।

**कार्यान्वयन प्रक्रिया**

- सम्भाव्य क्षेत्र पहिचान,
- स्थलगत भ्रमण र स्थानीय जनप्रतिनिधि र बासिन्दासंग छलफल गरी स्थल छनौट,
- सर्भे, डिजाइन, लागत अनुमान तयारी,
- समुह/समिति गठन वा विद्यमान समूह संग सम्झौता,
- कार्यान्वयन र कार्य सम्पन्न,
- समूह वा समितिको बैंक खातामा रकम भुक्तानी,
- संरक्षण, सञ्चालन र मर्मत सम्भार सम्बन्धित उपभोक्ताबाट हुने।

**जनशक्ति व्यवस्थापन**

भू-तथाजलाधार व्यवस्थापन कार्यालय/डिभिजन वन कार्यालय/सव-डिभिजन वन कार्यालयहरुबाट यो कार्यक्रम सञ्चालन हुनेछ ।आवश्यकता अनुसार स्थानीय तह तथा जिल्लास्थित अन्य सरोकारवाला निकायहरुसँग समेत समन्वय गरिनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रम संचालनको लागि बजेट रु. ४०,००,०००।- (चालिस लाख) व्यवस्था गरिएको छ

**अपेक्षित उपलब्धी:**

उपल्लो जलाधारीय क्षेत्रमा पानीको श्रोत संरक्षण, पुनर्भरण, सदुपयोग एवं भू क्षय रोकथामका विभिन्न क्रियाकलापहरूले आकासे एवं बर्षातको अनियन्त्रित पानीको व्यवस्थापन मार्फत प्राकृतिक श्रोतहरूको संरक्षण र व्यवस्थापन भई एकिकृत संरक्षण र उत्पादकत्वमा ब्रृध्दि भएको साथै २ स्थानमा Catchment Restoration नमुना स्थलको विकास भएको हुनेछ।

## खण्ड २: प्रदेश वन विकास तथा जडिबुटी प्रवर्द्धन कार्यक्रम

### १८. अतिक्रमण हटाई पुनरूत्पादन व्यवस्थापन/वृक्षारोपण/ अतिक्रमण नियन्त्रण

वनजंगल संरक्षणको लागि यस कार्यक्रम अन्तर्गत अतिक्रमण हटाउन र नियन्त्रण गर्नको लागि यस शीर्षकमा विनियोजित रकम स्थानीय तह, राजनैतिक दल, प्रशासन र सुरक्षा निकाय एवं स्थानीय वन उपभोक्ता समूहसँगको समन्वयात्मक बैठक खर्च, सुरक्षाकर्मी परिचालन खर्च, सवारी साधन, इन्धन, कामदारको ज्याला आदिमा खर्च गर्न सकिनेछ। बजेट अपुग भै अतिक्रमण हटाईएको क्षेत्रमा घेराबेरा गरी वृक्षारोपण गर्न नसकिएमा स्थानीय तह, अन्य इच्छुक सहयोग गर्ने संघ संस्था र सम्बन्धित वन उपभोक्ता समूहहरुसँग समन्वय गरी अतिक्रमित क्षेत्र व्यवस्थापन गर्न सकिनेछ।

यस कार्यक्रम अन्तर्गत अतिक्रमित वन क्षेत्रबाट अतिक्रमण गर्ने व्यक्तिहरुलाई हटाई पुनः वन क्षेत्र कायम गर्नु पर्नेछ । विभिन्न जिल्लाबाट वन निर्देशनालयमा प्राप्त अतिक्रमणको तथ्याङ्कको आधारमा क्षमता र श्रोत साधनको व्यवस्थापनलाई सशक्तिकरण गर्न यो कार्यक्रम सञ्चालन हुनेछ। अतिक्रमण हटाई नियन्त्रणमा लिइएको खाली जग्गामा सकभर सहभागीतामूलक ढंगले संरक्षण तथा वन विकासका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

आकस्मिक रुपमा अतिक्रमण हटाउन वा अतिक्रमण हटाई सकिएको स्थान त्यसै छाडिदिंदा पुन अतिक्रमण हुनसक्ने भएकोले पुन: अतिक्रमण नहुने गरी संरक्षण गर्नुपर्नेछ। यस शीर्षकमा विनियोजन भएको बजेट रकमबाट अतिक्रमण हटाउने, तारबार लगाउने, वृक्षारोपण, आवश्यकतानुसार रोपिएका बिरुवाहरुको संरक्षणका लागि हेरालुको समेत व्यवस्था गर्नुपर्ने कार्यमा समेत खर्च गर्नुपर्नेछ। त्यस्ता क्षेत्रहरुमा आवश्यकतानुसार तारवार, वृक्षारोपण गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । अतिक्रमण हटाउनको लागि जनशक्ति (सुरक्षाकर्मी, कर्मचारी, समुदाय आदि) परिचालन गर्नुपर्ने भएमा सोको लागि खाना, खाजा, यातायात, इन्धन खर्च, संचार र उपचार खर्चको लागि समेत खर्च गर्न सकिनेछ। अतिक्रमण हटाई वृक्षारोपण गरिएको ठाउँमा अतिक्रमित क्षेत्र खाली गरिएको मिति, क्षेत्रफल, नक्सा, तुलनात्मक फोटो, GIS नक्सा समेत संलग्न राखी प्रतिवेदन तयार गर्नुपर्नेछ। वन अतिक्रमण हटाउदा विशेष गरी देहायका कुराहरुमा ध्यान दिनुपर्नेछ :

(क) **पूर्व तयारी कार्यक्रम**: लगत अध्यावधिक तथा योजना तयार, कार्यदलको बैठक संचालन, जनचेतनामूलक सन्देश प्रशारण तथा प्रकाशन, फिल्डस्तरीय अन्तरक्रिया आदि।

(ख) **अतिक्रमण नियन्त्रण**: समन्वय, सूचना प्रकाशन, लजिस्टिक सहयोग, सवारी भाडा (ट्रयाक्टर, बुल्डोजर समेत) प्राथमिक उपचार, इन्धन, बिमा आदि।

(ग) **पुर्नस्थापना**: योजना तयारी, बिरुवाको व्यवस्था तथा वृक्षारोपण, तारवार, सिमाना, हेरालु व्यवस्था आदि । प्राकृतिक पुनरूत्पादन संरक्षण/प्रवर्द्धन (ANR) Assistant Natural Regeneration का क्रियाकलापहरू समेत सञ्चालन गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, वन उपभोक्ता समूह तथा सरोकारवाला निकायहरु तथा स्थानीय तह समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको अन्तर्गत अतिक्रमित क्षेत्र हटाइ वृक्षारोपण क्रियाकलाप संचालनको लागि बजेट रु. ८,००,०००।- (आठ लाख मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट २ हेक्टर अतिक्रमित वन क्षेत्र राष्ट्रिय वनमा समाहित भई वृक्षारोपण भएको हुने।

**१९. सामुदायिक वनमा/ पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम**

- यस शिर्षकमा विनियोजित बजेटबाट सामुदायिक वनमा पर्यापर्यटन कार्ययोजना निर्माण भएका सा. व. उ. स. मा कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरू मात्र सञ्चालन गरिनेछ।
- सबै पर्यापर्यटन पार्क, हरित पार्क, उद्यान, धार्मिक वाटिका निर्माण गर्दा सम्बन्धित विषयगत प्राविधिकबाट डिजाइन र लागत अनुमान तयारी गराई स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद ऐन, नियमको अधिनमा रही उपभोक्ता समूह वा निर्माण व्यवसायीबाट काम गराउन सकिनेछ।
- डिजाइन अनुसारको भौतिक संरचना निर्माण (पार्क उद्यान भित्र पदमार्ग, विश्राम स्थल, खानेपानी, अवलोकन स्थल, पहुँच मार्ग लगायतका भौतिक संरचना निर्माणको लागि कूल बजेटको बढीमा ६०% रकम खर्च गर्नेहरित उद्यान ( Green Park ) अवधारणालाई आत्मसात गरी सौन्दर्यीकरण कार्य गर्ने, फलफूल बगैंचा, हरित सौन्दर्य प्रदायक रुख बिरुवा रोपण, बिरुवाको नामाकरण, गोडमेल, रेखदेख आदि
- होर्डिङ्ग बोर्ड, पद चिन्ह तयार गर्ने ।
- पार्क वा उद्यान भित्र प्रकृति मैत्री मनोरञ्जनात्मक क्रियाकलाप पनि समावेश गर्न सकिने छ।
- तोकिएको स्थानमा नै कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तह र सरोकारवाला बीच समन्वय बैठक बसी सह–लगानीमा कार्य सञ्चालन गर्न योजना तयार गर्न सकिने छ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयले फिल्ड स्तरका कर्मचारी, सामुदायिक/साझेदारी/कबुलियती वनहरुको सहयोग लिई स्थानीय स्तरमा समन्वय एवं सहकार्य गर्न सक्नेछ।

विशाल घिमिरे
प्रदेश सचिव

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ३६,००,०००।- (छत्तिस लाख) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

कुल ८ वटा सामुदायिक वनमा पर्यापर्यटन विकास कार्यक्रम कार्यान्वयनमा सहयोग पुग्ने अपेक्षा गरिएकोछ।

## २०. BSO प्लट स्थापना (विभिन्न प्रजातीको)/विभिन्न वन अनुसन्धान प्लटहरु संरक्षण तथा व्यवस्थापन

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले विगतदेखि नै वनको सर्वेक्षण, अनुसन्धान गर्दै आएको छ । वन विकासका लागि wom to tomb भने झै विउदेखि बोटसम्म विकास गर्न के कस्तो प्रविधि आवश्यक पर्छ, के कति फरकमा रोपण गर्नुपर्छ, कुन प्रजातिको वृद्धिदर के कति हुन्छ, के कस्ता रोगकिराको संक्रमण हुन्छ र कसरी निराकरण गर्न सकिन्छ भनी स्वस्थ वन विकासका लागि अनुसन्धान गरिरहेको छ। कार्वन स्टक विष्लेषण तथा तथ्याङ्क संकलन गरी उचित संकलन समय र उमेर निर्धारण गर्ने जस्ता कुराहरु अनुसन्धान गर्न विगतदेखि नै विभिन्न स्थानहरुमा स्थायी अनुसन्धानात्मक प्लटहरु बनाएर कार्य गर्दै आएको छ। यसैको निरन्तरताको लागि ती प्लटहरुको संरक्षण र व्यवस्थापन गर्ने उद्देश्यले यस कार्यक्रमको राखिएको छ। यस शिर्षकमा विनियोजित वजेट अनुसन्धान प्लटको घेराबेरा गर्न, आवश्यक पर्ने विभिन्न अनुसन्धान समाग्री खरिद गर्न, गोडमेल तथा रुखहरुको Thinning, Prunning, Singling गर्ने कार्य, खटिने कर्मचारीको नियमानुसार दैनिक भ्रमण भत्ता, इन्धन, यातायात खर्च आदि जस्ता क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ साथै अनुसन्धात्मक प्लटहरुमा भए गरेका अध्ययन कार्यहरुको तथ्याङ्कहरुको आधारमा विश्लेषण गरी सोको जानकारी मन्त्रालय र निर्देशनालयमा समेत पठाउनु पर्नेछ ।

### जनशक्ति व्यवस्थापन

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहराबाट पर्यटन, वन तथा वातावरण मन्त्रालय/वन निर्देशनालय सँगको समन्वयमा यो कार्यक्रम सञ्चालन हुनेछ। आवश्यक परेमा संघीय वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्रसँग समेत समन्वय गर्न सकिने छ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले यस कार्यक्रम संचालनको विस्तृत योजना बनाई सञ्चालन गर्नु पर्नेछ ।

### बजेट व्यवस्थापन

यस शिर्षकका लागि रु. १४,२०,०००।- (चौध लाख बिस हजार ) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

अनुसन्धात्मक प्लटहरुको संरक्षण तथा व्यवस्थापन भएको हुनेछ ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे प्रदेश सचिव

## २१. कवुलियती वनमा /पानी मुहान संरक्षण

यस प्रदेशका विभिन्न पयार्वरणीय तथा पारस्थितिकीय प्रणालीमा भएका विनाशले जीवन संकटमा पर्दै गएको छ। वर्षाका समयमा अत्याधिक बाढी आउने, भू क्षय, नदी कटान, जमीन मुनिको पानीको सतह घट्ने, पानीका मुहानहरु सुक्दै जाने जस्ता असरहरु समग्र क्षेत्रमा देखिएका छन्। यी समस्याहरुको सम्बोधन गर्नका लागि पानीको श्रोत तथा सिमसार संरक्षण कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन हुनेछ।

- पानी भण्डारण तथा भूमीगत पानी पुनर्भरण संरचना निर्माण,
- संरक्षण वृक्षारोपण,
- पानी स्रोत संरक्षण तथा भूमीगत जल उपयोग।

**कार्यान्वयन प्रक्रिया**

- आधारभुत तथ्याङ्क संकलन,
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया; सर्वे डिजाईन तथा लागत अनुमान,
- कार्यान्वयन चरणः कार्यालय मातहतका कर्मचारीबाट कार्य सञ्चालन ,
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,
- अनुगमन तथा मूल्याङ्कन।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालयका जनशक्ति प्रयोग गरी यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. १२,००,०००।- (बाह्र लाख) बजेट विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न १३ स्थानमा खानेपानीका मुहान संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ।

## २२. युवा उद्यम विकास कार्यक्रम (वन पैदावरमा आधारित)

युवा लक्षित वन तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम विकासका कार्यक्रमहरु सञ्चालन गरी युवाहरुलाई आत्मनिर्भर बनाउनुको साथै उद्यमी बनाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। विदेशबाट फर्किएका र स्वदेश मै केही व्यवसाय गर्ने मनसाय बोकेका युवाहरुलाई प्राथमिकतामा राखि अन्य युवाहरुलाई समेत लक्षित गरिनेछ। यस कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालयहरुले

निजी, सरकारी, साझेदारीको अवधारणा अनुसार प्रस्तावको सूचना प्रकाशन गरी अनुसार उपयुक्त प्रस्ताव स्वीकृत गरी युवाहरु मार्फत उद्यम विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयका कर्मचारीहरुले घरेलु तथा साना उद्योग कार्यालय तथा आवश्यकता अनुसार स्थानीय तहका उद्योग व्यवसायी संघ संस्था जस्ता निजि क्षेत्रसँग समन्वय गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. ५,००,०००।- (पाँच लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

वन उद्यम विकासका कार्यक्रमहरु सञ्चालन भएका हुनेछन्।

## २३. एक सामुदायिक वन एक संरक्षण पोखरी

सामुदायिक वनक्षेत्रमा चराचुरुङ्गी/वन्यजन्तुहरुलाई पिउन र विचरण गर्न पानीको व्यवस्थापन गर्ने यो कार्यक्रमको मुख्य उद्देश्यले रहेको छ। सुख्खा मौसममा वन डढेलो नियन्त्रण गर्ने र Ground water recharge तथा सिंचाइमा समेत सहयोग पुग्ने भएकोले यो कार्यक्रम आवश्यक रहेको छ। पानीको स्रोत भएको स्थानमा वन उपभोक्ताहरुसंग समन्वय गरी यो कार्यक्रम सञ्चालन गरिनेछ। पोखरी निर्माण कार्य उपभोक्ताहरुबाट सम्भव भएसम्म manually गरिनेछ। आवश्यक भएमा मात्र जेसिवि/डोजर प्रयोग गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयले सबडिभिजन वन कार्यालयहरु मार्फत सम्बन्धित सरोकारवाला तथा स्थानीय निकायहरुसंग समन्वय तथा सहकार्य गरेर यो कार्यक्रम सञ्चालन गरिने छ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ७४,००,०००।- (चौरहत्तर लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

वनक्षेत्रमा ६२ वटा पोखरी निर्माण हुनेछ।

## २४. काठको डिपो (घाटगद्दि) स्थापना र व्यवस्थापन

सरकारद्वारा व्यवस्थित वन र साझेदारी वनको व्यवस्थापनबाट उत्पादित र मुद्दामा बरामद, बेवारिसे, दरियाबुर्दीबाट संकलित काठ र दाउराको सुरक्षित र सहज विक्री वितरण गर्नका लागि डिभिजन वन कार्यालयले तोकेको स्थानमा व्यवस्थित घाटगद्दिको स्थापना, मर्मत र व्यवस्थापनको काम गर्न सक्नेछ। यस कार्यको लागि आवश्यक्ता अनुसार घेरवारा, टहरा निर्माण तथा मर्मत सम्भार लगायतका कार्यहरु समेत गर्न सकिनेछ। घाटगद्दिमा भएको काठ दाउरालाई डढेलोबाट जोगाउन सरसफाई, दमकल परिचालन तथा हेरालुको व्यवस्थापन समेत गर्न सकिने छ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

- कार्यक्रम सञ्चालन भएको स्थान,
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र वित्तिय प्रगति,
- मुख्य उपलब्धीहरु,
- कार्यक्रम सञ्चालन गर्दा देखापरेका समस्याहरु,
- कार्यक्रम स्थलमा कार्य संचालन गर्दा तथा सम्पन्न पश्चातका फोटोहरु ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २०,००,०००।- (बिस लाख) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि:**

३ स्थानमा काठको डिपो स्थापना भई काठको घाटगद्दी व्यवस्थापन भएको हुनेछ ।

## २५. वन डढेलो नियन्त्रण तथा ब्यबस्थापन कार्ययोजना कार्यान्वयन

सुख्खा याम अर्थात फाल्गुण-चैत्र देखिनै वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागी एवं डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ। कतिपय अवस्थामा मानिसको नियन्त्रण भन्दा वाहिर पनि वन डढेलो प्रकोप देखापर्ने गरेको छ। वन डढेलोको नियन्त्रण गर्न पंचवर्षीय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित Action plan हरु एउटा मुख्य आधार हुनेछ ।

आवश्यकतानुसार नजीकका समूहलाई संस्थागत रुपमा जोडी अग्नि नियन्त्रण सञ्जालको रुपमा रुपान्तरण गर्नु पर्दछ। यस शिर्षकमा व्यवस्था भएको रकम डढेलो नियन्त्रण समन्वय बैठक, नियन्त्रित डढेलो लगाउने, संजाल परिचालन, वनभूमिमा भएको प्रज्वलनशील सुख्खा पदार्थ व्यवस्थापन आदि कामहरुमा खर्च गर्न सकिनेछ। अग्निरेखा निर्माण तथा मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, अग्नि नियन्त्रण सञ्जाल, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी आदि खर्च), डढेलो सूचना खरिद, प्राथमिक उपचार, घाटगद्दी सरसफाई र व्यवस्थापन, दमकल परिचालन आदि कार्यक्रमहरुमा पनि खर्च गर्न सकिनेछ। वन डढेलो सम्बन्धी सूचना प्रसारण तथा उपकरण खरिदमा समेत यो रकम खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भएपश्चात प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत स्थानीय तह, वन उपभोक्ता समूहहरु, सेना, प्रहरी समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २१,००,०००।- (एक्काईस लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

डिभिजन वन कार्यालयहरुको वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना तयार भई वन डढेलोको प्रकोपमा कमी आएको हुने ।

## २६. कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम/ कृषि वन विकास तथा विस्तार कार्यक्रम

निजी जग्गा/सार्वजनिक जमिनको उत्पादकत्वमा सुधार ल्याई स्थानीय जनताको आयआर्जनमा सहयोग पुऱ्याउनका साथै वनको विकास गरी सो क्षेत्रमा हरियाली कायम गर्न तथा निजी वन प्रति जनमानसमा सकारात्मक प्रभाव वृद्धि गर्नको लागि सार्वजनिक/निजी जग्गामा वृक्षारोपण गरी कृषि वन विकास, विस्तार तथा प्रवर्द्धनको लागि यो कार्यक्रम कार्यान्वयनमा ल्याइने छ ।

(क) निजी जग्गामा कृषि वन प्रवर्द्धन

निजी क्षेत्रको सहकार्यमा कृषि वनको अवधारणा अनुरुप कृषि वन विकास गर्न चाहने निजी जग्गाधनीलाई कृषि वन प्रवर्द्धन अन्तर्गत यो रकम उपलब्ध गराइनेछ । यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयले आधार र सूचक बनाई कृषि वन विकास गर्न चाहने इच्छुक निजीवन धनी, संघसंस्था, फर्म, कम्पनी आदीबाट प्रस्ताव माग गर्न सक्ने छ। प्राप्त प्रस्तावहरुलाई मुल्यांकन गरी छनौट गरिनेछ। निजी वन/ नम्बरी आवादी जग्गामा कृषि वन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न निजी जग्गाधनीको कम्तीमा १० प्रतिशत लागत साझेदारी भएको हुनु पर्नेछ। उक्त क्षेत्रहरुमा स्थानीय ठाउँ सुहाउदो डालेघाँस, फलफूल, अन्य वहुवर्षीय रुखहरु तथा जडिबुटी प्रजातिका बिरुवाका साथै बहुवर्षीय घाँस तथा नगदेवाली समेत रोपण गर्न सकिनेछ ।

**(ख) सार्वजनिक जग्गा तथा हैसियत बिग्रेको वन क्षेत्रमा कृषि वन प्रवर्द्धन**

डिभिजन वन कार्यालयले आवश्यकता महशुस गरी प्रस्ताव गरेको सार्वजनिक जग्गा तथा २० प्रतिशत भन्दा कम छत्र घनत्व (Crown Cover) भएको हैसियत बिग्रेको वन, भू-क्षयको दृष्टिकोणबाट संवेदनशिल क्षेत्र, सीमान्तकृत हैसियत खस्केको वन क्षेत्र, नदी वा नहर किनारमा, नदी उकास जग्गा, खाली सार्वजनिक स्थानमा समूहहरु परिचालन गरी कृषि वन विकासका लागि कार्यान्वयन योजना (Implementation Plan) बनाई यो कार्यक्रम सञ्चालन गर्न सकिने छ।

- आवश्यकता अनुसार स्थानीय तह संग लागत साझेदारी, समन्वय र सहकार्य गर्न सकिनेछ ।
- उक्त क्षेत्रहरुमा विभिन्न रुख प्रजातिहरु, डालेघाँस, फलफूल, गैरकाष्ठ तथा जडिबुटी प्रजातिका बिरुवा रोपण गरीनेछ ।
- योजना तयार गर्दा वृक्षारोपण गरीने स्थान, क्षेत्रफल, बिरुवा संख्या, नक्सा, योजना, फोटोहरु आदि राख्नु पर्नेछ ।
- कार्यक्रम योजनाबद्ध ढंगले सञ्चालन गरी अभिलेख खडा गरी कार्यक्रम सम्पन्न पछि प्रगति प्रतिवेदन वन निर्देशनालय समेतमा बुझाउनु पर्नेछ ।

- कार्यक्रमको अनुगमन प्रदेश वन निर्देशनालय/डिभिजन वन कार्यालयले गर्नुपर्नेछ ।

**कार्यक्रम सम्पन्न पछि प्रगतिमा देहायका बुँदाहरु समावेश गर्नु पर्नेछ :**

- क्रियाकलाप सञ्चालन भएको स्थानको नाम वा निजी जग्गा भएमा जग्गाधनीहरुको नाम/ठेगाना, क्रियाकलाप सञ्चालन भएको क्षेत्रफल र वृक्षारोपण भएको बिरुवाहरुको प्रजाति/संख्या,
- कृषि वन विकास कार्यान्वयन योजना (Implementation Plan),
- कार्यक्रम सञ्चालन भएको स्थानको नक्सा तथा फोटोहरु (संचालन अघि समेतको फोटो),
- सव-डिभिजन वन कार्यालयको प्रतिवेदन ।

**जनशक्ति व्यवस्थापन**

निजी जग्गा एवं सार्वजनिक जग्गा तथा हैसियत बिग्रेको वन क्षेत्रमा कृषिवन प्रवर्द्धन कायर्कम संचालनको लागि अगुवा किसानहरु, कृषि सहकारी समेतको संलग्नतामा अनौपचारिक समूह वा नेटवर्क गठन गरी स्थानीय तहमा रहेका कृषि तथा पशु प्राविधिकहरुको सहयोगमा यो कार्यक्रम सञ्चालन गरीनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु.३२,००,०००।- (बत्तिस लाख) बजेट व्यवस्था गरिएको छ।

**२७. स्थायी नर्सरी निर्माण**

डिभिजन वन कार्यालयहरुबाट बहुवर्षीय विरूवा उत्पादनको लागि स्थायी नर्सरीको निर्माण गरिने छ। प्रचलित स्वीकृत नर्म्स तथा प्रचलित दररेट बमोजिम लागत इष्टिमेट स्वीकृत गरी प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगरको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन २०८१, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा प्रचलित ऐन, नियमको परिधि भित्र रही स्थायी नर्सरी निर्माण गरिनेछ। साथै उपभोक्ता समिति वा बोलपत्र विधिबाट समेत यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ । नर्सरीमा सिंचाइको स्थायी व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारजालीका वार वा पर्खाल, ओभरहेड वाटर टैंक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा पाईप जडान गरी स्प्रिङकल सिचाईको व्यवस्था, हरेक व्याडमा ट्यागिङ्ग, वत्तीको व्यवस्था भएको हुनुपर्नेछ । नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी नामाकरण गरी Layout देखिने गरी होर्डिङ्ग वोर्ड राख्नु पर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- नर्सरी स्थापनाको औचित्य र नर्सरी स्थापना गरिएको स्थान,

- नर्सरीको बिरुवा उत्पादन क्षमता र स्थानको क्षेत्रफल,
- नर्सरीको बेड संख्या (seed bed and seedling bed), स्थापना गर्दा लागेको खर्च,
- नर्सरी स्थापना भएको स्थानको फोटो तथा नक्साहरु (नर्सरी स्थापना हुनु अघि तथा पछिको फोटो समेत।)

**बजेट व्यवस्थापन**

यस कार्यक्रम संचालनको लागि बजेट रु. २२,००,०००।- (बाईस लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

३ वटा नयाँ स्थाई नर्सरीको निर्माण भई विभिन्न वनजन्य प्रजातिका बिरुवाहरु उत्पादन भएको हुनेछ।

## २८. बिरुवा उत्पादन (३"*७" को पोलिथिन थैलामा) / बहुवर्षिय विरूवा उत्पादन ८"x५" को पोलिथिन थैलामा)

खाली वनक्षेत्रमा वृक्षारोपण गर्न, निजी जग्गामा बिरुवा रोपी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न र बिरुवा उत्पादन गरी वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। कुन कुन प्रजातिको बिरुवाको माग छ सोको यकिन गरी माग अनुसारको प्रजाति र संख्या एकिन गरी बिरुवा उत्पादनको योजना तय गर्नु पर्ने छ। कुन प्रजातिका बिरुवा उत्पादन गर्ने हो कार्यादेशमै स्पष्ट खुलाउनु पर्नेछ। बिरुवा उत्पादन गर्दा माग भएका, गुणस्तरयुक्त र स्थानीयस्तरमा सफल भएका रुख बिरुवाका बीउलाई प्राथमिकता दिई छनौट गर्नुपर्नेछ। उत्पादन भएका बिरुवा वनको खाली तथा झाडिदार क्षेत्र, सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्न र विभिन्न महोत्सवहरु र निजी जग्गामा वृक्षारोपणका लागि वितरण गरिनेछ।

साथै गुणस्तरीय बिरुवा उत्पादन गर्न मलिलो वनको माटो लगायत उपयुक्त सामग्री तथा प्रविधि प्रयोग गर्नुपर्दछ। बिरुवा उत्पादन गर्दा Nursery bed मा अनिवार्य रुपमा प्रजाति अनुसार Tagging, Seed sown date/polybag seddling transplant date अनिवार्य रुपमा राखेको हुनुपर्दछ। त्यसै गरी नर्सरीमा उत्पादन हुने बिरुवाहरुको जैविक भौतिक तथ्याङ्कहरु जस्तै seed source, presowing treatment, germination percent, average height of seedlings, तथा नर्सरीमा भएका बिरुवाहरुमा गरिएको अन्य सम्पूर्ण गतिविधिहरुको तथ्याङ्कहरुको अभिलेख राख्नु पर्नेछ। एक वर्षिय बिरुवा उत्पादनको हकमा न्यूनतम ७"x३" को पोलिब्याग प्रयोग गर्नु पर्दछ। वहुवर्षीय बिरुवा उत्पादनको हकमा न्यूनतम ८"x५" को पोलिब्याग प्रयोग गरी १ वर्ष भन्दा बढी समयसम्म नर्सरीमा संरक्षण तथा Hardening off गरेर मात्र वहुवर्षीय बिरुवा वितरण गर्नु पर्नेछ। साथै उत्पादित बिरुवाहरु वितरण गर्दा प्राकृतिक प्रकोपमा परेका क्षेत्र तथा प्राकृतिक प्रकोप क्षेत्रमा बसोबास गर्ने स्थानीय मानिसहरुलाई पहिलो प्राथमिकतामा राखी बिरुवा वितरण गर्नु पर्नेछ।

यस शिर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही लागत अनुमान स्वीकृत गराई वन प्राविधिकबाट अमानतमा गर्न गराउन सकिने तथा निजी नर्सरीहरुबाट समेत बिरुवा खरिद गर्न

सकिनेछ। कार्यक्रम सम्पन्न पछि प्रगतिमा उत्पादित बिरुवाहरुको जात, संख्या, वितरणको लगत, रोपण गरिने ठाउँको विवरण, फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

बिरुवा उत्पादन लागि सम्बन्धित भु तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन/सव-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक कर्मचारी मार्फत कार्यान्वयन गरिने छ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न एक वर्षिय विरूवा तर्फ रु. १,९७,३५,०००।- (एक करोड सन्तानब्बे लाख पैतिस हजार) विनियोजन गरिएको छ।

यो कार्य सम्पन्न गर्न बहु वर्षिय विरूवा तर्फ रु. १,०५,२५,०००।- (एक करोड पाँच लाख पचचिस हजार) विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

विभिन्न प्रजातिहरुको बिरुवा उत्पादन भई यि बिरुवाहरुको वृक्षारोपण गरेर प्राप्त हुने वन पैदावारको बिक्री वितरणबाट स्थानीय मानिसहरुको आयस्रोतमा वृद्धि हुने अपेक्षा गरिएको छ।

## २९. जिल्ला वन क्षेत्र समन्वय समितिको सचिवालय व्यवस्थापन तथा सुदृढीकरण

डिभिजन वन कार्यालयहरुले जिल्ला वन क्षेत्र समन्वय समितिको व्यवस्थापन जस्तै बैठक संचालन, छलफल र अनुगमन समेत तथा समिति सुदृढीकरण गर्नको लागि आवश्यक पर्ने सामग्रीहरु जस्तै स्टेशनरी, फर्निचर, कम्प्यूटर, प्रिन्टर आदि खरिद गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप संचालनको लागि जम्मा रु. २,००,०००।- (दुई लाख) बजेट व्यवस्था गरिएकोछ।

**अपेक्षित उपलब्धि**

यस २०८२/०८३ आ. व. मा जिल्ला वन क्षेत्र समन्वय समितिको व्यवस्थापन तथा सुदृढीकरण भई समितिको संस्थागत विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## ३०. सडक किनार तथा सार्वजनिक जग्गामा Ornamental Plants को वृक्षारोपण केज सहित / सडक/खोला किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण (ट्रीगार्ड सहित) सडक खण्ड हरियाली विकास (Road Green Belt Development)

सहरी क्षेत्रको सडक किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण मार्फत हरियाली अभिवृद्धिका लागि विभिन्न प्रजातिका Ornamental Plants वृक्षारोपण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। डिभिजन वन कार्यालयले ठाउँ सुहाउदो उपयुक्त बिरुवा छनौट गरी सडक किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण गर्नु पर्नेछ। स्थानीय तह तथा अन्य सरोकारवाला संघसंस्थाहरुको सहयोग र समन्वयमा यो कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी हुनेछ। साथै यस कार्यक्रम स्थानीय तहहरु सँगको

स्रोत साझेदारिमा समेत सञ्चालन गर्न सकिने छ। वृक्षारोपणको लागि प्रचलित नर्म्स र सार्वजनिक खरिद सम्बन्धी ऐन, नियमावलीको अधीनमा रही डिभिजन वन कार्यालयले फलाम/बाँसको केज निर्माण तथा खरिद गरी रोपण गरिएको बिरुवाहरुको सुरक्षा गर्नुपर्नेछ। यस शिर्षकमा उपलब्ध बजेट फलाम/बाँसको केज निर्माण तथा खरिद, Ornamental Plants खरिद, वृक्षारोपण कार्य समेतको लागत अनुमान स्वीकृत गराई खर्च गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न पश्चात निर्माण तथा खरिद भएको फलामे केजको विवरण, संख्या, स्थापना गरिएको स्थानको विवरण, वृक्षारोपण गरिएका बिरुवाहरुको विवरणको साथै कार्यक्रम संचालनका फोटो एवं विल भर्पाई सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

- नगरपालिका तथा शहरोन्मुख गाउँपालिकाका सार्वजनिक खाली क्षेत्र, सडक किनार, नदी किनार लगायतका स्थानहरुमा कार्यक्रम कार्यान्वयन गर्न सकिने ।
- सम्बन्धित स्थानीय तह, उपभोक्ता समूह र सरोकारवालाहरुसँग छलफल गरी स्थान पहिचान गर्ने, सर्भेक्षण, लागत अनुमान तयारी, बिरुवा खरिद, वृक्षारोपण तथा संरक्षण ।
- हरियाली प्रवर्द्धन कार्यक्रमका लागि निजी, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन, स्थानीय तहले तोकेको टोल सुधार संस्था र अन्य संघ संस्थाहरुको साझेदारीमा वृक्षारोपण साथै सार्वजनिक पर्ति, अतिक्रमण हटाईएको जग्गामा वृक्षारोपण तथा संरक्षण गर्न सकिने छ । सम्बन्धित स्थानीय तह र वन कार्यालयको सह-लगानीमा यो कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।
- सम्बन्धित उपभोक्ता समूहसंग कार्यसम्पादन गर्न सम्झौता गर्नुपर्नेछ र संरक्षणको उचित व्यवस्था मिलाउनु पर्दछ ।
- प्रचलित नियमानुसार पेश्की उपलब्ध गराउन सकिने छ र कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन प्राप्त भए पछि अन्तिम भुक्तानी उपलब्ध गराउनु पर्नेछ ।
- यस कार्यक्रमको लागि बहुवर्षीय ठूला बिरुवा रोपण गर्नुपर्नेछ ।
- सम्बन्धित सरोकारवालाहरु तथा स्थानीय तहसंग छलफल गरी संरक्षणको व्यवस्था मिलाउनुपर्दछ ।
- स्वीकृत वार्षिक कार्यक्रम अनुसारका क्रियाकलापहरु प्रचलित नर्म्स, जिल्ला दररेट, सार्वजनिक खरिद ऐन, नियम, मापदण्डअनुसार कार्यान्वयन गरी खर्च गर्नुपर्नेछ ।
- सहरी सडक किनारा वृक्षारोपण तथा हरित प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्थानीय रुपमा पाईने सामाग्रीबाट निर्मित वा फलामको Tree Guard द्वारा वृक्षारोपणको स्याहार संभार गर्न सकिनेछ ।
- कार्य सम्पन्न भएपछि होर्डिङ बोर्ड राखी सम्पादित कामको फोटो, क्षेत्रफल (जि. पि. एस. कोअर्डिनेट), रोपिएका बिरुवा संख्या, प्रजाति (सहरी वनको हकमा Tag समेत लगाई), कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातहरु तयार गर्नुपर्नेछ र अभिलेख व्यवस्थित गरी सम्बन्धित कार्यालयले राख्नु पर्नेछ ।

प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरूले स्थानीय तह एवं सरोकारवाला निकायहरुसँगको समन्वयमा यो कार्यक्रम कार्यान्वयन गरिने छ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ४३,५०,०००।- (त्रिचालिस लाख पचास हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

उक्त कार्यक्रम संचालनबाट ९ स्थानमा सडक किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण मार्फत हरियाली प्रवर्द्धन भई सडक खण्डको हरियाली विकास तथा प्रवर्धन भएको हुनेछ।

## ३१. वृक्षारोपण (तारबार सहित)

यस कार्यक्रम अन्तर्गत खालि भएको वन क्षेत्र, अतिक्रमित वन क्षेत्र, सार्वजनिक/ऐलानी/पर्ति जग्गा एवं नदी उकास जग्गामा वृक्षारोपण गर्न सकिनेछ। स्थानीय तहसँग सहकार्यमा, स्थानीय संघ संस्थाको परिचालन गरी, उपभोक्ता समूहको गठन गरी वा विपन्न वर्गको समूह गठन गरी वृक्षारोपण संरक्षण एवं व्यवस्थापन समेत गर्न सकिनेछ। वन क्षेत्र बाहेकको हकमा वृक्षारोपण गर्नु अघि जग्गाको स्वामित्व भएको निकाय र संघ संस्था वा समूह बीच संझौता गर्नु पर्नेछ। वृक्षारोपण सफल बनाउन सम्भव भएसम्म तार/बाँसको घेराबेरा, गोडमेल, पुनरोपण, सिँचाई, हेरालु आदिको व्यवस्थापन गर्न सकिनेछ। बस्तीदेखि टाढा रहेका हैसियत विग्रेको राष्ट्रिय वन क्षेत्रमा वृक्षारोपण एवं यसको व्यवस्थापन सेवा प्रदायक संस्था मार्फत समेत गर्न सकिनेछ। यस शिर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही लागत अनुमान स्वीकृत गराई अमानतबाट समेत गर्न गराउन सकिनेछ।

**वृक्षारोपण क्षेत्रको कार्ययोजना**

हरेक वृक्षारोपण क्षेत्रको सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी कार्ययोजना बनाईनेछ। जसमा वृक्षारोपण क्षेत्रको नक्सासहितको सम्पूर्ण विवरण, वृक्षारोपणको संरक्षण, सम्वर्द्धन एवं सदुपयोगको लागि गरिने कार्यहरुको विस्तृत विवरण उल्लेख गर्नु पर्दछ। कार्ययोजनामा रोपण गरिने बिरुवाको जात, संख्या, तथा सोको कम्तीमा ५ वर्षको व्यवस्थापन तथा संरक्षण सम्बन्धी प्रावधानहरु उल्लेख गर्नुपर्नेछ। यो कार्ययोजना डिभिजनल वन अधिकृतले स्वीकृत गर्नुपर्नेछ।

**वृक्षारोपण क्षेत्रको संरक्षण**

वृक्षारोपण संरक्षणको लागि बारबेरा गर्दा सकेसम्म स्थानीयरुपमा उपलव्ध जैविक सामग्रीहरु जस्तैः सजिवन, निलकाँडा, बाँस आदिको प्रयोग गर्नुपर्दछ र आवश्यकता अनुसार वन हेरालुको समेत व्यवस्था मिलाउनु पर्दछ। जैविक सामग्रीहरबाट बारबेरा गर्न नसकिने भएमा तारबार समेत गर्न सकिनेछ। साथै नमूना वृक्षारोपण प्लट वा अनुसन्धान प्लटहरुमा समेत तारबार गर्न सकिने छ।

वृक्षारोपण क्षेत्रमा वृक्षारोपण कार्यक्रम सम्पन्न भएपछि वृक्षारोपण सम्बन्धी तथ्याङ्कहरु भएको होर्डिङ्ग बोर्ड तयार गरी राख्नुपर्नेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

- वृक्षारोपण गरिएको क्षेत्रको नाम, ठेगाना र क्षेत्रफल,
- वृक्षारोपण गरिएका प्रजातिहरु र प्रजातिहरु अनुसारको बिरुवा संख्या,
- वृक्षारोपण भएको स्थानको फोटो तथा नक्साहरु (वृक्षारोपण हुनु अघि तथा पछिको फोटो समेत),
- स्वीकृत वृक्षारोपण कार्ययोजना।

**जनशक्ति व्यवस्थापन**

यस वृक्षारोपण कार्यक्रम डिभिजन वन कार्यालयहरुले स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरूको सहयोगमा सञ्चालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु. ५५,००,०००।- (पचपन्न लाख) विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

राष्ट्रिय वन एवं नाङ्गा वन क्षेत्र, सार्वजनिक पर्ति जग्गा एवं नदी उकासबाट प्राप्त जग्गाहरुमा वृक्षारोपण भई हरियाली कायम हुनेछ र रोपण गरिएका विरूवाहरूको संरक्षणमा सहयोग पुग्ने।

## ३२. गत साल भएको वृक्षारोपणको पून: रोपण/ वृक्षारोपण क्षेत्रमा पुन:रोपण तथा गोडमेल

विगतको आ. व. हरु मा सार्वजनिक क्षेत्रमा गरिएको वृक्षारोपणको अनुगमन गरी सोको प्रतिवेदनको आधारमा औचित्य हेरी वृक्षारोपण गरिएको क्षेत्रमा पुन:रोपण साथ साथै आवश्यकता अनुसार गोडमेल, घेराबेरा मर्मत र संरक्षणको कार्यमा यो शिर्षकको रकम खर्च गरिनेछ। यस कार्यमा जनसहभागितालाई प्राथमिकता दिनु उपयुक्त हुनेछ। वन सामाजिक परिचालक र वन कर्मचारीले सार्वजनिक वृक्षारोपणको अनुगमनको क्रममा स्थलगत भ्रमण गरी तपसिलको विवरण समेटी प्रतिवेदनमा खुलाई पेश गर्नुपर्नेछ र प्रतिवेदनको आधारमा यो क्रियाकलाप सञ्चालन गरिनेछ। स्वीकृत नर्म्सको अधीनमा रही लागत ईस्टिमेत स्वीकृत गराई विनियोजित रकम खर्च गरिनेछ।

- रोपिएका बिरुवाको प्रजाति र संख्या,
- बाँचेका प्रजाति, संख्या र अवस्था (वृक्षारोपण क्षेत्रको स्पष्ट झलक देखिने फोटोसमेत),
- गोडमेल र संरक्षणको अवस्था,
- पुन:रोपण, गोडमेल र बारबेरा मर्मत आवश्यक भएको/नभएको,
- पुन:रोपण, गोडमेल र बारबेरा मर्मतको विवरण,

- अन्य विवरण।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रम डिभिजन वन कार्यालय तथा डिभिजन वन कार्यालय मार्फत स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरूसँगको समन्वय तथा सहयोगमा सञ्चालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु. २०,९५,०००।- (बीस लाख पन्चानब्बे हजार) बजेट व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट करिब ३७ हेक्टर वृक्षारोपण क्षेत्रमा पुनःरोपण भई सो क्षेत्रको उचित संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन भएको हुनेछ।

## ३३. बर पिपल समि चौतारी निर्माण/संरक्षण तथा हरियाली प्रवर्द्धन कार्यक्रम

सार्वजनिक क्षेत्रमा हरियाली कायम गर्न तथा वन प्रति जनमानसमा सकारात्मक प्रभाव वृद्धि गर्नको लागि सार्वजनिक/निजी जग्गामा वृक्षारोपण गरी कृषि वन विकास, विस्तार तथा प्रवर्द्धनको लागि यो कार्यक्रम कार्यान्वयनमा ल्याइने छ सार्वजनिक स्थलमा वर, पिपल, समि जस्ता विरूवाहरूको संरक्षण, बिरुवा खरिद तथा रोपण गरी विश्रामस्थलको निर्माण तथा संरक्षण कार्यमा यो बजेट अमानतबाट खर्च गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप अन्तर्गत बजेट रु. १७,००,०००।- (सत्र लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

हरियाली प्रवर्द्धन तथा सहरी क्षेत्रको पर्यावरणमा विकास भएको हुनेछ।

## ३४. नर्सरी मर्मत/स्तरोन्नति/(ग्रिन हाउस सहित)

नर्सरी मर्मत डिभिजन वन कार्यालयहरु, भू-तथा जलाधार व्यवस्थापन कार्यालय/इकाई तथा मातहत कार्यालयहरुमा विगतका आ. व. देखि नै संचालनमा रहेका नर्सरीमा हुने सामान्य मर्मत तथा त्यस नर्सरीको क्षमता अभिवृद्धि गर्न गर्नु पर्ने कार्य सञ्चालन गर्न यो क्रियाकलाप सञ्चालन गरिनेछ। खर्च अनुमान गर्दा वन तथा भु–संरक्षण मंत्रालयको प्रचलित स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम गर्नुपर्नेछ। कार्य तालिका तयार गरी समयमै बजेट प्राप्त भएको अवस्थामा प्रथम त्रैमासिकको अवधिमा नर्सरी निर्माण/मर्मतको कार्यहरु गर्नु पर्नेछ।

नर्सरीमा सिचाँईको स्थायी व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारवार वा पर्खाल, ओभरहेड बाटर टैक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा पाईप जडान गरी स्पिरिडकल

सिचाईको व्यवस्था, विजुली वत्तीको, प्रजातिको नाम प्लेट बोर्ड आदि व्यवस्था कार्य गर्न सकिनेछ । नर्सरी मर्मत तथा सुधार गर्दा गरिएका क्रियाकलापहरुको स्पष्ट देखिने गरी रजिष्टरको व्यवस्था गरिनुपर्दछ । नर्सरी राखिएको स्थानमा स्पष्ट देखिनेगरी नामाकरण सहितको होर्डिङ्ग बोर्ड राख्ने । कार्यक्रम सम्पन्न पछि प्रगतिमा देहायका बुंदाहरु समावेश गर्नुपर्नेछः

- नर्सरी मर्मत गरिएको स्थान, फोटो तथा नक्शाहरु बिषयगत समेत,
- नर्सरीको पहिलेको क्षमता र अभिवृद्धि गरिएको भए हालको क्षमता,
- मर्मत गर्दा लागेको खर्च ।

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र/डिभिजन वन कार्यालय/सव-डिभिजन वन कार्यालयहरुबाट यो कार्यक्रम सञ्चालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रम संचालनको लागि बजेट रु. ३३,३५,०००।- (तेत्तिस लाख पैतिस हजार) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

विभिन्न जिल्लामा ४५ वटा नर्सरी मर्मत एवं १४ वटा ग्रिन हाउस सहितको नर्सरीको मर्मत/सुधार, स्तरोन्नती भई विभिन्न वन प्रजातिका बिरुवाहरु उत्पादन भएको हुनेछ ।

## ३५. जोखिमयुक्त/ढलापडा रुख संकलन/ व्यवस्थापन/ढलापडा काठ दाउरा संकलन तथा व्यवस्थापन

यो कार्यक्रम डिभिजन वन कार्यालयहरु मार्फत सञ्चालन हुनेछ । सरकारद्वारा व्यवस्थित वन/ राष्ट्रिय वनमा हावाहुरी वा अन्य कारणले ढलेका रुखहरुलाई तत्कालै संकलन तथा घाटगद्दी गर्नुपर्नेछ। यसरी काठ दाउरा संकलन गर्दा अन्य रुखहरुलाई असर नपर्ने गरी वन पैदावार (काठ र दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ अनुसार गर्नुपर्नेछ। घाटगद्दी जंगल क्षेत्र भन्दा बाहिर गर्नुपर्नेछ। रुखहरु अकस्मात ढली सडक/बाटो अवरुद्ध लगायत धनजनको क्षति हुने अवस्था आएमा जुनसुकै महिनामा पनि संकलन गर्न सकिने छासंकलित काठ दाउराको घाटगद्दी गर्दा सुरक्षाको यथोचित व्यवस्था मिलाई आगलागि, खोलानालाको बाढीले प्रभाव पार्न नसक्ने स्थान छनौट गर्नुपर्दछ। ढलापडाको अवस्था, छपानदेखि कटान-मुछान घाटगद्दीको अवस्थासम्म निरन्तर अनुगमनको प्रवन्ध डिभिजन वन कार्यालयले मिलाउनुपर्नेछ र समय समयमा मन्त्रालय/निर्देशनालयमा प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ। यो शिर्षकमा विनियोजित रकम सूचना प्रकाशन, छपान, कटानमुछान, ढुवानी, लोड, अनलोड, पाईलिङ आदि कार्यमा प्रचलित नर्मस् एवं जिल्ला दररेट बमोजिम खर्च गर्नुपर्ने छ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, सरोकारवाला निकायहरु समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ४६,५०,०००।- ( छयालिस लाख पचास हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट ढलापडा काठदाउरा संकलन भई काठ दाउराको आपूर्तिमा सहजता भएको हुनेछ।

**३६. बाँसमा आधारित उद्यमशिलता अभिवृद्धि**

युवा लक्षित बासँमा आधारित उद्यम विकासका कार्यक्रमहरु सञ्चालन गरी लक्षित व्यक्ति/समुदायलाई उद्यमी बनाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। विदेशबाट फर्किएका र स्वदेश मै केही व्यवसाय गर्ने मनसाय बोकेका युवाहरुलाई प्राथमिकतामा राखि अन्य युवाहरुलाई समेत लक्षित गरिनेछ । यस कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालयहरुले निजी सरकारी साझेदारीको अवधारणा अनुसार प्रस्तावको सूचना प्रकाशन गरी अनुसार उपयुक्त प्रस्ताव स्वीकृत गरी बाँसमा आधारीत उद्यमशिलता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत इच्छुक समुहलाई बाँसमा आधारित उद्यम स्थापनाका लागि प्रविधि ( मेशिनरी औजार ) सहयोग समेत गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयका कर्मचारीहरुले घरेलु तथा साना उद्योग कार्यालय तथा आवश्यकता अनुसार स्थानीय तहका उद्योग व्यवसायी संघ संस्था जस्ता निजि क्षेत्रसँग समन्वय गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु.२९,००,०००।- (उनन्तिस लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

६ स्थानमा बाँसमा आधारित उद्यम विकासका कार्यक्रमहरु सञ्चालन भएका हुनेछन्।

**३७. नगर उद्यान निर्माण**

यस कार्यक्रमले मानिस र वातावरण वीचको सन्तुलन कायम गर्न मद्दत पुर्‍याउछ। जिल्लास्थित स्थानिय तह सग संभावित ऊधान निर्माण हुन सक्ने क्षेत्रको बिबरण माग गरी औचित्य, आवश्यकता र लागत साझेदारीको आधारमा डि.व.का.ले उधान छनोट गरी नगर उद्यान निर्माणका लागि प्राविधिकको सहयोगमा निर्माण योजना खाका (Garden Design) तयारी र सम्बन्धित

कार्यालयबाट इन्जिनियरिङ इष्टिमेट तयार गरी निर्माणको काम गरिनेछ। स्थानीय तह र सरोकारवाला निकायहरुसँग समन्वय एवं सहकार्य गरी आवश्यकता अनुसार स्थान पहिचान गर्न सकिनेछ ।यस प्रकारका वनस्पति उद्यानमा सौन्दर्यपरक पर्यापर्यटनको विकास भई पर्यटन प्रवर्धन विकास गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरुबाट यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २६,००,०००।- (छब्बिस लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

५ स्थानमा नगर उद्यानको स्थापना/स्तरोन्नती भई प्रदेशको वातावरण संरक्षण तथा व्यवस्थापन र पर्यापर्यटन प्रवर्धनमा सहयोग पुग्नेछ।

## ३८. बहुवर्षिय बिरुवा संरक्षण

गत आर्थिक वर्षमा डिभिजन/सव-डिभिजन वन कार्यालयबाट उत्पादित बिरुवाहरू संरक्षणका लागि यो कार्यक्रममा विनियोजित रकम खर्च गरिनेछ । सम्बन्धित डिभिजन वन कार्यालयले अनुगमन गरी प्रतिवेदनको आधारमा नर्सरीको जिम्मा लिएका कर्मचारीलाई यो रकम उपलब्ध गराइने छ । वन निर्देशनालय तथा मन्त्रालयले समेत वृक्षारोपण क्षेत्रको अनुगमन गर्न सक्नेछ ।

**जनशक्ति व्यवस्थापन**

भु तथा जलाधार व्यवस्थापन, डि व का, सव डि व काहरूमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ५,४०,०००।- (पाँच लाख चालिस हजार) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यसबाट गत वर्षमा उत्पादित बहुवर्षिय विरूवाको उचित संरक्षण तथा गुणस्तरिय विरूवा उत्पादनमा वृद्धि भई हरियाली प्रवर्द्धनमा सहयोग पुग्ने ।

## ३९. वनजन्य फलफुलको बिरुवा उत्पादन/खरिद तथा रोपण (वन क्षेत्रमा)/ फलफुलको बिरुवा खरीद गरी वितरण

डिभिजन वन कार्यालयले स्थानीय स्तरमा प्राथमिकतामा परेको वा फलफूलका लागि पकेट क्षेत्र घोषणा गरिएको हकमा उक्त क्षेत्रका लागि सिफारिस गरिएको जातको फलफूलका बिरुवाहरु खरिद वा कार्यालय आफैले उत्पादन गरी प्रभावकारी रुपमा रोपन कार्य गर्ने गराइने छ । यस शिर्षकमा विनियोजित रकम फलफूलको बिरुवा, कलमी, कट्टिङ, ग्राफ्टिङ आदि (जस्तैः लप्सी, रिठ्ठा, हर्रो,

बर्रो, हलुवाबेद, सुन्तला, जुनार, अनार, कागती, लिची, आँप, रुखकटहर, अमला, किवी, एभोकाडो, मोरिङ्गा, स्याउ, नासपाती, भोगटे, अमिलो, ओखर, बडाजामुन, अम्वा आदि) खरिद गरी वा कार्यालय आफैले उत्पादन गरी वितरण गर्नुका साथै ढुवानी खर्च समेत व्यहोर्न सकिनेछ । बिरुवा खरिद गर्दा वन सेवाका अधिकृतस्तरका कर्मचारीको प्राविधिक प्रतिवेदनको आधारमा रोपन योग्य बहुवर्षिय फलफूल बिरुवा स्वीकृत बजेट, प्रचलित बजार भाउ तथा स्वीकृत जिल्ला दररेटको आधारमा सार्वजनिक खरिद प्रक्रिया अवलम्वन गरी बहुवर्षिय फलफूलका बिरुवाहरु खरिद, ढुवानी तथा वन तथा निजी क्षेत्रमा वृक्षारोपण/वितरण गरिनेछ।आवश्यकता अनुसार कृषि सेवाका प्राविधिकसँग समन्वय गर्न सक्नेछ । कार्यक्रम सम्पन्न गरिसकेपछी फलफूल फोटो सहितको प्रतिवेदन साथ आवश्यक फोटोहरु पेश गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु ७२,५०,०००/- (बहत्तर लाख पचास हजार) बजेट व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

स्थानीयस्तरमा विभिन्न वन जन्य फलफुलको वितरण भई नीजि जग्गा तथा वन क्षेत्रमा फलफूलका बिरुवाहरू वन क्षेत्रमा रोपण हुनेछन् ।

## ४०. दरियाबुर्दि काठको संकलन, व्यवस्थापन र विक्री

डिभिजन वन कार्यालय अन्तर्गत रहेका विभिन्न क्षेत्र भई बग्ने खोला नालामा रहेका दरियाबुर्दि काठको संकलन, व्यवस्थापन र विक्री गर्ने उद्देश्य अनुरूप यो कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रम संचालनको लागि प्रादेशिक वन ऐन २०७७, वन तथा वातावरण मन्त्रालय, काठमाण्डौंबाट स्वीकृत वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका २०७३ मा तय भएका प्रक्रियाहरू अवलम्बन गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । वन क्षेत्रभन्दा बाहिरका खोलानालामा रहेका दरियाबुर्दि काठको संकलन, व्यवस्थापन कार्य गर्दा स्थानिय तहसंग समेत समन्वय, सहकार्य गरी गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी तथा नजिकका वन उपभोक्ता समूहहरु समेतको सहयोग र सहकार्यमा समेत यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- ( पाँच लाख) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

प्रस्तावित कार्यक्रम संचालनबाट दरिया बुर्दिका काठ संकलन तथा विक्री वितरण भई राजश्व प्राप्त हुने छ ।

## ४१. स्थायी/ नर्सरी नाइके ज्याला

यस शिर्षक अन्तर्गतको रकम डिभिजन वन कार्यालय अन्तर्गतका नर्सरीमा कार्यरत नर्सरी नाइकेको परिश्रमिक वापत उपलब्ध गराइने छ । विनियोजित रकमबाट दैनिक ज्यालादारी वा मासिक पारिश्रमिक रुपमा खर्च गर्न सकिनेछ । विनियोजित बजेटबाट न्युनतम मासिक पारिश्रमिक नपुग भए बिरुवा उत्पादनको शिर्षकबाट थप गरी भुक्तानी दिन सकिने छ । भुक्तानीको लागि आर्थिक ऐन/नियम बमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, डोर हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ । निजले कार्यालयको प्रत्यक्ष निर्देशन र अधीनमा रही काम गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप अन्तर्गत बजेट रु. १,१९,७८,०००।- (एक करोड उन्नाईस लाख अठहत्तर हजार) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट ६६ वटा नर्सरीमा नर्सरी नाइकेहरु करारमा भर्ना भई नर्सरीमा गुणस्तरीय बिरुवा उत्पादनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ४२. स्थानीय वन समूह/सा. व. उ. स मार्फत बिरुवा उत्पादन सहयोग

डिभिजन वन कार्यालयहरुले वृक्षारोपण योजना अनुरुप वृक्षारोपण गर्न स्थानीय हावापानी सुहाउँदो प्रजातिका बिरुवाहरु सामुदायमा आधारित वनहरुसँग सम्झौता गरी त्यस्ता सामुदायमा आधारित वन उपभोक्ता समूह मार्फत उत्पादन गर्न सकिनेछ । डिभिजन वन कार्यालयहरुले पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ को आवश्यक प्रक्रिया पुरा गरी यो कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ । बिरुवा उत्पादन गर्न इच्छुक समूहले सम्बन्धित उपभोक्ता समूहको निर्णय साथ प्रस्तावना सहितको समूहको पत्र डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ। साथै समूहले प्रस्ताव गरेको जम्मा बजेटको कम्तिमा १०% रकम समूह आफैले ब्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ। तत् पश्चात डिभिजन वन कार्यालयले प्रस्ताव मूल्याङ्कनको आधारमा उपयुक्त समूह छनौट गरी बिरुवा उत्पादन सम्झौता साथको छनौट भएको समूहलाई बिरुवा उत्पादनको कार्यादेश दिनुपर्ने छ। सम्झौता बमोजिमका बिरुवा उत्पादन भैसकेपछि बिरुवाको गुणस्तर चेकजाँच गरी बिरुवा कसलाई वितरण गरियो र कहाँ रोपिएका हुन् सो को अभिलेख समेत राख्नुपर्दछ ।

**भुक्तानीको प्रक्रिया**

- प्रारम्भिक कार्य सुरुवातको लागि सम्झौता रकमको ४० प्रतिशतले हुन आउने रकम र सम्बन्धित स्थानीय वन समूह/सा. व. उ. स. को कार्य सम्पन्न प्रतिवेदन साथ सव-डिभिजन वन

कार्यालयबाट प्रतिवेदन प्राप्त भए पछि बाँकी ६० प्रतिशत रकम सम्बन्धित स्थानीय वन समूह/सा. व. उ. स. लाई अनुदानको रुपमा उपलब्ध गरिने छ ।

- सम्झौता बमोजिमको प्रजाति तथा तोकिएको परिमाण र गुणस्तरको बिरुवाहरु वटा गन्तीको आधारमा उत्पादित बिरुवाको भुक्तानी दिइने छ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- सामुदायमा आधारित वन उपभोक्ता समूहको नाम र ठेगाना,
- सम्झौता भएको बिरुवाको प्रजाति र संख्या,
- उत्पादित बिरुवा संख्या र प्रजाति,
- उत्पादित विरूवा सहितको नर्सरीको फोटो,
- सव-डिभिजन वन कार्यालयको प्रतिवेदन र बिरुवा वितरण तथा वृक्षारोपणको तथ्याङ्क ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुको प्राविधिक सहयोगमा वन समूह मार्फत यो कार्यक्रम सञ्चालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. १७,००,०००।- (सत्र लाख) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

करिब १ लाख ७० हजार विभिन्न प्रजातिका बिरुवाहरु स्थानीय वन समूहबाट उत्पादन भई सर्वसुलभ रूपमा उपलब्ध हुनेछ। साथै वृक्षारोपण कार्यमा समेत सहयोग पुगेको हुनेछ ।

## ४३. सामुदायिक वनमा उद्यमशिलता अभिवृद्धि

यस कार्यक्रमको कार्यान्वयन गर्न प्रस्ताव माग गरि सञ्चालन गरिनेछ । सामुदायिक वनमा उद्यम सञ्चालन गर्न इच्छुक समूहले सम्बन्धित उपभोक्ता समूहको निर्णय सहितको प्रस्ताव सब डिभिजन वन कार्यालयको सिफारिसमा डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । प्रस्तावमा समूहको आफ्नो लगानी (कम्तीमा १०%) समेत समावेश गर्नु पर्नेछ।

वन पैदावारमा आधारित उद्यम स्थापना तथा सञ्चालन गरी आयआर्जन गर्न छनौट भएका समूहलाई तालिम तथा आवश्यक मेशीन उपलब्ध गराई मूल्य श्रृङ्खलामा वृद्धि गरी स्थानीय रुपमा रोजगारीको सृजना गर्दै प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुयाउन सहयोग पुग्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारीहरुले सामुदायिक वनहरु सँग समन्वय गरी यो कार्य गर्नु पर्नेछ। यस कार्यक्रम सञ्चालन गर्नको लागि घरेलु तथा साना उद्योग कार्यालय तथा

बिशाल घिमिरे
प्रदेश सचिव

आवश्यकता अनुसार स्थानीय तहका उद्योग व्यवसायी संघ संस्था जस्ता निजि क्षेत्रसँग समन्वय गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २५,००,००० (पच्चिस लाख) व्यवस्था गरिएकोछ। वनजन्य उद्यम गर्न छनौट भएका सा. व. उ. स. हरुलाई डिभिजन वन कार्यालयबाट सम्झौता गरी समूहमार्फत कार्यक्रम संचालनका लागि रकम उपलब्ध गराईनेछ।

**अपेक्षित उपलब्धि**

६ स्थानमा यो कार्यक्रम सञ्चालन भई स्थानीय स्तरमा उद्यमको प्रवर्द्धन मार्फत सामुदायिक वनमा उद्यमशिलता अभिवृद्धि हुने ।

## ४४. बाँसको बिरुवा उत्पादन

यस कार्यक्रमबाट बाँसको बिरुवा उत्पादन गरिनेछ । यसका लागि बाँस प्रजातीको छनौटगरी स्थानीय रुपमा उपलब्ध बाँसको बिरुवा उत्पादन गरिनेछ । बाँसको टुक्रा टुक्रा पारी उक्त टुक्रामा माटो भरण गरी/ बाँसको हाँगाबाट समेत बिरुवा उत्पादन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

बिरुवा उत्पादन लागि सम्बन्धित डिभिजन/सव-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक कर्मचारी मार्फत कार्यान्वयन गरिने छ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न कुल रकम रु.१५,५०,०००।- (पन्ध्र लाख पचास हजार) विनियोजन गरिएकोछ।

**अपेक्षित उपलब्धि**

बाँस प्रजातिहरुको बिरुवा उत्पादन भई यी बिरुवाहरुको वृक्षारोपण गरी हरियाली प्रवर्द्धन, भू-संरक्षण तथा प्राप्त हुने वन पैदावरको बिक्री वितरणबाट स्थानीय मानिसहरुको आयस्रोतमा वृद्धि भएको हुनेछ ।

## ४५. अग्निरेखा मर्मत/ निर्माण (हे./ कि. मि. )

वन डढेलो रोकथाम तथा नियन्त्रण कार्ययोजना तयार, समूह संजाल गठन र परिचालन, प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण, Fire Fighting Team परिचालन, वन डढेलो नियन्त्रण सामाग्री खरिद तथा वितरण, वन डढेलो नियन्त्रण तथा जैविक विविधता संरक्षणका लागि पानी संकलन पोखरी निर्माण गर्नु सँगै वन क्षेत्रमा अग्निरेखा निर्माण/मर्मत/सरसफाई गरी वनमा हुने डढेलोको

नियन्त्रण तथा क्षति न्यूनीकरण गर्न सकिन्छ। उक्त कार्यको लागि जिल्ला दररेट तथा जनशक्तिको अवस्था मुल्याङ्कन गरी यो कार्यक्रम निश्चित नमस्को परिधिमा रही सम्पन्न गरिनेछ। सामुदायिक वनहरुमा समूह परिचालन गरी अग्निरेखा निर्माण/मर्मत/सरसफाई डढेलो लाग्ने महिना अगावै गर्ने। यो कार्य अमानत वा समुह मार्फत समेत संचालन गर्न सकिने छ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयले मातहतका कर्मचारी, समुह तथा अन्य सरोकारवालाहरूकको सहकार्यमा यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु.२१,००,०००।-(एक्काईस लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

विभिन्न वन क्षेत्रहरूमा अग्निरेखा निर्माण भई वनको संरक्षण कार्य प्रभावकारी रूपमा सञ्चालन हुनेछ।

## ४६. पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार

कोशी प्रदेशको फैलावट समथर तराई देखि चुरे, पहाड हुदै हिमालसम्म रहेको छ। सानो भौगोलिक क्षेत्रमा रहेको फराकिलो उचाइको विविधताले गर्दा पाइने विभिन्न हावापानीमा ९०० भन्दा बढी प्रकारका जडीबुटीहरु पाइन्छन्। १० प्रतिशत लागत सहभागिता रहने गरी प्रस्ताव आवहान गरी डिभिजन वन कार्यालयहरुले सामुदायिक वन, कवुलियती वन, साझेदारी वन, धार्मिक वन तथा निजी वन क्षेत्रमा समेत जडीबुटीको उपलब्धता अनुसार तोकीएको वा तोकिने जडीबुटी पकेट क्षेत्रमा यस कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यस कार्यक्रमबाट जडीबुटी पकेट क्षेत्र छनौट सम्बन्धी बैठक, फिल्ड भ्रमण, बिरुवा उत्पादन, खरिद, जग्गा तयारी, मलखाद खरिद, बिरुवा ढुवानी तथा रोपण गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयबाट यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १४,००,०००।- (चौध लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट ३ स्थानमा जडीबुटी खेती विस्तार भएको हुनेछ।

## ४७. जड़ीबुटी विरूवा उत्पादन तथा खेती विस्तार

वन क्षेत्रलाई जैविक विविधतायुक्त बनाउन वैकल्पिक आयस्रोतको रूपमा विकास गर्न जडिबुटी तथा गैरकाष्ठ प्रजातिका विरूवा उत्पादन गरी वृक्षारोपण गर्न अभिप्रेरित गर्नुपर्नेछ र जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको उत्पादनमा अभिवृद्धि भई आयआर्जन तथा जीविकोपार्जनमा सुधार ल्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। डिभिजन वन कार्यालयहरुले सामुदायिक वन, कवुलियती वन,

साझेदारी वन, धार्मिक वन क्षेत्रमा जडीबुटीको उपलब्धता अनुसार तोकिएको वा तोकिने जडीबुटी पकेट क्षेत्रमा समेत यस कार्यक्रम सञ्चालन गर्न सकिनेछ। यस कार्यक्रमबाट जडीबुटी पकेट क्षेत्र छनौट सम्बन्धी बैठक, फिल्ड भ्रमण, बिरुवा उत्पादन, जग्गा तयारी, मलखाद खरिद, बिरुवा खरिद/ढुवानी तथा रोपण गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयबाट यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट १ स्थानमा जडीबुटी खेती विस्तार हुनाको साथै विस्तारित भएको खेतीबाट जडीबुटीको उत्पादनमा वृद्वि भएको हुनेछ

## ४८. जडीबुटी तथा गैरकाष्ठ वन पैदावार प्रशोधनका लागि सामाग्री खरिद र व्यवस्थापन

कोशी प्रदेशको फैलावट समथर तराइ देखि चुरे, मध्यपहाड हुदै हिमालसम्म रहेको छ। सानो भौगोलिक क्षेत्रमा रहेको फराकिलो उचाइको विविधताले गर्दा पाइने विभिन्न हावापानीमा ९०० भन्दा बढी प्रकारका जडीबुटीहरु पाइन्छन्। यस प्रदेशको ताप्लेजुङ, संखुवासभा र सोलुखुम्बु जिल्लामा हिमाली जडीबुटीहरु पाइन्छन र सो क्षेत्रबाट प्रसस्त मात्रामा जडीबुटीहरु संकलन भई निकासी हुने गरेको छ। यसका साथै पहाडी र तराईका क्षेत्रबाट पनि हर्रो, बर्रो, अमला, तेजपात लगायतका जडीबुटीहरु संकलन भई निकासी हुदै आएको छ। यी संकलन भएका जडीबुती तथा गैरकाष्ठ वन पैदावरहरुको प्रशोधनका लागि आवश्यक सामाग्री, प्याकिङ मेसिन लगायत सामाग्री खरिद तथा उपयोगका लागि यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ। सामाग्रि खरिद गरी वितरण गर्दा उक्त सामाग्रीको रेखदेख, मर्मतसम्भार तथा समूहगत उपयोगको प्रक्रिया समेत खुलाई सम्बन्धित पक्षलाई जिम्मेवार बनाउनु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयबाट कोटेशन/सोझै खरिद विधि अपनाई यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १७,००,०००।- (सत्र लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट ३ वटा वन उपभोक्ता समूहहरुले प्रशोधन सामाग्री प्राप्त गर्नेछ।

## ४९. बाँस सम्बन्धी अध्ययन तथा अनुसन्धान

बाँसको अध्ययन, अनुसन्धान कार्यक्रमहरुको उद्देश्यका बारेमा सम्बन्धित विषयगत कार्यालयहरुसंगको परामर्श, छलफल तथा गोष्ठी सञ्चालन गरी तय गर्नु पर्नेछ । अध्ययन तथा अनुसन्धानका कार्यक्रमहरु वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले आफ्नै जनशक्तिबाट गर्नेछ र केन्द्रमा विषय विज्ञको उपलब्धता नभएको अवस्थामा प्रचलित कानून अनुसार परामर्श सेवा खरीद गरी सञ्चालन गर्न सक्नेछ । अध्ययन अनुसन्धानका कार्य प्रशिक्षण केन्द्र आफैले सञ्चालन गर्नु पूर्व सम्पादन गर्नु पर्ने कामको अवधारणा पत्र र कार्यसूचि (Concept Paper and TOR) सहितको प्रस्ताव पेश गरी केन्द्रको निर्देशकवाट स्वीकृत गराउनु पर्नेछ। अध्ययन अनुसन्धानका लागि विनियोजित रकम अनुसन्धानका लागि आवश्यक पर्ने सामग्री खरिद, फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुको लागि दैनिक भत्ता, यातायात, अनुसन्धान कार्यका लागि आवश्यक भौतिक सामाग्री खरिद, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन लगायतका शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

बाँसको अध्धयन अनुसन्धानका लागि बजेट रु. ४,००,०००।- (चार लाख) व्यवस्था गरिएको छ।

## ५०. प्रचार प्रसार कार्यक्रम / सामग्री उत्पादन वितरण

यस शिर्षकबाट विनियोजित बजेट वन, वन्यजन्तु, जैविक विविधता, वातावरण संरक्षण लगायतका विभिन्न सामग्री उत्पादन, प्रचार प्रसार तथा वितरणका लागि खर्च गर्न सकिनेछ । प्रचारप्रसार सामग्री/वस्तु स्थानीय बोलचालको भाषामा समेत प्रकाशन गर्न सकिने छ ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप संचालनको लागि जम्मा रु. ५,००,०००।- (पाँच लाख) बजेट व्यवस्था गरिएको छ ।

## ५१. सर्प उद्धार तथा पुनस्थापना तालिम

यस शिर्षकको रकम विशेष गरी पछिल्लो समयमा सहरी क्षेत्रमा विभिन्न स्थानमाहरूमा सर्प उद्दारका लागि व्यक्ति तथा संघसंस्थाहरूबाट अनुरोध हुने गरेको र वन कर्मचारीहरू सर्प उद्दार कार्यमा खटिनुपर्ने भएकाले उक्त कार्यमा सहजताको लागि तथा प्रविधि हस्तान्तरण, तालिम तथा अनुशिक्षण, सामाग्री खरिद एवं उपयोग गर्नका लागि यो कार्यक्रममा विनियोजित बजेट खर्च गर्ने व्यवस्था गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयमा कार्यरत वन कर्मचारीहरूलाई तालिम प्रदान गरी प्रविधि तथा सामाग्री हस्तान्तरण गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. १,००,०००।- (एक लाख) बजेट विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

सर्प उद्दार कार्यमा खटिने जनशक्तिको विकास तथा प्रविधिको विकास हुनेछ। सर्पहरुको मृत्यु कम हुने, संरक्षण हुने तथा व्यवस्थापन, सर्पदंश कमी हुने, जनताले सुरक्षाको प्रत्याभूति गरेका हुनेछन्।

## ५२. सरोकारवालासंग वनका कुरा

मध्य पहाडी तथा हिमाली क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरु मध्ये धेरैजसो समूहहरु क्रियाशिल रहेको देखिदैन । सामुदायिक वन व्यवस्थापनका अवसर तथा चुनौतीहरु सम्बन्धी सामुदायिक वन रहेकै स्थानमा बहुसरोकारवालाहरु विच अन्तरक्रिया कार्यक्रम आवश्यक रहेकोछ । यसै सन्दर्भमा यस कार्यक्रमबाट सामुदायिक वन उपभोक्ता समूहहरुसंग वन व्यवस्थापन तथा वन उद्यमका विविध पक्षहरु, समस्या तथा चुनौतिहरु, अवसरहरु र भावी कार्यदिशाको बारेमा समूहस्तरमै अन्तरक्रिया तथा छलफलका लागि यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ ।समय अनुकुल तथा कार्यबोझको प्रकृतिको आधारमा कार्यालय प्रमुख स्वयम् उक्त कार्यक्रममा सहभागी भए उपभोक्ताहरु उत्साहित हुने र वन व्यवस्थापनमा थप क्रियाशिल हुने देखिन्छ । यस कार्यक्रमा विनियोजित बजेटबाट सहभागी खाना-खाजा, इन्धनमा समेत खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयका कर्मचारीहरुबाट यो कार्यक्रम सञ्चालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु १२,९०,०००/- (बाह्र लाख नब्बे हजार) बजेट व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट ४४ स्थानमा सरोकारवालासँग अन्तक्रिया हुने तथा उपभोक्ताहरुले वन व्यवस्थापन गर्न थप उर्जा प्राप्त गरी वन पैदावारको दिगो उपयोग गर्नेछ।

## ५३. जिल्लाको आवधिक योजना सहितको रणनितिक योजना तयारी// जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना तयारी (वातावरणीय प्रभाव मूल्याङ्कन समेत)

संघीय वन ऐन, २०७६, वन नियमावली २०७९ तथा कोशी प्रदेशको प्रदेश वन ऐन, २०७७ मा उल्लेख भए बमोजिम वन विकास, सदुपयोग तथा संरक्षण कार्यक्रम सञ्चालन गर्दा वन कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही प्रावधान अनुरुप डिभिजन वन कार्यालयहरुले वनव्यवस्थापन कार्ययोजना तयार गर्नु पर्दछ। म्याद सकिएका कार्ययोजनालाई पुनः अध्यावधिक गर्न यो कार्यक्रमको व्यवस्था गरिएकोछ । आवधिक योजना सहितको रणनितिक योजना स्वीकृत पश्चात कोशी प्रदेश, प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ मा भएको व्यवस्था बमोजिम स्वीकृत कार्ययोजना कार्यान्वयनको लागि वातावरणीय अध्ययन प्रतिवेदन समेत तयार गरी पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

कार्ययोजना तयारीका लागि व्यवस्था भएको बजेटबाट सूचना प्रकाशन, सरोकारवालासंग छलफल, अन्तरक्रिया, श्रोत सर्वेक्षण, अति आवश्यक फिल्ड सामग्री खरिद, स्टेशनरी, नक्सा फोटो खरिद, टाइपिङ प्रिन्टिङ, IEE तयारीका कार्य, मन्त्रालय/निर्देशनालमा हुनेपुनरावलोकन तथा समिक्षा तथा सेवा परामर्श शुल्क लगायतमा खर्च गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, समूह र समिति, स्थानीय तह लगायत अन्य सरोकारवालाहरुसँगको समन्वयमा तथा सेवाप्रदायक संस्थाबाट समेत यस कार्य सञ्चालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि जम्मा बजेट रु. १०,००,०००।- (दश लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

२ वटा जिल्लाको आवधिक योजना सहितको रणनितिक योजनाको साथ साथै वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भई योजना कार्यान्वयन मार्फत वनको संरक्षण तथा व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## ५४. जिल्ला वन पैदावार आपुर्ति समिति मार्फत चिरान काठ उत्पादन र वितरणका लागि भौतिक पुर्वाधार व्यवस्थापन

यस शिर्षकमा विनियोजित बजेटबाट जिल्ला वन पैदावार आपुर्ति समितिको चिरान काठ वितरण कार्यमा सहयोग पुर्याउने उद्द्श्यले भौतिक पुर्वाधार व्यवस्थपन गर्ने सामान्य मर्मतका कार्यहरुका लागि : डिजाइन, नक्सा तथा लागत अनुमान तयारी, मूल्याङ्कन तथा सम्झौता, कार्यादेश, निर्माण कार्यको नियमित रेखदेख अनुगमन, कार्य सम्पन्न पश्चातको नापजाँच, नापी किताव तथा नक्सा तयारी, भुक्तानी बिल र कार्य सम्पन्न प्रतिवेदन तयारी, जाँचपास गरी अन्तिम भुक्तानी दिने फरफारक गर्ने। बजेटको सिमा भित्र रही विषयगत प्राविधिक कर्मचारीबाट Design तथा Estimate गराई स्वीकृत Design तथा Estimate का आधारमा सार्वजनिक खरिद ऐन नियम बमोजिम कार्यक्रम सम्पन्न गराउनुपर्नेछ। यस कार्यक्रमबाट जिल्ला वन पैदावार आपुर्ति समितिको भौतिक पूर्वाधारनिर्माण तथा मर्मत सम्बन्धी कार्य सम्बन्धित विषयगत प्राविधिकबाट गराउनु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारीहरूबाट यस कार्य सञ्चालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि जम्मा बजेट रु. १०,००,०००।- (दश लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

जिल्ला वन पैदावार आपुर्ति समितिको भौतिक पूर्वाधार निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन क्षेत्रमा सञ्चालन भएका कार्यक्रम तथा कार्यालयको सेवा प्रवाहको वारेमा प्रचार प्रसार हुने अपेक्षा गरिएकोछ।

## ५५. प्राकृतिक पुनरुत्पादन अभिवृद्दि कार्यक्रम

यो क्रियाकलाप समुदायमा आधारित वन व्यवस्थापन समूहले व्यवस्थापन गरेको वन क्षेत्रका साथै सरकारद्वारा व्यवस्थित वन क्षेत्रमा वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिको लागि प्रस्ताव गरिएको हो। यसमा विनियोजित रकम स्रोत सर्वेक्षण, नक्शाङ्कन, झाडी सफाई, जैविकबार, सम्वृद्धि वृक्षारोपण, आगलागी र चरिचरण नियन्त्रण जस्ता कार्यमा खर्च गर्न सकिनेछ साथै आवश्यकता अनुसार वन हेरालु समेत राख्न सकिनेछ। एकै स्थानमा कम्तीमा १ हेक्टरभन्दा बढी क्षेत्रमा पुनरुत्पादन प्रवर्द्धन कार्य गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न भए पश्चात् पुनरुत्पादन अभिवद्धि गरिएको वनको क्षेत्रफल, पुनरुत्पादन प्रवर्द्धन गरिएको जात, सम्वृद्धि वृक्षारोपण गरिएको भए बिरुवाको संख्या, खर्चको विल भर्पाई, आगलागी तथा चरिचरण नियन्त्रणको कार्यमा गरिएको प्रयास सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप अन्तर्गत बजेट रु. १०,००,०००/-(दश लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धी**

१० स्थानमा प्राकृतिक पुरुत्पादन भई वनको हैसियतमा सुधार भएको हुनेछ।

## ५६. अवैध चोरी शिकारी नियन्त्रणमा खटिएका कर्मचारी प्रोत्साहन पुरस्कार (सुरक्षा निकाय समेत)

यस कार्यक्रमबाट अवैध चोरी शिकारी नियन्त्रणमा खटिएका सुरक्षाकर्मी, वन कर्मचारी लगायतलाई विभिन्न मूल्याङ्कन र सूचकहरुलाई आधार मानी मूल्याङ्कन गरी डिभिजन वन कार्यालयले यो पुरस्कार प्रदान गरिने छ। पुरस्कारहरु प्रदान गर्न तथा छनौट गर्नका लागि लाग्ने खर्च (सूचना सम्प्रेषण, विज्ञापन, स्थलगत भ्रमण, बैठक खर्च आदि), पुरस्कृत व्यक्ति, संस्थाको यातायात खर्च, पुरस्कार वितरण समारोह खर्च, प्रमाणपत्र तयारी र पुरस्कार राशी आदिमा खर्च गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु. १,५०,०००।-(एक लाख पचास हजार) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट कुल १० जनालाई पुरस्कृत गरिनेछ ।

## ५७. कोशी प्रदेश वन न्युजलेटर प्रकाशन

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय तथा विभिन्न निकायबाट संचालित कार्यक्रम तथा क्रियाकलापहरूको जानकारी सहितको त्रैमासिक बुलेटिन तयार गरी प्रकाशन गर्नका लागि यो शिर्षकमा विनियोजित बजेट खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

अन्य कार्यालयको सहयोगमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. ५,००,०००।- (पाँच लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

समग्र वन तथा भू संरक्षण क्षेत्रबाट संचालित कार्यक्रमहरूको बुलेटिन तयार भई प्रकाशन हुने अपेक्षा गरिएकोछ।

## ५८. वन, वन्यजन्तु संरक्षण सम्बन्धी प्रचार प्रसार (होर्डिङ बोर्डिङ, पम्प्लेट, पुस्तिका, ब्रोसर आदि)

वन, वन्यजन्तु र तिनीहरुको वासस्थानको संरक्षणमा जनसाधारणमा सकारात्मक प्रभाव वृद्धि गर्नको साथै जनचेतना अभिवृद्धि गर्नको लागि मन्त्रालय/निर्देशनालय/डिभिजन वन कार्यालयहरूले जिल्लाका स्थानीय मानिसहरुले वुझ्ने भाषामा पोष्टर, पम्लेट, व्रोसर, पुस्तिका आदिको निर्माण गरी वितरण गरिनेछ। साथै होर्डिङ बोर्ड निर्माण गरी जंगलमा रहेका राजमार्ग र बाटोहरू, भंसार नाका, वन प्रवेश नाकाहरु एवं नाकाका गाँउ बस्तीमा समेत फलामे होर्डिङ बोर्ड/डिजिटल होडिङ्ग बोर्ड राख्न सकिने छ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय तथा मन्त्रालय मताहतका निकायहरुबाट यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु. १५,००,०००।-(पन्ध्र लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

प्रचार प्रसारको माध्यमबाट स्थानीय स्तरमा वन र वन्यजन्तुको संरक्षणमा जनसाधारणमा सकारात्मक जनचेतनामा अभिवृद्धि भएको हुनेछ।

## ५९. कवुलियती वन समुहलाई क्षमता अभिवृद्धि तालिम

यस कार्यक्रमबाट डिभिजन वन कार्यालयमा दर्ता भएका कबुलियति वन समुहका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि तथा सिप विकास तालिम सञ्चालन गरिनेछ। यसका लागि जिल्लाका विभिन्न

स्थानबाट कवुलियती वन समुहका पदाधिकारीहरुलाई सहभागी गराई १ दिने तालिम सञ्चालन गरिनेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य,
- तालिम सञ्चालन भएको स्थान र मिति देखिने तालिमको व्यानर, सेसन प्लान, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु, समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- कार्यक्रमको भौतिक र आर्थिक प्रगति।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरुले यो तालिम सञ्चालन गर्नेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ९०,०००।- (नब्बे हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

कबुलियति वन समुहको पदाधिकारीहरुलाई सिप, ज्ञान तथा क्षमता अभिवृद्धि हुनेछ।

### ६०. सामुदायिक वन उपभोक्ता समुहलाइ क्षमता अभिवृद्धि तालिम ( वन विकास, लेखा, निती नियम आदी)/ रेकर्ड किपिंग तथा लेखा व्यवस्थापन तालिम

यस अन्तर्गत सामुदायिक वन उपभोक्ता समूहमा कार्यरत कर्मचारी वा पदाधिकारीहरुलाई वन विकास, रेकर्ड किपिङ्ग तथा लेखा व्यवस्थापन सम्बन्धी तालिम दिईनेछ। यस शिर्षकको रकम गोष्ठीमा संयोजक/सहयोगी भत्ता, सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, यातायात खर्च, संचार, स्टेशनरी, पानी, गोष्ठीको प्रतिवेदन लेखन लगायतमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिनेछ। सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा तालिम सञ्चालन गर्नु पर्नेछ। कार्यक्रम सम्पन्न भईसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण, माइन्युट, प्रस्तुतीकरणको विवरण, फोटो, खर्च विलभर्पाइ, कार्यक्रमको सुची तथा गोष्ठीको प्रतिवेदन पेश गर्नु पर्दछ। यो कार्यक्रम सम्पन्न गर्न सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९, तथा स्वीकृत नर्म्सको पालना गर्नुपर्नेछ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. २४,४०,०००।- (चौबिस लाख चालिस हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

जम्मा ७३ वटा तालिम सञ्चालन भई सामुदायिक वन उपभोक्ता समूहको वन विकास तथा , रेकर्ड किपिङ, चिठीपत्रहरुको फाइलिङ सहज/सरल हुने एवं समूहको लेखा समेत व्यवस्थित भई समूहको संस्थागत विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## ६१. सव-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी

प्रत्येक वर्ष सव-डिभिजन वन कार्यालयबाट जिल्लामा गरिने क्रियाकलापहरुको छलफल गराउनु पर्दछ। यस योजना तर्जुमा कार्यमा जिल्लाका सम्पूर्ण सव-डिभिजन वन कार्यालयका प्रमुखहरुले आफ्नो कार्यक्षेत्रभित्रका सामुदायिक वन, कवुलियती वन, धार्मिक वन, साझेदारी वन समुह निजि वन, व्यवसायी, RRT, स्थानिय तह लगायतलाई सहभागी गराउनु पर्नेछ। कार्यक्रमको सान्दर्भिकता हेरी जिल्लास्थित अन्य निकाय र विषयसँग सम्बन्धित प्रतिनिधि वा सरोकारवाला ब्यक्तिलाई समेत समावेश गरी स्वीकृत नर्म्सको अधीनमा रही यस गोष्ठी सञ्चालन गरिनेछ। यस गोष्ठीमा सव-डिभिजन वन कार्यालयका प्रमुखहरुले सव-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठीबाट तय भएका कार्यक्रमहरूको औचित्व सहितको प्रस्तुतिकरण गरी योजना पेश गराउनु पर्दछ र डिभिजन वन कार्यालयले समेत जिल्लास्थित अन्य निकायसँग सहकार्य गर्न सकिने कार्यक्रमहरुको पहल गरी आगामी वर्षको लागि योजना तयार तथा स्वीकृत गरी प्रादेशिक योजना तर्जुमा गोष्ठीमा पेश गर्नुपर्दछ। यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, संचार, स्टेशनरी, पानी, प्रतिवेदन लेखन आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ। कार्यक्रम सम्पन्न भईसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण तथा माइन्यूट, फोटो एवं खर्च विलभर्पाइ सहितको गोष्ठी सञ्चालन प्रतिवेदन पेश गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

प्रदेशस्तरका डिभिजन वन कार्यालय तथा सब डि.व.का. का कर्मचारीहरुबाट यो कार्यक्रम सञ्चालन गरिने छ।

**बजेट व्यवस्थापन**

यस प्रकारको गोष्ठी संचालनको लागि बजेट रु. ३१,२०,०००।- (एकतिस लाख बिस हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

आगामी आ. व. को १०४ वटा सव-डिभिजन वन कार्यालयहरुको योजनाहरु निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## ६२. सामुदायिक तथा कबुलियती वन अनुगमन तथा निरिक्षण (अनुगमन पुस्तिका प्रकाशन समेत)

सामुदायिक वन तथा कवुलियती वनको अवस्था र समूह संचालनका विविध पक्षहरुको नियमित अनुगमन गरी आवश्यक पृष्ठपोषण गर्नुपर्ने हुन्छ। तसर्थ सामुदायिक वनहरुको हकमा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ ले निर्धारण गरेको प्रक्रियाहरु तथा वन कार्ययोजनामा निर्दिष्ट गरिएका कार्यहरु सञ्चालन भए नभएको परीक्षण गर्न हस्तान्तरित सबै सामुदायिक वनहरुको निरीक्षण तथा अनुगमन गर्नुपर्नेछ। त्यसै गरी कबुलियती वन कार्यक्रमको हकमा डिभिजन वन कार्यालयहरुले अनुगमनका सूचकहरुको निर्माण गरी कबुलियती वनको अनुगमन तथा निरिक्षण गर्नुपर्नेछ। डिभिजन तथा सव-डिभिजन वन कार्यालय, जिल्ला समन्वय समिति, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, विभिन्न पालिकामा रहेका कृषि सेवा शाखा, पशु सेवा शाखा, महिला तथा वालवालिका शाखा कार्यालयका प्रतिनिधि र पत्रकार लगायतकाबाट संयुक्त रुपमा समेत अनुगमन कार्य गर्न सकिने छ। साथै कार्यक्रम कार्यान्वयनको क्रममा अनुगमन टोलीमा खटिने कर्मचारी तथा प्रतिनिधिहरुको भ्रमण खर्च, इन्धन, गाडी भाडा, खाजा समेत यसै शिर्षकको बजेट रकमबाट खर्च गर्न सकिनेछ।

साथै अनुगमनबाट प्राप्त नतिजाहरुलाई लिपिबद्ध गर्न अनुगमन पुस्तिका प्रकाशन गर्ने र सामुदायिक वन तथा कबुलियती वनहरुलाई आवश्यक निर्देशन प्रदान गर्न यो कार्यक्रम सञ्चालन हुनेछ। यो कार्यक्रम सम्पन्न गर्न आवश्यकता अनुसार स्थलगत फिल्ड निरीक्षण, समूहसँग छलफलमा चिया खाजा, स्टेशनरी, मसलन्द तथा इन्धन, तथ्याङ्क विश्लेषण एवं छपाई आदि कार्यमा आवश्यक बजेट खर्च गर्न सकिनेछ।

कार्यक्रम सम्पन्न भए पछि सव-डिभिजन वन कार्यालय अनुसारका अनुगमन गरिएका सामुदायिक र कबुलियती वन समूहको संख्या तथा गतिविधि विश्लेषण सहितको अनुगमन पुस्तिका प्रकाशन गरिनेछ। साथै यसरी अनुगमन गर्दा सामुदायिक वन/कवुलियती वन कार्यक्रम लागू भएका जिल्लाहरुमा भएका सफल अभ्यासहरु, सकंलित तथ्याङ्कहरू पर्यटन, वन तथा वातावरण मन्त्रालयर वन निर्देशनालयमा पठाउनु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारीहरु, वन प्राविधिक सहायक, सामाजिक परिचालकबाट यो कार्यक्रम सञ्चालन गरिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.३४,७६,०००।- (चौतिस लाख छयत्तर हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

सामुदायिक वन/कवुलियती वनहरुको अनुगमन निरीक्षणबाट आवश्यक पृष्ठपोषण प्राप्त भई कार्यक्रम कार्यान्वयनमा सहजता हुनुका साथै अगामी आर्थिक वर्षको योजना निर्माणमा समेत थप सहयोग पुग्ने ।अनुगमन पुस्तिका समेत प्रकाशन हुने अपेक्षा गरिएको छ ।

## ६३. फलफुलको बिरुवा खरीद गरी कवुलियती वन समुहमा वितरण गर्ने

डिभिजन वन कार्यालयले कवुलियती वन समुहमा स्थानीय स्तरमा प्राथमिकतामा परेको वा फलफूलका लागि पकेट क्षेत्र घोषणा गरिएको हकमा उक्त क्षेत्रका लागि सिफारिस गरिएको जातको फलफूलका बिरुवाहरु खरिद वा कार्यालय आफैले उत्पादन गरी प्रभावकारी रुपमा रोपन कार्य गर्ने गराइने छ । यस शिर्षकमा विनियोजित रकम फलफूलको बिरुवा, कलमी, कट्टिङ, ग्राफ्टिङ आदि (जस्तैः हलुवाबेद, सुन्तला, जुनार, अनार, कागती, लिची, आँप, रुखकटहर, अमला, किवी, एभोकाडो, मोरिङ्गा, स्याउ, नासपाती, भोगटे, अमिलो, ओखर, बडाजामुन, अम्वा आदि) खरिद गरी वा कार्यालय आफैले उत्पादन गरी वितरण गर्नुका साथै ढुवानी खर्च समेत व्यहोर्न सकिनेछ । बिरुवा खरिद गर्दा वन सेवाका अधिकृतस्तरका कर्मचारीको प्राविधिक प्रतिवेदनको आधारमा रोपण योग्य बहुवर्षिय फलफूल बिरुवा स्वीकृत बजेट, प्रचलित बजार भाउ तथा स्वीकृत जिल्ला दररेटको आधारमा सार्वजनिक खरिद प्रक्रिया अवलम्वन गरी बहुवर्षिय फलफूलका बिरुवाहरु खरिद, ढुवानी तथा वन क्षेत्रमा वृक्षारोपण गरिनेछ।आवश्यकता अनुसार कृषि सेवाका प्राविधिकसँग समन्वय गर्न सक्नेछ । कार्यक्रम सम्पन्न गरिसकेपछी फलफूल फोटो सहितको प्रतिवेदन साथ आवश्यक फोटोहरु पेश गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु ५,००,०००/- (पाँच लाख) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

कवुलियती वनका उपभोक्ताहरूलाई स्थानीयस्तरमा विभिन्न प्रजातिका फलफूलका बिरुवा वितरण हुनेछन् ।

## ६४. वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसंधान, तहकिकात र मुद्दाको दायरी

वन र वन्यजन्तु संरक्षण र व्यवस्थापन लगायतका कामहरु वन कार्यालयको प्रमुख जिम्मेवारी अन्तरगत पर्दछ । यसै क्रममा कतिपय अवस्थामा वन र वन्यजन्तु सम्बन्धी अपराध हुन नदिन तथा अपराध भएपनि कानुनी दायरामा ल्याउनका लागि डिभिजन/सव डिभिजन वन कार्यालयहरुले मुद्दाको अनुसंधान, तहकिकात र दायरी सम्मको काम कारवाही अगाडी बढाउनु पर्ने हुन्छ । मुद्दाको अनुसंधान देखि लिएर दायर हुने या नहुने नहुन्नजेल सम्म यस शिर्षकको विनियोजित रकमबाट बरामद भएका दशी प्रमाण (वन पैदावार, वन्यजन्तु र तिनका आखेटोपहार, औजार, उपकरण, हातहतियार,

विशाल घिमिरे
प्रदेश सचिव

बोझवाहक, मालवस्तु, चौपाया आदि) सुरक्षित ओसार पसार तथा व्यवस्थापन, खटिएका कर्मचारीहरुको दैनिक भ्रमण भत्ता, चिया नास्ता, मसलन्द, इन्धन, तहकिकातका लागि आवश्यक पर्ने सामाग्री,उपकरण खरीद साथै थुनुवा तथा हिरासत कोठा व्यवस्थापन, अदालतबाट बकपत्रको लागि बोलाइएमा लाग्ने गाडी भाडा, भ्रमण भत्ता र चिया नास्ता आदिमा खर्चमा गर्न सकिनेछ। आवश्यकता अनुसार यस शिर्षकमा विनियोजित रकम मुद्दा अनुसंधान गर्ने कर्मचारीहरुलाई तालिम/अन्तरकृया समेतमा खर्च गर्न सक्नेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय र अन्तरगतका सव डिभिजन वन कार्यालयमा कार्यरत कर्मचारी तथा सुरक्षा निकायका कर्मचारी समेतको परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

यो तालिम संचालनको लागि बजेट रु. २५,००,०००।- (पच्चिस लाख) व्यवस्था गरिएकोछ।

**अपेक्षित उपलब्धि**

वन प्राविधिकहरुको क्षमतामा अभिवृद्धि भई वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात गर्न सहज हुने।

**६५. वन र वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणको लागि नियन्त्रण कक्ष स्थापना र व्यवस्थापन**

यस शिर्षकमा विनियोजित रकम वन र वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणका लागि आधुनीक प्रविधिको प्रयोग मार्फत अपराध नियन्त्रण र व्यवस्थापनको कार्यमा जोड दिइने छ।यसका लागि डिभिजन/सव डिभिजन वन कार्यालय/सुरक्षा शाखा र सव डिभिजन वन कार्यालयहरुमा अत्याधुनिक उपकरण सहितको अपराध नियन्त्रण कक्षको व्यवस्थापन गरिनेछ।सव डिभिजन वन कार्यालयहरुमा छुट्टै कोठा उपलब्ध नभएमा वा हुन नसकेमा कार्यालय कोठालाई नै उपयोग गर्न सकिनेछ। आवश्यकता अनुसार सो कक्षको व्यवस्थापनको लागि स्थानीय प्रशासन र सुरक्षा निकाय समेतसंग समन्वय र सहकार्य गर्न सक्नेछ।यस कार्यका लागि आवश्यक पर्ने फर्निचर, फर्निसिङ्ग, कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेशिन, स्कयानर खरिद, विद्युत् व्यवस्थापन, टेलिफोन, इन्टरनेट जडान, अन्य सञ्चारका साधन खरिद र वन तथा वन्यजन्तुको संरक्षण र सो सम्बन्धी अपराध अनुसन्धानका लागि आवश्यक अन्य जुनसुकै सामग्री, मेशिन, औजार, उपकरण खरिद यसै शिर्षक अन्तर्गत गर्न सकिनेछ।यस शिर्षकबाट विनियोजित बजेट सव डिभिजनका लागि मात्र खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत यस कार्यक्रम सञ्चालन हुनेछ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

**बजेट व्यवस्थापन**

यस अपराध नियन्त्रणको लागि नियन्त्रण कक्ष स्थापना र व्यवस्थापनको लागि जम्मा वजेट रु. ४८,५०,०००।- (अठ्चालिस लाख पचास हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस आ. व. २०८२/०८३ मा जम्मा फिल्डस्तरमा रहेका कार्यालयहरूको प्रविधिमा विकास भई अपराध नियन्त्रण कक्ष स्थापना भएको हुने पुग्ने अपेक्षा गरिएको छ।

## ६६. सामुदायिक वन समूहको कार्ययोजना नवीकरणमा सहयोग

कार्ययोजनाको अवधि समाप्त भएका र कार्ययोजना पुनरावलोकन/संशोधनको लागि समूहबाट सा. व. को कार्ययोजना नवीकरणको लागि माग भई आएका सामुदायिक वन उपभोक्ता समूहको वन कार्ययोजना नवीकरण गर्न वन ऐन २०७६ तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०८१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पूरा गरेर सम्पन्न गर्नुपर्नेछ। कार्ययोजना नविकरण कार्यको सहजीकरण तथा सिफारिस गर्ने काम कम्तीमा रेन्जर वा (सहायकस्तर पाचौं) वन सेवाको प्राबिधिकबाट हुनुपर्नेछ। यसका लागि सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन २०६१ अनुसार GPSबाट सीमा सर्वेक्षण, Permanent sample plot मा वन स्रोत सर्वेक्षण तथा Permanent sample plot नभएका सामुदायिक वनहरूमा सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ मा उल्लेखित विधि बमोजिम Permanent sample plot layout गरी सामुदायिक वनको वन स्रोत सर्वेक्षण गर्नु पर्दछ। साथै सो कार्ययोजनामा वनको नक्सा सहित अन्य Thematic नक्साहरु समेत समावेश गर्नुपर्नेछ। कार्ययोजना निर्माणको लागि वन स्रोत सर्वेक्षण, नक्सा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, इन्धन, संचार र कार्ययोजना तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

- नवीकरण गरिएको सामुदायिक वनको नाम र ठेगाना,
- नवीकरण भएको स्वीकृत कार्ययोजना,
- बैठकको खाजा खर्च माग गर्दा माईन्युटको छायाँकपि समेत संलग्न गर्नुपर्ने,
- कार्ययोजना नविकरण गर्दा खिचिएका फोटो/भिडियोहरू।
- कार्ययोजना तयार गर्दा समुह, स. डि. व. का. र डि. व. का गरी जम्मा ३ प्रति किताब तयारी गर्नुपर्नेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुद्वारा यो कार्य गर्नु पर्नेछ र कार्ययोजना नबिकरण गर्दा सामुदायिक वन समूहहरुसँगको समन्वय तथा सहकार्य गर्नु पर्नेछ। साथै डिभिजन वन

कार्यालयका वन प्राविधिकको प्रत्यक्ष निगरानिमा वन क्षेत्रमा काम गर्ने सेवा प्रदायक व्यक्ति वा संस्थाबाट समेत गराउन सकिनेछ । यस कार्यको लागि सामुदायिक वन उपभोक्ता महासंघसँग समेत समन्वय गर्न सकिने छ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. २०,००,०००।- (बिस लाख) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

८० वटा सामुदायिक वन उपभोक्ता समूहहरुको सामुदायिक वन कार्ययोजना नवीकरण भएको हुनेछ ।

## ६७. सामाजिक परिचालन सेवा (समूह परिचालनको अनुदान सहयोग)

सव-डिभिजन वन कार्यालयको समन्वयमा कवुलियती वन समूह गठन तथा उपभोक्ता समूहहरूसँग सहजिकरण गरी सव-डिभिजन वन कार्यालयमा नियमित प्रतिवेदन पेश गर्न तपशिलमा उल्लेखित कार्यहरू गर्नको लागि डिभिजन वन कार्यालयमा विनियोजित रकमको अधीनमा रही मासिक रुपमा पारिश्रमिक उपलब्ध गराउने गरी करार सेवामा सामाजिक परिचालक व्यवस्था गरिनेछ । यस कार्यक्रम लागु भएका सम्बन्धित स्थलका विगतमा कार्य अनुभव रहेको वन सामाजिक परिचालकलाई प्राथमिकता दिनुपर्नेछ । सामाजिक परिचालक सकभर विपन्न, दलित, आदिवासी जनजाति तथा महिलालाई प्राथमिकतामा राखी छनौट गरिनेछ । सामाजिक परिचालकको शैक्षिक योग्यता कम्तिमा १० कक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । डिभिजन वन कार्यालय र सम्बन्धित सव-डिभिजन वन कार्यालयको नियन्त्रण र सुपरिवेक्षणमा रही सामाजिक परिचालकले देहायका कार्यहरु गर्नेछ।

(क) कवुलियती वन समूह, डिभिजन वन कार्यालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्थानीय पालिकामा रहेका पशु तथा कृषि सेवा शाखा लगायतका निकायको बीचमा समन्वय गर्ने,

(ख) समूह गठनका लागि परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,

(ग) बैठक व्यवस्थापन गर्न कवुलियती वन समूहलाई निरन्तर सहयोग गर्ने, नेतृत्व विकास, रेकर्ड राख्ने, वचत गर्ने र साधारण शिशु स्वास्थ्य, पोषण र सरसफाईवारे समूह सदस्यलाई ज्ञान दिने,

(घ) सव-डिभिजन वन कार्यालय तथा डिभिजन वन कार्यालयसँग समन्वय गरी समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र तालिम तथा प्रचार प्रसार कार्यमा सहयोग गर्ने,

(ङ) आफ्नो कार्यक्षेत्रका सवै कवुलियती वन समूहको बैठकमा भाग लिने,

(च) कवुलियती वन समूहको अनुगमन कार्यमा सव-डिभिजन वन कार्यालयलाई सहयोग गर्ने,

(छ) विशेष गरी महिला र दलितहरुलाई सरकारी कागजात, प्रमाणपत्रहरु प्राप्त गर्न आवश्यक सहयोग गर्ने,

(ज) साधारण लेखपढ गर्न नजान्ने सदस्यलाई प्रौढ शिक्षामा सहभागी गराउने र नेतृत्व विकासका लागि समूहको जनशक्ति विकास गराउने,

(झ) डिभिजन वन कार्यालयको नियमित मासिक बैठकमा सम्भव भएसम्म सहभागी हुने,

(ञ) समूहले पाउने सहयोगको बारेमा डिभिजन वन कार्यालयबाट जानकारी लिई सोही बमोजिम समूहलाई जानकारी गराउने,

(ट) अन्यको हकमा मार्गदर्शनमा उल्लेख भए बमोजिम हुनेछ।

**जनशक्ति व्यवस्थापन**

सव-डिभिजन वन कार्यालयको सिफारिसमा डिभिजन वन कार्यालयले सम्भब भएसम्म कवुलियती वन समूहका उपभोक्ताहरु मध्येबाट समूह सहयोगी सेवा करारमा लिई सामाजिक परिचालन सेवा प्रदान गर्नु पर्नेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि बजेट रु. ५९,४०,०००।- (उन्साठ्ठि लाख चालिस हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

३३ जना सामाजिक परिचालक (समूह सहयोगी) सेवा करारमा भर्ना भई कवुलियती वन समूहको क्षमता विकासमा टेवा पुग्नेछ।

## ६८. लाहा खेती विस्तार तथा प्रविधी हस्तान्तरण

झापा जिल्लाको गौरादहमा लाहा प्रशोधन कारखाना सञ्जालनमा आइसकेको अवस्थामा भएता पनि कच्चा पदार्थ (लाहा) को अभावमा बजारको माग धान्न नसकिरहेको अवस्था रहेको छ। अतः गुणस्तरीय लाहा (चप्रा) उत्पादनको साथै प्रशोधित लाहाको बजारको मागलाई पूर्ति गर्ने उद्देश्य स्वरुप यो कार्यक्रम संचालन गरिएको छ।यो कार्यक्रम डि.व.का.ले प्रस्ताव आव्हान गरी लाहा खेती विस्तार कार्यक्रम अन्तर्गत निजी आवादी जग्गाको साथ साथै स्थानीय समुदायद्धारा व्यवस्थित वनमा आधारित व्यक्ति तथा घरधुरीको हैसियत सुधार गर्न र आय स्रोत बढाउन तथा समूहमा रहेका सदस्यहरुको गरीबी कम गर्न योगदान पुग्ने अभिप्रायले समूहको निर्णय वमोजिम सम्बन्धित समूह तथा निजि जग्गा धनीहरुले प्रस्ताव सहितको निवेदन डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ। तत् पश्चात डिभिजन वन कार्यालयले प्रस्ताव मूल्याङ्कनको आधारमा उपयुक्त समूह छनौट गरी यो क्रियाकलाप संचालन गरिने छ। यस अलावा यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयहरूले स्थानीय किसान/वन समूहहरुलाई सिरिस, बयर, खयर,कुसुम , मौवा, फ्लेमेन्जिया सायमिया जस्ता आदि जातका विरुवा खरीद/उत्पादन गरी उपलब्ध गराई वृक्षारोपण गरेर समेत संचालन गर्न सकिनेछ। यस शिर्षकमा विनियोजित बजेट लाहा खेती सम्बन्धी स्रोत व्यक्तिको प्राविधिक सेवा (पारिश्रमिक) मा

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे प्रदेश सचिव

समेत उपयोग गरिनेछ ।यो शिर्षकबाट विरुबा उत्पादन/खरीद, ढुवानी, कच्चा पदार्थ खरीद, जमिन तयारी, रोपण, स्थलगत तालिम, जिल्लाभित्र भ्रमण, उपकरण खरीद,कारखानाको क्षमता अभिबृद्दी, प्रचार प्रसार आदीको लागि खर्च गरीने छ। कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समावेश गर्नु पर्ने छ।

(क) क्रियाकलाप सञ्चालन भएको समूहद्वारा व्यवस्थित वनको नाम, ठेगाना, संलग्न घरधुरीको नामावली,

(ख) खेती विस्तारको योजना,

(ग) कार्यक्रम सञ्चालन स्थान साथै लाहा खेती विस्तार सम्बन्धी फोटोसंचालन अघि समेतको ) (फोटो

(घ) लागत तथा खर्चको विवरण, बैक भौचर, भर्पाई आदि,

(ङ) लाभान्वित घरधुरी तथा समुदायको विवरण।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरूले यस प्रकारको कार्यक्रमको सञ्चालन गर्ने छन् । डिभिजन वन कार्यालयहरूले गौरादहको कारखाना, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहरासँगको समन्वयमा यो तालिम सञ्चालन गर्ने छन्।

**बजेट व्यवस्थापन**

कार्यक्रम संचालनको लागि बजेट रु. २५,००,०००।- (पच्चिस लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

६ स्थानमा लाहा खेतीको विस्तार भई स्थानीयवासीको आय वृद्धिमा थप टेवा पुग्ने साथै रोजगारी समेतको श्रृजना हुने अपेक्षा गरिएको छ।

## ६९. सामाजिक परिचालिका र जिल्ला सुपरभाईजरको बैठक

कार्यक्रम संचालनमा थप प्रभावकारिता ल्याउन सहजकर्ता, सामाजिक परिचालक तथा जिल्ला सुपरभाईजरको द्वैमासिक बैठकमा सहभागी हुनेको लागि यातयात र खाजा व्यवस्थापनमा खर्च गरिनेछ। बैठकमा आवश्यकता अनुसार डिभिजन वन कार्यालय र सव-डिभिजन वन कार्यालयका कर्मचारीहरु संलग्न हुन सक्नेछन्। सो बैठकको प्रगतिको पुनरावलोकन प्रत्येक बैठकमा गर्नु पर्नेछ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न कुल रकम रु. ६,२०,०००।- (छ लाख बिस हजार) विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

२० वटा बैठक सञ्चालन भई कवुलियती वन अन्तर्गतका कार्यक्रमहरुको सञ्चालन तथा कार्यान्वयनमा दिशानिर्देश हुनेछ।

## ७०. सामाजिक परिचालन सुपरिवेक्षण (जिल्ला सुपरभाईजरबाट)

सव-डिभिजन वन कार्यालयको समन्वयमा सामाजिक परिचालकको कार्यको अनुगमन तथा सुपरिवेक्षण गरी डिभिजन वन कार्यालय मा नियमित प्रतिवेदन पेश गर्न विनियोजित रकमको अधीनमा रही मासिक रुपमा पारिश्रमिक उपलब्ध गराउने गरी करार सेवामा जिल्ला सुपरभाईजरको व्यवस्था गर्नुपर्नेछ । जिल्ला सुपरभाईजरको शैक्षिक योग्यता कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको योग्यता हुनुपर्नेछ । जिल्ला सुपरभाइजरको कार्य विवरण देहायका बमोजिम हुनेछः

(क) कवुलियती वन समूह, डिभिजन वन कार्यालय तथा कृषि तथा पशु सेवा शाखा लगायत जिल्लास्थित अन्य निकायको वीचमा सम्वन्ध कायम गर्ने,

(ख) समूह सहयोगी/सामाजिक परिचालक को कार्यको अनुगमन तथा निरीक्षण गर्ने,

(ग) समूह सहयोगी/सामाजिक परिचालक लाई परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,

(घ) डिभिजन वन कार्यालय र जिल्लास्थित अन्य कार्यालयबाट समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र तालिम तथा प्रचारप्रसार कार्यमा सहयोग गर्ने,

(ङ) समूह सहयोगी मार्फत कवुलियती वन समूहको अनुगमन गर्नमा डिभिजन वन कार्यालयलाई सहयोग गर्ने,

(च) समूहमा आबद्ध विशेष गरी महिला र दलितहरुलाई आवश्यक सरकारी कागजात, प्रमाणपत्रहरु प्राप्त गर्न सहयोग गर्ने,

(छ) सामाजिक परिचालनको काममा मार्गदर्शक वनी आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने ।

**जनशक्ति व्यवस्थापन**

सव-डिभिजन वन कार्यालयको सिफारिसमा डिभिजन वन कार्यालयले सम्भब भएसम्म कवुलियति वन समूहका उपभोक्ताहरुबाट जिल्ला सुपरभाईजर सेवा करारमा लिई सामाजिक परिचालन सुपरिवेक्षण गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्नको लागि रु. १२,५९,०००।- (बाह्र लाख उनान्साठ्ठी हजार) विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

जिल्ला सुपरभाईजर सेवा करारमा रही कवुलियती वन समूहहरुको व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

विशाल छिमिरे
प्रदेश सचिव

## ७१. डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी

प्रत्येक वर्ष डिभिजन वन कार्यालयबाट जिल्लामा गरिने क्रियाकलापहरुको छलफल गराउनु पर्दछ। यस योजना तर्जुमा कार्यमा जिल्लाका सबै सव-डिभिजन वन कार्यालयका प्रमुखहरुलाई सहभागी गराउनु पर्नेछ। कार्यक्रमको सान्दर्भिकता हेरी जिल्लास्थित अन्य निकाय र विषयसँग सम्बन्धित प्रतिनिधि वा सरोकारवाला ब्यक्तिलाई समेत समावेश गरी स्वीकृत नर्म्सको अधीनमा रही यस गोष्ठी सञ्चालन गरिनेछ। यस गोष्ठीमा सव-डिभिजन वन कार्यालयका प्रमुखहरुले सव-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठीबाट तय भएका कार्यक्रमहरूको औचित्व सहितको प्रस्तुतिकरण गरी योजना पारित गराउनु पर्दछ र डिभिजन वन कार्यालयले समेत जिल्लास्थित अन्य निकायसँग सहकार्य गर्न सकिने कार्यक्रमहरुको पहल गरी आगामी वर्षको लागि योजना तयार तथा स्वीकृत गरी प्रादेशिक योजना तर्जुमा गोष्ठीमा पेश गर्नुपर्दछ। यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, संचार, स्टेशनरी, पानी, प्रतिवेदन लेखन आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ। कार्यक्रम सम्पन्न भईसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण तथा माइन्यूट, फोटो एवं खर्च विल भर्पाइ सहितको गोष्ठी सञ्चालन प्रतिवेदन पेश गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

प्रदेशस्तरका डिभिजन वन कार्यालयका कर्मचारीहरुबाट यो कार्यक्रम सञ्चालन गरिने छ।

**बजेट व्यवस्थापन**

१५ वटा डिभिजन वन कार्यालयहरुमा यस प्रकारको गोष्ठी संचालनको लागि बजेट रु. ७,६५,०००।- (सात लाख पैसठ्ठी हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

आगामी आ. व. को डिभिजन वन कार्यालयहरुको योजनाहरु निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएकोछ।

## ७२. प्रदेश स्तरीय योजना तर्जुमा गोष्ठी

वन निर्देशनालय अन्तर्गतका कार्यालय, आयोजना, परियोजनाले आगामि आ. व. को लागि तयार पारेका योजनाहरुमा विस्तृत छलफल गरी प्राथिमकता तोकी प्राप्त बजेट सिलिंग भित्र रही वार्षिक योजना निर्माण गर्न यो कार्यक्रम राखिएको हो। गोष्ठीमा निर्देशनालय अन्तर्गतका कार्यालय प्रमूख, परियोजना प्रमुख एवं प्रतिनिधिहरु, पर्यटन, वन तथा वातावरण मन्त्रालयका महाशाखा प्रमुखहरु एवं अन्य विषयगत मन्त्रालयका प्रतिनिधि, प्रदेश निति तथा योजना आयोगका सदस्य एवं अन्य विज्ञ तथा सहजकर्ताहरुको सहभागितामा सञ्चालन गरिने छ। यसै गोष्ठीमा Provincial Line Ministry Budget Information System (*PLMBIS*) सम्वन्धमा समेत जानकारी गराइने छ। साथै आवश्यकता अनुसार संघीय विभाग र मन्त्रालयका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ। यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल

भाडा, यातायात खर्च, संचार, स्टेशनरी, पानी, गोष्ठीको प्रतिवेदन लेखन लगायतमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गरिनेछ । कार्यक्रम सम्पन्न भईसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण, माइन्यूट, प्रस्तुतीकरणको विवरण, फोटो, खर्च विलभर्पाइ, कार्यक्रमको सुची तथा गोष्ठीको प्रतिवेदन पेश गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

वन निर्देशनालयका कर्मचारीहरुबाट यो कार्यक्रम सञ्चालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यो गोष्ठी संचालनको लागि बजेट रु. ४,००,०००।- (चार लाख) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

आगामी आ. व. को योजना/कार्यक्रमहरु निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएकोछ ।

## ७३. चौमासिक/त्रैमासिक/ वार्षिक प्रगति समिक्षा गोष्ठी (प्रगति समीक्षा गोष्ठी )

प्रत्येक त्रैमासिक तथा आर्थिक वर्षको समाप्तिसँगै वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय तथा भू-तथाजलाधार व्यवस्थापन कार्यालय, पर्यटन कार्यालयहरुबाट सञ्चालन गरिएका सम्पूर्ण क्रियाकलापहरुको छलफल गराउनु पर्दछ। वन निर्देशनालय अन्तर्गतका कार्यालय, योजना, परियोजनाहरुबाट सञ्चालन भएका कार्यक्रमहरुमा के कस्तो प्रगती भयो? कार्यक्रम कार्यान्वयन गर्दा पाईएका सवल र दुर्वल पक्षहरु के थिए ? कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता समस्या/चुनौतीहरु आए ? तिनको निराकरणका उपायहरु के हुन सक्छन ? सो पहिल्याइ कार्यक्रमलाई सफलता पुर्वक सम्पन्न गर्न सहयोग पुग्ने अभिप्रायले प्रत्येक चौमासिक र वार्षिक रुपमा प्रगती समिक्षा गोष्ठी सञ्चालन गरिने छ। यस त्रैमासिक र वार्षिक प्रगति समिक्षा गोष्ठीहरुमा वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सम्पूर्ण डि. व. का. तथा भू- तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुखहरु, परियोजना प्रमुख एवं प्रतिनिधिहरु, पर्यटन, वन तथा वातावरण मन्त्रालयका महाशाखा प्रमुखहरु एवं अन्य विषयगत मन्त्रालयका प्रतिनिधि, प्रदेश योजना आयोगका सदस्य एवं अन्य विज्ञ तथा सहजकर्ताहरुको सहभागितामा सञ्चालन गरिनेछ। कार्यक्रमको सान्दर्भिकता हेरी प्रदेशस्थित अन्य निकाय र विषयसँग सम्बन्धित प्रतिनिधि वा सरोकारवाला ब्यक्तिहरूको सहभागितामा डि. व. का. , भु तथा जलाधार व्यवस्थापन कार्यालय लगायतलाई समेटी, मन्त्रालयगत समिक्षा तथा अन्तर्क्रिया गोष्ठी सञ्चालन गर्न समेत यस शिर्षकबाट खर्च गर्न सकिनेछ । प्रदेश अन्तर्गतका विभिन्न समिति, संघीय विभाग र मन्त्रालयका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाना, खाजा, हल भाडा, संचार, स्टेशनरी, पानी, प्रतिवेदन लेखन आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भईसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण तथा माइन्यूट, फोटो एवं खर्च विलभर्पाइ सहितको गोष्ठी सञ्चालन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

वन निर्देशनालय, डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालयका कर्मचारीहरुबाट यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

चौमासिक/त्रैमासिक र वार्षिक प्रगति समिक्षा गोष्ठीहरु संचालनको लागि जम्मा बजेट रु. ३२,२०,०००।- (बत्तिस लाख बिस हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस आ. व. मा सञ्चालन भएका कार्यक्रम/ क्रियाकलापहरुको समिक्षा भई भावी कार्यक्रमको कार्यान्वयनमा दिशानिर्देश गर्ने अपेक्षा गरिएकोछ।

## ७४. प्राविधिक सहयोग सेवा (वन प्राविधिक सहायकबाट)

जिल्लामा नयाँ कवुलियती वन समूह गठन, कार्ययोजना र जीविकोपार्जन सुधार योजना तयारी तथा पुराना समूहहरुको कार्ययोजना र जीविकोपार्जन सुधार योजना पुनारावलोकनको साथै स्थापित समूहलाई प्राविधिक सहयोग लगायत डिभिजन वन कार्यालयको कार्यक्रम संचालनमा थप सहयोग पुऱ्याउन वन विज्ञानमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको योग्यता पुगेको प्राविधिकबाट सेवा करारमा लिन यस शिर्षकमा विनियोजित रकम खर्च गरिनेछ। डिभिजनल वन अधिकृत वा तोकेको अधिकृतस्तरको कर्मचारीको अधीनमा रही निजले काम गर्नु पर्नेछ। साथै मासिक प्रगतिको आधारमा मात्र मासिक पारिश्रमिकको निकासा गरिनेछ। कार्य सम्पन्न भएपछि आर्थिक ऐन/नियम बमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ। यो शिर्षकबाट विनियोजित बजेट तलब वापत मात्र खर्च गर्नुपर्नेछ। साथै फिल्डस्तरमा खटिदाँ थप भत्ता, सुविधा कार्यालयको अन्य शिर्षकबाट व्यवस्थापन हुने गरी सेवा सञ्चालन गर्नुपर्नेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयले वन प्राविधिक सहायक (रेञ्जर) सेवा करारमा भर्ना गरी प्राबिधिक सेवा प्रदान गर्नु पर्नेछ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न कुल रकम रु. १९,६६,०००।- (उन्नाईस लाख छैसठ्ठी हजार) विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

४ जना वन प्राबिधिक सहायक (रेञ्जर) सेवा करारमा भर्ना भई कवुलियती वनहरुको व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएकोछ।

## ७५. सहभागितामूलक अतिक्रमण, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रण

जिल्लामा स्थानीय जनता तथा अन्य निकायको सहभागितामा अतिक्रमण, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रण गर्नका लागि अन्तरक्रिया तथा फिल्ड भ्रमणमा यो शिर्षकमा विनियोजित बजेटबाट खर्च गर्न सकिनेछ। यसमा विनियोजित रकम कर्मचारी तथा सुरक्षा निकाय एवं स्थानीय समुदाय परिचालन गर्दा आवश्यक पर्ने दैनिक भ्रमण भत्ता, यातायात, इन्धन, फिल्ड गियर, बिमा, प्राथमिक उपचार आदि कार्यमा समेत खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, वन उपभोक्ता समूह, सुरक्षा निकायका कर्मचारीको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु. ८,५०,०००।- (आठ लाख पचास हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

वन तथा वन्यजन्तुको संरक्षणमा सहयोग पुग्ने अपेक्षा गरिएकोछ।

## ७६. चक्ला /वन व्यवस्थापन कार्ययोजना तयारी/कार्यान्वयन

कोशी प्रदेशको प्रदेश वन ऐन, २०७७ मा उल्लेख भए बमोजिम वन क्षेत्रमा चक्ला वन व्यवस्थापन गर्नको लागि कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। सोही प्रावधान अनुरुप डिभिजन वन कार्यालयहरुले दश वर्षका लागि वन कार्ययोजना तयार गर्नु पर्दछ। चक्ला वन व्यवस्थापन कार्ययोजना स्वीकृत भए पश्चात प्रदेश वातावरण नियमावली, २०७७ मा भएको व्यवस्था बमोजिम स्वीकृत चक्ला वन व्यवस्थापन कार्य योजना कार्यान्वयनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन समेत तयार गरी पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ।

चक्ला वन व्यवस्थापन कार्ययोजना तयारीका लागि व्यवस्था भएको बजेटबाट सूचना प्रकाशन, सरोकारवालासंग छलफल, अन्तरक्रिया, श्रोत सर्वेक्षण, अति आवश्यक फिल्ड सामग्री खरिद, स्टेशनरी, नक्सा फोटो खरिद, टाइपिङ प्रिन्टिङ, मन्त्रालय/निर्देशनालयमा हुने पुनरावलोकन तथा समिक्षा लगायतमा खर्च गर्नु पर्नेछ। यस विनियोजित रकमबाट नै चक्ला वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ। डिभिजन वन कार्यालयबाट तयार भएको चक्ला वन व्यवस्थापन कार्ययोजनाको प्रारम्भिक मस्यौदा वन निर्देशनालयमा पेश गर्नु पर्नेछ। मस्यौदा प्रति अध्ययन गरी थप संशोधन गर्नुपर्ने भएमा विषय समावेश गर्न निर्देशनालयबाट डिभिजन वन कार्यालयमा जानकारी गराइनेछ। दोश्रो मस्यौदामा वन विज्ञ समक्ष डिभिजनल वन अधिकृत स्वयमले वन निर्देशनालयमा प्रस्तुति गर्नुपर्नेछ। प्रस्तुतिका दौरानमा वन विज्ञहरुले उठाउनु भएको विषयवस्तुका आधारमा डिभिजन वन अधिकृतले राय सहितको अन्तिम मस्यौदा पेश भएपछि वन निर्देशनालयले सो कार्ययोजना स्वीकृतिको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालमा पेश

गर्नुपर्नेछ । त्यसै गरी चक्ला वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ तथा प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ (संशोधन सहित) बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, समूहसमिति/स्थानीय तह लगायत अन्य सरोकारवालाहरु सँगको समन्वयमा तथा सेवाप्रदायक बाट समेत यस कार्य सञ्चालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट रु. ३२,००,०००। (बत्तिस लाख) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

२ वटा चक्ला वन व्यवस्थापन कार्ययोजना तयार/ कार्यान्वयन तथा सरकारद्वारा व्यवस्थित वन कार्ययोजना कार्यान्वयनबाट वन क्षेत्रको रुपमा व्यवस्थापन भई काठ दाउराको उत्पादन तथा स्थानीय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने।

**७७. वन सामाजिक परिचालकको पारिश्रमिक**

डिभिजन वन कार्यालयले सव-डिभिजन वन कार्यालयको सिफारिसमा कार्यक्रम लागु भएका प्रत्येक स्थानीय तहमा न्यूनतम १ (एक) जना कार्य गर्ने गरी वन सामाजिक परिचालक छनौट गरिनेछ ।यसै क्षेत्र सम्बन्धी कार्य अनुभव रहेको वन सामाजिक परिचालकलाई छनौटको क्रममा विशेष प्राथमिकता र निरन्तरता दिइनेछ। सम्बन्धित स्थानीय तहको विगतमा वन सामाजिक परिचालक भई कार्य गरेको अनुभवी वन सामाजिक परिचालक नभएमा नजिकको स्थानीय तहबाट पनि छनौट गर्न सकिनेछ। वन सामाजिक परिचालक सकभर विपन्न, दलित, आदिवासी जनजाती, मधेशी तथा महिलालाई प्राथमिकतामा राखी छनौट गरिनेछ । वन सामाजिक परिचालकको शैक्षिक योग्यता समान्य लेखपढ भएको तथा साइकल चलाउन जान्ने हुनु पर्नेछ।वन समाजिक परिचालक छनौट गर्दा आवश्यक्ता अनुसार सम्बन्धीत स्थानीय तहहरुसंग समन्वय र सहकार्य गर्न सक्नेछ। वन सामाजिक परिचालकलाई देहायका कार्यहरुको आधारमा यस शिर्षकका लागि तोकिएको परिमाण र बजेट अनुसार मासिक पारिश्रमिक प्रदान गरिनेछ ।

वन सामाजिक परिचालकको भूमिका निम्नानुसार रहेको छ ।

- डिभिजन वन कार्यालय र स्थानीय तहहरुसँग आवश्यक समन्वय गर्ने,
- वन तथा वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,
- माटो र हावापानी सुहाउदो बिरुवाको माग संकलन गर्ने,

- बिरुवा उत्पादन कार्यको नियमित निरीक्षण गर्ने र सम्झौता अनुसार बिरुवा उत्पादन भएको नभएको जाँचबुझ गरी वन कार्यालयमा प्रतिवेदन (डिजिटल र हार्डकपी) पेश गर्ने,
- बिरुवा वितरणको लगत राख्ने,
- वृक्षारोपण गर्ने स्थल तयार गर्न सिकाउने/लगाउने,
- वितरण गरिएका बिरुवाको सही उपयोग भए नभएको जाँच गर्ने,
- बिरुवा वितरण गर्ने बेलामा नै वृक्षारोपण गर्ने तरीका सिकाउने,
- वृक्षारोपण गर्ने स्थलमा सकभर उपस्थिति भई बिरुवा रोप्ने तरीका सिकाउने,
- वृक्षारोपण स्थलको समय समयमा निरीक्षण गरी मरेका बाँचेका बिरुवाको लगत राख्ने र सो को एक प्रति डिभिजन वन कार्यालयमा पेश गर्ने,
- डिभिजन वन कार्यालयले समय समयमा लाए अह्राए बमोजिमका अन्य कार्य गर्ने।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु. ५९,७६,०००।-(उनन्साठ्ठी लाख छयत्तर हजार) बजेट व्यवस्था गरिएकोछ।

**अपेक्षित उपलब्धि**

योग्य तथा उपयुक्त ३८ जना वन सामाजिक परिचालकाहरुबाट हरियाली प्रवर्द्धनमा सहयोग पुग्ने।

### ७८. सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गोष्ठी/ सव डिभिजन स्तरिय समन्वय बैठक/ सुरक्षा निकायसँग समन्वय बैठक

डिभिजन वन कार्यालयहरुमा कार्यान्वयन हुने कार्यक्रम/योजना र वन क्षेत्रको संरक्षण/व्यवस्थापन सम्बन्धमा सरोकारवाला संघसस्थाहरु, सुरक्षा निकाय, विभिन्न समुह ,संजाल तथा स्थानीय तह, राजनैतिक दल, जनप्रतिनिधिहरु, नागरिक समाज, ईको क्लब तथा अन्य सम्बन्धित संस्थाका प्रतिनिधहरुसँग छलफल र अन्तरक्रिया गर्नुपर्नेछ र सो गर्दा हुने खाना,खाजा, मसलन्द,सेसन फी, वैठक भत्ता तथा भत्ता खर्चमा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन/सव-डिभिजन वन कार्यालयहरु मार्फत कार्यान्वयन गरिने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु. ४०,९०,००० (चालिस लाख नब्बे हजार) बजेट विनियोजन गरिएको छ।

पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

## ७९. मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन

यस कार्यक्रमबाट तराइका जिल्लामा फैलदै गरेको मिचाहा प्रजातीको नियन्त्रण र व्यस्थापन गरिनेछ। यसका लागि मिचाहा प्रजातीका झार फैलिएका राष्ट्रिय वनको क्षेत्र छनौट गरि दैनिक ज्यालादारीमा कामदार लगाई ति मिचाहा प्रजातीका विरुवाहरु बर्षमा २ देखी ३ पटक सम्म उखेलेर नष्ट गरिने र स्थानिय विरुबा समेत रोपण गर्न सकीने छ। विनियोजित वजेटबाट कामदारको ज्याला, औजार खरीद तथा पंजा, गमवुट खरीद वितरण गर्न सकीने छ। उक्त स्थानमा ५ वटा स्थायी प्लटहरु १/२ हेक्टर क्षेत्रफलको निर्माण गरि तथ्याङ्क संकलन गरिनेछ। उक्त तथ्याङको विष्लेषण गरी आगामी वर्ष तुलना गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन/सव-डिभिजन वन कार्यालयहरु मार्फत कार्यान्वयन गरिने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु. ४०,९०,००० (चालिस लाख नब्बे हजार) बजेट विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

डिभिजन वन कार्यालय तथा अन्य सरोकारवाला निकाय बीच (१२४ वटा बैठक/अन्तक्रिया) भई समन्वय एवं सहकार्यमा वृद्धि भई सञ्चालन हुने कार्यक्रमको कार्यान्वयनमा सहयोग पुग्ने।

## ८०. वन, वातावरण तथा भू संरक्षण सम्बन्धि सचेतना अभियान/ सूचना प्रवाह तथा पारदर्शिता सबलीकरण रेडियो एफ. एम. /रेडियो /टि. भी. मार्फत प्रचार प्रसार तथा सामग्री उत्पादन/ प्रकाशन

एफ. एम. रेडियो/टि. भी. मार्फत प्रचार प्रसार तथा सामग्री उत्पादन/प्रकाशन डिभिजन वन कार्यालयहरूले सेवाग्राहीहरूलाई गरको सेवा प्रवाह र पारदर्शिताको सन्दर्भमा एफ. एम. टि. भि., अनलाईन,पत्रपत्रिका / वेभसाईड मार्फत प्रचारप्रसार तथा सो सँग सम्बन्धित सामग्री उत्पादन तथा प्रकाशन गर्नको लागि विनियोजित बजेटको रकम खर्च गर्न सकिनेछ। सुचिकृत एफ. एम. अनलाईन,पत्रपत्रिका टि. भि. संचालकहरू सँग सम्झौता गरेर मात्र डिभिजन वन कार्यालयहरूले कार्यालयको सेवा प्रवाह र पारदर्शिता सम्बन्धमा एफ. एम. टि. भि. अनलाईन,पत्रपत्रिका मा प्रचारप्रसार गर्नु पर्दछ। प्रचारप्रसार सामग्री स्थानीय बोलचालको भाषामा समेत प्रकाशन गर्न सकिने छ। सुचनाको साईज अनुसारको मुल्य जिल्ला स्थित रा.स.स. वा पत्रकार महासंघबाट माग गरी सोलाई आधार मानि तय गर्नु पर्ने छ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप संचालनको लागि जम्मा रु. २०,४८,०००।- (बिस लाख अड्चालिस हजार) बजेट व्यवस्था गरिएको छ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

**अपेक्षित उपलब्धि**

वन क्षेत्रमा सञ्चालन भएका कार्यक्रम तथा कार्यालयको सेवा प्रवाहको वारेमा प्रचार प्रसार हुने अपेक्षा गरिएकोछ।

## ८१. कवुलियती वनमा जग्गा विकास पुर्नताजगी तालिम

यस कार्यक्रमबाट डिभिजन वन कार्यालयमा दर्ता भएका कबुलियति वन समुहका पदाधिकारीहरुलाई जग्गा विकास सम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ । यसका लागि जिल्लाका विभिन्न स्थानबाट कवुलियती वन समुहका पदाधिकारीहरुलाई सहभागी गराई १ दिने तालिम सञ्चालन गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य,
- तालिम सञ्चालन भएको स्थान र मिति देखिने तालिमको व्यानर, सेसन प्लान, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु, समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- कार्यक्रमको भौतिक र आर्थिक प्रगति ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरुले यो तालिम सञ्चालन गर्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २,००,०००।- (दुई लाख) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

कबुलियति वन समुहको पदधिकारीहरुलाई जग्गा विकास सम्बन्धी ज्ञान अभिवृद्दी हुने ।

## ८२. निष्क्रिय तथा पुराना समुह सशक्तिकरण सहयोग

डिभिजन वन कार्यालयमा हस्तान्तरण भएका वन समुहहरू मध्येबाट निष्क्रिय भएका समुह छनौट गरी समुहको सक्रियता बढाउन समुहको नियमित कार्यक्रम संचालन/ वन व्यवस्थापन/ संस्थागत सुदृढिकरण ताथ वन उद्यमशिलता अभिवृद्धि गरी समुहका उपभोक्ताहरूलाई सशक्तिकरणका क्रियाकलापहरू गर्न यस शिर्षकको रकम स्वीकृत जीविकोपार्जन सुधार योजना कार्यान्वयन खर्च गर्न गर्नुपर्नेछ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)
विशाल घिमिरे
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा मातहतका कर्मचारीहरु र कवुलियती वन तर्फको वन प्राविधिक सहायकहरुले जिल्ला सुपरभाईजर तथा समूह सहयोगीको सहयोग लिएर पनि यो कार्यक्रम गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १४,२०,०००।- (चौध लाख बिस हजार) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट ५६ वटा वन समूहको सशक्तिकरण भएको हुनेछ ।

## ८३. जडिबुटी उत्पादक, संकलक तथा व्यापारी बीच अन्तरक्रिया गोष्ठी

जडिबुटीको दिगो व्यवस्थापनमा टेवा पुऱ्याउनका लागि जडिबुटी उत्पादक, संकलक र व्यापारी बीच राम्रो सम्वन्ध, समझदारी विकास गर्न तथा विद्यमान समस्याको समाधान तथा योजना निर्माणका लागि कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नका लागि सयुक्त अन्तरक्रिया गोष्ठी सञ्चालन गर्नु पर्नेछ । यस प्रदेशमा पाइने विभिन्न किसिमका जडिबुटीहरुको प्रजाति, बजारको अवस्था साथै जडिबुटी उत्पादक, संकलक र ब्यापारी बीच समन्वयात्मक भुमिकाको वारेमा समेत यस गोष्ठी जानकारी गराइने छ । यस शीर्षकको बजेट रकम सहभागी भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामाग्री, सेसन फि, खाजा, यातायात खर्च, इन्धन, हलभाडा, संचार, प्रतिवेदन लेखन लगायतमा खर्च गरिनेछ । कार्यक्रम सम्पन्न भएपछि गोष्ठी सञ्चालन मिति स्थान, छलफलका विषय, सहभागीको नामावली भएको निर्णय, उपलब्धि तथा पृष्ठपोषण र भए गरेको खर्च विल भर्पाईहरु समेतको प्रतिवेदन संलग्न गर्नु पर्नेछ । कार्यक्रम संचालनमा डिभिजन/सव-डिभिजन वन कार्यालयका कर्मचारी वा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा बोलाई यस अन्तरक्रिया गोष्ठी सञ्चालन गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन, सव-डिभिजन वन कार्यालयहरुका कर्मचारीहरु र विषयविज्ञहरुबाट यो कार्यक्रम सञ्चालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यस गोष्ठी संचालनको लागि बजेट रु. १,२०,०००।- (एक लाख बिस हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

४ वटा अन्तरक्रिया गोष्ठी सञ्चालन भई जडिबुटी उत्पादक, संकलक र ब्यापारी बीचको समन्वय र सहकार्य मार्फत जडिबुटीको दिगो उत्पादनमा सहयोग पुग्ने ।

## ८४. संघीय वन ऐन, प्रदेश वन ऐन तथा नियमावली र कार्यविधि सम्बन्धी स्थानीय जनप्रतिनिधि तथा सा. व. उपभोक्तालाई तालिम/ वनको नीति नियम सम्बन्धी तालिम (फिल्ड स्तरीय)

स्थानीय तहका कर्मचारी, राजनैतिक दलका प्रतिनिधि, वन उपभोक्ता समूहका सदस्यहरु, वन क्षेत्रमा कार्यरत सरोकारवालाहरु तथा वन पैदावारको व्यावसायमा संलग्न व्यक्तिहरुलाई वन क्षेत्रको नीति, ऐन, नियम, कार्यविधी, मार्गदर्शनहरुको जानकारी गराउनको लागि यस किसिमको तालिम फिल्ड स्तरीमा सञ्चालन गरिने छ। तालिम संचालनका लागि विनियोजित रकम तालिम सामग्री खरिद तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालिम संचालनका लागि शुरुवाती भौतिक सामग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार तालिम विषयसूची बनाई खर्च गर्न सकिनेछ।
कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

- स्वीकृत लागत इष्टिमेट, तालिमको विषयवस्तु, उद्देश्य, औचित्य, स्वीकृत पाठ योजना
- तालिम सञ्चालन भएको स्थान र मिति देखिने तालिमको ब्यानर, सहभागीहरूको फोटो तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धी सहितको तालिमको विस्तृत प्रतिवेदन

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरूले यस प्रकारको तालिमको सञ्चालन गर्ने छन्।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. १६,८०,०००।- (सोह्र लाख असि हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

५६ वटा स्थानमा स्थानीय स्तरका जनमानसमा वन सम्बन्धि नीति, ऐन, नियम, कार्यविधी, मार्गदर्शनहरुको बारेमा जानकारी हुने अपेक्षा गरिएकोछ।

## ८५. वार्षिक प्रगती पुस्तिका प्रकाशन

पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरुले सञ्चालन गरेका विभिन्न स्वीकृत वार्षिक कार्यक्रमहरु र वन सम्बन्धी सम्पादन गरिरहेका कानून कार्यान्वयन तथा नियमनका कार्यहरुलाई अभिलेखीकरण गरी पर्यटन, वन तथा वातावरण मन्त्रालयतथा अन्तर्गतका निकायहरुले कार्यालयको वार्षिक प्रगती पुस्तिका प्रकाशन तथा वितरणको कार्य यस क्रियाकलाप अन्तर्गत सञ्चालन गरिनेछ। तथ्याङ्क संकलन, विश्लेषण, मसलन्द, छलफल, छपाई आदिमा यो रकम खर्च गर्न सकिनेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

- प्रकाशित सामग्रीको संख्या,

- प्रकाशित सामग्री र सोको डिजिटल कपि समेत।

**बजेट व्यवस्थापन**

यो क्रियाकलाप संचालनको लागि बजेट रु. १६,००,०००।- (सोह्र लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा मन्त्रालय अन्तर्गतका निकायहरुको वार्षिक प्रगती पुस्तिका प्रकाशन भएको हुने अपेक्षा गरिएकोछ।

## ८६. सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता, कार्ययोजना तयारी र हस्तान्तरण

संघीय वन ऐन २०७६, कोशी प्रदेश वन ऐन २०७७, सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०८१ तथा वन स्रोत सर्वेक्षण मार्गदर्शन २०६१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पूरा गरेर मात्र यस कार्यक्रम बमोजिमका क्रियाकलापहरु सम्पन्न गर्नुपर्नेछ। सामुदायिक वन उपभोक्ता समूह गठन तथा दर्ता प्रक्रियामा सहजीकरण शिर्षकमा उपलब्ध बजेटबाट टोल समुदाय छलफल, गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, इन्धन, संचार र विधान तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ।

त्यसै गरी कार्ययोजना तयारी कार्यको सहजीकरण तथा सिफारिस गर्ने काम कम्तीमा रेन्जर (सहायकस्तर पाचौं) तहका वन प्राविधिकबाट हुनुपर्नेछ। यसका लागि सामुदायिक वनको अवस्था अनुसार वन स्रोत सर्वेक्षण गर्ने तथा GPS बाट सीमा सर्वेक्षण तथा Permanent sample plot layout गरी सामुदायिक वनको बिस्तृत नक्सा समेत समावेश गर्नुपर्नेछ। कार्ययोजना निर्माणको लागि वन स्रोत सर्वेक्षण, नक्सा तयारी, टोल र समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, इन्धन, संचार र कार्ययोजना तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

- गठित समूहको नाम र ठेगाना,
- सामुदायिक वनबाट लाभान्वित हुने घरधुरी संख्या र जनसंख्या,
- कार्य समितिको स्वरुप (संख्या तथा समावेशी प्रतिनिधित्व),
- बैठकको खाजा खर्च माग गर्दा माईन्युटको छायाँकपि समेत संलग्न गर्नुपर्ने,
- स्वीकृत विधान र कार्ययोजना,
- समूह गठन र कार्ययोजना निर्माण गर्दा खिचिएका फोटो/भिडियोहरू।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरद्वारा यो कार्य गर्नु पर्नेछ। साथै यो कार्यक्रम सामुदायिक वन समूहहरुसँगको समन्वय तथा सहकार्य सञ्चालन गर्नु पर्नेछ। साथै डिभिजन वन कार्यालयका वन प्राविधिकको प्रत्यक्ष निगरानिमा वन क्षेत्रमा काम गर्ने सेवा प्रदायक व्यक्ति वा

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)
विशाल घिमिरे
प्रदेश सचिव

संस्थाबाट समेत गराउन सकिनेछ। यस कार्यको लागि सामुदायिक वन उपभोक्ता महासंघसँग समेत समन्वय गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. २,००,०००।- (दुई लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

४ वटा सामुदायिक वन उपभोक्ता समूहको गठन भई समूह मार्फत राष्ट्रिय वनको संरक्षण तथा व्यवस्थापन हुने अपेक्षा गरिएकोछ।

## ८७. कर्मचारीहरूको लागि फिल्ड गियर सेट खरिद (जुता, टर्च लाईट, रेनकोट, ब्याग, क्याल्कुलेटर आदि)

वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा सहयोग पुर्‍याउनको लागि वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय अन्तर्गतका कर्मरचारीहरुका लागि फिल्ड गियर जस्तै जुत्ता, टर्च लाइट, ज्याकेट, रेनकोट, ट्र्याकसुट, Sleeping Bag ,व्याग सेट तथा वन मापन सम्बन्धि उपकरणहरु खरिद गरी उपलब्ध गराइने छ। फिल्ड गियर खरिद पश्चात नियमानुसार स्टोर दाखिला गरी कर्मचारीहरुलाई उपलब्ध गराउनु पर्नेछ। फिल्ड गियर खरिद गर्दा कम्तिमा एक वटा वन मापन सम्बन्धी उपकरण समेत खरिद गर्नु पर्नेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ९८,६०,०००।- (अन्ठानब्बे लाख साठी हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

वन संरक्षण, व्यवस्थापन तथा कार्यालयको सेवा प्रवाहमा समेत सहयोग पुग्ने।

## ८८. उत्कृष्ट वन समूह पुरस्कार (निजी वन समेत)

यस कार्यक्रम अन्तर्गत ५ किसिमका पुरस्कारहरु तोकिएका छन् (१) उत्कृष्ट सामुदायिक वन पुरस्कार, (२) उत्कृष्ट कबुलियती वन पुरस्कार, (३) उत्कृष्ट साझेदारी वन पुरस्कार, (४) उत्कृष्ट धार्मिक वन पुरस्कार र (५) उत्कृष्ट निजी वन पुरस्कार। यस कार्विधिको अनुसूची १ देखि अनुसूची ५ सम्म उल्लेखित वन अनुगमनका मूल्याङ्कन र सूचकहरुलाई आधार मानी १४ वटा जिल्ला स्थित सामुदायिक वन उपभोक्ता समूह, कवुलियती वन समूह, साझेदारी वन समूह, धार्मिक वन समूह तथा निजी वनको मूल्याङ्कन गरी डिभिजन वन कार्यालयहरुले छनौट गरी प्रथम हुने सामुदायिक वन उपभोक्ता समुह, कवुलियती वन समूह, साझेदारी वन समूह, धार्मिक वन समूह तथा निजी वनहरु मध्येबाट उत्कृष्ट अंक प्राप्त गर्ने वन समुहहरु तथा निजी वनलाई यो पुरस्कार प्रदान गरिने छ।

माथि उल्लेखित पुरस्कारहरु प्रदान गर्न तथा निजी वन छनौट गर्नका लागि लाग्ने खर्च (सूचना सम्प्रेषण, विज्ञापन, स्थलगत भ्रमण, बैठक खर्च आदि), पुरस्कृत व्यक्ति, संस्थाको यातायात खर्च,

पुरस्कार वितरण समारोह खर्च, प्रमाणपत्र तयारी र पुरस्कार राशी आदिमा खर्च गर्न सकिनेछ। साथै यस कार्यक्रम सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९, स्वीकृत नर्म्स/स्वीकृत दररेट तथा प्रचलित ऐन नियमको पालना गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरूबाट यो कार्यक्रम सञ्चालन गरिने छ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि जम्मा रकम रु. १,००,०००।- (एक लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

वन संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याउने विभिन्न समुदायमा आधारित वन समूहहरु तथा निजी वन धनीहरू पुरस्कृत भई हौसला बृद्धि हुनुका साथै अन्य समूहहरु तथा निजी वन धनीहरुलाई समेत कार्य गर्न अभिप्रेरित भएको हुनेछ।

## ८९. जीविकोपार्जन सुधार योजना कार्यान्वयन

कवुलियती वन समूह (क. व. स.) ले यस शिर्षकको रकम स्वीकृत जीविकोपार्जन सुधार योजना कार्यान्वयन खर्च गर्न गर्नुपर्नेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा मातहतका कर्मचारीहरु र कवुलियती वन तर्फको वन प्राविधिक सहायकहरुले जिल्ला सुपरभाईजर तथा समूह सहयोगीको सहयोग लिएर यो कार्य गर्नु पर्नेछ। साथै डिभिजन वन कार्यालयका वन प्राविधिकको प्रत्यक्ष निगरानिमा वन क्षेत्रमा काम गर्ने सेवा प्रदायक व्यक्ति वा संस्थाबाट समेत गराउन सकिनेछ। कार्ययोजना नबिकरण गर्दा कवुलियती वन समूहहरुसँगको समन्वय तथा सहकार्यबाट गर्नु पर्नेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १४,००,०००।- (चौध लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट २२ वटा कवुलियती वन समूहको जीविकोपार्जन सुधार योजना कार्यान्वयन भएको हुनेछ।

## ९०. कबुलियती वन समुहमा बचत व्यवस्थापन (ग्रामीण वित्त सहायकबाट)

कवुलियती वन समूहलाई ग्रामीण वित्त सेवा मार्फत थप सहयोग पुर्‍याउन सहकारी डिभिजन कार्यालयसँग समन्वय गरी लघु वित्त सहायकको व्यवस्था नियमानुसार गर्नुपर्नेछ। पारिश्रमिक भुक्तानी गर्न आर्थिक ऐन/नियम बमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, डोर हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ। ग्रामीण वित्त सहायकको योग्यता कम्तीमा वाणिज्य विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको भई कार्य विवरण देहायका बमोजिम हुनेछ।

- कवुलियती वन समूहलाई ग्रामीण वित्त कार्यक्रममा सहयोग तथा सहजीकरण गर्नुपर्नेछ,
- समूहबाट सञ्चालन भैरहेका आर्थिक क्रियाकलापको अनुगमन तथा निरीक्षण गर्नुका र साथै आवश्यक सहयोग गर्ने,
- स्थानीय कृषि सहकारी संस्थालाई सुदृढ गराई उक्त संस्थामा कवुलियती वन समूहको पहुँच पुर्‍याउन सहयोग गर्ने,
- सहकारी नभएको क्लष्टरमा सामुदायिक वन उपभोक्ता समूहसँग समेत सहकार्य गरी नयाँ सहकारी गठन गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने,
- डिभिजन वन कार्यालयको नियमित मासिक बैठकमा अनिवार्य सहभागी हुने,
- विद्यमान वचत तथा ऋण पद्धतिको अनुगमन गरी स्थानीय सहकारीसँग आवद्ध गराउने,
- कवुलियती वन समूह, सामुदायिक वन समूह र संलग्न सहकारीलाई कोचिंग तथा समयानुकूल संस्थागत सहयोग गर्ने।

**जनशक्ति व्यवस्थापन**

प्रदेशस्तरका डिभिजन कार्यालयहरुले समूहको वचत व्यवस्थापन तथा परिचालन सेवा प्रदान गर्न ग्रामीण वित्त सहायक करारमा भर्ना गरी प्राबिधिक सेवा प्रदान गर्नु पर्नेछ।

**वजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. ३,००,००० (तीन लाख) विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

या कार्यक्रम अन्तर्गत १ जना ग्रामीण वित्त सहायक करारमा भर्ना भई वन समूहहरुको बचत व्यवस्थापनमा सहयोग पुग्ने।

## ९१. पकेट क्षेत्रमा जडीबुटी उत्पादन, खेती विस्तार र भण्डारण

कोशी प्रदेशको फैलावट समथर तराई देखि चुरे, पहाड हुदै हिमालसम्म रहेको छ। सानो भौगोलिक क्षेत्रमा रहेको फराकिलो उचाइको विविधताले गर्दा पाइने विभिन्न हावापानीमा ९०० भन्दा बढी प्रकारका जडीबुटीहरु पाइन्छन्। डिभिजन वन कार्यालयहरुले सामुदायिक वन, कवुलियती वन,

साझेदारी वन, धार्मिक वन क्षेत्रमा जडीबुटीको उपलब्धता अनुसार तोकिएको वा तोकिने जडीबुटी पकेट क्षेत्रमा यस कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। जडीबुटी खेती विकासका लागि जडीबुटी बिरुवा उत्पादन, वितरण, खेती प्रविधि हस्तान्तरण तथा खेती अनुदान प्रदान गरी सार्वजानिक तथा निजी जगगामा जडीबुटी खेती प्रवर्द्धन गरी आयआर्जन बढाउन यो कार्यक्रम सञ्चालन हुनेछ ।यस कार्यक्रमबाट जडीबुटी पकेट क्षेत्र छनौट सम्बन्धी बैठक, फिल्ड भ्रमण, बिरुवा उत्पादन, जग्गा तयारी, मलखाद खरिद, बिरुवा ढुवानी तथा रोपण गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयबाट यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.४,४७,०००।- (चार लाख सड्चालिस हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट १ स्थानमा जडीबुटी खेती विस्तार भएको हुनेछ।

## ९२. फोकल टिमको बैठक

संघीय वन तथा वातावरण मन्त्रालय (साविकको वन तथा भू-संरक्षण मन्त्रालय) बाट २०६९ सालमा तयार भएको कार्यबिधि अनुसार डिभिजन तथा फिल्डस्तरमा गठन भएको वा गरिने फोकल टिमको बैठक आवश्यकता अनुसार बस्नु पर्नेछ र सो बैठक सञ्चालन तथा व्यवस्थापनमा यो शिर्षकको रकम खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रमका लागि प्रदेश भरका डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरु परिचालित हुनेछन् । पर्यटन, वन तथा वातावरण मन्त्रालयतथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि बजेट रु. ६,४०,०००।- (छ लाख चालिस हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

२१ वटा फोकल टिम बैठकको माध्यमबाट पकेट क्षेत्रमा उपयुक्त जडिबुटी खेतीको विस्तार तथा प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएकोछ।

## ९३. कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन (जीविकोपार्जन सुधार योजनासमेत)

कार्ययोजनाको म्याद समाप्त भएका कवुलियती वन समूह (क. व. स. ) ले पुनरावलोकनको लागि माग गरेका विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना पुनरावलोकन गर्न यस शिर्षकको

रकम खर्च गर्न सकिनेछ। कार्ययोजना नवीकरण प्रक्रिया तालिमको अभ्यासकै रुपमा गरिनेछ। एकदिने स्थलगत रुपमा हुने यस अभ्यासमा छनौट भएका घरधुरीका महिला पुरुष दुई जनाका दरले समावेश गराउनु पर्दछ। अन्य प्रक्रिया नयाँ कार्ययोजना तयार गर्दा अपनाईने कार्यविधि अनुसार नै गर्नुपर्नेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा मातहतका कर्मचारीहरु र कवुलियती वन तर्फको वन प्राबिधिक सहायकहरुले जिल्ला सुपरभाईजर तथा समूह सहयोगीको सहयोग लिएर यो कार्य गर्नु पर्नेछ। साथै डिभिजन वन कार्यालयका वन प्राविधिकको प्रत्यक्ष निगरानिमावन क्षेत्रमा काम गर्ने सेवा प्रदायक व्यक्ति वा संस्थाबाट समेत गराउन सकिनेछ। कार्ययोजना नविकरण गर्दा कवुलियती वन समूहहरुसँगको समन्वय तथा सहकार्यबाट गर्नु पर्नेछ।

**वजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. १५,००,००० (पन्ध्र लाख) विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट १०० वटा कवुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन भएको हुनेछ।

## ९४. सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास

सामुदायिक वनको अवस्थाको आधारमा स्वीकृत वन कार्ययोजनामा सिफारिस गरिएको वन सम्वर्द्धन र व्यवस्थापनको क्रियाकलापहरु (थिनिङ, प्रुनिङ, झाडी सफाई, लहरा कटिङ्ग, फायर लाईन सरसफाई सञ्चालन आदी) गर्नको लागि स्थानीय उपभोक्ता समूहहरुलाई अभिप्रेरित गर्ने उद्देश्यले वन व्यवस्थापन स्थलगत अभ्यास सोहि सामुदायिक वन क्षेत्रमा सञ्चालन गरिने छ। साथै समूहको लगानी साझेदारीमा समेत कार्यक्रम सञ्चालन गर्न सकिने छ। यो कार्यक्रम सम्पन्न गर्न सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, तथा स्वीकृत नर्म्सको पालना गर्नुपर्नेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

- अभ्यास सञ्चालन गरिएको समूहको नाम, ठेगाना,
- अभ्यासका गतिविधि देखिने फोटो,
- अभ्यास सञ्चालन भएको स्थान र मिति देखिने अभ्यासको व्यानर, सहभागीहरूको उपस्थिति, फोटो दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धि सहितको प्रतिवेदन,
- वन व्यवस्थापनका मुख्य क्रियाकलापहरु तथा होडिङ्ग बोर्ड।

**जनशक्ति व्यवस्थापन**

फिल्ड स्तरमा डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुबाट सम्बन्धित तालिम सञ्चालन हुने सामुदायिक वनमा सञ्चालन गरिनेछ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. २३,५०,०००।- (तेईस लाख पचास हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

सामुदायिक वनहरुमा जम्मा ७८ वटा वन व्यवस्थापन स्थलगत अभ्यास तालिम सञ्चालन भई सामुदायिक वनको दिगो व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएकोछ।

## ९५. निजी वन सम्बन्धी प्रचारप्रसार कार्यक्रम

निजी वन विकासलाई प्रदेश सरकारले प्राथमिकतामा राख्नुको साथै केही वर्ष यता कृषकहरु वन बालीमा आकर्षित हुदै गएको पाईन्छ। निजी वनप्रति आकर्षित गर्न किसानहरुलाई प्रोत्साहित गर्नु आवश्यक छ। त्यसैले यस कार्यक्रम अन्तर्गत निजी क्षेत्रमा वन विकास गर्न विभिन्न क्रियाकलापमा सहुलियत दिईएको छ। त्यसैले यस कार्यक्रम अन्तर्गत यस्ता वनहरुको दर्ता गर्ने विशेष कार्यक्रम रहेको छ। अतः निजी वन सम्बन्धी विभिन्न कार्यक्रमको सफलतापूर्वक कार्यान्वयन एवं जिल्लामा जानकारी दिन तथा चेतना अभिवृद्धि गर्नको लागि स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधार लिई लागत इस्टिमेट स्वीकृत गरी सोहि बमोजिम यस शिर्षकमा विनियोजित रकम खर्च गरिनेछ। साथै यस कार्यक्रम अन्तर्गत जिल्लामा स्थानीय मानिसहरुले बुझ्ने भाषामा पोष्टर, पर्चा, ब्रोसर आदि तयार गरी वितरण/प्रदर्शन गर्न सकिनेछ। यसमा उपयुक्त चेतनामूलक र जानकारीमूलक सामग्री तयार गरी स्थानीय एफ. एम.बाट समेत प्रचारप्रसार गर्न सकिनेछ। साथै यस क्रियाकलाप अन्तर्गत सेवा खरिद गरी निजी वन सम्बन्धी वृतचित्र समेत निर्माण गर्न सकिनेछ। आवश्यकता अनुसार स्थानीय हाट बजारमा माइकिङ्ग तथा प्रवचन आदि समेतमा खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय तथा मन्त्रालय अन्तर्गतका निकायहरुबाट यो कार्यक्रम सञ्चालन गरिने छ।

**बजेट व्यवस्थापन**

कार्यक्रम संचालनको लागि बजेट रु. १२,५०,०००।- (बाह्र लाख पचास हजार) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

निजी वनको प्रचार प्रसार भई निजी वनको विकास र प्रवर्द्धनमा सहयोग पुग्ने।

## ९६. वनजन्य उद्यम विकास कार्यक्रम सहयोग

युवा लक्षित वन तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम विकासका कार्यक्रमहरु सञ्चालन गरी युवाहरुलाई आत्मनिर्भर बनाउनुको साथै उद्यमी बनाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। विदेशबाट फर्किएका र स्वदेश मै केही व्यवसाय गर्ने मनसाय बोकेकायुवाहरुलाई प्राथमिकतामा राखि अन्य युवाहरुलाई समेत लक्षित गरिनेछ। यस कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालयहरुलेनिजी

सरकारी साझेदारीको अवधारणा अनुसार प्रस्तावको सूचना प्रकाशन गरी अनुसार उपयुक्त प्रस्ताव स्वीकृत गरी युवाहरु मार्फत उद्यम विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयका कर्मचारीहरुले घरेलु तथा साना उद्योग कार्यालय तथा आवश्यकता अनुसार स्थानीय तहका उद्योग व्यवसायी संघ संस्था जस्ता निजि क्षेत्रसँग समन्वय गर्न सकिने छ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. ५,००,०००।- (पाँच लाख) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन उद्यम विकासका कार्यक्रमहरु सञ्चालन भएका हुनेछन् ।

## ९७. वन अनुसन्धान तथा अनुसन्धान केन्द्रबाट सञ्चालन हुने तालिम/गोष्ठी/अनुसन्धान कार्यक्रम

यस शिर्षकमा विनियोजित रकम दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, पाठ्यक्रम/तालिम म्यानुअल डिजाइनका लागि परामर्श सेवा खर्च, स्टेशनरी, तालिम सामग्री, सेसन डिजाइनका लागि सम्बन्धित विषयविज्ञ समेतको समितिको बैठक भत्ता वा पारिश्रमिक, सेसन फि, हेण्ड्सआउट, खाजा, यातायात खर्च, इन्धन, हलभाडा, गाडीभाडा, सञ्चार, प्रतिवेदन लेखन लगायतमा प्रचलित ऐन, नियम, नम्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ। वनरक्षकहरुको सेवा प्रवेश तालिमको हकमा पिटी परेड सहितको शारिरीक व्यायाम समेत गराउनुपर्ने हुनाले शारिरीक व्यायाम ड्रेसका साथै फिल्ड अभ्यासका लागि वन मापन सम्बन्धी उपकरण समेत खरिद गर्न सकिनेछ।

स्वीकृत तालिम तथा अनुसन्धान कार्यक्रम सफलतापूर्वक सम्पादनका लागि देहायका बमोजिमको निर्देशन समिति रहने छः

क) प्रदेश सचिव, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा निजले तोकेको प्रदेश वन निर्देशक वा मन्त्रालयको महाशाखा प्रमुख -संयोजक

ख) निर्देशक, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र -सह-संयोजक

ग) प्रतिनिधि, अधिकृतस्तर पर्यटन, वन तथा वातावरण मन्त्रालय - सदस्य

घ) प्रतिनिधि, अधिकृतस्तर जना प्रदेश वन निर्देशनालय - सदस्य

ङ) प्रतिनिधि, प्राकृतिक श्रोत अध्ययन/अध्यापन गराउने विश्वविद्यालय - सदस्य

च) वन अनुसन्धान तथा सर्वेक्षण शाखा प्रमुख, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र - सदस्य

छ) योजना तथा तालिम शाखा प्रमुख, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र - सदस्य-सचिव

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
(नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

कार्यक्रम सम्पन्न पश्चात् तालिम सञ्चालन मिति, स्थान, पाठ्यक्रम तथा छलफलका विषयहरु, सहभागीको नामावली, उपलब्धी, पृष्ठपोषण र भए गरेको खर्चको विवरण सहितको प्रतिवेदनमा पेश गर्नु पर्नेछ ।

कार्यक्रम सञ्चालनमा प्रशिक्षण केन्द्रका प्रशिक्षक एवम् आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा वोलाई सार्वजनिक खरिद ऐन, नियामावली बमोजिम सेवा प्रदायक समेतबाट सञ्चालन गर्न सकिने छ ।

**यस अन्तर्गत देहायका तालिम/गोष्ठीहरु रहेका छनः**

१. वन तथा वन्यजन्तु सम्बन्धी कार्यविधि तालिम (७ दिन) अधिकृत र रेन्जर स्तरीय (बजेट रू. ६,५०,०००।- १ पटक)
२. वातावरणीय परीक्षण सम्बन्धी तालिम (७ दिन) अधिकृत (छैठौ, सातौ, आठौं) र रेन्जर स्तरीय (बजेट रू. ५,५०, ०००।- १ पटक)
३. तथ्याङ्क विश्लेषणको लागि R Software सम्बन्धि तालिम (७) दिन २० जना (बजेट रू. ६, ५०,०००।- १ पटक)
४. कर्मचारीहरुलाई सकारात्मक सोच र नेतृत्व विकास सम्बन्धी तालिम (बजेट रू. १३,००, ०००।- २ पटक)
५. वन्यजन्तु Handling (सर्प तथा अन्य समस्याग्रस्त वन्यजन्तु) सम्बन्धी तालिम (बजेट रू. ३,००, ०००।- १ पटक)
६. दिगो वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन सम्बन्धि तालिम (बजेट रू. ४,००, ०००।- १ पटक)
७. वन रक्षकहरुको सेवा प्रवेश तालिम (बजेट रू. ६, ५०, ०००।- १ पटक)
८. नर्सरी निर्माण तथा विरूवा उत्पादन सम्बन्धि एक हप्ते तालिम (बजेट रू. ५,००,०००।- १ पटक)
९. कर्मचारी दक्षता वृद्धि तालिम (नर्सरी नाईके र सामाजिक परिचालक समेत समेट्ने गरी) (बजेट रू. १२,००,०००।- २ पटक)

## ९८. टिम बिल्डिङ्ग तालिम

कर्मचारीहरुका लागि दक्षता अभिवृद्धि गर्न साथै तालिम सञ्चालन गर्नका लागि विनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालिम संचालनका लागि शुरुवाती भौतिक सामग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गरिनेछ। सम्भव भएसम्म आफ्नै कार्यालयको हलमा तालिम सञ्चालन गर्नु पर्नेछ। डिभिजन वन कार्यालयबाट

सञ्चालन हुने यस तालिममा स. व. अ., अधिकृतस्तर छैठौ (प्रा.), रेञ्जर, फरेष्टर तथा वन रक्षकहरु लगायतका कर्मचारीहरुको सहभागिता रहनेछ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सञ्चालन हुने यस प्रकारको तालिममा मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय तथा भू-तथाजलाधार व्यवस्थापन कार्यालयहरुका व. अ./भू.सं.अ./सहायक वन अधिकृत/रेञ्जर/भू-संरक्षण सहायक तथा अन्य विभिन्न तहका कर्मचारीहरुको सहभागिता रहनेछ साथै आवश्यकता अनुसार निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्रका वन प्राविधिक कर्मचारीहरुलाई समेत सहभागी गराउन सकिने छ। मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरुले विगतमा सम्बद्ध विषयमा तालिम नलिएका कर्मचारीहरुलाई प्रमुख सहभागीको रुपमा छनौट गरी पठाउनु पर्नेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य,
- तालिम सञ्चालन भएको स्थान र मिति देखिने तालिमको व्यानर, सेसन प्लान, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु, समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- कार्यक्रमको भौतिक र आर्थिक प्रगति।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरुले विषय-विज्ञ तथा सेवाप्रदायकबाट समेत यो तालिम सञ्चालन गर्न सक्नेछ भने वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले पर्यटन, वन तथा वातावरण मन्त्रालय/वन निर्देशनालयसँगको समन्वयमा सेवाप्रदायक तथा विषय विज्ञबाट समेत यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ३,००,०००।- (तिन लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

कर्मचारीको क्षमता अभिवृद्धि हुनको साथै वन क्षेत्रको तथ्याङ्कहरुको भण्डारण, व्यवस्थापन, विश्लेषण गर्नमा सहयोग तथा वनको व्यवस्थापन तथा संरक्षणमा टेवा पुग्ने।

## ९९. वन सामाजिक परिचालकहरुलाई फिल्ड गियर

वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा सहयोग पुऱ्याउनको लागि डिभिजन वन कार्यालय अन्तर्गतका फिल्डस्तरमा कार्यरत वन सामाजिक परिचालकको लागि फिल्ड गियर जस्तै साईकल, ड्रेस

आदिखरिद गरी फिर्ता गर्न नपर्ने गरी उपलब्ध गराइने छ। यस कार्यक्रम सञ्चालन गरी फिल्ड गियर सेट खरीद गर्नको लागि प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगरको योजना तथा कार्यक्रम सञ्चालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रक्रिया अवलम्वन गरी खरिद गरिनेछ। फिल्ड गियर खरिद पश्चात नियमानुसार स्टोर दाखिला गरी फिल्डस्तरमा कार्यरत वन सामाजिक परिचालकहरुलाई उपलब्ध गराउनु पर्नेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १,४५,०००।- (एक लाख पैतालिस हजार मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

वन संरक्षण, व्यवस्थापन तथा कार्य सम्पादनमा समेत सहयोग पुग्ने।

## १००. अर्गेली खेती विस्तार

जापानी नोट (येन) को छपाइमा प्रयोग हुँदै आएको अर्गेलीको अन्तर्राष्ट्रिय माग उच्च भएसँगै यसको व्यावसायिक खेतीतर्फ कृषकको आकर्षण भैरहेको अवस्थामा उच्चस्तरको प्रशोधित अर्गेली उत्पादन गर्न नितान्त आवश्यक रहेको छ। उच्च गुणस्तरको अर्गेलीको बोक्रा बिक्री गरेर बाँकी रहेको कच्चा पदार्थले स्थानीयस्तरका नेपाली हाते कागज उद्योग सञ्चालन गर्न सकिने देखिएकोले अर्गेली खेती विस्तार कार्यक्रम अन्तर्गत स्थानीय सामुदायद्धारा व्यवस्थित वनमा आधारित व्यक्ति तथा घरधुरीको हैसियत सुधार गर्न र आय स्रोत बढाउन तथा समूहमा रहेका सदस्यहरुको गरिवी कम गर्न योगदान पुग्ने अभिप्रायले समूहको निर्णय बमोजिम सम्बन्धित समूहले प्रस्ताव सहितको निवेदन डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ। तत् पश्चात डिभिजन वन कार्यालयले प्रस्ताव मुल्याङकनको आधारमा उपयुक्त समूह छनौट गरी यो क्रियाकलाप सञ्चालन गरिने छ। कार्यक्रम सम्पन्न पछि प्रगतिमा देहायका बुँदाहरु समावेश गर्नु पर्नेछ।

- क्रियाकलाप सञ्चालन भएको समूहद्वारा व्यवस्थित वनको नाम, ठेगाना, संलग्न घरधुरीको नामावली, खेती विस्तारको योजना,
- कार्यक्रम सञ्चालन भएको स्थान साथै अर्गेली खेती विस्तार सम्बन्धी फोटो (संचालन अघि समेतको फोटो), लागत तथा खर्चको विवरण, बैंक भौचर भर्पाई आदि तथा लाभान्वित घरधुरी तथा समुदायको विवरण।

**बजेट व्यवस्थापन**

- यो शिर्षकका लागि रू. ६,००,०००। ( छ लाख) बजेट विनियोजन भएको छ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

**अपेक्षित उपलब्धि:**

यस कार्यक्रमबाट ४ स्थानमा अर्गेली खेतीको विस्तार भई स्थानीयवासीको आय वृद्धिमा थप टेवा पुग्ने साथै रोजगारी समेतको सिर्जना भएको हुनेछ।

**१०१. वन व्यवस्थापन स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्नसिप कार्यक्रम**

वन व्यवस्थापन विषयमा मन्त्रालय र मातहतका कार्यालयहरुमा on the job training को रुपमा स्नातक तहमा वन व्यवस्थापन विषयमा संचालित प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कटारी उदयपुर र पूर्वाञ्चल विश्वविद्यालय कलेज अफ इन्भारोमेन्ट एण्ड फरेष्ट्री PUCEF गोठगाउँ लगायत अन्य प्रदेशका कलेजहरुमा स्नातक चौथो वर्षमा अध्ययनरत विद्यार्थीरुलाई यस कार्यक्रममा सहभागी गराइनेछ।

**कार्यविधी**

- वन विज्ञान अध्ययन संस्थान हेटौंडा र पोखरा क्याम्पस तथा यस प्रदेशमा वन विज्ञानको अध्ययन अध्यापन हुने क्याम्पसहरु प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कटारी उदयपुर, पूर्वाञ्चल विश्वविद्यालय कलेज अफ इन्भारोमेन्ट एण्ड फरेष्ट्री PUCEF गोठ गाउँ तथा संग समन्वय गर्ने।
- प्रत्येक क्याम्पसबाट के कति संख्यामा विद्यार्थीहरु इन्टर्नसीपका लागि माग गर्ने भन्ने विषयमा मन्त्रालयले कोटा निर्धारण गर्नुपर्नेछ।
- सम्बन्धित क्याम्पसले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले स्वीकृत गरेको **विद्यार्थी छनौट सम्बन्धी मापदण्ड** अनुसार विद्यार्थी छनौट गरी सिफारिससाथ पठाउनुपर्नेछ।
- वन विज्ञान क्याम्पसहरुले छनौटभएका विद्यार्थीहरुलाई सिफारिस सहित वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा पठाउनु पर्नेछ।
- सिफारिस भई आएका विद्यार्थीहरुलाई वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले गोलाप्रथाद्वारा इन्टर्नसिपका लागि खटिनुपर्ने कार्यालय छनौट गराइ सम्झौता गरी इन्टर्नसिपका लागि पठाइनेछ।
- इन्टर्नसिपमा रहदा खटिएको कार्यालयको प्रमुखको सामान्य निर्देशन र सुपरिवेक्षणमा रही अध्ययन कार्य गर्नु इन्टर्न विद्यार्थीहरुको दायित्व हुनेछ।
- इन्टर्नलाई विदा सम्बन्धी व्यवस्था प्रचलित निजामती सेवा ऐन, नियमानुसार हुनेछ।
- इन्टर्नहरुले महिना भुक्तान भएपछि सो महिनाको प्रमाणित हाजिरी र प्रतिवेदन उपलब्ध गराए पश्चात मात्र तोकिएको मासिक पारिश्रमिक भुक्तानी हुनेछ।
- इन्टर्नसिपमा छनौट भएका विद्यार्थीहरुलाई फिल्ड भ्रमण खर्च, आतेजाते यातायात खर्च, खाना तथा खाजा खर्चप्रतिवेदन तयारी तथा छपाई खर्च प्रदान गर्न सकिनेछ।
- विद्यार्थीले शोधपत्र अध्ययन प्रतिवेदनको हार्ड बाइन्डिङ १ प्रति वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा बुझाउनुपर्नेछ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश (नेपाल)
विशाल घिमिरे
प्रदेश सचिव

- यसका अतिरिक्त वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्वीकृत इन्टर्नशीप कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि बमोजिम हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले यो कार्यक्रम सञ्चालन गर्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ११,००,०००।- (एघार लाख) विनियोजन गरीएको छ ।

**अपेक्षित उपलब्धि**

यस प्रदेशमा संचालित वन व्यवस्थापन विषयमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरु इन्टर्नसिप कार्यक्रममा सहभागी भएको हुनेछन् ।

### १०२. वन सम्बन्धी स्वीकृत IEE प्रतिवेदन कार्यान्वयन सम्बन्धी अनुगमन र प्रतिवेदन तयारी

वन सम्बन्धी स्वीकृत IEE प्रतिवेदनमा उल्लेखित वातावरणीय न्यूनीकरणका उपायहरुको साथ साथै वाताव‍ण व्यवस्थापन योजना (Environmental Management Plan) मा उल्लेखित क्रियाकलापहरु IEE प्रस्तावकले कार्यान्वयन गरेको छ कि छैन सोको अनुगमन गर्न नितान्त आवश्यक रहेको छ । तसर्थ स्वीकृत IEE प्रतिवेदनको आधारमा यस प्रदेशमा वन सम्बन्धी तथा वन क्षेत्रको भोगाधिकार लिई विभिन्न आयोजना र क्रियाकलाप सञ्चालन गरिरहेका प्रस्तावकहरुको विभिन्न आयोजना र क्रियाकलापहरुको अनुगमन गरिनेछ । यसमा शिर्षकमा विनियोजित बजेट इन्धन, यातायात, दैनिक भ्रमण भता, अन्तरक्रियामा खाजा खर्च, विषयगत विज्ञ आदिमा समेत खर्च गर्न सकिने छ। साथै अनुगमन पश्चात प्रतिवेदन तयार गरी सो प्रतिवेदन पर्यटन, वन तथा वातावरण मन्त्रालयमा पठाउनु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

वन निर्देशनालयका कर्मचारीहरुबाट यो कार्यक्रम सञ्चालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यो क्रियाकलाप संचालनको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन सम्बन्धी स्वीकृत IEE प्रतिवेदनको कार्यान्वयनको अवस्थाको बारेमा जानकारी प्राप्त भई प्रदेशको वातावरण सम्बन्धी नीति, ऐन, नियम, कार्यविधि बनाउन आवश्यक सहयोग पुग्ने ।

विशाल घिमिरे
प्रदेश सचिव

## १०३. वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा दिएको सम्बन्धी अनुगमन र प्रतिवेदन तयारी

सक्षम तथा प्रभावकारी अनुगमन तथा मुल्यांकन सफल कार्यक्रम कार्यान्वयन तथा अपेक्षित प्रतिफल, असर, प्रभाव प्राप्त गर्ने भरपर्दो औजार हो। वन क्षेत्र अन्य प्रयोजनमा दिईएका आयोजना तथा विभिन्न निकायहरूले वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा लिएका र भोगाधिकार पाए पश्चात अपनाउनुपर्ने वातावरणीय प्रभाव मूल्याङ्कनमा उल्लेख भएका EMP कार्यान्वयनको अवस्था लगायतको तथ्यांक संकलन, विश्लेषण तथा अनुगमन, मुल्यांकन, निरिक्षण तथा समन्वय आवश्यक हुन्छ। वन तथा भू संरक्षण विभाग, केन्द्रीय वन तथा वातावरण मन्त्रालयमा तथ्यांक संकलन, फिल्ड अनुगमन, भ्रमण खर्च, लगायतका लागि एवं कार्यक्रम संचालनका लागि आवश्यक पर्ने सामग्री, मसलन्द, स्टेशनरी, इन्धन, संचार लगायतमा यस शिर्षक अन्तर्गतको रकम खर्च गर्न सकिने छ।

**जनशक्ति व्यवस्थापन**

पर्यटन, वन तथा वातावरण मन्त्रालय/वन निर्देशनालय/ डि.व.का.हरूबाट यो कार्यक्रम सञ्चालन हुनेछ।

**अपेक्षित उपलब्धि**

वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा दिएको सम्बन्धी अनुगमन र प्रतिवेदन तयारी तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुको सम्झौता सहितको अभिलेख तयारी हुने।

## १०४. वन अपराध अनुसन्धान तथा मुद्दा दायरी तालिम

वन अपराधीहरुलाई न्यायको दायरा भित्र ल्याउन वन अपराध एवं मुद्दा अनुसन्धानको कार्य अपरिहार्य रहदै आएको छ। तसर्थ डिभिजन र सव-डिभिजन वन कार्यालयका फरेस्टर, रेञ्जर, अधिकृतस्तर छैठौं (प्रा.) तथा सहायक वन अधिकृतहरुलाई वन अपराध मुद्दा अनुसन्धानको प्रक्रिया बारे जानकारी गराउन तथा नियमानुसार वन अपराध अनुसन्धान गरी मुद्दा दायर गर्नको लागि ५ दिने वन अपराध अनुसन्धान तथा मुद्दा दायरी तालिम सञ्चालन गरिनेछ। आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ तथा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ को अधीनमा रही स्वीकृत लागत इष्टिमेट अनुसार सेसन प्लान बनाई यो तालिम सञ्चालन गर्नु पर्नेछ। तालिम संचालनका लागि विनियोजित रकम तालिम सामाग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालिम संचालनका लागि शुरुवाती भौतिक सामग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ। सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा तालिम सञ्चालन गर्नु पर्नेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य,

- तालिम सञ्चालन भएको स्थान र मिति देखिने तालिमको व्यानर, सेसन प्लान, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- सहभागी संख्या र तालिम अवधि ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरूले यस प्रकारको तालिमको सञ्चालन गर्ने छन् । डिभिजन वन कार्यालयहरूले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहरासँगको समन्वयमा यो तालिम सञ्चालन गर्ने सक्नेछन् ।

**बजेट व्यवस्थापन**

यो तालिम संचालनको लागि बजेट रु. १,००,०००।- (एक लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन प्राविधिकहरुको क्षमतामा अभिवृद्धि भई वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात गर्न सहज हुने।

## १०५. नदी उकास जग्गामा वृक्षारोपण/वन पुनर्स्थापना कार्यक्रम

नदी उकास जग्गामा हरियाली प्रवर्द्धन गर्दै नदी कटान रोकथाम गर्ने, जग्गाको उत्पादकत्व वृद्धि गर्ने र जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । यसमा वन पुनर्स्थापना कार्यलाई सघाउ पुऱ्याउन खयर, शिशौ, बयर, बेत/बाँस लगायत कृषि वनमा उपयोगी प्रजातिहरु समेत रोपण गरिनेछ । यसको लागि स्थानीय तहसँग सहकार्यमा, स्थानीय संघ संस्थाको परिचालन गरी, उपभोक्ता समूहको गठन गरी वा विपन्न वर्गको समूह गठन गरी वृक्षारोपण, संरक्षण एवं व्यवस्थापन समेत गर्न सकिनेछ । वन क्षेत्र बाहेकको हकमा वृक्षारोपण गर्नु अघि जग्गाको स्वामित्व भएको निकाय र संघ संस्था वा समूह बीच संझौता गर्नु पर्नेछ । वृक्षारोपण सफल बनाउन सम्भव भएसम्म तार/बाँसको घेराबेरा, गोडमेल, पुनरोपण, सिँचाई, हेरालु आदिको व्यवस्थापन गर्न सकिनेछ । यस शिर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही लागत अनुमान स्वीकृत गराई अमानतबाट समेत गर्न गराउन सकिनेछ ।

**कार्ययोजना तयारी**

वृक्षारोपण क्षेत्रको सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी कार्ययोजना बनाईनेछ । जसमा वृक्षारोपण क्षेत्रको नक्सासहितको सम्पूर्ण विवरण, वृक्षारोपणको संरक्षण, सम्वर्द्धन एवं सदुपयोगको लागि गरिने कार्यहरुको विस्तृत विवरण उल्लेख गर्नु पर्दछ । कार्ययोजनामा रोपण गरिने बिरुवाको जात, संख्या, तथा सोको कम्तीमा ५ वर्षको व्यवस्थापन तथा संरक्षण सम्बन्धी प्रावधानहरु उल्लेख गर्नुपर्नेछ । यो कार्ययोजना डिभिजनल वन अधिकृतले स्वीकृत गर्नुपर्नेछ ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरूले यो कार्य सञ्चालन गर्न सक्नेछन् । स्थानीय तहहरु, भू-तथाजलाधार व्यवस्थापन कार्यालय एवं कृषि प्राविधिक सँग समेत सहयोग लिन सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

नदी उकास जगगामा वृक्षारोपण भई वन पुनर्स्थापना भएको हुने।

## १०६. गरिबहरूको लागि जीविकोपार्जन सुधार योजना (LIP) को तयारी र कार्यान्वयनमा CFUG लाई सहयोग गर्ने

सामुदायिक वन उपभोक्ता समूह भित्र गरिवी रेखा मुनि रहेका सदस्यहरुको पहिचान गरी त्यस्ता सदस्यहरुको आवश्यकता र चाहनाको आधारमा समूह निर्माण गरिने साथै उक्त समूहलाई जीविकोपार्जनमा सुधार ल्याउने प्रयोजनार्थ जीविकोपार्जन सुधार योजना (LIP) तयार गरी सो को कार्यान्वयन सम्मका कार्यहरुमा सहयोग गर्ने कार्य आयोजना सहयोग इकाईबाट गरिनेछ । जीविकोपार्जनमा सुधार ल्याउने क्रियाकलापहरु जस्तै कृषि-वन प्रणाली, जडिबुटी तथा गैरकाष्ठ खेति, पशुपालन, तरकारी तथा फलफूल खेती आदी कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्रत्येक जीविकोपार्जन सुधार योजना (LIP) तयारका लागि रु. १०,०००।- र बाँकी रकम उक्त योजना कार्यान्वयनमा खर्च गरिनेछ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधि भित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनकोलागी डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थावाट पनि सञ्चालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. २,५०,००० (दुइ लाख पचास हजार) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

५ वटा सामुदायिक वन उपभोक्ता समूहहरुको गरिबहरुको लागि जीविकोपार्जन सुधार योजना (LIP) तयार भएको हुनेछ ।

## १०७. लामपातेको विरूवा खरिद तथा वितरण

स्थानीय उपभोक्ता तथा कृषकहरुको प्राथमिकतामा रहेको रैथाने प्रजाति लामपातेको संरक्षण र प्रवर्द्धन गर्ने अभिप्रायले यो कार्यक्रम प्रस्ताव गरिएको हो । यसमा लामपाते प्रजातिको बिरुवा खरिद गरि वा कार्यालय आफैले उत्पादन गरी प्रभावकारी रुपमा रोपन कार्य गर्ने गराइने छ । यस शिर्षकमा

विनियोजित रकम लामपाते प्रजातिको विरूवा खरिद/उत्पादन गरी वितरण गर्नुका साथै ढुवानी खर्च समेत व्यहोर्न सकिनेछ । बिरुवा खरिद गर्दा वन सेवाका अधिकृतस्तरका कर्मचारीको प्राविधिक प्रतिवेदनको आधारमा रोपन योग्य बिरुवा स्वीकृत बजेट, प्रचलित बजार भाउ तथा स्वीकृत जिल्ला दररेटको आधारमा सार्वजनिक खरिद प्रक्रिया अवलम्वन गरी बिरुवाहरु खरिद, ढुवानी तथा वितरण गरिनेछ। कार्यक्रम सम्पन्न गरिसकेपछि विरूवा उत्पादन/रोपण/वितरण गरिएको भर्पाई रजिष्टर सहितको प्रतिवेदनसाथ आवश्यक फोटोहरु पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरुबाट कार्यक्रम सञ्चालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रम संचालनको लागि बजेट रु. ३,००,०००।- (तिन लाख) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

लामपाते विरूवा खरिद/उत्पादन गरी सहज रुपमा उपभोक्ता/निजी कृषकहरुलाई वितरण गरि रोपण भएको हुनेछ ।

## १०८. कानून, जैविक विविधता तथा वन सम्बन्धी पुस्तकालय व्यवस्थापन

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले बुँदा नं. ९८ अनुसारको व्यवस्थापन समितिको निर्णय अनुसार केन्द्रको पुस्तकालय स्थापना तथा व्यवस्थापन प्रयोजनका लागि सार्वजनिक खरीद ऐन तथा नियमावलीको परिधि भित्र रही आवश्यक कानून, जैविक विविधता, वन, वन्यजन्तु र वातावरण सम्बन्धी पुस्तकहरु, पुस्तकालय व्यवस्थापनका आवश्यकीय कम्प्युटर/ल्यापटप, सफ्टवेयर, सफ्टवेयर चलाउन आवश्यक उपकरणहरु/डाटा ब्याकअप, फर्निचर खरिद कार्यमा खर्च गर्न सकिने छ । साथै पुस्तकालय व्यवस्थापनका लागि आवश्यक लाईब्रेरियन सेवा समेत खरिद गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारीहरुबाट सञ्चालन गरिनेछ । आवश्यकता अनुसार पुस्तकालय सञ्चालन र व्यवस्थापनका लागि सेवा खरीद गरि समेत गर्न सकिने छ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय/श्रोत केन्द्रमा कानून तथा प्राकृतिक स्रोतसँग सम्बन्धित पुस्तकहरु सहितको श्रोत केन्द्र/पुस्तकालय सञ्चालन तथा व्यवस्थापन हुनेछ ।

## १०९. रूखको मापन तथा मुल्यांङ्कन सम्बन्धि तालिम

प्रचलित वन ऐन तथा नियमावली, मार्गदर्शन/निर्देशिकामा भएका समयसापेक्ष परिवर्तनहरुलाई समेत पाठ्यक्रममा समावेश गरी डिभिजन र सव-डिभिजन वन कार्यालयका फरेस्टर, रेञ्जर, अधिकृतस्तर छैठौ (प्रा.) तथा वन अधिकृतहरुलाई रुख मापन तथा मूल्याङ्कन सम्बन्धी विषयमा जानकारी गराउने अभिप्रायले यो तालिम सञ्चालन गरिनेछ। आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ तथा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिकाको अधीनमा रही स्वीकृत लागत इष्टिमेट अनुसार सत्र योजना बनाई यो तालिम सञ्चालन गर्नु पर्नेछ ।यस कार्यको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सहयोग समेत लिन सकिनेछ। तालिम संचालनका लागि विनियोजित रकम तालिम सामाग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालिम संचालनका लागि शुरुवाती भौतिक सामग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ । सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा तालिम सञ्चालन गर्नु पर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य,
- तालिम सञ्चाल नभएको स्थान र मिति देखिने तालिमको व्यानर, सेसन प्लान, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- सहभागी संख्या र तालिम अवधि ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरूले यस प्रकारको तालिमको सञ्चालन गर्ने छन् । डिभिजन वन कार्यालयहरूले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहरासँगको समन्वयमा यो तालिम सञ्चालन गर्ने सक्नेछन् ।

**बजेट व्यवस्थापन**

यो तालिम संचालनको लागि बजेट रु. २,००,०००।- (दुई लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन प्राविधिकहरुको रुखको मापन तथा मूल्याङ्कन सम्बन्धी क्षमता अभिवृद्धि हुने।

## ११०. पुराना परिपत्रहरूको संगालो प्रकाशन

वन ऐन तथा नियमावली कार्यान्वयनको सिलसिलामा वनको व्यवस्थापन, संरक्षण तथा विकासको सन्दर्भमा तालुक तथा सरोकारवाला निकायहरुले गरेका नीतिगत निर्णय, राजपत्र, परिपत्रहरुको

खोजविन/संकलन र प्रकाशन गर्ने कामका लागि यो शिर्षकमा विनियोजित बजेट खर्च गरिनेछ । यसमा कर्मचारीको भ्रमण भत्ता, यातायात खर्च, खाजा खर्च, फोटोकपी, कम्पाईलेशन र प्रकाशनसँग सम्बन्धित कामका लागि विनियोजित वजेट खर्च गरिने छ ।

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट यो कार्य गरिनेछ । सेवा प्रदायक व्यक्ति/संस्थाबाट समेत यो क्रियाकलाप कार्यान्वयन गर्न सकिने छ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

पुराना र सान्दर्भिक परिपत्रहरु संकलन भई अभिलेख तयारी भएको हुनेछ ।

## १११. NFA को संस्थागत सुदृढिकरण तथा व्यवस्थापन

वन प्राविधिक संघ, कोशी प्रदेशस्तरीय समितिको संस्थागत सुदृढिकरण तथा व्यवस्थापनको लागि प्रस्ताव माग गरी सोको आधारमा सम्झौता गरी यो कार्यक्रममा विनियोजित बजेट खर्च गरिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १०,००,०००।- (दश लाख) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

कोशी प्रदेश वन प्राविधिक संघको संस्थागत सुदृढिकरण तथा व्यवस्थापनमा सहयोग हुने ।

## ११२. कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम

राष्ट्रिय वनको हैसियत बिग्रिएको क्षेत्रहरुमा हरियाली प्रवर्द्धन तथा वनको विकास गर्दै गरिबीको रेखामुनि रहेका स्थानिय वन उपभवक्ताहरुको जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले विगतदेखि कवुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुँदै आएको छ । हाल कोशी प्रदेशमा ९८० वटा कवुलियती वन समूहमा करिब ९००० को संख्यामा गरिबीको रेखामुनि रहेका घरधुरीहरु आवद्ध रहि वनको व्यवस्थापन गर्दै आएका छन् । कवुलियती वनको विकास र प्रवर्द्धनद्वारा वनको हैसियतमा सूधार ल्याउँदै उपभोक्ताहरुका वन पैदावार लगायतका अन्य आवश्यकताहरु समेत आपूर्ति गर्न सकिन्छ । विगतमा हस्तान्तरण भएका कतिपय कवुलियती वन समूहहरु हाल निष्क्रिय अवस्थामा रहेका छन् । अतः त्यस्ता कवुलियती वन उपभोक्ताहरुलाई सक्रिय बनाउँदै वनको व्यवस्थापनमा उनीहरुलाई परिचालन गर्नु आजको आवश्यकता रहेको छ ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर

विशाल घिमिरे
प्रदेश सचिव

यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट कबुलियती वनको जीविकोपार्जन सूधार योजना सहितको कार्ययोजना नविकरण तथा सहभागितामूलक रुपमा कार्यान्वयन, आयमूलक कार्यक्रमहरु तथा उपभोक्ताहरुको क्षमता अभिवृद्धि लगायतका क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा मातहतका कर्मचारीहरु र कवुलियती वन तर्फको वन प्राविधिक सहायक, जिल्ला सुपरभाईजर, समूह सहयोगी तथा कवुलियती वन समूह समिति।

**बजेट व्यवस्थापन** यो कार्यक्रम कार्यान्वयनको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि:**

निष्क्रिय रुपमा रहेका कवुलियती वन समूहहरु वन व्यवस्थापनमा सक्रिय भई वनको हैसियतमा सूधार हुनेछ साथै गरिबीको रेखामुनि रहेका उपभोक्ताहरुको आयआर्जनमा समेत वृद्धि भएको हुनेछ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे प्रदेश सचिव

## खण्ड ३: वातावरण तथा जैविक विविधता संरक्षण कार्यक्रम

### ११३. दिवस, समारोह, सप्ताह (वातावरण दिवस, जैविक विविधता, वन डढेलो सप्ताह आदि)

यस कार्यक्रम अन्तर्गत आ. व. २०८२/०८३ को विभिन्न मितिमा सञ्चालन हुने दिवस समारोह जस्तैः विश्व वातावरण दिवस, भू-संरक्षण दिवस, संविधान दिवस, राष्ट्रिय वृक्षारोपण दिवस, जैविक विविधता दिवस, सामुदायिक वन दिवस, सिमसार दिवस, चुरे दिवस, वन्यजन्तु सप्ताह, वन डढेलो सप्ताह, सरसफाई सप्ताह जस्ता वन तथा वातावरणसँग सम्बन्धित कार्यक्रम सञ्चालन हुनेछ। यसको लागि प्रदेश अन्तर्गतका डिभिजन वन कार्यालयहरु, भू- तथा जलाधार व्यवस्थापन कार्यालयहरु, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पर्यटन कार्यालयहरु एवं पर्यटन, वन तथा वातावरण मन्त्रालयले आफनो आवश्यकता अनुसारका कार्यक्रम तय गरी स्वीकृत नर्म्सको आधारमा लागत इस्टिमेट स्वीकृत गरी आवश्यक रकम खर्च गर्न सक्नेछन्।

कार्यक्रम सम्पन्न पछि प्रगतिमा देहायका बुँदाहरु समावेश गर्नु पर्नेछः

- समारोह अन्तर्गत गरिएका क्रियाकलापहरु,
- क्रियाकलापहरु सञ्चालन गरिएका स्थान,
- फोटो, होर्डिङ्ग वोर्ड तथा ब्यानर।

**जनशक्ति व्यवस्थापन**

पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द, १५ वटा डिभिजन वन कार्यालयहरु, भू-तथाजलाधार व्यवस्थापन कार्यालयहरु, पर्यटन कार्यालयहरु, स्थानीय तह, विभिन्न वन समूहहरु, अन्य सम्बन्धित गैह्र सरकारी संघ संस्थाहरुको सहयोगमा यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २३,५०,०००।- (तेईस लाख पचास हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

वन, वातावरण, जैविक विविधता, तथा जीवजन्तुको संरक्षण तथा व्यवस्थापनको सम्वन्धमा सचेतना अभिवृद्धि हुने तथा वातावरण सम्बन्धी प्रचारप्रसारका कार्यक्रमहरु सञ्चालन भएको हुनेछ।

### ११४. नदीजन्य पद्बार्थ व्यवस्थापनको लागि IEE प्रतिवेदन तयारी (अनुगमन समेत)

वन क्षेत्रबाट नदीजन्य पदार्थ संकलन, विक्री वितरण तथा व्यवस्थापन गर्नका लागि वन ऐन, नियमावली मा व्यवस्था भए बमोजिम नदीजन्य पदार्थको वातावरणीय अध्ययन गरी प्रतिवेदन तयार गरी कार्यान्वयनका लागि यो बजेट खर्च गरिने छ। यसमा शिर्षकमा विनियोजित बजेट इन्धन, यातायात, दैनिक भ्रमण भत्ता, अन्तरक्रियामा खाजा खर्च, विषयगत विज्ञ आदिमा समेत खर्च गर्न

सकिनेछ। यो कार्यक्रम सेवा प्रदायक बाट समेत संचालन गर्न सकीने छ र अनुगमन पश्चात प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

विषयगत विज्ञहरुको सहयोगमा यो कार्यक्रम सञ्चालन गरिने छ।

**बजेट व्यवस्थापन**

यो क्रियाकलाप संचालनको लागि बजेट रु. ३३,००,०००।- (तेत्तिस लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

नदीजन्य पदार्थको व्यवस्थापनका लागि ११ वटा वातावरणीय अध्ययन प्रतिवेदन तयार भई स्वीकृत भएको हुनेछ र यस पश्चात वन ऐन नियम अनुरुप जोखिमजन्य नदीहरुका नदीजन्य पदार्थ व्यवस्थापन गर्न सकिनेछ।

## ११५. वातावरण सचेतना सहितको विद्यालय वातावरण सुधार कार्यक्रम र वातावरण शिक्षण/सचेतना कार्यक्रम/स्कुल वन हरियाली कार्यक्रम

बढ्दो सहरीकरण एवं अनियन्त्रित जल, वायु, माटो, ध्वनी, रसायनिक लगायतका सबै प्रकारका प्रदुषणबाट वातावरणमा पर्ने सक्ने जोखिमलाई न्यूनीकरणका साथ साथै सरसफाईलाई संस्कारको रुपमा विकास गर्न, जैविक विविधताको संरक्षण तथा दिगो उपयोग गर्न तथा विद्यालय स्तरबाट नै वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई समग्र प्रदेशमा सफा, स्वच्छ र हराभरा वातावरण बनाउन यो कार्यक्रम सञ्चालन हुनेछ। साथै स्वच्छ र सफा वातावरण कायम, प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन तथा हरियाली प्रवर्द्धनमा विद्यार्थीदेखि जनसाधारणमा चेतना जागृत गराई व्यक्ति, परिवार अनि समुदायको भूमिकालाई थप सुसूचित, सशक्त र क्रियासिल बनाउन प्रदेशमा रहेका सरकारी सामुदायिक विद्यालयहरुमा यो कार्यक्रम कार्यान्वयन गरिनेछ। डिभिजन वन कार्यालयहरुले वातावरण संरक्षण तथा व्यवस्थापनको राष्ट्रिय नीति र रणनीति बमोजिम यस कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला निकायहरु, सरकारी तथा गैहसरकारी संस्थाहरु, समुदाय, निजी क्षेत्र, शैक्षिक संस्थाहरुसँग समन्वय र सहकार्य गरी विद्यार्थीहरुमा वातावरण संरक्षण सम्बन्धी जनचेतना जगाउने क्रियाकलाप सञ्चालन गर्न सक्नेछन्। साथै देहायकाको क्षेत्रमा यस कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

- वृक्षारोपण तथा फलफूलका बिरुवा रोप्ने कार्यलाई विशेष प्राथमिकता दिनु पर्नेछ,
- ठोस तथा तरल वा अन्य फोहोरमैला व्यवस्थापन गर्न,
- प्रदुषण नियन्त्रण र कुनै पनि वातावरणीय प्रवर्द्धनका क्रियाकलापहरु अवलम्वन गर्न,
- प्लाष्टिक झोला विस्थापन तथा वैकल्पिक झोला प्रवर्द्धन,
- जैविक मल बनाउने, पानी सूकलन गर्ने, नवीकरणीय उर्जा प्रवर्द्धनका क्रियाकलाप अवलम्वन गर्न।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रम डिभिजन वन कार्यालयहरुले स्थानीय तह एवं सरोकारवालाहरूको सहयोग र सहकार्यमा सञ्चालन गर्ने छन् ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु.६१,६०,०००।- (एकसट्ठी लाख साठ्ठी हजार) बजेट व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

१६४ वटा शैक्षिक संस्थामा कार्यक्रम सञ्चालन भई स्थानीयस्तरमा वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि भई वातावरण संरक्षणमा टेवा पुग्नेछ ।

## ११६. सडक किनार तथा सार्वजनिक जग्गामा Ornamental plants को वृक्षारोपण केज सहित (भू-संरक्षण/वृक्षारोपण)

स्थानिय तहको मागको आधारमा सहरी क्षेत्रको सडक किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण मार्फत हरियाली अभिवृद्धिका लागि विभिन्न प्रजातिका Ornamental Plants वृक्षारोपण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । डिभिजन वन कार्यालयले ठाउँ सुहाउदो उपयुक्त बिरुवा छनौट गरी सडक किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण गर्नु पर्नेछ। स्थानीय तह तथा अन्य सरोकारवाला संघसस्थाहरुको सहयोग र समन्वयमा यो कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी हुनेछ साथै यस कार्यक्रम स्थानीय तहहरु सँगको स्रोत साझेदारीमा समेत सञ्चालन गर्न सकिने छ। वृक्षारोपणको लागि प्रचलित नर्म्स र सार्वजनिक खरिद सम्बन्धी ऐन, नियमावलीको अधीनमा रही डिभिजन वन कार्यालयले फलामे/जैविक/बाँसको केज निर्माण तथा खरिद गरी रोपण गरिएको बिरुवाहरुको सुरक्षा गर्नुपर्नेछ। यस शिर्षकमा उपलव्ध बजेटबाट फलामे/जैविक/बाँसको प्लाष्टिकको बाक्लो नेट सहितको केज निर्माण तथा खरिद, Ornamental Plants खरिद, आवश्यकता अनुसार जगलको माटो संकलन,ढुवानी,जैविक मल,ट्याग, वृक्षारोपण कार्य समेतको लागत अनुमान स्वीकृत गराई खर्च गर्नु पर्नेछ। यो कार्यक्रम अमानत वा उपभोक्ता समितिबाट सचालन गर्न सकीने छ । कार्यक्रम सम्पन्न पश्चात निर्माण तथा खरिद भएको केजको विवरण, संख्या, स्थापना गरिएको स्थानको विवरण, वृक्षारोपण गरिएका बिरुवाहरुको विवरणको साथ साथै कार्यक्रम संचालनका फोटो एवं विल भर्पाई सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरूले स्थानीय तह एवं सरोकारवाला निकायहरुसँगको समन्वयमा यो कार्यक्रम कार्यान्वयन गरिने छ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १४,५०,०००।- (चौध लाख पचार हजार) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

५ स्थानको सडक किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण मार्फत हरियाली प्रवर्द्धन हुने।

**११७. सिमसार संरक्षण तथा व्यवस्थापन/ पोखरी जलाधार व्यवस्थापन/ पोखरी निर्माण तथा व्यवस्थापन**

समेटिने सम्भावित क्रियाकलापहरु:

- पानी संकलन गर्न निर्माण गरिने जलाधार संरक्षण पोखरी(Conservation Pond/ Catchment Pond) रन अफ हार्भेष्टिङ ड्याम, (Run-off Harvesting Dam), ताल, सिमसार संरक्षण (Wetland Conservation),भूमिगत जलसेचन संरचना।
- संरक्षण वृक्षारोपण (Conservation Plantation),कन्टुर टेरेसि (Contour Terracing), कन्टुर ट्रेन्चिङ (Contour Trenching) र कन्टुर वन्डिङ (Contour Bundig) जस्ता आवश्यक संरक्षणका विधिहरु अपनाई घाँस, बाँस लगायतका बिरुवाहरु रोपण गर्ने कार्यहरु।
- साना गल्छी रोकथाम (Micro-gully Plugging) कन्टुर वाटलिङ (Contour Wattling) चेक ड्य (Checkdam), रिटेनिंग वाल (Retaining Wall) जस्ता आवश्यक भू–संरक्षणका भौतिक संरचना निर्माण
- भल तर्काउने नाला(Diversion Channels) निर्माण गर्ने।
- सिमसारको सरसफाई गर्ने कार्य।
- पानी तर्काउने नाला निर्माण (Waterways- Inlet/Outlet) गर्ने
- Bio-enginnering प्रविधिको प्रयोग।
- आवश्यकतानुसार पुराना पोखरीको मर्मत सुधार।

**जनशक्ति व्यवस्थापन**

आवश्यकता अनुसार सरोकारवालाहरुसंग समन्वय तथा सहकार्यमा डिभिजन वन कार्यालय र जलाधार व्यवस्थापन कार्यालय मार्फत यो कार्यक्रमद सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.४७,००,०००।- (सड्चालिस लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

११ वटा पोखरी, १३ वटा सिमसार क्षेत्र/पोखरी जलाधार तथा ११ स्थानमा सिमसार संरक्षण तथा व्यवस्थापन हुनेछ।

विशाल घिमिरे
प्रदेश सचिव

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

## ११८. वन्यजन्तुका लागि पानी आहाल तथा क्रिडास्थल निर्माण/ व्यवस्थापन

सामुदायिक वनक्षेत्रमा वन्यजन्तुहरुलाई पिउन र विचरण गर्न पानीको व्यवस्थापन गर्ने यो कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । साथै सुख्खा मौसममा वन डढेलो नियन्त्रण गर्ने र Ground water recharge तथा सिंचाइमा समेत सहयोग पुग्ने भएकोले यो कार्यक्रम आवश्यक रहेको छ। पानीको स्रोत भएको स्थानमा वन उपभोक्ताहरुसंग समन्वय गरी यो कार्यक्रम सञ्चालन गरिनेछ। पोखरी निर्माण कार्य सकेसम्म उपभोक्ताहरुबाट manually गरिनेछ। आवश्यक भएमा मात्र जेसिबि(JCB)/डोजर(Dozer) प्रयोग गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयले सबडिभिजन वन कार्यालयहरु मार्फत सम्बन्धित सरोकारवाला तथा स्थानीय तहहरुसंग समन्वय तथा सहकार्य गरेर यो कार्यक्रम सञ्चालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ७,००,०००।- (सात लाख) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वनक्षेत्रमा वनजन्तुको वासस्थान सुधारका लागि २ वटा पोखरी निर्माण हुनेछ ।

## ११९. मानव वन्यजन्तु द्वन्द न्यूनीकरण/व्यवस्थापन तथा वन्यजन्तु उद्धार

प्रदेशमा बढदो मानव-वन्यजन्तु द्वन्द व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको छ । यस कार्यक्रम अन्तर्गत समस्याग्रस्त वन्यजन्तुहरुको वासस्थान व्यवस्थापन, वैकल्पिक खेती प्रवर्द्धनमा सहयोग, सोलार फेन्स मर्मत, सचेतनामूलक सामाग्री उत्पादन, संरक्षण शिक्षाका क्रियाकलापहरु, समस्याग्रस्त वन्यजन्तुहरुको नियन्त्रण, रेखदेख, उपचार र स्थानान्तरणका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।साथै वन्यजन्तुका लागि नियमित गस्ती गर्नपर्ने (झापा/मोरङ/सुनसरी) जिल्लाहरूमा गस्ति टोलिको लागि अस्थायी अवधिको घर भाडाको व्यवस्थापन, वन्यन्तु उद्धार कार्यमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा उपभोक्ताहरुको खाना खाजा र सवारी साधन परिचालनमा समेत बजेट खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय मार्फत जिल्ला स्थित सुरक्षा निकाय तथा सम्बन्धित सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५९,८५,०००।- (उनान्साठ्ठी लाख पचासी हजार) बजेट विनियोजन गरिएको छ ।

प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

**अपेक्षित उपलब्धि**

१५ वटै डिभिजन वन कार्यालयहरू मार्फत मानव-वन्यजन्तु द्वन्दको घटनामा कमी आई व्यवस्थापनमा टेवा पुगेको र मानव वन्यजन्तु सहअस्तित्वमा वृद्दि भएको र वन्यजन्तु उद्दार गरिएको हुनेछ।

## १२०. वन्यजन्तुवाट हुने क्षतिको राहत

यस शिर्षकको रकम वन्जन्तुको क्षतिको राहत दिने कार्यको लागि खर्च गरिनेछ। वन्यजन्तुबाट हुने क्षतिको राहत निर्देशिकामा व्यवस्था भए बमोजिमका प्रक्रिया पुरा गरी क्षतिको लागि राहत उपलब्ध गराइनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय/ प्रदेश वन निर्देशनालय मार्फत बजेट कार्यान्वयन हुनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ९५,४४,०००।- (पन्चानब्बे लाख चौवालिस हजार) बजेट विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

वन्यजन्तुको क्षतिको राहत वितरण कार्य सरलीकरण हुनेछ।

## १२१. हरियाली प्रवर्द्धन / हरियाली सौन्दर्यिकरण कार्यक्रम

शैक्षिक/ सार्वजनिक निकाय/ /सार्वजनिक जमिनमा हरियाली प्रवर्द्धन गर्नका लागि सौन्दर्यपरक विरूवाहरूको वृक्षारोपण तथा संरक्षण कार्य गर्न तथा पर्यापर्यटन विकास गर्नका साथै वनको विकास गरी सो क्षेत्रमा हरियाली कायम गर्न तथा वन प्रति जनमानसमा सकारात्मक प्रभाव वृद्धि गर्नको लागि सार्वजनिक/निजी जग्गामा वृक्षारोपण गरी प्रवर्द्धनको लागि यो कार्यक्रम कार्यान्वयनमा ल्याइने छ। यो कार्यक्रमबाट सम्बन्धित कार्यान्वयन हुने क्षेत्रमा संरक्षण तथा व्यवस्थापनको प्रत्याभुति समेत हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। वन प्राविधिकको प्राविधिक सहयोगमा यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप अन्तर्गत बजेट रु. ९,००,०००।- (नौ लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

४ स्थानमा हरियाली प्रवर्द्धन तथा सहरी क्षेत्रको पर्यावरणमा विकास भएको हुनेछ।

प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश

विशाल घिमिरे प्रदेश सचिव

## १२२. रेडपाण्डा संरक्षणको लागि प्रजनन् केन्द्रको गुरूयोजना कार्यान्वयन

प्राकृतिक अवस्थामा हाब्रेको घट्दो जनसंख्यालाई मध्यनजर गरी प्रजनन केन्द्रको स्थापना गरी केन्द्रमा प्रजनन गराई उत्पादन हुने हाब्रेहरुलाइ प्राकृतिक वातावरणमा स्थानान्तरण गर्दा यसको जनसंख्या बृद्धी हुने लक्ष्य अनुरुप विगत देखिनै इलाम लगायत रेड पाण्डाको वासस्थान भएको जिल्लाहरूको वार्षिक कार्यक्रममा यो कार्यक्रम राखिएको छ। ईलाम जिल्लाको सन्दकपुर गाउँपालिकाले सामुदायिक वनक्षेत्रमा विगतका वर्षहरुदेखि शुरुवात गरेको रेडपाण्डा उद्धार केन्द्र व्यवस्थापन कार्यक्रममा यो कार्यक्रमले थप टेवा पुर्याउनुका साथै यस अघि निर्माण भएका गुरूयोजना/ जिल्लाको आवधिक योजना सहितको रणनितिक योजनामा उल्लेखित कार्यक्रमहरूको आधारमा कार्यक्रम स्वीकृत भएका अन्य जिल्लाहरूमा पनि सोही अनुरूप हुने गरी कार्यक्रम सञ्चालन हुनेछ । उद्धार केन्द्र स्थापना कार्यान्वयन भएको वनक्षेत्रको उपयुक्तताको आधारमा सोही स्थानमा वा अन्य उपयुक्त स्थानमा रेडपाण्डा संरक्षण सम्बन्धी कार्य गर्ने सरोकारवाला निकायहरु, विद्यालयस्तरीय इकोक्लवहरु तथा स्थानीय तहसंगको समन्वय र सहकार्यमा यो कार्यक्रम कार्यान्वयन हुनेछ। यस कार्यक्रम अन्तर्गत क्रियाकलाप योजना तयारी, रेडपाण्डाका लागि पूर्वाधार निर्माण, वासस्थान व्यवस्थापन, उपयुक्त उपकरण तथा रेस्क्यु सामाग्री खरिद, आवश्यक समन्वय बैठक, सूचना केन्द्र व्यवस्थापन, विज्ञहरुको सेवा खरिद, अनुगमन तथा मूल्याङ्कन आदी शिर्षकहरुमा बजेट खर्च गर्न सकिनेछ।

### जनशक्ति व्यवस्थापन

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, कोशीटप्पु वन्यजन्तु आरक्ष, कञ्चनजंघा संरक्षण क्षेत्र, ताप्लेजुङ्ग, राष्ट्रिय प्रकृति संरक्षण कोष तथा रेडपाण्डा नेटवर्क तथा संरक्षणमा संलग्न सरोकारवालाहरुसंग समन्वय तथा सहकार्यमा डिभिजन वन कार्यालय मार्फत यो कार्यक्रम सञ्चालन हुनेछ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि रु. १९,००,०००।- (उन्नाईस लाख) बजेट विनियोजन गरिएको छ ।

### अपेक्षित उपलब्धि

रेडपाण्डा प्रजनन केन्द्रको गुरूयोजना कार्यान्वयन तथा रेडपाण्डाको वासस्थान व्यवस्थापन हुनेछ ।

## १२३. वन्यजन्तुको उद्धार, उपचार केन्द्र स्थापना र सहयोग

यस शिर्षकमा विनियोजित बजेटबाट वन्यजन्तुहरुको उद्दार, पुनर्स्थापना, आहारको व्यवस्था, मानव वन्यजन्तु द्वन्दको अवस्था सर्भेक्षण एवं विश्लेषण, प्रचारप्रसार कार्यक्रमहरु जनचेतनामूलक कार्यक्रम), रेडियो तथा पत्रपत्रिकामा संरक्षणमूलक सन्देश प्रसारण, बुकलेट, पुस्तिका प्रकाशन तथा वितरण( गर्नका साथै उद्दार गरिएका वन्यजन्तुको उद्दार कार्यमा खटिएका प्राविधिक तथा अन्य सरोकारवाला निकायलाई खाजा, खाना, सवारी साधन परिचालन तथा व्यवस्थापन कार्यमा खर्च गर्न सकिनेछ ।

साथै मानव–वन्यजन्तु द्वन्द व्यवस्थापनको क्रममा परिचालन हुने टोलीलाई फिल्डस्तरमा कार्य गर्नका लागि लाग्ने भत्ता, फिल्ड गियर, खाजा भत्ता, इन्धन आदिमा यस शिर्षकमा विनियोजित बजेटबाट स्वीकृत नर्म्स र जिल्ला दररेटको परिधि भित्र रही खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

आवश्यकता अनुसार पशु सेवा कार्यालयका प्राविधिकको सहयोगमा सरोकारवालाहरुसंग समन्वय तथा सहकार्यमा डिभिजन वन कार्यालय मार्फत यो कार्यक्रम सञ्चालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ७,००,०००।- (सात लाख) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

घाईते, टुहुरा, समस्याग्रस्त तथा बथानबाट छुट्टिएको, बासस्थान बाहिर गाउँ बस्तीमा गई मानवलाई क्षति गर्न सक्ने वन्यजन्तुको उद्दार, उपचार केन्द्रको स्थापना भई उद्दार कार्यमा थप व्यवस्थापन हुनेछ।

## १२४. विरूवा उत्पादन/खरिद तथा वितरण

कार्यालयले स्थानीय स्तरमा प्राथमिकतामा परेको उपयुक्त हावापानी सुहाउदो तथा वनजन्य/वन्यजन्तुमैत्री बिरुवाहरु खरिद वा कार्यालय आफैले उत्पादन गरी प्रभावकारी रुपमा रोपन कार्य गर्ने गराइने छ । यस शिर्षकमा विनियोजित रकम वनजन्य वन्यजन्तुमैत्री विरूवा उत्पादन गरी वितरण गर्नुका साथै ढुवानी खर्च समेत व्यहोर्न सकिनेछ । बिरुवा खरिद गर्दा वन सेवाका अधिकृतस्तरका कर्मचारीको प्राविधिक प्रतिवेदनको आधारमा रोपन योग्य बिरुवा स्वीकृत बजेट, प्रचलित बजार भाउ तथा स्वीकृत जिल्ला दररेटको आधारमा सार्वजनिक खरिद प्रक्रिया अवलम्वन गरी बिरुवाहरु खरिद, ढुवानी तथा वितरण गरिनेछ।आवश्यकता अनुसार कृषि सेवाका प्राविधिकसँग समन्वय गर्न सक्नेछ । कार्यक्रम सम्पन्न गरिसकेपछि विरूवा उत्पादन/रोपण/वितरण गरिएको भर्पाई रजिष्टर सहितको प्रतिवेदन साथ आवश्यक फोटोहरु पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरुबाट कार्यक्रम सञ्चालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रम संचालनको लागि बजेट रु. ५,१०,०००।- (पाँच लाख दश हजार) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

वनजन्य वन्यजन्तुमैत्री विरूवा उत्पादन गरी सहज रुपमा रोपण तथा वन्यजन्तुका लागि आहार व्यवस्थापन हुनेछन् ।

## १२५. वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम

जलवायु परिवर्तनका प्रतिकुल असरहरु बाढी, पहिरो, वन डढेलो, खडेरी सुख्खा, रोग किरा, मिचाहा प्रजातीको प्रकोप साथै वनक्षेत्र खण्डीकरण, अतिक्रमण, पानी तथा आहाराको कमि, जैविकमार्ग

खण्डिकरण आदी वन्यन्तु संरक्षणमा चुनौतीका रुपमा रहेको छ । वन्यजन्तुको वासस्थानमा ह्रास तथा विनाश नै मानव-वन्यन्तु द्वन्दको प्रमुख कारण रहेकोले वन्यजन्तुको वासस्थान संरक्षण जस्तै वन क्षेत्रको पानी आहाल, पोखरी, तालतलैया, पानी मुहान पुनर्स्थापना/स्थापना, जैविक मार्ग व्यवस्थापन, मिचाहा प्रजाति व्यवस्थापन, वन्यजन्तुमैत्री रुख तथा घाँस प्रजातिको वृक्षारोपण र वासस्थान व्यवस्थापनका अन्य क्रियाकलापहरु सञ्चालन गर्न यस कार्यक्र मानव वन्यजन्तु द्वन्द ब्यवस्थापन तथा वन्यजन्तु उद्धारम अन्तर्गतको बजेट खर्च गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय मार्फत जिल्ला स्थित वन उपभोक्ता समूहहरु, स्थानीय तहहरु तथा सम्बन्धित सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रम संचालनको लागि बजेट रु. ५७,७०,०००।- (सन्ताउन्न लाख सत्तरी हजार) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन्यजन्तु तथा वासस्थान संरक्षणमा टेवा पुगेकोहुनेछ ।

## १२६. वन, वन्यजन्तु संरक्षण सम्बन्धी प्रचार प्रसार (होर्डिंग बोर्ड पम्फलेट पुस्तिका ब्रोसर आदि)

वन, वन्यजन्तु र तिनीहरुको वासस्थानको संरक्षणमा जनसाधारणमा सकारात्मक प्रभाव वृद्धि गर्नको साथै जनचेतना अभिवृद्धि गर्नको लागि मन्त्रालय/निर्देशनालय/डिभिजन वन कार्यालयहरूले जिल्लाका स्थानीय मानिसहरुले वुझ्ने भाषामा पोष्टर, पम्लेट, व्रोसर, पुस्तिका आदि तयार गरी वितरण गरिनेछ । साथै होर्डिङ बोर्ड निर्माण गरी जंगलमा रहेका राजमार्ग र बाटोहरू, वन प्रवेश नाकाहरु एवं नाकाका गाँउ बस्तीमा समेत होर्डिङ बोर्ड राख्न सकिने छ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय तथा मन्त्रालय मताहतका निकायहरुबाट यो कार्यक्रम सञ्चालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु. ९,००,०००।-(नौ लाख) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

प्रचार प्रसारको माध्यमबाट स्थानीय स्तरमा वन र वन्यजन्तुको संरक्षणमा जनसाधारणमा सकारात्मक जनचेतनामा अभिवृद्धि भएको हुनेछ ।

## १२७. सोलार फेन्सिङ निर्माण/ममर्त सभार / सोलार फेन्सीङ निर्माण (मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण) झापा, मोरङ्ग, सुनसरी

मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि निर्माण गरिएका सोलार फेन्सिङहरुको ममर्त सभार गर्नको लागि यस शीर्षकमा विनियोजित रकम खर्च गरिनेछ । जिर्ण भएका सोलार फेन्सिङको मर्मत सम्भारका लागि प्राविधिक सहयोग, ज्याला तथा सामाग्री खरिद तथा निर्मित सोलार फेन्सिङको रेखदेख र हेरचाहको लागि जिल्लामा बढीमा २ जना हेरालुको ज्यालामा खर्च गर्न सकिनेछ । उपभोक्ता समिति तथा ठेक्का प्रथाबाट समेत यो कार्यक्रम संचलन गर्न सकिनेछ। यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगरको योजना तथा कार्यक्रम सञ्चालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको पालना गरिनेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- सोलार फेन्सिङ मर्मत भएको स्थान र मर्मत भएको फोटो (मर्मत अघि समेतको),
- लागत इष्टिमेट बमोजिमको कार्य सम्पन्न प्रतिवेदन, तथा कार्यक्रमको संख्यात्मक भौतिक र वित्तीय प्रगति।

**जनशक्ति व्यवस्थापन**

यस क्रियाकलाप सञ्चालन गर्दा डिभिजन वन कार्यालयले राष्ट्रिय प्रकृति संरक्षण कोष/सम्बन्धित स्थानीय तह/जिल्ला स्तरीय कार्यालय/ डिभिजन वन कार्यालयको प्राविधिक कर्मचारीको प्राविधिक सहयोगमा यो कार्यक्रम सञ्चालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप संचालनको लागि जम्मा रु. ४०,५०,०००।- (चालिस लाख पचास हजार मात्र) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

सोलार फेन्सिङको निर्माण/मर्मत सम्भार मार्फत मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्ने ।

## १२८. जैविक विविधता संरक्षण तथा व्यवस्थापन

वन्यजन्तु संरक्षण तथा व्यवस्थापनका लागि जैविक मार्गहरु संरक्षण तथा व्यस्थापन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । संरक्षित क्षेत्र बाहिर रहेका वन्यजन्तु तथा वासस्थान संरक्षणका लागि संवेदनशिल क्षेत्रहरु, जिल्लाका आवधिक योजनासहितको रणनितिक योजनाको प्राथमिकतामा परेका वन क्षेत्रहरुमा जैविक मार्गहरुको पहिचान तथा वन्यजन्तुकालागि वासस्थान व्यवस्थापन गर्न विनियोजित बजेट खर्च गरिनेछ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय मार्फत जिल्ला स्थित वन उपभोक्ता तथा सम्बन्धित सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी यो कार्यक्रम सञ्चालन गरिनेछ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप संचालनको लागि जम्मा रु. १,००,०००।- (एक लाख मात्र) बजेट व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

वन्यजन्तु तथा वासस्थान संरक्षणमा टेवा पुगेको हुनेछ।

## १२९. वन्यजन्तु अपराध नियन्त्रण इकाई (WCCB) को बैठक

डिभिजन वन कार्यालयहरुमा वन्यजन्तुको अपराध नियन्त्रणका लागि जिल्लास्थित सरोकारवाला निकाय, सुरक्षा संयन्त्र तथा वन कर्मचारीबिच समन्वय गर्नका लागि तथा चोरीनिकासी नियन्त्रणका लागि छलफल र अन्तरक्रिया गर्न, चोरीशिकार तथा वन्यजन्तु अपराध नियन्त्रणमा योजना बनाई समन्वयकारी एकीकृत रुपमा सहकार्य गर्नका लागि यो कार्यक्रमबाट विनियोजित बजेट खर्च गरिनेछ। सो गर्दा हुने खाजा, मसलन्द तथा भत्ता खर्चमा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन/सव-डिभिजन वन कार्यालयहरु मार्फत कार्यान्वयन गरिने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ७,००,०००।- (सात लाख) बजेट विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

वन सुरक्षा तथा वन्यजन्तु संरक्षणमा सहयोग पुग्ने।

## १३०. वन, वन्यजन्तु संरक्षणको लागि गस्ती परिचालन

वन, वन्यजन्तु एवं तिनका बासस्थानको संरक्षण, व्यवस्थापन, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रणका लागि नियमित रूपमा गस्ती परिचालन गरिने छ। यस शिर्षकमा विनियोजित रकम जिल्लास्तरमा चोरी निकासी नियन्त्रणका लागि कर्मचारी तथा सुरक्षा निकाय परिचालन गर्न इन्धन, सवारी मर्मत, खाजा, खाना, यातायात खर्च, दैनिक भ्रमण भत्ता, संचार आदिमा खर्च गर्न सकिनेछ। गस्ती परिचालन गर्दा सोको रजिष्टर खडा गरी अभिलेख राख्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरुले यो कार्यक्रम सञ्चालन गर्ने छन्।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ४२,८०,०००।- (बयालिस लाख असि हजार) व्यवस्था गरिएको छ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

**अपेक्षित उपलब्धि**

दिगो रुपमा वन वन्यजन्तुहरुको संरक्षणमा गस्ती परिचालन भएको हुनेछ।

## १३१. हात्ती प्रभावित क्षेत्रमा बाली बिमा कार्यक्रम

कोशी प्रदेशका हात्ती प्रभावित क्षेत्रहरु झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लामा मानव-हात्ती द्वन्द बढी रहेको सन्दर्भमा यसको क्षतिलाई न्यूनीकरण गर्नका लागि बाली बिमा कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि उद्योग, कृषि तथा सहकारी मन्त्रालय तथा सरकोकारवाला कृषि कार्यालयहरु, स्थानीय तहहरुसंगको समन्वयमा विमा कम्पनीमा गरी यो कार्यक्रम सञ्चालन गरिनेछ। मन्त्रालयले तोकेको बिमा कम्पनि मार्फत डिभिजन वन कार्यालयले जिल्लाका अतिप्रभावित तथा प्रभावित स्थानिय तह छनोट गरी(गत विगतमा भएका घटनालाई आधार मानि) नमुनाको रुपमा सामुहिक वालि विमाको लागि बैठक, समन्वय,मसलन्द तथा प्रिमियम शुल्क लगायतका लागि खर्च गर्न सक्ने छ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ५०,००,०००।- (पचास लाख) व्यवस्था गरिएको छ।

## १३२. मानव वन्यजन्तु सहअस्तित्वका लागि RRT परिचालन

मानव वन्यजन्तु द्वन्द व्यवस्थापन गरी मानव वन्यजन्तु सहअस्तित्वका लागि Rapid Response Team (RRT) परिचालन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। हात्ती प्रभावित क्षेत्रहरु झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लामा मानव-हात्ती द्वन्द बढी रहेको सन्दर्भमा यसको क्षतिलाई न्यूनीकरण गर्नका लागि आवश्यक जनशक्ति परिचालन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रमबाट RRT (झापाको हकमा मानव हात्ती द्वन्द व्यवस्थापन तथा वातावरण संरक्षण मञ्च समेत) का लागि आवश्यक उपकरणहरु, सामाग्रीहरु, फिल्ड गियर, खाजा खर्च, इन्धन व्यवस्थापन गर्न सकिनेछ। डिभिजन वन कार्यालयले जिल्ला भित्र गत विगतमा गठित तथा नया गठन गरिएका RRT लाई प्रभावकारी रुपमा परिचालनका लागि विनियोजित वजेट खर्च गर्ने छ। विनियोजित वजेटबाट प्रति RRT प्रति महिनामा बढिमा १० लि. ईन्धन, खाजा, नास्ता, फिल्ड गियर, संचार, मसलन्द, चौमासिक समन्वय वैठक आदी शिर्षकमा खर्च गर्न सकीने छ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय मार्फत सम्बन्धित सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी यो कार्यक्रम सञ्चालन गरिनेछ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप संचालनको लागि जम्मा रु. ४,९००००।- (चार लाख नब्बे हजार मात्र) बजेट व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि:** मानव वन्यजन्तु द्वन्द व्यवस्थापनमा टेवा पुगेको हुनेछ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश (नेपाल)

विशाल घिमिरे प्रदेश सचिव

## खण्ड ४: पर्यटन क्षेत्र मन्त्रालय, पर्यटन कार्यालय र पर्यटन विकास आयोजना

### १३३. डिजिटल नागरीक वडापत्र

मन्त्रालय तथा मातहतका निकायहरुबाट प्रदान गरीने सेवाको बारेमा जानकारी लिन चाहाने सेवाग्राहीहरुलाई डिजिटल नागरीक वडापत्रको माध्यमबाट के कस्ता सेवा प्रदान हुन्छन, के कस्ता प्रक्रिया पुरा गर्नुपर्छ कहाँ सम्पर्क गर्नुपर्छ, कति समयमा सेवा प्रदान हुन्छन् जस्ता उपयोगी जानकारीहरु डिजिटल नागरीक वडापत्रबाट सरोकारवालाहरुलाई जानकारी गराउन सकिने साथै मन्त्रालय र मातहत निकायहरुबाट भए गरेका कामहरुको समेत सरोकारवाला पक्षहरुलाई जानकारी गराउने र पर्यटकीय गन्तव्य तथा गतिविधिहरुको प्रचार प्रसार हुने उद्देश्यले डिजिटल नागरीक वडापत्र राख्ने व्यवस्थाको लागि रकम विनियोजन गरीएको छ।

**कार्यान्वयन प्रक्रिया**

यो कार्यक्रमका लागि डिजिटल बोर्ड खरिद गरी मन्त्रालयमा जडान गरीनेछ। सार्वजनिक खरिद ऐन नियमको अनुसार स्वीकृत लागत अनुमान, स्पेसिफिकेशन तथा तोकिएको खरिद विधिका आधारमा खरिद कार्य गरीनेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५,००,०००।- (पाँच लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

आकर्षक डिजिटल बोर्डबाट मन्त्रालय तथा मातहत निकायहरुबाट सम्पादन हुने कार्यहरुको सरोकारवालाहरुलाई जानकारी एवम् पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार भएको हुनेछ।

### १३४. पर्यटन विषयको वेवसाइट निर्माण/अद्यावधिक

मन्त्रालय, पर्यटन विकास आयोजना तथा पर्यटन कार्यालयहरुबाट सम्पादन भएका सबै प्रकारका पर्यटनसँग सम्बन्धित कार्यक्रमहरु सरोकारवाहरुलाई जानकारी तथा पहुँच दिने उद्देश्यले वेवसाइट निर्माण/अध्यावधिक कार्य गरीनेछ ।

**कार्यान्वयन प्रक्रिया**

यो कार्यक्रमका लागि वेवसाइट निर्माण/अद्यावधिक गरी मन्त्रालयबाट सञ्चालन गरीनेछ। सार्वजनिक खरिद ऐन, नियम अनुसार स्वीकृत लागत अनुमान, स्पेसिफिकेशन तथा तोकिएको खरिद विधिका आधारमा खरिद कार्य गरीनेछ ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. २,००,०००।- (दुई लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

वेवसाइट निर्माण पश्चात कोशी प्रदेशमा भएका पर्यटनसँग सम्बन्धित कार्यहरु, गतिविधिहरुको विषयमा सबै सरोकारवाला पक्षलाई जानकारी रहनेछ ।

## १३५. पर्यटन विषयगत समितिको बैठक कार्यक्रम

संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय अन्तर्गत रहेको संघ, प्रदेश तथा स्थानीय तह अन्तर सम्बन्ध कायम गर्ने गरी गठन भएको पर्यटन विषयगत समितिको बैठक आयोजना गरी पर्यटनसँग सम्बन्धित विभिन्न विषयमा नीतिगत निर्णय लगायतका विषयमा छलफल गर्नु पर्नेछ ।

**कार्यान्वयन प्रक्रिया**

- संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय, ६ वटै प्रदेशका पर्यटन हेर्ने मन्त्रालयका माननीय मन्त्री एवम् प्रदेश सचिवहरु, पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड लगायत समिति पदाधिकारीहरुलाई आमन्त्रण गरीनेछ ।
- यस कार्यक्रमा विनियोजित वजेटबाट कार्यक्रमा सहभागीहरुको स्टेशनरी, खाना, खाजा, यातायात खर्च, होटल वास, मञ्च व्यवस्थापन तथा सजावट, साउण्ड सिष्टम, बुके, मायाको चिनो, डकुमेन्ट्री (कार्यक्रमको भिडियो), कपडाको ब्यानर, सहभागीहरुलाई पर्यटकीय गन्तव्य भ्रमणको लागि यातायात व्यवस्थापन, प्रतिवेदन छपाई लगायतमा खर्च गर्न गरीनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यक्रमको व्यवस्थापन मन्त्रालय वा वा मातहतका निकायमा कार्यरत कर्मचारी वा फर्म/कम्पनीसँग नियमानुसार सम्झौता गरी आयोजना गर्न सकिने छ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु.१०,००,०००।- (दश लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

यस कार्यक्रमको आयोजनाबाट अन्तर प्रदेश समन्वयमा सहजता, पर्यटन नीति निर्माणमा सहज, अन्तर प्रदेश अनुभव आदान प्रदान, यस प्रदेशको पर्यटन गतिविधिको अन्य प्रदेशमा पनि प्रचार प्रसार हुनेछ ।

## १३६. अन्तर्राष्ट्रिय सगरमाथा दिवस (तयारी तथा कार्यान्वयन)

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय, पर्यटन विभाग लगायत हिमाल आरोहण सम्वद्ध संघसंस्थाहरुले सगरमाथा दिवस मनाउदै आएको छ र सोहि कार्यक्रममा कोशी प्रदेश सरकारले पनि कोशी प्रदेशमा अवस्थित विश्वको सर्वोच्च शिखरको रुपमा रहेको सगरमाथाको प्रथम आरोहण गरीएको दिन सन् १९५३, मे २९ को सम्झनामा सगरमाथा दिवस मनाउने गरी मन्त्रालयले रकम विनियोजन गरीएको छ।

**कार्यान्वयन प्रक्रिया**

- संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय, पर्यटन विभाग लगायत हिमाल आरोहण सम्वद्ध संघसंस्थाहरुसँग समन्वय गर्ने,
- सगरमाथा दिवस मूल समारोह समितिसँग समन्वय तथा कार्यसूची तयार गर्ने,
- सगरमाथा आरोहणका क्रममा आरोहीहरुलाई उद्दार गर्ने जनशक्तिहरुको महत्व मेहनत र योगदानको सम्मान गर्दै हिमाल आरोहण सहयोगी उद्दारकर्ताहरु/Rescuers छनौट गर्ने,
- सम्मान/ प्रमाणपत्र छपाई गर्ने,
- व्यानर तयारी तथा छपाई,
- पुरस्कार राशी व्यवस्थापन,
- हिमाल आरोहण सहयोगी उद्दारकर्ताहरुसँग सम्पर्क तथा समन्वय,
- दिवसको दिन विहानी सत्रमा प्रभातफेरी र्‍याली सञ्चालन गर्ने,
- सगरमाथा क्षेत्रमा समेत स्थानीय तहसमेतको समन्वयमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरी सगरमाथा दिवस मनाउने,
- सगरमाथासँग सम्बन्धित विभिन्न उच्च किर्तिमानी कायम गर्ने नेपाली/विदेशी नागरीकहरुलाई सम्मान तथा पुरस्कार गर्ने साथै पुरस्कृत व्यक्तिहरुलाई कार्यक्रममा सहभागी गराउँदा खाना/खाजा/वासको व्यवस्था गर्न सकिने ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५,००,०००।- (पाँच लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

सगरमाथा आरोहणका क्रममा आरोहिहरुलाई उद्दार गर्ने जनशक्तिहरुको महत्व, कामको मूल्याङ्कन, मेहनत र योगदानको सम्मान भई उद्दारमा सक्रीय सहभागिताका लागि मनोवल र उत्प्रेरणामा बढोत्तरी हुने।

विशाल घिमिरे
प्रदेश सचिव

## १३७. पर्यटन नीतिगत अन्तरक्रिया

कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को प्रचार प्रसार तथा पर्यटन प्रवर्द्धन गर्न के कस्तो नीति, कार्यक्रम एवम् संरचनाहरुको आवश्यक पर्छ। सो सम्बन्धमा सरोकारवालाहरु, पर्यटन व्यावसायीहरु, नीजी क्षेत्रका प्रतिनिधिहरु, जनप्रतिनिधिहरु लगायतसँग समन्वय र अन्तरक्रिया गरी राय परामर्श संकलन गर्ने प्रयोजनका लागि यो कार्यक्रम तयार गरीएको हो।

### कार्यान्वयन विधि

पर्यटन क्षेत्रका विषयमा देखिएका नीतिगत समस्याहरुको छलफल/अन्तरक्रिया गर्न सरोकारवालासहितको उपस्थितिमा यो कार्यक्रमबाट बैठक आयोजना गरीने छ। सहभागी संख्याका आधारमा प्रचलित कानून बमोजिम लागत अनुमान तयारी एवम् स्वीकृति गरी यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।यस कार्यक्रमबाट सहभागीका लागि स्टेशनरी, व्यानर, खाजा, खाना, यातायत खर्च, सहभागी भत्ता, खादा, माला, बुके, मायाको चिनो, हल भाडा आदिमा खर्च गर्न सकिनेछ।

### जनशक्ति व्यवस्थापन

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि रु. ५,००,०००।- (पाँच लाख) बजेट विनियोजन गरीएकोछ।

### अपेक्षित उपलब्धी

नीतिगत सुधारका लागि रासुझाव प्राप्त हुनेछ ।

## १३८. पर्यटन सम्बन्धी लेखन वृत्ती

कोशी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरुको बारेमा जानकारीमुलक लेख रचनाका लागि लेखन वृत्ती प्रदान गरीनेछ । संकलन भएका लेख रचनाहरु पुस्तिकाको रुपमा प्रकाशन गरीनेछ ।

### कार्यान्वयन प्रक्रिया

- पर्यटन सम्वद्ध क्याम्पसमा स्नातक तह/स्नातकोत्तर तहको अन्तिम वर्षमा अध्ययरत विद्यार्थीहरुलाई सम्बन्धित क्याम्पसले सिफारिस गरी पठाएका बढीमा १० जना विद्यार्थीहरुलाई पर्यटन सम्बन्धी लेखन वृत्तीमा समावेश गर्न सकिनेछ ।
- कम्तिमा १०० पृष्ठसम्मको पर्यटन सम्बन्धी खोजमूलक शोध लेखनका लागि प्रति विद्यार्थी ५० हजारसम्म प्रदान गर्न सकिनेछ।
- यस रकमबाट विद्यार्थीहरुले यातायत खर्च, भ्रमण खर्च, समुह छलफलका लागि हुने खर्च (FGD), स्टेशनरी, शोधपत्र छपाइ आदिमा खर्च गर्न सक्नेछ ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

- सम्बन्धित क्याम्पसबाट शोधपत्र स्वीकृति भएपश्चात १ प्रति शोधपत्र र सम्झौता बमोजिमका बिल भर्पाइहरु मन्त्रालयमा बुझाएपछि लेखन वृत्ती भुक्तानी गरीनेछ।
- संकलन भएका लेख रचनाहरु पुस्तिकाको रुपमा प्रकाशन गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. १०,००,०००।- (दश लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

कोशी प्रदेशको पर्यटनको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने १० जना विद्यार्थीहरुले पर्यटन लेखन शोध वृति लेखन भई पुस्तिका प्रकाशन हुनेछ।

## १३९. उत्कृष्ट पर्यटन सञ्चारकर्मी पुरस्कार

यस प्रदेशको पर्यटनको विषयमा विभिन्न संचार माध्यम, सामाजिक सञ्जाल, पत्रपत्रिका, तथा विभिन्न कार्यक्रमबाट प्रचारर प्रसार र पर्यटनको गतिविधिलाई सबै सामु पुऱ्याउन उत्कृष्ठ योगदान गरेवापत उत्कृष्ट पर्यटन सञ्चारकर्मी पुरस्कारबाट सम्मानित गरीनेछ।

**कार्यान्वयन प्रक्रिया**

- कोशी प्रदेशको पर्यटनको क्षेत्रमा विभिन्न सञ्चार माध्यमबाट उत्कृष्ट योगदान पुऱ्याउने सञ्चारकर्मीलाई पुरस्कार प्रदान गरीने छ।
- नेपाल पत्रकार महासंघ लगायतको समन्वयमा मूल्याङकन मापदण्ड तयार गरी सार्वजनिक सूचना प्रकाशन गरी आवेदन माग गरीनेछ।
- मूल्याङकन तथा सिफारिस गर्न एक मूल्याङकन समिति गठन गरीनेछ र उक्त समितिको सिफारिस बमोजिम पुरस्कृत गरीनेछ।
- पर्यटन विधामा पत्रकारिता गर्ने १० जना संचारकर्मीहरुलाई पुरस्कारबाट सम्मानित गरीनेछ।
- कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक पर्ने सुचना प्रकाशन, सम्मान पत्र, खादा, माला, खाना, खाजा, बैठक भत्ता, यातायात लगायतमा खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. २,५०,०००।- (दुइ लाख पचास हजार) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

कोशी प्रदेशको पर्यटनको क्षेत्रमा योगदान पुर्‍याउने १० जना सञ्चारकर्मी सम्मानित हुनेछन र पर्यटन प्रवर्द्धनको क्षेत्रमा सकृय रुपमा लाग्नेछन ।

## १४०. पर्यटन सेवा प्रवाहका लागि क्षमता अभिवृद्धि तालिम (कर्मचारी लक्षित)

पर्यटन सेवा प्रवाह विषयमा कर्मचारीहरुको क्षमता वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।

**कार्यान्वयन प्रक्रिया**

- मन्त्रालय, पर्यटन कार्यालय, पर्यटन विकास आयोजनाका कर्मचारीहरुलाई यो तालिम प्रदान गरीनेछ।
- तालिमको लागि पर्यटनसँग सम्बन्धित विज्ञ प्रशिक्षकको व्यवस्था गरीनेछ ।
- यस कार्यक्रमबाट प्रशिक्षकको पारिश्रमिक, यातायात खर्च, सहभागी स्टेशरी, खाजा, खाना खर्च, ब्यानर, मायाको चिनो, प्रमाणपत्र, हल भाडा, भ्रमण खर्च लगायतमा खर्च गरीनेछ ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५,००,०००।- (पाँच लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

कार्यक्रबाट कर्मचारीहरुमा पर्यटन क्षेत्रको सेवा प्रवाहमा सीप विकास भई प्रभावकारी सेवा प्रवाह हुनेछ ।

## १४१. प्रचार प्रसार सामाग्री उत्पादन र वितरण

पर्यटन वर्ष सम्बन्धी तथा कोशी प्रदेशको प्रमुख पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसारका लागि व्रोसर, पुस्तिका उत्पादन तथा प्रकाशन गरी वितरण गरीनेछ ।

**कार्यान्वयन विधि**

पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसारका लागि ब्याच, व्रोसर, पुस्तिका प्रकाशन गर्ने । पर्यटन वर्ष सम्बन्धी नेपाली, अंग्रेजी, हिन्दी, बंगाली भाषामा प्रचार प्रसार सामाग्री तयार गर्न र सो को प्रकाशन गर्न लागत अनुमान तयार गरी यो कार्यक्रम सञ्चालन को प्रक्रिया अगाडि वढाउनु पर्नेछ। सार्वजनिक

खरिद विधि अनुसार प्रकाशनको कार्य गर्नु पर्नेछ। विभिन्न भाषामा अनुवादका लागि विज्ञ सेवा लिन सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. २०,००,०००।- (विस लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार भएको हुनेछ।

## १४२. उपाहरजन्य सामाग्री छपाई, खरिद तथा उत्पादन

पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्ने।

**कार्यान्वयन विधि**

यो कार्यक्रम सञ्चालन का लागि आवश्यक प्रसार सामाग्रीहरुको विवरण तयार गरी स्वीकृत भएको लागत अनुमान स्पेशिफिकेशन आदि बमोजिम सार्वजनिक खरिद विधी अनुसार उपहारजन्य सामग्री छपाई तथा खरिद गर्नु पर्नेछ। यस कार्यक्रमबाट डायरी, टोपी, कप, टीसर्ट, झोला, भित्तेपात्रो, पर्यटकीय पहिचानको फोटो पोष्टर विभिन्न आकारका स्टीकर तथा अन्य आवश्यकता अनुसारका सामाग्रीहरु छपाइ गर्न सकिनेछ। स्थानीय उत्पादनका सामाग्रीहरुलाई प्राथमिकता दिइनेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५,००,०००।- (पाँच लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार भएको हुनेछ।

## १४३. भिडियो डकुमेन्ट्री निर्माण

कोशी प्रदेशमा रहेको मूख्य-मूख्य पर्यटकीय गन्तव्यहरु समेटीएको डकुमेन्ट्री तयार गर्ने।

**कार्यान्वयन विधि**

यस कार्यक्रमबाट डकुमेन्ट्री बनाउन नेपाल टेलिभिजनको स्वीकृत नर्मस प्रयोग गर्नु पर्नेछ। डकुमेन्ट्री 4k quality को हुनु पर्नेछ। अंग्रेजी भाषामा सब-टाइटल तथा सम्भव भएसम्म सांकेतिक भाषा समेत

प्रयोग गर्नुपर्नेछ । तयार भएको भिडियो डकुमेन्ट्री मन्त्रालयको मूल्याङ्कन समितिबाट स्वीकृत भएको हुनु पर्नेछ। यो कार्यक्रमको खर्च भुक्तानीका लागि डकुमेन्ट्री समावेश भएको पेन ड्राइभ समावेश गरी सम्झौता बमोजिम भए नभएको चेकजाँच गरी भुक्तानी गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५,००,०००।- (पाँच लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

कोशी प्रदेशमा रहेको मूख्य-मूख्य पर्यटकीय गन्तव्यहरु समेटीएको एक वटा डकुमेन्ट्री तयार भएको हुनेछ।

## १४४. कोशी प्रदेशको होमस्टेहरुको तथ्याङ्क अभिलेखिकरण

कोशी प्रदेशको विभिन्न स्थानमा रहेका होमस्टेहरुको तथ्याङ्क संकलन गरी अभिलेखीकरण गर्न यो कार्यक्रम तय गरीएको छ ।

**कार्यान्वयन विधि**

होमस्टहरुको सूचना सहितको तथ्यांक संकलन अभिलेखिकरण कार्य यसै कार्यक्रमबाट सम्पन्न गराउनु पर्नेछ। यो कार्यक्रम सञ्चालन का लागि सार्वजनिक खरिद ऐन नियम अनुसार संस्था छनौट गरी सम्झौताका आधारमा तथ्यांक सहितको विवरण/प्रतिवेदन लिई भुक्तानी गर्नु पर्ने छ। सो प्रतिवेदनवाट पुस्तिका प्रकाशन(अर्को कार्यक्रमबाट) गर्न सकिने छ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. २०,००,०००।- (विस लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

कोशी प्रदेशको होमस्टेहरुको तथ्याङ्क अभिलेखिकरण भएको हुनेछ। यस अभिलेखलाई प्रयोग गरी होमस्टेहरुको विवरण सहितको पुस्तिका (अर्को कार्यक्रमबाट) प्रकाशन गरीनेछ।

## १४५. होमस्टेहरुको विवरण सहितको पुस्तिका प्रकाशन

कोशी प्रदेश विशेष गरी ग्रामीण र पहाडी क्षेत्रहरूमा होमस्टे विकासका लागि प्रशस्त सम्भावनाहरू छन्।विशेष गरी पछिल्लो समयमा होमस्टेको लोक प्रियता बढ्दै जाँदा होमस्टेमा बास बस्ने पर्यटकहरुको संख्यामा उल्लेख्य बृद्धि हुदै गएको छ।त्यसैले उनीहरुलाई यस प्रदेशमा भएका

होमस्टेहरुको जानकारी प्रदान होस र होमस्टे सम्बन्धी नीति तथा कार्यक्रम बनाउन सहज होस भन्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- कोशी प्रदेशको होमस्टेहरुको तथ्याङ्क अभिलेखीकरण कार्यक्रमबाट आएको तथ्यतथ्याङ्क प्रयोग गरी होमस्टेहरुको विवरण सहितको पुस्तिका प्रकाशन गरीनेछ ।
- प्रकाशन गरीने पुस्तकमा होमस्टे सम्बन्धी नाम, ठेगाना, सम्पर्क, सुविधा, पहुँच आदिको जाकारी समेट्नु पर्नेछ।
- मन्त्रालय तथा मातहतका कार्यालयका कर्मचारीबाट विवरण संकलन गर्न लगाइ पुस्तिका प्रकाशन गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. २,००,०००।- (दुइ लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

कोशी प्रदेशमा रहेका होमस्टे सम्बन्धी जानकारीमुलक पुस्तक प्रकाशन हुनेछ।

## १४६. नेपाल टेलिभिजन मार्फत पर्यटन प्रवर्द्धन

नेपाल टेलिभिजनसँगको सहकार्यमा कोशी प्रदेशका पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्ने ।

**कार्यान्वयन विधि**

यो कार्यक्रम नेपाल टेलिभिजनसँग सम्झौता गरी सञ्चालन गरीनेछ । प्रदेशमा रहेका उत्कृष्ट पर्यटकीय गन्तव्य तथा विभिन्न जातजातीका संस्कार संस्कृती तथा रैथाने खाना साथै पर्यटन आकर्षण तथा प्रवर्द्धनमा सहयोग पुग्ने किसिमका सामाग्री तयार पारी प्रचार प्रसार गर्नुपर्नेछ। कार्य्रकम समापन भएपछि प्रशारण गरीएका सामाग्रीहरु पेनड्राइभमा बुझाउनु पर्नेछ । प्रसारण प्रमाण पत्र समेत बुझाउनुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५,००,०००।- (पाँच लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार भएको हुनेछ ।

**१४७. पर्यटन सेवाप्रवाह सम्बन्धी कार्यविधि/निर्देशिकाहरुको संगालो प्रकाशन**

संघ तथा प्रदेश सरकारबाट निर्माण भएका ऐन, नियमावली, निर्देशिका, मापदण्ड, कार्यविधि, मार्गदर्शन, नीतिहरुको संगालो प्रकाशन गर्ने ।

**कार्यान्वयन विधि**

मन्त्रालयबाट पर्यटन सेवा प्रवाह सम्बन्धी संघ तथा प्रदेश सरकारबाट निर्माण भएका ऐन, नियमावली, निर्देशिका, मापदण्ड, कार्यविधि, मार्गदर्शन, नीतिहरु आदीको संकलन गरी एकमुष्टको संगालो प्रकाशन गरीनेछ । यसका लागि मन्त्रालयबाट कर्मचारीहरु परिचालन गरीने छ । सार्वजनिक खरिद कानून बमोजिम प्रकाशन कार्य गरीनेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५,००,०००।- (पाँच लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

पर्यटन सेवा प्रवाहसँग सम्बन्धित निर्माण भएका ऐन, नियमावली, निर्देशिका, मापदण्ड, कार्यविधि, मार्गदर्शन, नीतिहरुको संगालो ५०० थान प्रकाशन भएको हुनेछ ।

**१४८. ऐन/ नियम/ नीति/ निर्देशिका/ कार्यविधि/ मापदण्ड आदि तयारी**

मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयमा नीति, ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, मार्गदर्शन आदीको तयारी गर्ने ।

**कार्यान्वयन विधि**

मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयमा ऐन, नियमावली, निर्देशिका, मापदण्ड, कार्यविधि, मार्गदर्शन, नीति आदीको तयारीका लागि समिति गठन गरीनेछ । ऐन, नियमावली, निर्देशिका, मापदण्ड, कार्यविधि, मार्गदर्शन तर्जुमा तथा संशोधनका लागि आवश्यक विवरण संकलन, मस्यौदा तयारी,छलफल तथा अन्तर्क्रिया ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. १०,००,०००।- (दश लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

नीति, ऐन, नियमावली, निर्देशिका, मापदण्ड, कार्यविधि, मार्गदर्शन तयार भएको हुनेछ।

## १४९. Media Influncer मार्फत पर्यटन वर्षको प्रचार प्रसार

मिडिया इन्फ्ल्यूयन्सर मार्फत पर्यटन वर्षको प्रचार प्रसार गर्ने।

**कार्यान्वयन विधि**

- यो कार्यक्रम सञ्चालन का लागि स्वीकृत लागत अनुमान र कार्यसूची बमोजिमको कार्य गर्न सार्वनिक खरिद ऐन नियमानुसार गर्नु पर्ने छ।
- मिडिया इन्फ्ल्यूयन्सर मार्फत कोशी प्रदेशको पर्यटन वर्षको प्रचार प्रसार गरीनेछ।
- मिडिया इन्फ्ल्यूयन्सरले सामाजिक संजालमा पर्यटन वर्ष तथा पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्नुपर्ने छ।
- मिडिया इन्फ्ल्यूयन्सरले उत्पादित सामाग्री प्रशारण गर्नु भन्दा पहिले यस मन्त्रालयको स्वीकृती लिनु पर्ने छ।
- कार्यक्रम समापन भए पश्चात संस्थाले प्रचार प्रसार भएका सामग्रीहरुको पेन ड्राइभ, कार्य सम्पन्न प्रतिवेदन र सोसँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम भुक्तानी गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ६,००,०००।- (छ लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

मिडिया ईन्फ्लुयन्सर तथा सामाजिक संजाल मार्फत पर्यटन वर्षको प्रचार प्रसार भएको हुनेछ।

## १५०. विमानस्थलहरु (काठमाण्डौ, पोखरा, भैरहवा) को प्रतिक्षालय तथा सिनेमा हलमा पर्यटन प्रवर्द्धन भिडियो तथा सूचना प्रसार

पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्ने।

**कार्यान्वयन विधि**

यो कार्यक्रम सञ्चालन का लागि प्रचार सामाग्री फोटो भिडियो तयार गरी नेपालका ३ वटा अन्तर्राष्ट्रिय विमानस्थलहरुमा पर्यटन वर्षको प्रवर्द्धनात्मक प्रसार गर्न नागरीक उड्ड्यन प्राधिकरणसँग समन्वय गरेर कार्यक्रम सञ्चालन गर्न सकिनेछ। सिनेमा हलमा पर्यटन प्रवर्द्धनको भिडियो तथा सूचना प्रचार प्रसारका लागि सिनेमा हल वा कम्पनीहरुसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गरीनेछ । कार्य सम्पन्न भए पश्चातबिलभर्पाईका आधारमा यो कार्यक्रमका लागि भएको खर्चको भुक्तानी गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. १०,००,०००।- (दश लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार भएको हुनेछ ।

**१५१. समग्र कार्यक्रमको प्रतिवेदन प्रकाशन**

वार्षिक प्रगति प्रतिबेदन तयारी तथा प्रकाशन गर्ने ।

**कार्यान्वयन विधि**

यो कार्यक्रमबाट मन्त्रालय तथा मातहतका निकायहरुबाट पर्यटन वर्षसँग सम्बन्धित भए गरेका क्रियाकलापहरु समेटेर प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गरीनेछ। यसका लागि मन्त्रालय, आयोजना र पर्यटन कार्यालयका प्रतिनिधीहरु सम्मिलित समिति बनाइ पाण्डुलिपी तयार गर्नुपर्नेछ । यसका लागि सार्वजिक खरिद ऐन नियम बमोजिमको खरिदको विधिबाट छपाइ गरी भुक्तानी गर्ने व्यवस्था गर्नु पर्नेछ। प्रकाशित पुस्तिकालाई भर्पाई गराई वितरण गर्ने व्यवस्था समेत मिलाउनु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५०,०००।- (पचास हजार) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

वार्षिक प्रगति प्रतिबेदन तयारी तथा प्रकाशन भएको हुनेछ ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

## १५२. प्रदेश कर्मचारी लगायतको सहभागितामा हिमाल आरोहण

कोशी प्रदेशमा कार्यरत निजामती कर्मचारी समेतको सहभागितामा हिमाल आरोहण गरी पर्यटन प्रवर्द्धन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- यो कार्यक्रम कोशी प्रदेशमा रहेका हिमाल आरोहण गर्न इच्छुक कर्मचारीहरुको लागि हिमाल आरोहण गराई हौसला प्रदान गर्ने उद्देश्यले कार्यक्रम तय गरीएको हो । यसका लागि प्रदेश निजामति सेवामा कार्यरत कर्मचारीहरु मध्येबाट छनौट गरी हिमाल आरोहणका लागि खटाइनेछ।
- हिमाल आरोहणसँग सम्बन्धित संघ/संस्थासँगको समन्वय र सहकार्यमा कार्यक्रम कार्यान्वयन गर्न सकिने छ।
- यस कार्यक्रबाट हिमाल आरोहण गर्दा आबश्यक पर्ने समाग्रीहरु खरिद तथा भाडामा लिई प्रयोग गर्न सकिनेछ।
- हिमाल आरोहण गराउने संघ/संस्थासँग आबश्यक सम्न्वय गरी यो कार्यक्रम गर्न सकिने छ।
- यस कार्यक्रबाट हिमाल आरोहण गर्न जाने कर्मचारीहरुको दैनिक भ्रमण खर्च, यातायात खर्च, आरोहण सामाग्री खरिद तथा व्यवस्थापन, लुगा कपडा, जुत्ता, लौरा, औषधी तथा अक्सिजन, टुर गाइड तथा सहयोगीको पारिश्रमिक, सरकारलाई बुझाउनु पर्ने रोएल्टी, विमा, उद्दार तथा राहत लगायतमा रकम खर्च गरीनेछ ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५,००,०००।- (पाँच लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

कार्यक्रमबाट प्रदेशका कर्मचारीहरुको साहसिक भावनामा वृद्धि हुन गई हिमाल आरोहणको किर्तिमानी कायम हुनेछ ।

## १५३. प्रदेश मन्त्रालयबाट संचालित पर्यटन विषयक कार्यक्रमहरुको अभिलेखिकरण

स्थापनाकाल देखि मन्त्रालय र मातहतका निकायहरुले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका निमित्त भए गरेका विभिन्न कामहरु, निर्णयहरु, पहल कदमीहरु, विकास निर्माणका कार्यहरु, निर्मित ऐन, नियम, निर्देशिकाहरु प्रष्ट हुने गरी अभिलेख तयार गरी राखिने छ ।

**कार्यान्वयन प्रक्रिया**

यसका लागि प्रचलित नियमानुसार कार्यसूची तथा लागत इष्टिमेट स्वीकृत सार्वजनिक खरिद ऐन नियम अनुसार परामर्शदाता छनौट गरी अभिलेखिकरण कार्य सम्पादन गरीनेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा मातहतका निकायमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. १०,००,०००|- (दश लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

मन्त्रालय र मातहतका निकायबाट हालसम्म पर्यटन प्रवर्द्धन र पर्यटन क्षेत्रको विकासको लागि भए गरेका सम्पूर्ण प्रकारका कामहरुको जानकारी एवम् अभिलेख तयार भई आगामी दिनमा पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनको निम्ति सहजता हुनेछ।

**१५४. कोशी प्रदेश पर्यटन वर्ष**

कोशी प्रदेश सरकारको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रममा व्यवस्था भए बमोजिम कोशी प्रदेशको पर्यटन क्षेत्रलाई दिगो रुपमा प्रवर्द्धन गरी पर्यटनको अवसर र सम्भावनाको उपयोग गर्दै प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाउन निजी क्षेत्र समेतको सहकार्यमा सञ्चालन गर्ने गरी प्रदेश गौरबको महत्वपूर्ण कार्यक्रमको रुपमा कोशी प्रदेश सरकारबाट मिति २०८१/०६/११ मा घोषणा भएको कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को शुभारम्भ कार्यक्रम सम्माननीय उप-प्रधानमन्त्री प्रकाशमान सिंह ज्यूको प्रमुख आतिथ्यतामा तेह्रथुम जिल्लाको लालीगुराँस नगरपालिका तिनजुरे-मिल्के क्षेत्रमा रहेको आर.आर. गार्डेनमा मिति २०८१ चैत्र २७ गते सञ्चालन भयो। यस वर्ष पनि निरन्तर पर्यटनका गतिवधीहरुलाई चलायमान गराउनका लागि विभिन्न कार्यक्रमहरु तय गरी सञ्चालन गरीनेछ। यसले कोशी प्रदेशको धार्मिक, साँस्कृतिक, पर्यापर्यटन, साहसिक तथा ग्रामिण पर्यटनको प्रवर्द्धन एवम विकासमा महत्वपूर्ण भूमिका खेल्नेछ।

**कार्यान्वयन प्रक्रिया**

यसका लागि कोशी प्रदेश सरकारबाट स्वीकृत **कोशी प्रदेश भ्रमण वर्ष, २०८२** कार्यक्रम सञ्चालन तथा कार्यान्वयन निर्देशिका/कार्यविधि बमोजिम कोशी प्रदेशको पर्यटन विकासमा कोसे ढुङ्गा सावित हुने प्रकारका कार्यक्रमहरु छनौट गरी निर्देशक समितिबाट कार्यक्रम स्वीकृत गरी मन्त्रालय एवम् मातहतका निकायहरुबाट प्रचलित सार्वजनिक खरिद ऐन नियम बमोजिम कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ। यस क्रियाकलापमा भएको रकम बाँटफाड भइ स्वीकृत भएपछि आवश्यकता अनुसार मार्गदर्शन तयार गरी स्वीकृत गरीनेछ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा पर्यटन कार्यालय वा पर्यटन विकास आयोजना मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५,४६,००,०००।- (पाँच करोड छयालिस लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

कोशी प्रदेशको समग्र पर्यटन क्षेत्र चलायमान भई यस प्रदेशका पर्यटन व्यवसाय फस्टाउने र अर्थतन्त्रमा टेवा पुग्ने।

**१५५. निर्देशक समिति अनुगमन भ्रमण खर्च**

(क्र.स.- २.८.१.११ खर्च शीर्षक २२६११ विनियोजित रकम –१० लाख, परिणाम- १ प्याकेजमा )

कोशी प्रदेश पर्यटन वर्ष २०८२ का सन्दर्भमा विभिन्न स्थानहरुमा सञ्चालन हुने कार्यकमहरुको अनुगमन तथा मूल्याङ्कनका लागि जादा भ्रमण खर्च नियमावली अनुसार खटिई गएमा निर्देशक समितिका पदाधिकारी एवम् कर्मचारीहरुलाई नियमानुसार भ्रमण खर्च उपलब्ध गराइनेछ । यो कार्यक्रम सञ्चालन का सन्दर्भमा अन्तर्राष्ट्रिय भ्रमणमा जानुपर्ने भएमा नियमानुसार प्रदेश सरकारको स्वीकृती लिनुपर्नेछ।

**१५६. TTDP-QR कोडमा आधारित कथा र लोक कथाहरुको जानकारी**

कोशी प्रदेशमा रहेको मुख्य गन्तव्य तथा पर्यटकीय स्थलहरुको लगायत विभिन्न जात जातीका संस्कार संस्कृतिसँग सम्बन्धित विषयहरुमा आधारित कथा तथा लोक कथाहरु समेटिएको QR कोड निर्माण गरी सोको माध्यमबाट जानकारी गराउने उद्देश्यले यो कार्यक्रममा रकम विनियोजन गरीएको छ।

**कार्यान्वयन विधि**

यो कार्यक्रम सञ्चालन का लागि लागत अनुमान, कार्यसूची र प्रस्तावपत्र स्वीकृत गरी सार्वजनिक खरिद ऐन नियमानुसार प्रस्तावपत्रको छनौट गरी सम्बन्धित संस्थासँग सम्झौता गर्नु पर्नेछ। सम्बन्धित कथा लोक कथाहरु सम्बन्धित ठाँउमा स्थलगत पुगी आधिकारिक व्यक्ति, पौराणिक लेख रचना, दस्तावेजहरुबाट संकलन गरी मन्त्रालयमा पेश गरी मन्त्रालयले QR कोडमा समावेश गर्न सहमती दिए पश्चात QR कोडमा समावेश गरी तयार गरी प्रकाशन भए पछि चेकजाँच गरी सम्झौता बमोजिमको रकम भुक्तानी गर्नु पर्नेछायसको लागत अनुमान तयारीका लागि स्वीकृत सरकारी नर्मस प्रयोग गर्नु

पर्नेछ। तयार भएका QR कोड सहितको जानकारीहरु मन्त्रालय वा मातहतको निकायको वेभसाइटमा लिङ्क गरीनेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा पदमार्गमा आधारित पर्यटन विकास आयोजना मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ७,००,०००।- (सात लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

पर्यटकीय गन्तव्यहरु र संस्कार सस्कृतिको बारेमा पौराणिक तथा ऐतिहासिक जानकारी भई बढी प्रचार प्रसार भएको हुनेछ।

**१५७. TTDP – पदमार्गका लागि ब्राण्ड एम्वेस्डर नियुक्ति**

TTDP – पदमार्गको प्रचार प्रसारका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त व्यक्तित्वहरुलाई सामेल गराइ पर्यटन प्रवर्द्धन गर्ने।

**कार्यान्वयन विधि**

कोशी प्रदेश बासीहरुमध्ये अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त व्यक्तित्वहरुलाई TTDP पदमार्गकका लागि ब्राण्ड एम्वेस्डर नियुक्ति गरी त्यसको स्वदेश तथा विदेशमा प्रचार प्रसार, सम्वर्द्धन र प्रवर्द्धनात्मक कार्य गर्नका लागि आवश्यक पर्ने सामाग्री, आतेजाते यातायात खर्च, व्यवस्थापन खर्च, पारिश्रमिक लगायतका लागि यो कार्यक्रमबाट खर्च गर्न सकिनेछ। कोशी प्रदेशमा स्वीस सहयोगबाट निर्माणाधिन इलामको चियाबारी पदमार्ग, इलाम पाँचथरको फाल्गुनन्द पदमार्ग, संखुवासभा तेह्रथुमको लालिगुराँस पदमार्ग र भोजपुर खोटाङको मुन्दुम पदमार्गहरुको प्रवर्द्धनका लागि ख्यातिप्राप्त कलाकार, संगितकार, गायक/गायिका, पर्वतारोही, संरक्षणकर्मी लगायत अन्य ख्याती प्राप्त चर्चित व्यक्तित्वहरु मध्येबाट ब्राण्ड एम्वेस्डर नियुक्ति गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा पदमार्गमा आधारित पर्यटन विकास आयोजना मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. १९,००,०००।- (उन्नाइस लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

पदमार्गमा आधारति पर्यटन विकास परियोजनाको प्रचार प्रसारका लागि राष्ट्रिय रुपमा ख्याति प्राप्त व्यक्तित्वहरु लाई पर्यटनब्राण्ड एम्वेस्डर तोकी प्रचार प्रसार भएको हुने।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

## १५८. TTDP परियोजना व्यवस्थापन

नेपाल सरकार, स्वीस सरकार विकास सहयोग (SDC) कोशी प्रदेश सरकार बीच भएको त्रिपक्षीय सम्झौता अनुसार कोशी प्रदेश सरकार, स्वीस सरकार विकास सहयोग (SDC) र सम्बन्धित स्थानीय तहहरुसँगको त्रि-पक्षीय सम्झौता र लागत साझेदारीमा इलामको चियाबारी पदमार्ग, इलाम पाँचथरको फाल्गुनन्द पदमार्ग, संखुवासभा तेह्रथुमको लालिगुराँस पदमार्ग र भोजपुर खोटाङको मुन्दुम पदमार्गहरुको अनुगमन, समन्वयात्मक बैठक, परियोजना व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन हुने। यसका लागि TTDP इकाइको समन्वयमा विविध क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय वा पदमार्गमा आधारित पर्यटन विकास आयोजना मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ७,१०,०००।- (सात लाख दश हजार) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

इलामको चियाबारी पदमार्ग, इलाम पाँचथरको फाल्गुनन्द पदमार्ग, संखुवासभा तेह्रथुमको लालिगुँरास पदमार्ग र भोजपुर खोटाङको मुन्दुम पदमार्गको प्रचार प्रसार तथा समन्वय भई पर्यटकीय गतिविधि बढ्ने।

## १५९. केचना कन्चनजञ्घा पर्यटन प्रवर्द्धन कार्यक्रम

कोशी प्रदेश सरकारद्वारा मिति २०८१/४/१३ गते प्रदेश राजपत्रमा प्रकाशित केचना-कञ्चनजंघा पर्यटन विकास समिति (गठन) आदेश, २०८१बमोजिम गठन भएको समिति मार्फत कार्यक्रम सञ्चालन हुने।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम सञ्चालन का लागि विकास समितिबाट स्वीकृत कार्यक्रमहरु प्रचलित ऐन कानूनहरुको अधिनमा रही सञ्चालन गरीनेछ।

**जनशक्ति व्यवस्थापन**

केचना-कञ्चनजंघा पर्यटन विकास समिति मार्फत कार्यान्वयन गरीने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. २७,००,०००।- (सत्ताइस लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

मेची कोरिडरका ताप्लेजुङ, पाँचथर, इलाम र झापा जिल्लाका १२ पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार हुनका साथै संरचनागत सुधार हुने।

पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

## १६०. बोर्ड तथा प्रतिष्ठान गठन

(क्र.स२.५.११.५९ खर्च शीर्षक २२५२२ विनियोजित रकम –१० लाख, परिणाम- १ प्याकेज )

कोशी प्रदेश सरकारको निर्णयानुसार यस प्रदेशको पर्यटन क्षेत्रको विकास, विस्तार तथा उन्नयनका लागि गठन हुने बोर्ड तथा प्रतिष्ठानको नियमित खर्चको व्यवस्थापनका लागि यो रकम खर्च गर्न सकिनेछ।

## १६१. बैठक भत्ता

मन्त्रालयको कार्यक्रमहरु सञ्चालन का लागि आवश्यक पर्ने विभिन्न नियम, निर्देशिका, मापदण्ड तयारी, मूल्याङ्कन समिति, निर्देशक समिति, व्यवस्थापन समिति, वातावरणीय अध्ययन मूल्याङ्कन तथा सिफारिस समिति लगायतका बैठकमा सिर्जित दायित्वहरुको भुक्तानी गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- पर्यटन वर्षको सञ्चालन का लागि गठित निर्देशक समिति तथा व्यवस्थापन समिति, मूल्याङ्कन समिति, वातावरणीय अध्ययन लगायत अन्य समितिहरुको बैठकमा सहभागीहरुको लागि बैठक भत्ता भुक्तानी गरीने।
- कार्यालय समयभन्दा बाहिरको समयमा तथा प्रति दिन बढीमा २ वटा बैठकसम्मका भुक्तानी दिन सकिने।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. २०,००,०००।- (विस लाख) बजेट विनियोजन गरीएको छ।

**अपेक्षित उपलब्धी**

विभिन्न समिति बैठकहरु सञ्चालन भइ मन्त्रालयको कार्य सञ्चालन मा सहजता आएको हुने।

## १६२. International Public Theater Conference

विभिन्न देशका सर्जकहरु, कलाकारहरु, व्यवसायीहरुलाई एउटै मञ्चमा ल्याउने मात्र नभई सांस्कृतिक आदान प्रदान, सांस्कृतिक सम्बन्धलाई बढावा, स्थानीय कला, संस्कृति र सम्पदालाई समृद्ध बनाउनुका साथै पर्यटकीय गन्तव्यको प्रवर्द्धन समेत गर्नका लागि यस्ता अन्तर्राष्ट्रिय कला सम्मेलनले महत्वपुर्ण भूमिका पुर्‍याउने भएकोले यस शीर्षकमा रकम विनियोजन गरीएको छ।

**कार्यान्वयन विधि**

- कुनै पनि संस्था/निकाय, निजी क्षेत्र, पर्यटन व्यवसायीले लागत साझेदारी खुल्ने गरीको विस्तृत प्रस्तावना, आयोजकको निर्णय, सम्बन्धित स्थानीय तहको सिफारिस संलग्न राखी कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

- पेश भएको प्रस्तावनाको जाँचबुझ गरी कार्यालयले निर्णय गरी लागत साझेदारी लगायत अन्य शर्तहरु स्पष्ट खुल्ने गरी कार्यक्रम सञ्चालन को लागि सम्झौता गरी कार्यादेश दिनुपर्नेछ।
- थिएटर क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूलाई आमन्त्रित गरी मुख्य प्रस्तुति (Keynote speeches), कार्यशालाहरू (Workshops), प्यानल छलफल (Panel discussions), नाटक मञ्चन, प्रदर्शन (Performances), कला प्रदर्शनी, सांस्कृतिक भ्रमण (Cultural Tours) लगायतका कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ।
- यो कार्यक्रमबाट स्वागत गेट, टेन्ट कुर्सी भाडा, फोटोग्राफी तथा डकुमेन्ट्री तयारी, मञ्च व्यवस्थापन, सजावट, व्यानर, स्टेशनरी, साउण्ड सिस्टम, मायाको चिनो, कार्यक्रम स्थल तयारी लगायतका क्रियाकलाप आदिमा खर्च गर्न सकिने छ।यो रकमबाट खाना तथा खाजामा खर्च गर्न पाइने छैन।
- कार्यक्रम सम्पन्न पश्चात लागत अनुमानका आधारमा भएको खर्चको सक्कलैबिलर भर्पाईहरु, कार्य सम्पन्न प्रतिवेदन, फोटो र भिडियोहरु र सोसँग सम्बन्धित अन्य कागजातहरु सहित सम्बन्धित स्थानीय तहको सिफारिस लगायत कागजात संलग्न राखी भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धी**

- थिएटर कलामा रुचि राख्ने अन्तर्राष्ट्रिय पर्यटकहरू, अनुसन्धानकर्ताहरू र कलाकारहरू सम्मेलनमा भाग लिन आउने,
- स्थानीय नाटकहरू, परम्परागत कला प्रदर्शन र सांस्कृतिक कार्यक्रमहरू समावेश गर्दा नेपालको मौलिक कला र संस्कृतिलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन मद्दत पुग्ने,
- नेपाललाई एक पर्यटकीय गन्तव्यका रूपमा विश्वभरि प्रचार गर्न मद्दत पुग्ने।

## १६३. होमस्टेहरुलाई आतिथ्यता तथा पर्यटन प्रवर्द्धन तालिम

ग्रामीण पर्यटन प्रवर्धनका आधारस्तम्भको रुपमा रहेका होमस्टेहरुको व्यावसायिक दक्षता अभिवृद्धि गर्ने उद्देश्यले होमस्टे सञ्चालकहरुलाई आतिथ्यता तथा पर्यटन प्रवर्द्धन सम्बन्धी विषयमा जानकारी गराउन यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- नियमानुसार दर्ता/नवीकरण भई सञ्चालन मा रहेका नीजि तथा सामुदायिक होमस्टेहरुको आवश्यकता पहिचान गरी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।
- लागत अनुमान तयार गरी स्वीकृत बजेटको परिधिभित्र रही प्रशिक्षार्थीहरुको लागि स्टेशनरी, खाजा/खाना, यातायात खर्च, सहभागी भत्ता, व्यानर, प्रशिक्षक पारिश्रमिक, प्रतिवेदन तयारी, कर्मचारी भ्रमण खर्च लगायतमा खर्च गर्न सकिनेछ।

- आवश्यकता अनुसार यस कार्यक्रमको लागि परामर्श सेवा पनि खरिद गर्न सकिने छ।

**अपेक्षित उपलब्धी**

- होमस्टे सञ्चालकहरुको व्यावसायिक दक्षता अभिवृद्धि भएको हुनेछ।
- ग्रामिण पर्यटन प्रवर्द्धनमा टेवा पुग्नेछ।

## १६४. पर्यटन जनशक्तिः बिकास (आतिथ्यता सीप विकास) र अभिमुखीकरण

पर्यटन क्षेत्रको विकासका लागि दक्ष जनशक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ।आतिथ्यता सीप विकास र अभिमुखीकरण तालिमले यस क्षेत्रमा काम गर्ने व्यक्तिहरूको क्षमता अभिवृद्धि गरी उनीहरूलाई अझ व्यावसायिक र प्रभावकारी बनाउने उद्देश्यले यस कार्यक्रममा रकम विनियोजन गरीएको हो।

**कार्यान्वयन विधि**

- प्रचलित कानून र मापदण्ड अनुसार लागत अनुमान तयार गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।
- यस कार्यक्रमबाट स्टेशनरी, खाजा/खाना, यातायात खर्च, सहभागी भत्ता, व्यानर, प्रशिक्षक पारिश्रमिक, प्रतिवेदन तयारी, कर्मचारी भ्रमण खर्च लगायतमा खर्च गर्न सकिनेछ।
- यस कार्यक्रम सञ्चालन को लागि आवश्यकता अनुसार परामर्श सेवा खरिद गर्न सकिने छ।

**अपेक्षित उपलब्धी**

- पर्यटन क्षेत्रमा दक्ष र व्यावसायिक जनशक्तिको विकास हुनेछ।
- पर्यटकहरूले प्राप्त गर्ने सेवाको गुणस्तरमा उल्लेखनीय सुधार आउनेछ।
- 

## १६५. पर्यटन गाइड, पोर्टर, ड्राइभरहरुलाई क्षमता विकास तालिम अनुशिक्षण

पर्यटकीय क्षेत्रमा पर्यटन गाइड, पोर्टर र ड्राइभरहरू अग्रपंक्तिमा रहेर पर्यटकहरूसँग प्रत्यक्ष रूपमा जोडिने जनशक्ति हुन्।उनीहरूको क्षमता र व्यावसायिकताले पर्यटकको अनुभवमा प्रत्यक्ष प्रभाव पार्ने भएकोले उनीहरूको क्षमता र व्यवासायिकता अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- पर्यटन व्यावसयी, यातायात व्यावसायीहरुसँग समन्वय गरी यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।
- प्रचलित कानून र मापदण्ड अनुसार लागत अनुमान तयार गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।
- यस कार्यक्रमबाट स्टेशनरी, खाजा/खाना, यातायात खर्च, सहभागी भत्ता, व्यानर, प्रशिक्षक पारिश्रमिक, प्रतिवेदन तयारी, कर्मचारी भ्रमण खर्च लगायतमा खर्च गर्न सकिनेछ।

पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर (नेपाल)
विशाल घिमिरे
प्रदेश सचिव

- यस कार्यक्रम सञ्चालन को लागि आवश्यकता अनुसार परामर्श सेवा पनि खरिद गर्न सकिने छ।

**अपेक्षित उपलब्धी**

- दक्ष र व्यावसायिक पर्यटन गाइड, पोर्टर र ड्राइभरहरूको संख्यामा वृद्धि हुनेछ।
- पर्यटन क्षेत्रमा उनीहरूको पेशागत आत्मविश्वास र व्यवहार सुधारिने।
- पर्यटकहरूले प्राप्त गर्ने सेवाको गुणस्तरमा उल्लेखनीय सुधार आउनेछ।

**१६६. पर्यटन पत्रकारिता सम्बन्धी क्षमता विकास कार्यक्रम**

पर्यटनको प्रवर्द्धनमा सञ्चार माध्यमहरूको भूमिका अहम् हुन्छ।तर नेपालको पर्यटन प्रवर्द्धनमा प्रभावकारी सञ्चार र पत्रकारिताको कमी रहेको देखिन्छ।यही आवश्यकतालाई मध्यनजर राखेर पर्यटन पत्रकारिताको क्षेत्रमा क्रियाशील तथा इच्छुक पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- यो कार्यक्रम सञ्चालन का लागि लागत अनुमान तयार गरी सार्वजानिक सूचना प्रकाशित गरी प्रस्ताव माग गरीने छ।
- प्राप्त प्रस्तावका आधारमा कम लागतमा कार्यक्रम कार्यान्वयन गर्न इच्छुक पत्रकारिता क्षेत्रसँग सम्बन्धित संघसंस्थासँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरीने छ।
- कार्यक्रममा सहभागीलाई खानाखाजा खर्च, स्टेसनरी, यातायात खर्च, प्रशिक्षणका लागि खर्च, हल भाडा एवम् साउण्ड सिस्टम, कार्यालयको तर्फबाट गरीने कार्यक्रम अनुगमन खर्च र मसलन्दमा खर्च गर्न सकिने छ।
- कार्यक्रम सम्पन्नगरी कार्यसम्पन्न प्रतिवेदन, सक्कल बिल भर्पाई, फोटो/भिडियो लगायतका आवश्यक कागजात सहित भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धी**

- पर्यटन सम्बन्धी गुणस्तरीय, खोजमूलक र प्रभावकारी समाचार तथा सामग्री उत्पादनमा वृद्धि हुनेछ
- पर्यटन पत्रकारिताको क्षेत्रमा व्यावसायिकता र विशिष्टीकरण अभिवृद्धि हुनेछ ।

१६७. **पर्यटन पत्रकारिता सम्बन्धी क्षमता विकास तालिम (नेपाल पत्रकार महासंघ कोशी प्रदेशसँगको सहकार्यमा)**

पर्यटनको प्रवर्द्धनमा सञ्चार माध्यमहरूको भूमिका अहम् हुन्छातर नेपालको पर्यटन प्रवर्द्धनमा प्रभावकारी सञ्चार र पत्रकारिताको कमी रहेको देखिन्छायही आवश्यकतालाई मध्यनजर राखेर पर्यटन पत्रकारिताको क्षेत्रमा क्रियाशील तथा इच्छुक पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- नेपाल पत्रकार महासंघ कोशी प्रदेशसँग लागत अनुमान सहितको प्रस्ताव माग गरी सम्झौताका आधारमा पर्यटन पत्रकारिता सम्बन्धी कम्तिमा ३ दिनको तालिम सञ्चालन गरीने छ।
- यस कार्यक्रममा सम्बन्धित पर्यटन कार्यालयको कार्यक्षेत्र भित्रका जिल्लाहरुबाट सहभागिता सुनिश्चित गर्नुपर्ने छ।
- कार्यक्रममा सहभागीलाई खाना, खाजा खर्च, स्टेसनरी, व्यानर, यातायात खर्च, प्रशिक्षणका लागि खर्च, हल भाडा एवम् साउण्ड सिस्टम, कार्यालयको तर्फबाट गरीने कार्यक्रम अनुगमन खर्च र मसलन्दमा खर्च गर्न सकिने छ।
- कार्यक्रम सम्पन्नगरी कार्यसम्पन्न प्रतिवेदन, सक्कल बिल भर्पाई, फोटो/भिडियो लगायतका आवश्यक कागजात सहित भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धी**

- पर्यटन सम्बन्धी गुणस्तरीय, खोजमूलक र प्रभावकारी समाचार तथा सामग्री उत्पादनमा वृद्धि हुनेछ।
- पर्यटन पत्रकारिताको क्षेत्रमा व्यावसायिकता र विशिष्टीकरण अभिवृद्धि हुनेछ।

१६८. **जिल्लास्तरीय पर्यटन प्रवर्द्धन कार्यक्रम तथा अन्तरक्रिया**

कोशी प्रदेशका प्रत्येक जिल्लामा रहेका प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक स्थलहरूले आन्तरिक र बाह्यपर्यटकहरूलाई आकर्षित गर्ने प्रचुर सम्भावना बोकेका छन्।यद्यपि, धेरै जिल्लाहरूमा पर्यटनको उचित प्रवर्द्धन हुन सकेको छैन र स्थानीय पर्यटन सरोकारवालाहरूबीच समन्वयको कमी देखिन्छायसै आवश्यकतालाई मध्यनजर गर्दै पर्यटन प्रवर्द्धनका लागि स्थानीय स्तरमा सचेतना अभिवृद्धि गर्ने र सरोकारवालाहरूबीच सहकार्य बढाउने उद्देश्यले जिल्ला स्तरीय पर्यटन प्रवर्द्धन तथा अन्तरक्रिया कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- सम्बन्धित पर्यटन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने जिल्लाका स्थानीय तहहरुसँगको समन्वयमा स्थानीय तहका प्रमुख/उपप्रमुख, पर्यटन व्यावसायीहरु लगायतका उपस्थितिमा कार्यक्रम सञ्चालन गरीनेछ।
- यस कार्याक्रमबाट सञ्चालन सहभागीहरुको लागि खानाखाजा, स्टेशनरी, मायाको चिनो, व्यानर, प्रतिवेदन तयारी, यातायात खर्च एवम् दैनिक भ्रमण भत्ता जस्ता कार्यमा खर्च गरीने छ।

**अपेक्षित उपलब्धी**

- पर्यटन विकासका लागि साझा बुझाइ र दृष्टिकोणको विकास हुनेछ।
- स्थानीय समुदायमा पर्यटनको महत्त्वबारे सचेतना अभिवृद्धि भई उनीहरूको सहभागिता बढ्नेछ।

**१६९. सामुदायिक होमस्टे प्रवर्द्धनात्मक सहयोग कार्यक्रम**

ग्रामीण पर्यटन विकासमा सामुदायिक होमस्टेको भूमिका दिनानुदिन महत्त्वपूर्ण बन्दै गएको छ।होमस्टेले पर्यटकहरूलाई स्थानीय संस्कृति, जीवनशैली र प्राकृतिक सौन्दर्यको नजिकबाट अनुभव गर्ने अवसर प्रदान गर्छ भने स्थानीय समुदायलाई आर्थिक सशक्तीकरण र रोजगारी सिर्जनाको माध्यम पनि बनेको छ।यद्यपि, धेरै सामुदायिक होमस्टेहरूले प्रवर्द्धन र बजारीकरणको अभाव, सेवाको गुणस्तरमा एकरूपताको कमीर डिजिटल पहुँचको सीमितताका कारण अपेक्षित पर्यटक आकर्षित गर्न सकिरहेका छैनन्।यसै परिप्रेक्ष्यमा सामुदायिक होमस्टेहरूको क्षमता अभिवृद्धि, बजारीकरणमा सहयोगर समग्र प्रवर्द्धनका लागि यो कार्यक्रम सञ्चालन गरीनेछ।

**कार्यान्वयन विधि**

- यो कार्यक्रम सञ्चालन का निम्ति १५ दिने सार्वजानिक सूचना प्रकाशित गरीने छ।उक्त सूचना कार्यालयको वैबसाइट र सूचना पाटीमा प्रकाशन गर्नुपर्नेछ।
- सम्बन्धित कार्यालयको कार्यक्षेत्र भित्र नियमानुसार दर्ता/नवीकरण भइ सञ्चालन मा रहेका सामुदायिक होमस्टेहरुले आवश्यकताका आधारमा माग सहितको निवेदन पेश गर्नुपर्नेछ।
- होमस्टेहरुले प्रस्ताव दर्ता गर्दा स्थानीय तहको सिफारिस अनिवार्य राख्नुपर्ने छ।
- रीतपुर्वक पेश हुन आएका निवेदनहरुको आवश्यकता र औचित्यताको समेत अध्ययन गरी कार्यालयले कम्तिमा ३ वटा होमस्टेहरुको संस्थागत सुदृढीकरणका लागि वस्तुगत सहायता प्रदान गर्नेछ।
- सामुदायिक होमस्टेहरुलाई प्रदान गरीने सामाग्रीहरु प्रचलिन ऐन नियमअनुसार कार्यलयले खरिद गरी सम्बन्धित सामुदायिक होमस्टेहरुलाई नियमानुसार हस्तान्तरण गर्नेछ।

प्रदेश सरकार पर्यटन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

## १७२. पर्यटन सूचना केन्द्रहरुको सुदृढीकरण

विगत देखी नै सञ्चालन मा रहेका पर्यटन सूचना केन्द्रहरु र पर्यटन कार्यालयहरुबाट जडान गरीएका डिजिटल डिस्प्ले बोर्डहरुमा आवश्यक सामाग्री व्यवस्थापनको लागि यो कार्यक्रम राखिएको हो । कोशी प्रदेश सरकारले सञ्चालन गरेका वा स्थानीय तहले सञ्चालन गरेका सूचना केन्द्रहरुको सुदृढीकरणका निम्ति खर्च गर्न सकिने छ ।

**कार्यान्वयन विधि**

- डिजिटल डिस्प्ले बोर्डको लागि अडियो/भिडियो लगायतका प्रचार प्रसारका सामाग्रीहरु तयारी र विधुत वापतको खर्च समेत यस कार्यक्रमबाट गरीनेछ।
- सूचना केन्द्रको डाटा इन्ट्री, कम्प्युटरजन्य सामाग्री, मेसिनरी सामाग्री आदिमा समेत यस कार्यक्रमबाट खर्च गरीने छ।

**अपेक्षित उपलब्धी**

- पर्यटन सूचना केन्द्रहरू आधुनिक, व्यवस्थित र पर्यटक-मैत्री बन्नेछन्।
- पर्यटकहरूलाई सही, अद्यावधिक र व्यापक जानकारी सहजै उपलब्ध हुनेछ।

## १७३. पर्यटकीय क्षेत्रमा फोहोरमैला व्यवस्थापन तालिम तथा सामाग्री हस्तान्तरण

पर्यटकीय क्षेत्रका सरोकारवालहरुलाई फोहोरमैला व्यवस्थापन समन्धि तालिम कार्यक्रम सञ्चालन गर्न र फोहोर मैला व्यवस्थापन गर्नका निम्ति आवश्यक समाग्री हस्तान्तरण गर्न यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- यो कार्यक्रम सम्बन्धित स्थानीय तह, सरोकारवालाहरुको सहभागिता/समन्वयमा सञ्चालन गरीने छ।
- यस कार्यक्रमबाट स्टेशनरी, प्रशिक्षण खर्च, ढुवानी खर्च, भ्रमण खर्च, व्यानर, प्रतिवेदन तयारी, सामाग्री खरिद आदिमा खर्च गर्न सकिनेछ।
- यस कार्यक्रमको लागिआवश्यकता अनुसार परामर्श सेवा खरिद गर्न सकिने छ।
- फोहोर मैला व्यवस्थापनका लागि आवश्यक सामाग्रीको हस्तान्तरण नियमानुसार गरीनेछ।

**अपेक्षित उपलब्धी**

- पर्यटकीय क्षेत्र स्वच्छ स्वस्थ्य भई दिगो पर्यटन विकासमा सहयोग पुग्नेछ।

- यस कार्याक्रमको लागि सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्यको लागि अत्यावश्यक खर्च सम्बन्धित शीर्षकबाट गरीनेछ।

**अपेक्षित उपलब्धी**

- होमस्टेहरुले प्रदान गर्ने सेवाको गुणस्तरमा एकरूपता र व्यावसायिकता आउनेछ।
- ग्रामीण पर्यटन प्रवर्द्धनमा टेवा पुग्नेछ।

**१७०. मुख्य गन्तव्य क्षेत्रका धार्मिक, सार्वजानिक स्थलहरु र कोशी टप्पुमा सरसफाइ र सौन्दर्यकरण**

कोशी प्रदेशभित्र रहेका संरक्षणयोग्य ऐतिहासिक, धार्मिक तथा सार्वजनिक पर्यटकीय स्थलहरुको सौन्दर्यकरण र व्यवस्थापन गरी पर्यटन प्रवर्द्धन गर्न यो कार्यक्रम सञ्चालन गरीनेछ।

**कार्यान्वयन विधि**

- सम्बन्धित पर्यटकीय स्थलसँग सम्बन्धित संघ, संस्था, समिति वा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा यो कार्यक्रम सञ्चालन गरीनेछ।
- यस कार्यक्रमबाट सौन्दर्यरकरणसँग सम्बन्धित कामहरु- रंगकोगन, फोहोर व्यवस्थापन, विभिन्न साइनेज/फ्लेक्स/होर्डिङ बोर्ड व्यवस्थापन लगायतका कामहरु गर्न सकिनेछ।

**अपेक्षित उपलब्धी**

- गन्तव्य क्षेत्रमा सरसफाइ र सौन्दर्यमा उल्लेखनीय सुधार आउनेछ।
- गन्तव्य स्थलहरूको ब्रान्डिङ भई समग्र कोशी प्रदेशको पर्यटन क्षेत्रलाई टेवा पुग्नेछ।

**१७१. प्रचार-प्रसार सामाग्री विभिन्न आकारका होर्डिङ बोर्डहरु**

कोशी प्रदेश भित्रका पर्यटकीय क्षेत्रमा पर्यटकीय गतिविधिका लागि आवश्यकता अनुसारविभिन्न भाषाका होर्डिङ बोर्ड राखेर प्रचार प्रसारका निम्ति यो कार्यक्रम राखिएको छ।यसका लागि सम्बन्धित स्थानीय तहहरुसँग समेत आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गरीने छ।

**कार्यान्वयन विधि**

- यस कार्यक्रमबाट पर्यटकीय स्थल, सार्वजनिक स्थलहरुमा प्रचलित ऐन नियमानुसार खरिद गरी विभिन्न आकारका होर्डिङ बोर्डहरु राखिनेछ।

**अपेक्षित उपलब्धी**

- पर्यटकहरूलाई यात्राका क्रममा सहज मार्ग निर्देशन प्राप्त हुनेछ।
- कोशी प्रदेशको पर्यटकीय ब्रान्डिङ र दृश्य प्रचार-प्रसारमा उल्लेख्य सुधार आउनेछ।

### १७४. उपहारजन्य सामाग्री छपाइ, खरिद तथा उत्पादन

कोशी प्रदेश तथा अन्तर प्रदेशमा हुने विभिन्न कार्यक्रमहरुमा उपस्थित हुने अतिथिहरुलाई कोशी प्रदेश झल्काउने उपहार सामाग्री हस्तान्तरण गर्नका निम्ति यो कार्यक्रम तय गरेको हो।

**कार्यान्वयन विधि**

- उपहारजन्य सामाग्रीहरु नेपालमा बनेको कलात्मक, मौलिकता झल्किने सामाग्रीहरु हुनुपर्नेछ।
- उपहारजन्य सामाग्रीहरुमा टोपी, कलम, कप, झोला, डायरी, खादा/माला, कोटब्याच, किरिङ्ग, हस्तकलाका वस्तुहरू लगायतमा खर्च गर्न सकिनेछ।
- उपहारजन्य सामाग्री छपाई तथा खरिदका लागि सार्वजनिक खरिद ऐन अनुसरण गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धी**

- कोशी प्रदेशको पर्यटकीय ब्रान्डिङ र अन्तर्राष्ट्रिय छवि अझ बलियो बन्नेछ।
- स्थानीयकला, संस्कृति र उत्पादनहरूको संरक्षणर प्रवर्द्धनमा टेवा पुग्नेछ।

### १७५. प्रचार प्रसार सामाग्री तयारी र वितरण

**प्राकृतिक**, ऐतिहासिक, सांस्कृतिक, धार्मिक, साहसिक रुपले कोशी प्रदेश पर्यटकको लागि उत्कृष्ट गन्तव्य हुँदाहुदै पनि प्रचार प्रसारको अभावमा ओझेलमा परेको अवस्था छ।तसर्थ यस प्रदेशमा रहेका पर्यटकीय सम्भावनाहरुको प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- यस कार्यक्रमबाट प्रचार प्रसारका विभिन्न सामाग्रीहरु (ब्रोसर, फोटोबुक, म्यागजिन, डायरी, टिसर्ट, क्यालेण्डर, स्टीकर, व्यानर/फ्लेक्स, पर्यटकीय नक्सा, जानकारीमुलक पुस्तक) आदिमा खर्च गर्न सकिनेछ।
- प्रचार प्रसारका सामाग्रीहरुको खरिद सार्वजनिक खरिद विधि अनुसार गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धी**

- कोशीप्रदेशको प्रचार प्रसार भई पर्यटकीय ब्रान्डिङ र छवि निर्माणमा उल्लेख्य सुधार आउनेछ।
- पर्यटकहरूलाई आवश्यक जानकारीमा पहुँच सहज पुग्नेछ।

### १७६. यातायातकर्मीमा पर्यटकमैत्री भावना र विकास सम्बन्धी क्षमता अभिवृद्धि तालिम

सफल पर्यटन **अनुभवका** लागि यातायात सेवा एक महत्वपूर्ण पक्ष हो।पर्यटकलाई सबैभन्दा पहिले स्वागत गर्ने व्यक्तिहरुममा यातायातकर्मीहरु नै पर्ने भएकोले उनीहरुमा क्षमता विकास, शिष्टता, सहयोग आदिमा पर्यटकमैत्री व्यवहार विकास गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

**कार्यान्वयन विधि**

- यो कार्यक्रम यातायात क्षेत्रका सम्बन्धित संघ संस्थाहरुसँगको समन्वयमा सञ्चालन गरीनेछ।
- यस कार्यक्रमको लागि विषय विज्ञ, ट्राफिक प्रहरी, पर्यटक प्रहरीको समेत बाट प्रशिक्षण गराउन सकिनेछ।
- यस कार्यक्रमबाट स्टेशनरी, खाजा,खाना, व्यानर, प्रतिवेदन तयारी, सहभागी भत्ता, कर्मचारी भ्रमण खर्च, यातायता खर्च आदिमा गर्न सकिनेछ।

**अपेक्षित उपलब्धी**

- तालिम प्राप्त यातायातकर्मीहरूले पर्यटकसँग अझ राम्रोसँग सञ्चार व्यवहार गर्न सक्नेछन्।
- पर्यटकहरूले कोशी प्रदेशमा सुरक्षित, सहज र स्वागतयोग्य यात्रा अनुभव प्राप्त गर्नेछन्।
- यातायातकर्मीहरूमा पर्यटनको महत्त्व र यस प्रतिको जिम्मेवारी बोध बढ्नेछ।

**१७७. समाजिक सञ्जाल मार्फत प्रचास प्रसार**

कुनै पनि पर्यटकीय गन्तव्यलाई व्यापक रुपमा प्रचार प्रसार गरी पर्यटकहरूलाई आकर्षित गर्न सामाजिक सञ्जाल एक शक्तिशाली माध्यम हो।कोशी प्रदेशका मुख्य र आकर्षक गन्तव्यहरुको प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नेपालका चर्चित भ्लगरहरु परिचालनका निम्ति यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- प्रचलित नियम अनुसार दर्ता भइ सञ्चालन मा रहेका कम्तिमा १००K सस्क्राइवर भएका भ्लगरहरुलाई सार्वजानिक सूचना जारी गरी भ्लग बनाउने र परिचालन गर्न यो कार्यक्रम कार्यान्वयन गरीने छ।
- सूचना बमोजिम प्राप्त भएका प्रस्तावका आधारमा न्यूनतम दररेटमा काम गर्ने भ्लगरसँग प्रचलित कानुन बमोजिम सम्झौता गरेर कार्यक्रम सञ्चालन गरीने छ।

**अपेक्षित उपलब्धी**

- गन्तव्यको ब्रान्डिङ र पहिचान स्थापित भएको हुनेछ।
- पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार र प्रवर्द्धन भएको हुनेछ।

**१७८. पर्यटन व्यवसाय दर्ता, उत्प्रेरणा तथा नीतिगत सुधार सुझाव कार्यक्रम**

कोशी प्रदेशमा नियमानुसार दर्ता तथा नविकरण नगरी सञ्चालन मा रहेका धेरै पर्यटनजन्य व्यवसायहरु रहेकोले पर्यटन सम्बन्धी कोशी प्रदेश सरकारद्धारा जारि गरीएको ऐन, नियम, कानुन,

निर्देशिकाहरुमा रहेको कानुनी व्यवस्थाको बिषयमा पर्यटन व्यवसायीहरुलाई जानकारी प्रदान गर्नका निम्ति यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- कार्यक्रम सञ्चालनका निम्ति लागत अनुमान तयार गरेर आवश्यकताका आधारमा कार्यक्रम सञ्चालन गरीनेछ।
- कार्यक्रममा होटल, ट्राभल्स, होमस्टे, पर्यटन व्यवसायीहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरीने छ।
- कार्यक्रममा सहभागीको खाना, खाजा, यातायात, दैनिक भ्रमणभत्ता, स्टेसनरी मसलन्द, इन्धनमा समेत खर्च गर्न सकिने छ।

**अपेक्षित उपलब्धी**

- व्यवसाय दर्ता/नवीकरणको लागि नीतिगत स्पष्टता भएको हुनेछ।
- पर्यटनसम्बन्धी नीति, ऐन र नियमहरूमा समयानुकूल सुधारका लागि ठोस सुझावहरू तयार हुनेछन्।

## १७९. मौलिक खाना (फुड फेस्टिवल मार्फत पर्यटन प्रवर्द्धन)

नेपाल विविधताले समपन्न देश हो।जातीय, भाषिक,सांस्कृतिक रुपमा जति विविधताहरु छन् त्यतीनै विविधता खानपान र जीवन शैलीमा रहेको छ। पर्यटन केवल पुर्वाधारको पुञ्ज मात्र होइन विविवधताको अनुभुति समेत हो।पर्यटनलाई स्थानीयतासँग जोड्न नसक्दा हाम्रा स्थानीय उत्पादनहरुले बजार नपाइरहेको अवस्था छ।त्यसैले रैथाने खाद्यन्नको वजारीकरणका लागि स्थानीय सिपमा आधारित रहेर पर्यटन प्रवर्द्धनका निम्ति कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- आवश्यकता र मागका आधारमा प्राप्त प्रस्तावलाई अध्ययन गरेर लागत साझेदारी गरी यो कार्यक्रम कार्यान्वयन गरीनेछ।
- यो कार्यक्रमो लागि सम्बन्धित स्थानीय तहको सहमती पत्र समेत आवश्यक पर्ने छ।
- यस कार्यक्रमो लागि स्टल व्यवस्थापन, अतिथि सत्कार, साउण्ड सिस्टम, टेन्ट, मसलन्दएवम् प्रचार प्रसारमा खर्च गर्न सकिनेछ।
- कार्यक्रम सम्पन्न पश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन, नियमानूसारकोबिलभर्पाई, स्थानीय तहको सिफारिस, फोटो तथा भिडियो लगायतका आवश्यक कागजात प्राप्त पश्चात भुक्तान गरीने छ।

**अपेक्षित उपलब्धी**

- रैथाने खाद्यन्न परिकारको वजारीकरण र ब्रान्डिङ हुने,
- आन्तरिक पर्यटन प्रवर्द्धन हुने।

## १८०. पर्यटन कार्यालयमा सूचना केन्द्र स्थापना तथा व्यवस्थापन

पर्यटन कार्यालय काकरभिट्टा नेपाल भारतको सिमानामा अवस्थित भएकोले भारत एवम् तेस्रो मुलुक हुँदै नेपाल भित्रिने पर्यटकहरुलाई स्वागत तथा सूचना केन्द्रको समेत कार्य गर्दै आइरहेको र पर्यटन कार्यालय धरान नेपालकै सुन्दर पर्यटकीय शहर धरानमा कोशी राजमार्गमा रहेकोले यी कार्यालयहरुलाई सूचना केन्द्रको रुपमा स्थापना गर्न यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- यस कार्यक्रमको लागि व्युटिफिकेसन, पर्यटकीय गन्तव्यहरूको विवरण, होटल र यातायात सेवा विवरण, सांस्कृतिक/धार्मिक स्थलहरू बारे जानकारीमुलक सामाग्री, वाचानालय, पर्यटक सूचनामूलक पुस्तक तथा पत्रपत्रिका खरिद, फिक्चर्स तथा फर्निसिङ, डिजिटल सूचना, बैठक कक्ष व्यवस्थापनका निम्ति यो कार्यक्रम राखिएको हो।
- कार्यालयले तयार गरेको लागत अनुमानका आधारमा सार्वजानिक खरिद ऐन, नियमावली अनुसार कार्यक्रम सञ्चालन गरीने छ।

**अपेक्षित उपलब्धी**

- कार्यालयमा आउने पर्यटकहरुलाईन्यानो आतिथ्य हुने।
- सिमा नाकामा व्यवस्थित सूचना केन्द्रको स्थापना हुने।
- कार्यालयको थप जिम्मेवारी वृद्धि हुने।

## १८१. प्याराग्लाइडिङ प्रतियोगिता

कोशी प्रदेशको साहसिक पर्यटन क्षेत्रको विकास गर्ने कडीको रुपमा लिइएको प्याराग्लाइडिङलाई विकास र विस्तार गरी प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरीनेछ।

**कार्यान्वनय विधिः**

- यो कार्यक्रम सञ्चालन को लागि सार्वजनिक सूचना मार्फत प्याराग्लाइडिङ सञ्चालन सम्बद्ध निकाय/संघ/संस्थाहरुबाट प्रस्ताव माग गरीनेछ।
- प्राप्त प्रस्तावको अध्ययन गरी लागत साझेदारी खुल्ने गरी प्याराग्लाइडिङ सञ्चालन सम्बद्ध निकाय/संघ/संस्थाको समन्वय र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरीनेछ।

- यस कार्यक्रमबाट सहभागिहरुको लागि खाना, खाजा, स्टेशनरी, पुरस्कार, व्यानर, प्रचार प्रसार, भ्रमण खर्च, मायाको चिनो, तयारी व्यवस्थापन लगायतमा खर्च गर्न सकिनेछ।
- यस कार्याक्रमको लागि सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्यको लागि अत्यावश्यक खर्च सम्बन्धित शीर्षकबाट गरीनेछ।
- भुक्तानीको लागि कार्यक्रम सम्पन्न प्रतिवेदन, सक्कल बिल भरपाई, फोटो, भिडियो लगायतका आवश्यक कागजात सहित कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धी**

- कोशी प्रदेश प्याराग्लाइडिङका लागि एक प्रमुख गन्तव्यका रूपमा स्थापित भएको हुनेछ।

**१८२. कोशी मोटरबोट फेस्टीभल**

कोशी प्रदेश साहसिक पर्यटनको प्रचुर सम्भावना भएको क्षेत्र हो।विशेष गरी सप्तकोशी नदी, कोशी टप्पु वन्यजन्तु आरक्ष र आसपासका प्राकृतिक सौन्दर्यले जलमा आधारित साहसिक पर्यटनका लागि अपार सम्भावना बोकेको छ।यसै सम्भावनालाई साकार पार्न र जल साहसिक खेलकुदलाई प्रवर्द्धन गर्नका लागि कोशी मोटरबोट पर्वका लागि रकम विनियोन गरीएको हो।

**कार्यान्वनय विधि:**

- यो कार्यक्रम सञ्चालन को लागि सार्वजनिक सूचना मार्फत मोटरबोट सञ्चालन सम्बद्ध निकाय/संघ/संस्थाहरुबाट प्रस्ताव माग गरीनेछ।
- प्राप्त प्रस्तावको अध्ययन गरी लागत साझेदारी खुल्ने गरी सञ्चालन सम्बद्ध मोटरबोट निकाय/संघ/सस्थाको समन्वय र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरीनेछ।
- यस कार्यक्रमबाट सहभागिहरुको लागि खाना, खाजा, स्टेशनरी, पुरस्कार, व्यानर, प्रचार प्रसार, भ्रमण खर्च, मायाको चिनो, तयारी व्यवस्थापन लगायतमा खर्च गर्न सकिनेछ।
- यस कार्याक्रमको लागि सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्यको लागि अत्यावश्यक खर्च सम्बन्धित शीर्षकबाट गरीनेछ।
- भुक्तानीको लागि कार्यक्रम सम्पन्न प्रतिवेदन, सक्कल बिल भरपाई, फोटो, भिडियो लगायतका आवश्यक कागजात सहित कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धी**

- साहसिक खेलकुद मार्फत पर्यटन प्रवर्द्धन भएको हुनेछ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
(नेपाल)

विशाल किशोर
प्रदेश सचिव

## १८३. स्वास्थ्य तथा पर्यटन प्रवर्द्धनका लागि साइक्लिङ मार्फत पर्यटन प्रवर्द्धन

मानव स्वास्थ्यसँग र पर्यटनसँग जोडिएको साइक्लिङ कार्यक्रम पछिल्लो समयमा चर्चित हुँदै गइरहेको छ। पर्यटन र स्वास्थ्यसँगै जोडिएका विषय हुन्।कोशी प्रदेश माउन्टेन बाइकका लागि उपयुक्त गन्तव्य हो भन्ने प्रमाणित समेत भएको छ।सामुहिक साइक्लिङ कार्यक्रमले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास समेत दिलाउनका लागि यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- कार्यक्रम सञ्चालन सार्वजानिक सूचना मार्फत साझेदारी गर्न इच्छुक संघ, संस्था, स्थानीय तह वा फर्मसँग लागत अनुमान माग गरी साझेदारी हुने गरी कार्यक्रम कार्यान्वयन गरीने छ।
- यस कार्यक्रमबाट खर्च प्रचार-प्रसार सामाग्री खरिद, भ्रमण खर्च, पुरस्कार एवम् स्वास्थ्य सामाग्री खरिद गरीनेछ।
- यस कार्यक्रमको लागि सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्यको लागि अत्यावश्यक खर्च सम्बन्धित शीर्षकबाट गरीनेछ।

**अपेक्षित उपलब्धी**

- साइक्लिङ पर्यटनलाई प्रोत्साहान हुने,
- कोशी प्रदेशको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने।

## १८४. क्लिन भिलेज ग्रीन भिलेज पर्यटन अभियान

कोशी प्रदेशका पर्यटकीय गन्तव्य केन्द्रित यो कार्यक्रम स्थानीय तह, सामुदायिक होमस्टे, पर्यटनजन्य गतिविधि गर्ने संस्थासँग पर्यटकीय क्षेत्रको टोल, सामुदायिक होमस्टे क्षेत्र एवम् वडाको फोहोरमैला व्यवस्थापन, प्लाष्टिकजन्य सामाग्रीको प्रयोगको न्यूनीकरण, स्थानीय शिप र उद्यमशिलतालाई प्राथामिकता दिइ यो कार्यक्रम सञ्चालन गरीनेछ।

**कार्यान्वयन विधि**

- यो कार्यक्रम सञ्चालन का लागि कार्यालयले सार्वजानिक सूचना प्रकाशित गरी क्लिन भिलेज ग्रीन भिलेज कार्यक्रममा आवद्ध हुन लागि आह्यवन गर्ने छ।
- इच्छुक स्थानीय तह, टोल विकास संस्था, पर्यटनजन्य गतिविधि गर्ने संघसंस्था, सामुदायिक होमस्टेबाट प्राप्त प्रस्तावका आधारमा उपयुक्त कुनै एकसँग प्रचलित कानुन बमोजिम सम्झौता गरेर कार्यक्रम कार्यान्वयन गरीने छ।
- यस कार्यषक्रममा फोहोर मैला व्यवस्थापन तालिम, सरसफाइ अभियान, सरसफाइ सामाग्री हस्तान्तरण, एवम् प्रविधि हस्तान्तरण समेत गर्न सकिने छ।
- कार्यक्रम सञ्चालन का निम्ति सम्बन्धित स्थानीय तहको सिफारिस अनिवार्य हुनुपर्ने छ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

**अपेक्षित उपलब्धी**

- फोहोरमैला व्यवस्थापनमा समुदाय क्रियाशिल हुनेछ।

## १८५. मेरो बाटो मेरो कथा

कोशी प्रदेशका ट्रेकिङ रुटको पहिचान, प्रवर्द्धन, तथा त्यस वरपरको जीवनशैलीलाई भिडियो डकुमेन्ट्री मार्फत बनाउनका निम्ति मेरो बाटो मेरो कथा थिममा भिडियो निर्माणका निम्ति खर्च गरीने छ।ट्रेकिङमा पर्ने रुटहरुका निम्ति यो कार्यक्रम कार्यान्वयन गरीने छ।

**कार्यान्वयन विधि**

- पर्यटन कार्यालय काकरभिट्टा र धरानले संयुक्त रुपमा यो कार्यक्रम सञ्चालन गर्ने छ।त्यसका लागि संयुक्त समिति गठन गरी ट्रेकिङ रुटका लागि थिममा आधारित भिडियो बनाउन सार्वजानिक सूचना प्रकाशित गरीने छ।
- छनौटका लागि विज्ञ सहितको एक समिति गठन गरी उक्त समितिले सिफारिस गरेका आधारमा पुरस्कार प्रदान गरीने छ।
- यसका अतिरिक्त यस कार्यक्रमबाट स्टेशनरी, खाना, खाजा, यातायात खर्च, निर्णायकहरुको पारिश्रमिक, मायाको चिनो, खादा/माला, प्रमाणपत्र, कर्मचारी भ्रमण खर्च आदिमा खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धी**

- नयाँ ट्रेकिङ रुटको प्रचार-प्रसार भएको हुनेछ।

## १८६. पर्यटन सम्बन्धी फोटो प्रदर्शनी प्रतियोगिता

कोशी प्रदेश भौगोलिक रूपमा तराईको समथर भूमिदेखि पहाडी र हिमाली क्षेत्रसम्म फैलिएको छ।यस प्रदेशमा अनेकौं पर्यटकीय आकर्षणहरू छन् ती आकर्षणहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन र पर्यटकहरूलाई आकर्षित गर्न फोटो प्रदर्शनी प्रतियोगिता एउटा सशक्त माध्यम हुन सक्छ।फोटो प्रदर्शनीको माध्यमबाट यस प्रदेशको अतुलनीय सौन्दर्यलाई विश्वसामु चिनाउने उद्देश्यले यो पर्यटनसम्बन्धी फोटो प्रदर्शनी प्रतियोगिता कार्यक्रम सञ्चालन गरीनेछ।

**कार्यान्वयन विधि**

- यो कार्यक्रम पर्यटन कार्यालय काकरभिट्टा र धरानको संयुक्त आयोजनामा सार्वजनिक सूचना मार्फत फोटो प्रदर्शनीको लागि आवहान गरीनेछ।
- सूचना मार्फत प्राप्त फोटोहरुको छनौटका लागि मुल्यांकन समित गठन गर्नुपर्नेछ।
- छनौटबाट उत्कृष्ट भएका फोटोहरुलाई पुरस्कारको व्यवस्था यसै कार्यक्रमबाट गरीनेछ।

- यसका अतिरिक्त यस कार्यक्रमबाट स्टेशनरी, व्यानर, खाना, खाजा, यातायात खर्च, निर्णायकहरुको पारिश्रमिक, मायाको चिनो, खादा/माला, प्रमाणपत्र, कर्मचारी भ्रमण खर्च आदिमा खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धी**

- कोशी प्रदेशका पर्यटकीय स्थलहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचार-प्रसार हुने।
- व्यावसायिक फोटोग्राफरहरूलाई आफ्नो प्रतिभा देखाउने अवसर मिल्ने।

## १८७. नेपाल-भारत मैत्री मिथिला पर्यटकीय सांस्कृतिक महोत्सव

नेपाल र भारतबीचको सम्बन्ध शताब्दीयौं देखि अद्वितीय रहिआएको छ, जसलाई 'रोटीबेटीको सम्बन्ध' भनेर चिनिन्छ।विशेषगरी तराई क्षेत्रमाजहाँ दुवै देशका मानिसहरूबीच गहिरो सांस्कृतिक, भाषिक र सामाजिक सम्बन्ध छत्यहाँ पर्यटनको माध्यमबाट यो सम्बन्धलाई अझ प्रगाढ बनाउन सकिन्छ।यसै सन्दर्भमा मिथिला क्षेत्रको समृद्ध सांस्कृतिक विरासतलाई उजागर गर्दै दुई देश बीचको मैत्रीलाई सुदृढ गर्नका लागि यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- नियमानुसार दर्ता/नवीकरण भई सञ्चालन मा रहेका कुनै पनि संस्था/निकायले लागत साझेदारी खुल्ने गरी लागत अनुमान सहितको प्रस्तावना, आयोजक समितिको निर्णय र सम्बन्धित स्थानीय तहको सिफारिस साथ कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।
- प्राप्त प्रस्तावनाको आवश्यक जाँचबुझ गरी कार्यालयले लागत साझेदारी खुल्ने गरी सम्झौता गरी कार्यक्रम सञ्चालन को लागि कार्यादेश दिनेछ।
- यस रकमबाट कार्यक्रमको लागि आवश्यक पर्ने स्टल तथा मञ्च व्यवस्थापन, साउण्ड सिस्टम, टेण्ट/कुर्सी, प्रचार प्रसार सामाग्री, व्यानर/फ्लेक्स, मायाको चिनो, भिडियो लगायतमा खर्च गर्न सकिनेछ। यस रकमबाट खाना तथा खाजामा खर्च गर्न पाइने छैन।
- कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन, सक्कल बिल भरपाई, फोटो तथा भिडियो र सम्बन्धित स्थानीय तहको सिफारिस लगायतको अन्य आवश्यक कागजात संलग्न राखी कार्यालयमा भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धी**

- नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्ध प्रगाढ बन्ने।
- मिथिला क्षेत्रको कला, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धन हुने।

## १८८. कोशी प्रदेशमा चरा पर्यटन कार्यक्रम

कोशी प्रदेशका कोशीटप्पु आरक्ष क्षेत्र, आसपासका जिल्लाहरु र पूर्वी पहाडी जिल्लाहरु पाँचथर, ताप्लेजुङ लगायतका जिल्लाहरु चरा पर्यटनका लागि उपयुक्त गन्तव्य मानिन्छ।सोही क्षेत्रहरुमा लोपोन्मुख एवम् संकटापूर्ण चराहरुको गणना गर्ने, सोको प्रचार-प्रसार गर्ने र पर्यटकहरुलाई आकर्षित गर्ने प्रयोजनका लागि यो कार्यक्रम राखिएको हो।

### कार्यान्वयन विधि

- सार्वजनिक सूचनाका आधारमा जैविक विविधता र चरा पर्यटनमा काम गरीरहेका निकायहरुसँग आवश्यकप्रस्ताव माग गरी तुलनात्मक अध्ययनका आधारमा त्यस्ता निकायहरुसँग सम्झौता गरेर कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।
- यस कार्यक्रमका लागि आवश्यक पर्ने स्टेशनरी, खाजा र खाना, व्यानर, यातायत खर्च, डुङ्गा भाडा, क्यामेरा, भिडियो खर्च आदिमा खर्च गर्न सकिनेछ।
- कार्यक्रको अनुगमनग मूल्याङकन पर्यटन कार्यालयहरुले गर्नेछ।अनुगमन तथा मूल्याङकन खर्च समेत यसै कार्यक्रमबाट समावेश गरीने छ।
- सम्झौताको आधारमा भएको खर्चको सक्कलै बिल र भर्पाईहरु, कार्य सम्पन्न प्रतिवेदन र सोसँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

### अपेक्षित उपलब्धी

- चरा पर्यटनका लागि उपयुक्त गन्तव्यहरुको पहिचान र प्रचार-प्रसार भएको हुनेछ।
- कोशी प्रदेशमा रहेको लोपोन्मुख र संकटापन्न अवस्थामा रहेका चराहरुको अभिलेखीकरण हुनेछ।

## १८९. भारतीय सीमावर्ती बाजरमा गरीने मार्ट तथा पर्यटन प्रवर्द्धनमा सहभागिता

कोशी प्रदेशको पर्यटनको मुख्य बजार सीमाना जोडिएका भारतीय शहरहरु हुन्।भारतका विभिन्न शहरहरुमा हुने मेला, महोत्सव, ट्राभल्स मार्ट एवम् पर्यटनजन्य उत्सवमा कोशी प्रदेशको तर्फको सरकारी वा नीजी क्षेत्रको सहभागिता र प्रचार-प्रसारका निम्तिमा यो कार्यक्रम राखिएको हो।प्रदेश सरकारले भारतीय शहरहरुमा खर्च गर्न नसक्ने हुँदा यस कार्यक्रम कार्यन्वनयका निम्ति नीजि क्षेत्रसँग सहकार्य र समन्वयय गरीने छ।नीजी क्षेत्रको माग आधारमा कार्यक्रम कार्यान्वयन गर्ने छ।

### कार्यान्वयन विधि

- पर्यटनका क्षेत्रमा काम गरीरहेका व्यवसायिक प्रतिष्ठान, विभिन्न संघ संस्था एवम् नीजि क्षेत्रका निकायले माग गरेको आधारमा कार्यक्रमा कार्यान्वयन गराइने छ।

- एकै कार्यक्रममा धेरै संस्थाको माग भइ आएमा प्रतिष्पर्धा गराएर मात्र भुक्तानी गरीने छ।
- प्रस्तावको अध्ययन पश्चात सहभागिको संख्या, कार्यक्रमको उपलब्धीको अध्ययनका आधारमा खर्च गर्न सकिने छ।
- यस कार्यक्रम लागि आवश्यक पर्न प्रचार-प्रसारका समाग्री व्यानर, ब्रोसर, भिजिटिङ कार्ड, भिडियो डकुमेन्ट्री, यातायातको साधन, स्टेशनरी, मायाको चिन्हो, उपहारजन्य समाग्री खरिद एवम् नेपाल तर्फको खानाखाजाको लागि खर्च गर्न सकिने छ।
- कार्यक्रम पश्चात कार्यक्रममको प्रतिवेदन, सहभागीको फोटो भिडियो वा उपलब्धि सहितको प्रतिवेदन प्राप्त पश्चात नियमानूसार कर कट्टी गरेर भुक्तानी गरीने छ।
- पर्यटन कार्यालय काकरभिट्टा र धरानले छुट्टाछुछट्टै वा संयुक्त रुपमा यस्तो कार्यक्रममा सहभागिता जनाउन सक्ने छन ।
- कार्यक्रममा सहभागिताका र उपलब्धीका आधारमा दुवै कार्यालयले अलग-अलग भुक्तानी गर्न सक्नेछन् ।

**अपक्षित उपलब्धी:**

- सीमावर्ती भारतीय बजारमा कोशी प्रदेशको प्रचार-प्रसार,
- पर्यटनको बजारीकरण,
- जनस्तरको सम्बन्ध कायमले पर्यटक आगमनमा बढोत्तरी।

### १९०. सीमापार पर्यटन बैठक

कोशी प्रदेशको पर्यटन प्रवर्द्धनका निम्ति भारतसँग सीमाना जोडिएका विभिन्न शहरहरुमा पर्यटन व्यवसायी, अभियान्ता, सरकारी अधिकारी एवम् सरोकारवाला निकायका प्रतिनिधिहरुसँग सयुंक्त बैठक बस्न सक्नेछ भारतमा सञ्चालन हुने पर्यटनजन्य कार्यक्रमको पूर्व सन्ध्यमा समेत यस्ता बैठकहरु हुन सक्छन्।यस्ता बैठकहरु नेपाल वा भारत दुवै तर्फ हुनेछन्।सीमापार पर्यटन बैठकले सीमापार सम्बन्ध, पर्यटनजन्य व्यवसायको बढोत्तरी, सम्बन्धमा नयाँ आयाम थप्न सक्ने।

**कार्यान्वयन विधि**

- सीमापार पर्यटन बैठक आवश्यकताका आधारमा सञ्चालन हुनेछ ।
- सीमापार बैठक कार्यक्रम पर्यटन कार्यालय काकरभिट्टा र धरानले छुट्टाट्टै वा संयुक्त रुपमा सञ्चालन गर्न सक्ने छन्।
- सीमापार पर्यटन बैठकमा उपस्थित हुनका लागि सवारी साधन, मायाको चिन्हो, खानाखाजा उपहारजन्य सामाग्रीको प्रयोगका लागि खर्च गरीने छ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

- बैठक पश्चात माइन्युट, फोटो, उपलब्धीको समेत प्राप्ति विवरणका आधारमा भुक्तानी गरीनेछ।

**अपेक्षित उपलब्धी**

- सीमावर्ती बजारमा बजारीकरणका निम्ति योजना तर्जुमा,
- अन्तरदेशीय र अन्तर व्यवसाय सम्बन्धको नयाँ आयामको खोजी,
- अनुभव आदन-प्रदान ।

## १९१. सीमा क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरुलाई पर्यटनमैत्री व्यवहार सम्बन्धी तालिम

कोशी प्रदेश सरकारले २०८२ लाई पर्यटन वर्षको रुपमा मनाएको छ।यसै सन्दर्भमा सीमा क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी क्षेत्रका कर्मचारीहरुलाई पर्यटनमैत्री भावना विकास गर्नका निम्ति यो तालिम सञ्चालन गरीने छ । विशेषतः सीमा क्षेत्रमा कार्यरत ट्राफिक प्रहरी, शसस्त्र प्रहरी, जनपद प्रहरीका अधिकारी एवम् कर्मचारी, अध्यागमनका अधिकारी, सीमाप्रशासनका कर्मचारी, भन्सार एवम् कर सम्बन्धी कार्यक गर्ने अधिकारीहरु, तथा सरकारी एवम् गैरसरकारी क्षेत्रका प्रतिनिधिहरुलाई आतिथ्य सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरी नेपाल-भारत सीमालाई पर्यटनमैत्री सीमाको रुपमा विकास गरीनेछ।

**कार्यान्वयन विधि**

- कार्यक्रमको सम्बन्धमा नेपाल भारतसँग सीमा आवगमन हुने नाकाहरु मध्ये मुख्य नाकाहरुमा यो कार्यक्रम सञ्चालन गरीनेछ।
- कार्यक्रममा अनुमानित सहभागिता संख्या प्रक्षेपण गरी लागत अनुमान तयार गरीनेछ।
- पर्यटन सम्बन्धी विज्ञ प्रशिक्षकद्धारा प्रशिक्षण प्रदान गरीने छ।
- श्रव्य दृष्य एवम् अन्य माध्यमको प्रयोगबाट कार्यक्रम सञ्चालन गरीने छ।
- कार्यक्रमको संयोजन पर्यटन कार्यालय काकरभिट्टा/धरानले संयोजन गर्ने छ।
- कार्यक्रममा खाना खाजा, स्टेशनरी एवम् अन्य आवश्यक तालिम सामाग्री वापत खर्च गरीने छ।
- कार्यक्रम वील भर्पाइ एवम् प्रतिवेदन प्राप्त पश्चात भुक्तानी प्रदान गरीने छ।

**अपेक्षित उपलब्धी**

- सीमा क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई पर्यटनमैत्री भावनाको विकासमा वृद्धि हुनु।
- पर्यटन क्षेत्रबाट सरकारले लाभ हासिल गर्ने स्थितिको विकास हुनु।
- सरकारी कार्यालय बीच एक-आपसमा मित्रताको भावना विकास हुनु।

## १९२. अन्तरप्रदेश सामुदायिक होमस्टे भगिनी सम्बन्ध

कोशी प्रदेशमा सञ्चालन भएका सामुदायिक होमस्टेहरुको अन्तरप्रदेश सम्बन्धलाई बलियो वा सुदुढ बनाउनका निम्ति यो कार्यक्रम सञ्चालन गरीने छ।ग्रामीण पर्यटनको आधारको रुपमा रहेको होमस्टे संस्कृतिलाई अन्तरप्रदेशमा विस्तार र विकास गर्दै कोशी प्रदेशको ग्रामीण क्षेत्रको प्रचार-प्रसारका निम्ति यो कार्यक्रमको अवधारणा ल्याइएको हो।खास गरेर ग्रामीण अर्थतन्त्रको आधारको रुपमा रहेको होमस्टे मार्फत महिला सशक्तिकरण र दिगो विकासको लक्ष्य हासिल गर्न यो कार्यक्रम सञ्चालन गरीने छ।

**कार्यान्वयन विधि**

- यो कार्यक्रम सञ्चालन का पर्यटन कार्यालय, काकरभिट्टामा दर्ता,नविकरण भएका सामुदायिक होमस्टेहरुलाई सूचना गरीने छ।
- प्राप्त भएका प्रस्ताव मध्ये उत्कृष्ट प्रस्तावलाई छनोट गरी कार्यक्रम कार्यान्वयन गरीने छ।
- भगनी सम्बन्ध कायम गर्न खोजेको अन्तरप्रदेशको होमस्टेको विवरण समेत प्रस्ताव पेश गर्ने होमस्टेले तोक्नु पर्छ।
- कार्यालयले आवश्यक समन्वयय गर्ने छ।सम्बन्धित स्थानीय तहको सहभागिता सुनिश्चिता भएपश्चात मात्र कार्यक्रम समपन्न गरीने छ।
- यस कार्याक्रमबाट खाना,खाजा, यातायात खर्च, कुर्सी टेन्ट, स्टेसनरी मसलन्द, उपहार सामाग्री खरिद गर्न सक्ने छ।

**अपेक्षित उपलब्धी**

- कोशी प्रदेशका होमस्टेको अन्तरप्रदेश सम्बन्ध सुदुढीकरण,
- होमस्टे संस्कृतिको विकासमा टेवा पुग्ने,
- ग्रामीण अर्थतन्त्र चालयमान हुने,
- कोशी प्रदेशको पर्यटकीय चहलपहलमा वृद्धि ।

## १९३. कार्यालय सौन्दर्यकरण

नेपाल भारतको सिमानामा अवस्थित पर्यटन कार्यालय काकरभिट्टाले, भारत एवम् तेस्रो मुलुक हुँदै नेपाल भित्रिने पर्यटकहरुलाई स्वागत तथा सूचना केन्द्रको समेत कार्य गर्दै आइरहेको छ पर्यटन कार्यालय काकरभिट्टा पूर्वी नाकाको सूचना केन्द्र समेत हो।यसको व्युटिफिकेसन, फोहोरमैला व्यवस्थापन, कम्पाउण्ड भित्र क्लिनिङ, फूल, बिरुवा र बगैचा बनाउनका निम्ति यो कार्यक्रम राखिएको हो।

विशाल घिमिरे
प्रदेश सचिव

**कार्यान्वयन विधि**

- प्राविधिक नापजाँचका आधारमा सार्वजनिक खरिद ऐन र नियमावलीमा उल्लेख भएबमोजिम सो सम्बन्धी काम गर्न उपयुक्त फर्महरुसँग दररेट माग गरी कार्यक्रम कार्यान्वयन गरीने छ ।

**अपेक्षित उपलब्धी**

- विदेशी पर्यटकहरुलाई न्यानो आतिथ्य हुने।
- सिमा नाकामा व्यवस्थित सूचना केन्द्रको स्थापना हुने।
- कार्यालयको थप जिम्मेवारी वृद्धि हुने।
- कार्यालयको सौन्दर्यमा वृद्धि हुने।
- समुदायमा आधारित मनोविज्ञानको विकास हुने ।

### १९४. लाउखीफारा मेचे सामुदायिक होमस्टेहरुको संस्थागत सुदुढीकरण कार्यक्रम

लोपोन्मुख अल्पसंख्यक समुदायको रुपमा रहेको मेचे समुदायद्धारा मेचीनगर ८-झापामा सञ्चालित लाउखीफारा मेचे सामुदायिक होमस्टेको संस्थागत सुदुढीकरणका निम्ति कार्यक्रम कार्यन्यन गरीने छ।मेचे समुदायको पहिचान, संस्कृति, खानपान जीवनशैली आदीलाई आधार बनाएर सामुदायिक होमस्टेको सुदुढीकरण कार्यक्रम कार्यान्वयनको आधार हुनेछ ।सीमा क्षेत्रमा रहेको होमस्टेको संस्थागत सुदुढीकरणका निम्ति यो कार्यक्रम उपयुक्त हुनेछ ।

**कार्यान्वयन विधि**

- कार्यक्रम सञ्चालन का निम्ति लाउखीफारा मेचे सामुदायिक होमस्टेसँग कार्ययोजना माग गरीने छ
- सम्बन्धित नगरपालिकाले उक्त कार्ययोजना उपयुक्त भएको सिफारिस समेत गर्नु पर्ने छ।
- संस्थागत सुदुढीकरणका निम्ति भेषभुषा, सरसफाइका सामाग्री, परमपरागत बाद्यवाधनका सामाग्रीहरु खरिद,सामुदायिक भवन सरसफाइ र रङरोगन, सामुहिक भावना विकास र सुदुढीकरणका निम्ति खर्च गर्न सक्ने छ।
- कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन र नियमावली अनुसार गर्नु पर्ने छ।
- कार्यक्रम कार्यान्वयनको अनुगमन मूल्याङकन वा सवारी साधन भाडा यसै शिर्षकबाट खर्च गर्न सकिने छ।

**अपेक्षित उपलब्धी**

- मेचे समुदायको आयआर्जनमा वृद्धि हुने।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)
विशाल घिमिरे
प्रदेश सचिव

- सीमा क्षेत्रमा रहेको होमस्टेको सुदुढीकरण हुने।
- संस्थागत सुदुढीकरण गर्दै पर्यटन प्रवर्द्धन हुने।

### १९५. खेल पर्यटन प्रवर्द्धनका लागि कोशी प्रदेश अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता, झापा

राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सञ्चालन हुने क्रिकेट खेलको माध्यमबाट नेपालका क्रिकेट खेलाडीले देशको शिर उच्च राख्ने कार्य गर्दै नेपालको क्रिकेट खेल पर्यटनको हब बन्दै गएको सन्दर्भमा खेल क्षेत्रबाट पर्यटन प्रवर्द्धन र विकास गर्न अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गर्ने उद्देश्यका साथ यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- यो कार्यक्रम झापा जिल्लाको सदरमुकाममा सञ्चालन गर्न सम्बद्ध संघ सस्थासँग लागत साझेदारी समेत रहने गरी सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव माग गरीनेछ।
- पेश भएका प्रस्तावहरुमध्येबाट उपयुक्त प्रस्ताव छनौट गरी यो कार्यक्रम सञ्चालन गर्न कार्यादेश दिइनेछ।
- कार्यक्रको अनुगमन मूल्याङकन पर्यटन कार्यालयहरुले गर्नेछ।अनुगमन तथा मूल्याङकन खर्च समेत यसै कार्यक्रमबाट समावेश गरीनेछ।
- सम्झौताको आधारमा भएको खर्चको सक्कलैबिलर भर्पाईहरु, कार्यसम्पन्न प्रतिवेदन र सोसँग सम्बन्धित अन्य कागजातहरु पेश भएपश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धी**

- खेल पर्यटनको विकास हुनेछ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा कोशी प्रदेशका पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्न मद्धत पुग्नेछ।

### १९६. कोशी टप्पुमा पर्यटकीय सूचना केन्द्र सुदृढीकरण, सुनसरी

कोशी टप्पु वन्यजन्तु आरक्ष जैविक विविधता, दुर्लभ वन्यजन्तु (अर्ना)र चराहरूको बासस्थानका लागि प्रमुख पर्यटकीय गन्तव्य हो।यो क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकका लागि अध्ययन, अनुसन्धान र भ्रमणका लागि एक प्रमुख गन्तव्य भएकोले यहाँ व्यवस्थित र आधुनिक पर्यटकीय सूचना केन्द्र निर्माण गर्न बजेट विनियोजन गरीएको हो।

**कार्यान्वयन विधि**

- यो कार्यक्रम कोशी टप्पु वन्यजन्तु आरक्ष कार्यालयको समन्वय र सहकार्यमा गरीनेछ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे प्रदेश सचिव

- यो कार्यक्रमबाट सूचना केन्द्रको लागि सामान्य भौतिक निर्माण सुधार र सौन्दर्यकरणको कार्य गरीनेछ।
- यस कार्यक्रमको लागि आवश्यक पर्ने व्यवस्थापकीय कार्यको लागि समेत यसै कार्यक्रमबाट खर्च गरीनेछ।
- यस कार्यक्रमको लागि सार्वजनिक खरिद विधि अनुशरण गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धी**

- पर्यटकले आरक्ष सम्बन्धी सही र पूर्ण जानकारी पाउनेछन्।
- कोशी टप्पुको जैविक र सांस्कृतिक सम्पदाको संरक्षणमा सहायता।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गन्तव्यको पहिचान विस्तार।

## १९७. होमस्टे सञ्चालकहरुको अनुभव आदान प्रदान सम्बन्धी भ्रमण कार्यक्रम

ग्रामीण पर्यटनको आधारका रुपमा रहेका नीजी तथा सामुदायिक होमस्टेहरुलाई उनीहरुले आर्जन गरेका सीपको तुलनात्मक अध्ययन गर्न र अनुभव साटासट गर्नका लागि होमस्टे संचालकहरुलाई विभिन्न स्थानमा रहेका होमस्टेहरुमा भ्रमण गराउन यो कार्यक्रम सञ्चालन गरीनेछ।

**कार्यान्वयन विधि**

- नियमानुसार दर्ता/नवीकरण भइ सञ्चालन मा रहेका नीजी तथा सामुदायिक होमस्टेहरुलाई यस कार्यक्रममा सहभागी गराइनेछ।
- प्रत्येक होमस्टेबाट समानुपातिक रुपमा संचालकहरुलाई सहभागी गराइनेछ।
- भ्रमण कार्यक्रम कोशी प्रदेश र अन्य प्रदेशमा सञ्चालन मा रहेका होमस्टेहरुको भ्रमण गराइनेछ।
- यस कार्यक्रमबाट सहभागिहरुको लागि खाना, खाजा, आवास, यातायात व्यवस्थापन, भ्रमण खर्च, व्यानर, स्टेशनरी, प्रतिवेदन लगायतमा खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धी**

- होमस्टे संचालकहरुको व्यावसायिक दक्षता अभिवृद्धि भएको हुनेछ।
- होमस्टे संचालकहरुलाई थप उत्प्रेरणा मिल्नेछ।

## १९८. होमस्टे सञ्चालन का लागि पुर्व तयारी शिक्षा कार्यक्रम

कोशी प्रदेशका विभिन्न जिल्लाहरुमा पर्यटन प्रवर्द्धनका नयाँ गन्तव्यहरु तर्फ पर्यटकको आकर्षण बढीरहेको छानयाँ पर्यटकीय क्षेत्रमा पर्यटकहरुको लागि खानपान र बसोबासको सहजताका लागि

स्थानीयहरुलाई अभिप्रेरित गर्नुपर्ने छ।साथै समुदायलाई होमस्टे सञ्चालन बाट आय आर्जन गर्न सकिन्छ भन्ने विश्वास दिलाउनका लागि पनि यो कार्यक्रम सञ्चालन गरीनेछ।

**कार्यान्वयन विधि**

- होमस्टे सञ्चालन हुने स्थानमा सम्बन्धित सरोकारवाला र स्थानीय तहसँगको समन्वयमा कार्यक्रम सञ्चालन गरीनेछ।
- यस कार्यक्रमबाट सहभागिहरुको लागि स्टेशनरी, खाना, खाजा, व्यानर, यातायात खर्च, सहभागी भत्ता, कार्यपत्र प्रस्तुती खर्च, भ्रमण खर्च, प्रतिवेदन तयारी आदिमा खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धी**

- होमस्टे सञ्चालन सम्बन्धी जानकारी हुनेछ।
- नयाँ पर्यटकीय क्षेत्रको प्रचार प्रसार हुनेछ।

## १९९. होमस्टे सम्बन्धी अभिमुखिकरण कार्यक्रम

ग्रामीण पर्यटनको आधारका रुपमा रहेका होमस्टेहरुको दक्षता अभिवृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ।होमस्टेको बढ्दो प्रचलनसँगै यसको व्यवस्थित सञ्चालन , सेवाको गुणस्तर कायम राख्नेर दिगोपन सुनिश्चित गर्ने चुनौतीहरू पनि देखा परेका छन्। होमस्टे सञ्चालकहरूमा आवश्यक ज्ञान, सीपर व्यावसायिक क्षमताको अभावले गर्दा कतिपय अवस्थामा पर्यटकहरूले स्तरीय सेवा पाउन सकेका छैनन्।यसै कुरालाई मध्यनजर गर्दै होमस्टे सञ्चालकहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरीनेछ।

**कार्यान्वयन विधि**

- नियमानुसार दर्ता/नवीकरण भइ सञ्चालन मा रहेका नीजी तथा सामुदायिक होमस्टेहरुको आवश्यकता पहिचान गरी यो कार्यक्रम सञ्चालन गरीनेछ।
- यस कार्यक्रमको लागि आवश्यकता अनुसार विषयबस्तुका जानकार स्रोत व्यक्तिहरुबाट सहजीकरण गरी कार्यक्रम सञ्चालन गरीनेछ।
- यस कार्यक्रमबाट सहभागिहरुको लागि स्टेशनरी, खाजा/खाना, यातायात खर्च, सहभागी भत्ता, व्यानर, प्रशिक्षक पारिश्रमिक, कार्यपत्र प्रस्तुती खर्च, प्रतिवेदन तयारी, कर्मचारी भ्रमण खर्च लगायतमा खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धी**

- होमस्टे सञ्चालकहरूको ज्ञान र सीपमा उल्लेख्य वृद्धि हुने।
- स्थानीय कला, संस्कृति, र परम्पराको संरक्षण र प्रवर्द्धन हुने।

## २००. पाककला सम्बन्धी तालिम/होमस्टे संचालकहरूलाई रैथाने खाना सम्बन्धी तालिम

कोशी प्रदेशमा विभिन्न जातजाति र समुदायका आफ्नै मौलिक रैथाने परिकारहरू छन्।पर्यटकहरू परम्परागत होटलको विकल्पमा स्थानीय संस्कृति, जीवनशैली र अनुभवको खोजीमा होमस्टेमा आकर्षित भइरहेका छन्। यसलाई प्रवर्द्धन गर्न र होमस्टे अनुभवलाई अझै समृद्ध बनाउनका लागि रैथाने खाना सम्बन्धी तालिम सञ्चालन को लागि यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- नियमानुसार दर्ता/नवीकरण भइ सञ्चालन मा रहेका नीजी तथा सामुदायिक होमस्टेहरुको आवश्यकता पहिचान गरी यो कार्यक्रम सञ्चालन गरीनेछ।
- यस कार्यक्रमको लागि आवश्यकता अनुसार विषयबस्तुका जानकार स्रोत व्यक्तिहरुबाट सहजीकरण गरी कार्यक्रम सञ्चालन गरीनेछ।
- यस कार्यक्रमबाट सहभागिहरुको लागि स्टेशनरी, खाजा/खाना, यातायात खर्च, सहभागी भत्ता, ब्यानर, प्रशिक्षक पारिश्रमिक, कार्यपत्र प्रस्तुती खर्च, प्रतिवेदन तयारी, कर्मचारी भ्रमण खर्च लगायतमा खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धी**

- होमस्टे सञ्चालकहरू रैथाने परिकार बनाउन र पस्कनमा दक्ष हुनेछन्।
- होमस्टेमा आउने पर्यटकहरूले स्थानीय खानाको मौलिक स्वाद लिन पाउनेछन् र उनीहरूको सन्तुष्टि बढ्नेछ।

## २०१. नेपाल भारत पर्यटन प्रवर्द्धन बाइक राइडिङ (युटुवर भ्लगर्स आदी)

कोशी प्रदेश साहसिक पर्यटनको प्रचुर सम्भावना भएको क्षेत्र हो।कोशी प्रदेश तराईका समथर भूभागदेखि मध्य पहाड र उच्च हिमाली क्षेत्रसम्म फैलिएको छ। यहाँको भौगोलिक विविधता, विभिन्न जातजातिको मौलिक संस्कृति, ऐतिहासिक स्थलहरू, र प्राकृतिक सौन्दर्य बाइक राइडिङ र भ्लगिङका लागि अपेक्षित सम्भावनाहरू बोकेको छ।पछिल्ला वर्षहरूमा युट्युब भ्लगिङ र बाइक संस्कृति दुवैले व्यापक लोकप्रियता पाएका छन्।यसै सम्भावनालाई आत्मसात गर्दै कोशी प्रदेशको पर्यटन प्रवर्द्धन गर्ने, स्थानीय संस्कृति र जीवनशैलीलाई चिनाउने, तथा युवाहरूलाई साहसिक पर्यटनमा आकर्षित गर्ने उद्देश्यले युट्युब भ्लगर बाइकरहरूलाई लक्षित गरी यो कार्यक्रम सञ्चालन गरीनेछ।

**कार्यान्वयन विधि**

- यस कार्यक्रममा नेपाल तथा भारतका युटुवर भ्लगर्सहरुको सहभागितामा कोशी प्रदेशका विभन्न पर्यटकीय गन्तव्यहरुमा बाइक मार्फत भ्रमण गराई प्रचार प्रसार गरीनेछ।

- नेपाल र भारतका सम्बन्धित निकाय, ट्राभल्स एजेन्सीहरुसँग समन्वय गरी कार्यक्रम योजना बनाइने।
- कार्यक्रम सञ्चालन का लागि आवश्यकता अनुसार नीजि क्षेत्रसँग पनि प्रस्ताव माग गरी सम्झौताका आधारमा कार्यक्रम कार्यान्वयन गरीनेछ।
- यस कार्यक्रमबाट खाना, खाजा, आवास, सहभागी भत्ता, यातायात खर्च, ईन्धन, बाइक मर्मत खर्च, स्वास्थ्य सामाग्री, व्यानर, कर्मचारी भ्रमण खर्च, प्रतिवेदन तयारी, मायाको चिनो लगायतमा गर्न सकिनेछ।

**अपेक्षित उपलब्धी**

- कोशी प्रदेशका पर्यटकीय स्थलहरूको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचार-प्रसार हुने।
- बाइकिङ र साहसिक पर्यटनमा रुचि राख्ने पर्यटकहरूको आगमनमा वृद्धि हुने।

## २०२. दर्ता भएका होमस्टेहरुको नक्सांकन सहित ब्रोशर प्रकाशन

कोशी प्रदेशविशेषगरी ग्रामीण र पहाडी क्षेत्रहरूमा होमस्टे विकासका लागि प्रशस्त सम्भावनाहरू छन्।विशेष गरी पछिल्लो समयमा होमस्टेको लोकप्रियता बढ्दै जाँदायसलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन जानकारीको अभाव एउटा प्रमुख चुनौतीका रूपमा देखिएको छायसै आवश्यकतालाई सम्बोधन गर्न होमस्टे सम्बन्धी जानकारीमूलक सामग्रीहरूको प्रकाशन गर्न यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- यस कार्यक्रमबाट कोशी प्रदेश भित्र रहेका होमस्टेहरुको जानकारी प्रदान गर्ने प्रयोजनको लागि जानकारीमुलक पुस्तक, ब्रोसर, बुकलेट, फ्लेक्स, व्यानर, फोटोबुक लगायतका सामाग्रीहरु प्रकाशन गरी हस्तान्तरण गर्नुपर्नेछ।
- सामाग्री हस्तान्तरण नियमानुसार गर्नुपर्नेछ।
- यस कार्यक्रमको लागि सार्वजनिक खरीद विधि अनुशरण गर्नुपर्ने छ।

**अपेक्षित उपलब्धी**

- होमस्टे सम्बन्धी सही र अद्यावधिक जानकारीको सहज पहुँच हुने।

## २०३. हाम्रो गाउँ हाम्रो गन्तव्य (गाउँ उत्सव )

नेपाली गाउँहरूमा संस्कृति, कला, परम्परा र प्राकृतिक सौन्दर्यको अनुपम संयोजन पाइन्छ। यिनै विशेषतालाई पर्यटनसँग गाँस्ने उद्देश्यले **"हाम्रो गाउँ, हाम्रो गन्तव्य (गाउँ उत्सव)"**कार्यक्रम आयोजना गरीनेछ।यस उत्सवमार्फत गाउँको मौलिक जीवनशैली, खाना, भेषभूषा, सांस्कृतिक प्रस्तुति र कृषि उत्पादन,स्थानीय उत्पादनहरू प्रदर्शित गरीन्छ।कार्यक्रममा स्थानीय सहभागिता बढाई

आत्मगौरव, सांस्कृतिक संरक्षण, पर्यावरण संरक्षण र ग्रामीण पर्यटन प्रवर्द्धनलाई सशक्त बनाउने लक्ष्य राखिएको छ। शहरका मानिसहरुलाई गाउँ पर्यटनको महत्व बुझाउनका निम्ति यो कार्यक्रम राखिएको हो।

**कार्यान्वयन विधि**

- प्रस्ताव तथा साझेदारीका निम्ति सार्वजानिक सूचना प्रकाशित गरीने छ।
- कार्यक्रममा स्थानीय तह, सामुदायिक होमस्टे, ग्रामीण पर्यटनमा काम गर्ने निकायहरुले प्रस्ताव पेश गर्न सक्ने छन्।
- कार्यक्रम जिल्ला सदरमुकाममा राख्नु पर्ने हुन्छ।
- कार्यक्रम कम्तिमा तीन दिन गर्नु पर्ने हुन्छ।
- कार्यक्रममा प्यानल डिस्कसन, फोटो तथा चित्रकला प्रदर्शनी,गाउँ झल्काउने स्टलहरु, पाकशाला प्रतियोगिता, कृषि उपजको उत्पादनको प्रदर्शनी, विभिन्न झाँकीहरु, आदि प्रदर्शन हुनेछ ।
- यातायात खर्च, स्टल व्यवस्थापन, टेन्ट साउण्ड सिस्टम, अतिथि सत्कार, उपहारजन्य सामाग्री, पुरस्कार, हल भाडामा खर्च गर्न सकिने छ।कार्यक्रम समापन पश्चात प्रतिवेदन अनिवार्य बुझाउनु पर्ने छ।
- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन खर्च यसैबाट भुक्तानी गर्न सकिने छ।
- कार्यक्रम कार्यान्वयन गर्दा सार्वजानिक खरिद ऐन नियमावली/एवम् खर्चका अन्य मापदण्ड अनुसार हुनेछ ।

**अपेक्षित उपलब्धी**

- ग्रामीण पर्यटनको प्रचार प्रसार,
- स्थानीय सिप तथा कला प्रस्फुटन,
- गाउँ पर्यटनका लागि छलफल ।

**२०४. चिया पर्यटन प्रवर्द्धन कार्यक्रम**

चियाबगानको अवलोकन, चियाउत्पादन प्रक्रियाको अवलोकन, चिया परीक्षण )Tea Tasting) र कृषकको जीवनशैलीको अनुभव जस्ता पक्षले चिया पकेट क्षेत्रलाई चिया पर्यटन )Tea Tourism) को आकर्षक गन्तव्य बनाउन सक्ने अपार सम्भावना बोकेको छ।कोशी प्रदेशको पर्यटनको आधारको रुपमा रहेको आकर्षक चिया बगानहरुको प्रचारप्रसार-, चियासँग जोडिएको जीवनशैलीको बिषयको

जानकारी,पर्यटकलाई चिया खेती, प्रशोधन, इतिहास र सांस्कृतिक महत्त्वबारे जानकारी दिने, स्थानीय उत्पादन प्रवर्द्धन गर्ने र कृषक समुदायको जीवनस्तर उकास्ने उद्देश्यले चिया पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ। यस कार्यक्रमले चिया मार्ग )Tea Trail) निर्माण, सूचना सामग्री प्रकाशन, चिया उत्सव आयोजना, स्थानीय, नीजि क्षेत्रको संलग्नता, र पर्यटन गाइड अभिमुखिकरण लगायत विविध गतिविधिहरू समेट्नेछ।

**कार्यान्वयन विधि**

- कोशी प्रदेशको पर्यटनको मुख्य क्षेत्रको रुपमा रहेको चिया पर्यटनमा कोशी प्रदेश पर्यटन वर्षको साझेदारी रहोस भन्ने हेतुले यो कार्यक्रम सञ्चालन गरीने छ।
- साझेदारीमा कार्यक्रम गर्ने इच्छुक स्थानीय तहहरु मध्ये चिया पर्यटन प्रवर्द्धनमा काम गरीरहेका स्थानीय तहहरुले पेश गरेको प्रस्तावका आधारमा सहकार्यमा यो कार्यक्रम सञ्चालन गरीने छ।
- आवश्यकता र औचित्यका आधारमा प्राप्त भएका प्रस्तावमा छलफल गरेर दोहोरो सम्झौता गरी कार्यान्वयन गरीने छ।
- यस कार्यक्रमको खर्च खानाखाजामा गर्न पाइने छैन । कार्यक्रम समापन पश्चातबिलभर्पाइ प्रतिवेदन, फोटो भिडियो प्राप्त पछि भुक्तानी गरीने छ।
- प्रचलित कानुन बमोजिम खर्च गरीने छ।

**अपेक्षित उपलब्धी**

- कोशी प्रदेशको चिया पर्यटन प्रवर्द्धनको विविधिकरण,
- चिया पर्यटनको प्रचारप्रसार-,
- चिया ट्रेल र चिया सम्बन्धी अन्य गन्तव्यहरुको प्रचारप्रसार-।
-

**२०५. स्वास्थ्य पर्यटन मार्ट**

झापा जिल्ला स्वास्थ्य सेवाको क्षेत्रमा उल्लेखनीय रुपमा अगाडि बढीरहेको जिल्ला हो।यहाँ रहेका आँखा अस्पतालहरु, क्यान्सर अस्पताल, आयुर्वेदिक सेवा केन्द्रहरू, योग तथा प्राकृतिक उपचार केन्द्रहरू, र आधुनिक स्वास्थ्य संस्थाहरूले यो क्षेत्रलाई स्वास्थ्य पर्यटनको सम्भावित केन्द्रको रूपमा रहेका छन्।नेपालका अन्य जिल्लाका साथै भारतको सीमावर्ती क्षेत्रहरूबाट समेत उपचार र स्वास्थ्य सेवाका लागि झापातर्फ आकर्षण बढ्दो छ।यस्ता विशेषताहरूलाई व्यवस्थित रूपमा प्रचार–प्रसार गर्न र स्वास्थ्य तथा पर्यटन क्षेत्रबीच सहकार्यको नयाँ सम्भावनाको ढोका खोल्न स्वास्थ्य पर्यटन मार्ट – झापा आयोजना गर्न प्रस्ताव गरीएको हो ।

विशाल घिमिरे
प्रदेश सचिव

### कार्यान्वयन विधि

- नेपाल पर्यटन बोर्ड भृकुटीमण्डपको आयोजना एवम् नाटा कोशी प्रदेशको संयोजनमा प्रत्येक वर्ष झापामा हुने कार्यक्रममा कोशी प्रदेशको प्रचार प्रसारका हेतु कोशी प्रदेशको सहभागितामुलक उपस्थिति हुनेछ।
- प्राप्त भएको लागत अनुमानका आधारमा आयोजक संस्थासँग दोहोरो सम्झौता गरेर कार्यक्रम कार्यान्वयन गरीने छ।
- सार्वजानिक खर्चको मापदण्ड एवम् प्रचलित कानुन बमोजिम यो रकम खर्च गर्नु पर्ने हुन्छ।
- कार्यक्रममा प्रचार-प्रसारको सामाग्री, हल भाडा, विदेशी पाहुनाको आतिथ्य, एवम् स्टल व्यवस्थापनका लागि खर्च गर्न सकिने छ।
- खाना खाजाको रकम यसबाट खर्च लेख्न पाइने छैन।

### अपेक्षित उपलब्धी

- स्वास्थ्य केन्द्रहरुको विविधिकरण, ब्राण्डिङ, प्रचार प्रसार र प्रवर्द्धन,
- स्वास्थ्य पर्यटनको विकास, पर्यटन प्रवर्द्धनमा सहयोग,
- पर्यटनको नयाँ क्षेत्रको पहिचान र खोजी ।

## २०६. विश्व पर्यटन दिवस तथा चित्रकला प्रतियोगिता

प्रत्येक वर्ष सेप्टेम्बर २७ मा मनाइने **विश्व पर्यटन दिवस** विश्वभर पर्यटनको सामाजिक, सांस्कृतिक, आर्थिक र वातावरणीय मूल्यलाई उजागर गर्ने अवसरको रूपमा लिइन्छ। यस अवसरमा पर्यटनप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले विविध कार्यक्रमहरू आयोजना गर्ने गरीन्छ । काकरभिट्टा नाकामा पर्यटकीय गतिविधिलाई उजागर गर्नका निम्ति विश्व पर्यटन दिवसको प्रत्येक वर्ष झै यस वर्ष पनि मनाइन्छ। बालबालिका तथा युवाहरूमा सिर्जनात्मक अभिव्यक्तिको माध्यमबाट

### कार्यान्वयन विधि

- कार्यक्रममा विभिन्न सरकारी गैरसरकारी निकाय, स्थानीय तह, होटल, ट्राभल्स, टुर्स, होमस्टे, पर्यटनमा काम गर्ने विभिन्न संघ संस्था एवम् सरोकारवाला निकायको प्रतिनिधि एवम् विज्ञ अभियान्ताहरुको उपस्थितिमा कार्यक्रम सञ्चालन हुनेछ ।
- कार्यक्रम सम्पन्न गर्नका निम्ति चित्रकलाको क्षेत्रमा काम गर्दै आइरहेका संस्थासँग आवश्यकता अनुसार सहयोग माग गरीने छ।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

- प्रतियोगी, अतिथिको खाना, खाजा, यातायात खर्च, दैनिक भ्रमण भत्ता, टेन्टका सामान, साउण्ड सिस्टम, प्रमाणपत्र, चित्रकलामा प्रतियोगितमा प्रयोग हुने सामाग्रीहरु, स्टेशनरी मसलन्द आदिमा खर्च गर्न सकिने छ।
- खर्च गर्दा प्रदेश सरकारले जारि गरेको सार्वजानिक खर्चको मापदण्ड अनुसार गरीने छ।

**अपेक्षित उपलब्धी**

- विश्व पर्यटन दिवसको प्रचार-प्रसार,
- पर्यटनजन्य गतिविधिको उजागर,
- चित्रकला मार्फत पर्यटन प्रवर्द्धन ।

## २०७. तिम्वुङ पोखरी ट्रेल रन सहयोग कार्यक्रम

ताप्लेजुङ जिल्लास्थित हिन्दु तथा किराँत धर्मावलम्वीहरुको साझा धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्त्वको स्थल तिम्वुङ पोखरीतर्फको पदमार्ग प्राकृतिक सौन्दर्य (ट्रेल), जैविक विविधता र साहसिक पर्यटनको अनुपम सम्भावना बोकेको क्षेत्र हो। सो क्षेत्रमा आयोजना गरीने ट्रेल रन प्रतियोगिताले साहसिक खेल पर्यटनको प्रवर्द्धन गर्नुका साथै गन्तव्यको अन्तर्राष्ट्रिय प्रचारमा टेवा पुर्‍याउने विश्वासका साथ यसमा सहयोग गरीने प्रस्ताव गरीएको हो। हिमाली क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि यसले नयाँ आयाम थप्ने छ। सहासिक पर्यटकीय क्षेत्रको प्रचारप्रसार समेत हुने। कार्यक्रमले स्थानीय पर्यटन, स्वास्थ्य र युवाहरूको सशक्तिकरणमा समेत योगदान पुर्‍याउनेछ।

**कार्यान्वयन विधि**

- ट्रेल रन आयोजना गर्ने तिम्वुङ पोखरी संरक्षण तथा व्यवस्थापन समितिसँग कार्यक्रमको अवधारणा र लागत अनुमान माग गरी कार्यान्वयन गरीने छ।
- सम्बन्धित स्थानीय तहको तर्फबाट साझेदारी सुनिश्चितताको प्रत्याभुत हुनुपर्ने छ।
- आयोजक संस्थाबाट कार्यक्रमको प्रस्ताव, लागत विवरण र कार्ययोजना प्राप्त गरी छलफलपछि दोहोरो सम्झौता गरीने।
- प्रचारप्रसार सामग्री, साइनबोर्ड, सहभागीताको किट (टिसर्ट, ब्याज, झोला), मेडिकल टोली, सुरक्षाका साधन, प्रमाणपत्र, ट्रफी तथा बेस क्याम्प व्यवस्थापन लगायतका शीर्षकमा खर्च गर्न सकिने।
- खानाखाजाको खर्च समावेश गर्न पाइने छैन।
- कार्य सम्पन्न भएपछि प्रतिवेदन, फोटो/भिडियो, बिल भरपाई प्राप्त गरी मात्र भुक्तानी गरीने।
- प्रचलित कानुन तथा सार्वजनिक खर्च मापदण्डको पालना अनिवार्य हुनेछ।

**अपेक्षित उपलब्धी**

- तिम्वुङ पोखरी क्षेत्रको प्रचार-प्रसार र साहसिक पर्यटन प्रवर्द्धन।

पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

- स्थानीय युवा र खेलकर्मीलाई सहभागिता र परिचालनमार्फत पर्यटनसँग जोड्ने अवसर।
- पदमार्गमा पर्यटकको आकर्षण बढ्दै स्थानीय स्तरमा आम्दानीका अवसर सिर्जना।
- गन्तव्यको ब्राण्डिङ र राष्ट्रिय/अन्तर्राष्ट्रिय ध्यानाकर्षण।

## २०८. रेडपाण्डा ट्रेल रन

सन्दकपुर क्षेत्र इलाम जिल्लाको जैविक विविधता, साहसिक पदयात्रा र रेड पाण्डाको प्राकृतिक बासस्थानका रूपमा परिचित एक प्रमुख पर्यटकीय क्षेत्र हो।यही क्षेत्रको अन्तर्राष्ट्रिय पहिचान र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले रेड पाण्डा ट्रेल रन आयोजना गरीनेछ।यसले साहसिक खेल पर्यटनलाई विस्तार गर्नुका साथै रेड पाण्डाको संरक्षण, पदमार्गको प्रचार र स्थानीय जनसहभागितामार्फत दिगो पर्यटन विकासमा टेवा पुऱ्याउनेछ। कार्यक्रम सञ्चालन का निम्ति सम्बन्धित स्थानीय तहको सहभागिता सुनिश्चित गरेपश्चात कार्यक्रम कार्यान्वयन गरीने छ।

### कार्यान्वयन विधि

- कार्यक्रम सञ्चालन गर्न चाहने स्थानीय तह, संघ संस्था वा आयोजकसँग सहकार्यमा कार्यक्रम अगाडी बढाइने।
- लागत विवरण र कार्ययोजना सहितको प्रस्ताव प्राप्त गरी छलफलपछि दोहोरो सम्झौता गरीनेछ।
- ट्रेल रनका लागि प्रचार सामग्री, ट्रेल मार्किङ, सहभागिता सामग्री (टिसर्ट, झोला, बिब नम्बर), चिकित्सा सहायता, ट्रफी/प्रमाणपत्र, भोलिन्टियर व्यवस्थापन, र बोटलिङ/पानी व्यवस्थापन शीर्षकमा खर्च गर्न सकिनेछ।
- कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन, बिल भरपाई, फोटो/भिडियो प्रमाण संलग्न गरेपछि मात्रै भुक्तानी हुनेछ।
- खर्च प्रचलित कानुन तथा सार्वजनिक खर्च मापदण्ड अनुसार हुनेछ।
- खानाखाजाको खर्च समावेश गर्न पाइने छैन।

### अपेक्षित उपलब्धी

- सन्दकपुर क्षेत्रको गन्तव्यको रूपमा प्रचार र ब्राण्डिङ।
- रेड पाण्डा संरक्षणमा जनचेतना अभिवृद्धि।
- साहसिक खेल पर्यटन र पदमार्गको प्रवर्द्धन।
- स्थानीय रोजगारी र पर्यटनजन्य आम्दानीमा वृद्धि।
- इलामको जैविक पर्यटनको विशेष प्रचार।

पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे प्रदेश सचिव

## २०९. पर्यटकीय मेला महोत्सव सहयोग कार्यक्रम

कोशी प्रदेशका विविध गन्तव्यहरूमा आयोजना हुने मेला तथा महोत्सवहरू सांस्कृतिक, धार्मिक र आर्थिक दृष्टिले महत्त्वपूर्ण हुँदै आएका छन्।यस्ता कार्यक्रमहरूमा पर्यटकीय तत्व समावेश गरेर स्थानीय संस्कृति, परम्परा, उत्पादन र गन्तव्यको प्रवर्द्धन गर्न सकिन्छ।यसले स्थानीय पर्यटन गतिविधिलाई प्रवर्द्धन गर्नुका साथै प्रदेशको समग्र पर्यटन विकासमा योगदान पुऱ्याउँछ।त्यसैले यस्ता मेलामहोत्सवहरूमा सहकार्यद्वारा प्रदेश सरकारको सहभागिता सुनिश्चित गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरीएको हो।

**कार्यान्वयन विधि**

- मेलामहोत्सव आयोजना गर्न चाहने स्थानीय तह, संस्था वा समितिले प्रस्ताव पेश गर्ने।
- प्रस्तावको औचित्य, सम्भाव्यता र पर्यटन सम्बन्धित पक्षको मूल्याङ्कन पछि दोहोरो सम्झौता गरीने।
- प्रचारप्रसार सामग्री, सूचना स्टल, सजावट, सांस्कृतिक प्रस्तुतिका सामग्री, प्रमाणपत्र, स्थानीय उत्पादन प्रदर्शनी जस्ता शीर्षकमा खर्च गर्न सकिने।
- खाना, खाजा खर्च समावेश गर्न नपाइने।
- कार्यक्रम सम्पन्न भएपछि फोटो/भिडियो, प्रतिवेदन र बिल/भर्पाइ प्राप्त भएपछि मात्र भुक्तानी गरीने।
- खर्च प्रचलित कानुन र सार्वजनिक खर्चको मापदण्ड अनुसार हुनेछ।
- सम्बन्धित स्थानीय तहको सिफारिस नभएको अवस्थामा भुक्तानी नहुने।

**अपेक्षित उपलब्धी**

- स्थानीय मेलामहोत्सवमा पर्यटकीय पक्षको समावेश,
- गन्तव्यको प्रचार, स्थानीय उत्पादनको प्रवर्द्धन र सांस्कृतिक सम्पदाको संरक्षण,
- स्थानीयसँग सहकार्यको विकास,
- भावनात्मक पर्यटन अवधारणाको प्रस्तुति।

## २१०. पर्यटन प्याकेज निर्माण सम्बन्धी तालिम कार्यक्रम

कोशी प्रदेशको विविध पर्यटकीय सम्पदा (प्राकृतिक, सांस्कृतिक, धार्मिक, साहसिक) लाई एकीकृत गरी बजारीकरणका निम्ति पर्यटन प्याकेज निर्माण गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्नु यस तालिमको मूल उद्देश्य हो।

स्थानीय पर्यटन व्यवसायी, होमस्टे सञ्चालक, ट्राभल एजेन्सीका प्रतिनिधि, गाइड तथा पर्यटन अभियन्ताहरूलाई गन्तव्यको मूल्याङ्कन, सेवाको मूल्य निर्धारण, र प्रोमोशनल रणनीति सम्बन्धी सीप प्रदान गर्न यो कार्यक्रम सञ्चालन गरीने छ।

**कार्यान्वयन विधि**

- **तालिम अवधिः** ३ देखि ५ दिन
- सहभागीः २५ जना (गन्तव्य प्रतिनिधि, होमस्टे सञ्चालक, ट्राभल व्यवसायी, युवा पर्यटन अभियन्ता)
- **प्रमुख विषयवस्तुहरूः**
  - ✓ गन्तव्य विश्लेषण र आकर्षण चिनाउने तरिका,
  - ✓ सेवा संयोजन (भ्रमण, यातायात, बास, भोजन, गाइडिङ),
  - ✓ प्याकेज दर निर्धारण, लाभान्वित र समय व्यवस्थापन,
  - ✓ डिजिटल प्रचार सामग्री निर्माण (ब्रोसर, पोस्टर, वेबसाइट सामग्री),
  - ✓ साझेदारीमा प्याकेज निर्माण अभ्यास,
- प्रयोगात्मक अभ्यासमार्फत प्याकेज डिजाइन र प्रस्तुति गरीनेछ।
- अनुभवी प्रशिक्षक, सफल ट्राभल एजेन्ट, र गन्तव्य प्रवर्द्धकहरूद्वारा सेसन सञ्चालन।
- माथि उल्लेखित कार्यक्रम परामर्शन खरिद अनुसार गरीने छ।
- सहभागीहरुको खाना,खाजा, आवास, यातायात।

**अपेक्षित उपलब्धिः**

- सहभागीहरूमा व्यावसायिक पर्यटन प्याकेज डिजाइन गर्ने व्यवहारिक सीप विकास।
- गन्तव्यहरूको एकीकृत र बृहत् प्रवर्द्धन योग्य प्याकेजहरू निर्माण।
- स्थानीय स्तरमै राजस्व सिर्जना, रोजगारी र भ्रमण अवधि विस्तार गर्ने सम्भावना वृद्धि।
- कोशी प्रदेशको पर्यटन बजारलाई सँगठित र प्रतिस्पर्धी रूपमा प्रस्तुत गर्ने तयारी।
-

**२११. लघु घरेलु उद्यमी व्यवसायीसँग पर्यटन विकास अन्तरक्रिया**

महिलाद्धारा सञ्चालित लघु, घरेलु उद्यमी व्यवसायीसँग पर्यटन प्रवर्द्धन र पर्यटनजन्य उद्यमशिलताका बिषयमा छलफल, सिपविकास कार्यक्रम सञ्चालन का निम्ति यो कार्यक्रम सञ्जालन हुने छ। पर्यटन व्यवसायसँग महिला उद्यमशिलतालाई जोड्न यो कार्यक्रम एक माध्यम हुने छ। महिलाहरुको आर्थिक सशक्तिकरणका निम्ति कोशेढुङ्गो हुनेछ।उद्योग वाणिज्य संघ लगायतका व्यापारिक र व्यवसायिक संघसंस्था प्रतिष्ठानमा प्रतिनिधित्व गर्ने महिला व्यवसायीहरु लक्षित कार्यक्रम हो।

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

## कार्यान्वयन विधि

- लघु उद्यमशिलता सम्बन्धी कार्यक्रम सञ्चालन का लागि सार्वजानिक सूचना प्रकाशन गरेर प्रस्ताव माग गरीने छ।
- प्राप्त प्रस्तावका आधारमा प्रस्ताव गर्ने संस्थासँग दोहोरो सम्झौता गरी कार्यक्रमको औचित्य समेतको अध्ययन पश्चात कार्यक्रम सञ्चालन गरीने छ।
- कार्यक्रम सञ्चालन गर्दा प्रचालित कानुन बमोजिम सञ्चालन गरीने छ।
- सिप विकास सम्बन्धी प्रचलित कानुन बमोजिम कार्यक्रम कार्यान्वयन अनुसार हुनेछ।
- कार्यक्रमको अनुगमन तथा मूल्याङकन खर्च यसै शिर्षकबाट लेखिने छ।

## अपेक्षित उपलब्धी

- लघु उद्यमशिलताको विकास हुने,
- पर्यटनसँग सहकार्य गर्न सकिने,
- स्थानीय उत्पादको बजारीकरण हुने।

## २१२. नेपाल रैथाने मार्ट प्रवर्द्धन कार्यक्रम

रैथाने उत्पादनको बिक्री वितरण वजारीकरणका निम्ति यो कार्यक्रम उपयुक्त हुनेछ। रैथाने उत्पादनमा काम गरीरहेको सहकारी संस्था, स्थानीय निकाय वा लघु उद्यमशिलतासँग जोडिएका व्यवसायीहरुको प्रवर्द्धन हेतु यो कार्यक्रम सञ्चालन हुनेछ। कोशी प्रदेश पर्यटन वर्षसँग जोडिएर यो कार्यक्रम सञ्चालन गर्नु पर्ने छ।

## कार्यान्वयन विधि

- रैथाने उत्पादनको वजारीकरणका निम्ति काम गर्न इच्छूक संस्थासँग आवश्यकता र औचित्यताका आधारमा कार्यक्रम माग गरी यो कार्यक्रमलाई अगाडी बडाइने छ।
- कार्यक्रम सञ्चालन का निम्ति सार्वजानिक खरिद ऐन-नियमावली अनुसार गरीने छ।
- स्थानीय तह, सहकारी संस्था, लघु उद्यमीहरु यस कार्यक्रमका आधार हुन्।
- कार्यक्रम समापन पश्चात उपलब्धी सहितको प्रतिवेदन अनिवार्य बुझाउनु पर्ने छ।
- कार्यक्रममा विभिन्न स्टलहरु, प्रचार-प्रसारका सामाग्रीहरु यसै शिर्षकबाट खर्च हुनेछ।

## अपेक्षित उपलब्धी

- लघु उद्यमशिलताको विकास हुने,
- पर्यटनसँग सहकार्य गर्न सकिने,
- रैथाने उत्पादनको बजारीकरण हुने।

## २१३. पर्यटकीय गन्तव्यहरुको ब्रोसर प्रकाशन

कोशी प्रदेशमा रहेका प्रमुख पर्यटकीय गन्तव्यहरूको व्यवस्थित जानकारी समेटेर आकर्षक ब्रोसर प्रकाशन गर्नु पर्यटन प्रवर्द्धनको लागि आवश्यक र प्रभावकारी माध्यम हो। ब्रोसरहरूबाट पर्यटकले गन्तव्य, त्यहाँ पुग्ने बाटो, अवलोकन योग्य स्थल, सेवा सुविधाको विवरण, सम्पर्क जानकारी, स्थानीय विशेषता आदि बारे सहज जानकारी प्राप्त गर्न सक्नेछन्। यसले प्रदेशको समग्र पर्यटन प्रवाहमा सकारात्मक प्रभाव पार्नेछ।

**कार्यान्वयन विधि**

- गन्तव्यहरूको विवरण, फोटो, नक्सा, इतिहास, संस्कृति, पहुँच र सेवाको जानकारी संकलन गरीने।
- विषयवस्तु संकलन, डिजाइन, अनुवाद, सम्पादन र मुद्रण कार्य अनुभवी संस्थासँग सार्वजानिक खरिद ऐन,नियमावली अनुसार गरीने।
- ब्रोसर अङ्ग्रेजी भाषामा तयार गरीनेछ, आवश्यकताअनुसार अन्य भाषा थपिने।
- डिजाइन स्वीकृति पश्चात मात्र मुद्रण कार्य अघि बढाइनेछ।
- वितरण रणनीति (टुरिज्म अफिस, सूचना केन्द्र, मेलामहोत्सव, बोर्डर, ट्राभल्स/होटल) तय गरीनेछ।
- कार्य सम्पन्नपश्चात तोकिएको संख्या कार्यालयमा दाखिला भएपश्चात मात्र भुक्तानी प्रदान गरीने छ ।

**अपेक्षित उपलब्धी**

- गन्तव्यहरूको व्यवस्थित प्रचार र जानकारी प्रवाह,
- स्वदेशी तथा विदेशी पर्यटकलाई सहजता,
- गन्तव्यहरूको ब्राण्डिङ र आकर्षणमा वृद्धि,
- पर्यटन क्षेत्रका सरोकारवालाबीच सहकार्य सुदृढ,
- डिजिटल र भौतिक माध्यमको संयुक्त उपयोगद्वारा व्यापक प्रभाव ।

## २१४. विभिन्न गन्तव्यहरुका छोटो भिडियो निर्माण

कोशी प्रदेशभित्र रहेका ऐतिहासिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक तथा साहसिक पर्यटकीय गन्तव्यहरूलाई श्रव्यदृश्य सामाग्रीको माध्यममार्फत प्रभावकारी प्रचार गर्नका लागि छोटो भिडियो निर्माण कार्यक्रम आयोजना राखिएको हो। छोटो, आकर्षक र सूचनामूलक भिडियोले गन्तव्यको आकर्षणलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दर्शकहरूसमक्ष पुर्‍याउन महत्वपूर्ण भूमिका खेल्दछ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)

विशाल घिमिरे
प्रदेश सचिव

**कार्यान्वयन विधि**

- यो कार्यक्रम प्रतिस्पर्धात्मक हुनेछ ।
- कार्यक्रम कार्यान्वयनका निम्ति सार्वजानिक सूचना प्रकाशन गरी आह्वान गरीने छ।
- प्रत्येक भिडियोको अवधि १ देखि ३ मिनेटसम्मको हुने, जसमा मुख्य दृश्य, गतिविधि, जानकारी र भावनात्मक सम्प्रेषण समेटिने।
- भिडियोहरू पर्यटन बोर्ड, वेबसाइट, सामाजिक सञ्जाल, मेला महोत्सवमा प्रदर्शन गरीने।

**अपेक्षित उपलब्धी**

- गन्तव्यको दृश्यात्मक प्रचार सशक्त र सहज हुने।
- डिजिटल प्लेटफर्ममा सामग्री वितरणमार्फत दर्शकमा आकर्षण बढ्ने।
- पर्यटन व्यवसायी र पर्यटकका लागि उपयोगी सूचना स्रोत बन्ने।
- कोशी प्रदेश पर्यटन वर्ष २०८२ को प्रचार प्रभावकारी हुने।

## २१५. पर्यटन सम्बन्धी प्रादेशिक संस्थामा पर्यटन प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया

कोशी प्रदेशमा रहेका पर्यटन प्रवर्द्धनमा अग्रणी भुमिका रहने तथा पर्यटकीय गतिविधिमा सक्रिय प्रदेश स्तरीय पर्यटनसँग सम्बन्धित विभिन्न संघ संस्थाहरुको सहभागिता र/समन्वयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरी राय परामर्श संकलन तथा पर्यटन प्रवर्द्धनका गतिविधिहरुमा उक्त संस्थाहरुको पनि सक्रिय सहभागिता र विद्यमान समस्याको पहिचान गरी समाधानका उपायहरुको खोजि तथा उचित नीतिगत व्यवस्था लागि यो कार्यक्रम तयार गरीएको हो।

**कार्यान्वयन विधि**

पर्यटन क्षेत्रका विषयमा देखिएका नीतिगत समस्याहरुको छलफल/अन्तरक्रिया गर्न सरोकारवाला सहितको उपस्थितिमा यो कार्यक्रमबाट आयोजना गरीने छ। सहभागी संख्याका आधारमा प्रचलित कानून बमोजिम लागत अनुमान तयारी एवम् स्वीकृति गरी यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।यस कार्यक्रमबाट सहभागीका लागि स्टेशनरी, व्यानर, खाजा, खाना आदिमा खर्च गर्न सकिनेछ ।

## २१६. पर्यटन विकास आयोजनाको कार्यक्रम सञ्चालन प्रक्रिया

- स्वीकृत वार्षिक कार्यक्रम प्राप्त भए पश्चात् कार्यालयबाट कार्यक्रम कार्यान्वयन योजना बनाई सरोकारवालाहरुको सहभागितामा कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।
- स्वीकृत वार्षिक कार्यक्रमको विषयगत विशिष्टिकरण र आवश्यकता अनुसार कार्य विभाजन गरी कार्यालयबाट आवश्यक प्राविधिक कर्मचारीहरुको जिम्मेवारी तोक्नु पर्नेछ।
- आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरु तथा सम्बन्धित स्थानीय तहको अधिकतम सहभागिता गराउनु पर्नेछ।
- सामुदायिक वन क्षेत्रमा पर्यटन पुर्वाधार सम्बन्धी कार्यहरु नेपाल सरकारको वन तथा भू-संरक्षण विभागले तयार गरेको सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यविधि, २०७५ बमोजिम सञ्चालन गर्नु पर्नेछ।
- राष्ट्रिय वन क्षेत्रमा सञ्चालन गरिने कार्यक्रमहरु सम्बन्धित डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रभित्रको कार्यक्रमहरु सम्बन्धित राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्र कार्यालयसँगको समन्वय, सहकार्य र सहमति लिएर मात्र सञ्चालन गर्नु पर्नेछ।
- नयाँ पूर्वाधार निर्माण कार्यहरु (सामुदायिक भवन निर्माण आदि,मन्दिर निर्माण,भवन निर्माण) गर्नु परेमा विनियोजित बजेटले प्राबिधिक दृष्टिकोणबाट सम्पन्न हुन सक्ने नदेखिएको भनी कार्यालयले आधार र कारण सहित मन्त्रालयमा सिफारिस गरेमा मन्त्रालयले प्रचलित कानूनले तोकेको प्रक्रिया पूरा गरी बहुबर्षीय योजना स्वीकृतिका लागि वा आवश्यक बजेटको श्रोत सुनिश्चितताका लागि प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्नेछ र सो विषयमा निकासा भइ आए पश्चात मात्र पूर्वाधारको कार्य अगाडी वढाउनु पर्नेछ|
- ऐतिहासिक प्राचिन स्मारक तथा पुरातत्वसँग सम्बन्धित आयोजनाहरु पुरातत्व विभागसँग समन्वय र सहकार्य गर्दै नेपाल सरकारको प्राचिन स्मारक सम्बन्धि कार्यविधि, २०६४ बमोजिम गर्नु पर्नेछ।
- कार्यालयको विषयगत प्राविधिकबाट कार्यक्रमको विस्तृत सर्वेक्षण, डिजाईन तथा लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।
- कार्यालयसँग समन्वय गरी सम्बन्धित सरोकारवाला पक्षले सम्बन्धित आयोजनाको लागि सर्भे, डिजाइन, नक्शा तथा लागत अनुमान अन्य सरकारी निकायको प्राविधिक कर्मचारीबाट

तयार गरी पेश गर्न सक्नेछ र उक्त कागजातहरु कार्यालयका प्राविधिक कर्मचारीबाट चेकजाँच गरी आवश्यक परिमार्जन गर्नु पर्ने भएमा परिमार्जन समेत गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।

- लागत अनुमान तयार गर्दा प्रचलित नर्म्स, जिल्ला दररेट वा सम्बन्धित स्थानीय तहको दररेट मध्ये कुनैलाई आधार लिन सकिनेछ।
- कामको प्रकृति अनुसार २० लाख भन्दा बढी रकमका योजनाहरु कार्यालयले ठेक्का प्रक्रियाबाट सञ्चालन गर्न सक्नेछ । तर धार्मिकस्थल साथै समुदाय लक्षित कार्यक्रमहरु उपभोक्ता समूहबाट नै सञ्चालन गर्नु पर्नेछ।
- सम्बन्धित स्थानीय तहले अनुरोध गरेमा २० लाख रुपैयाँ भन्दा कम रकमका योजनाहरु पनि ठेक्का प्रक्रियाबाट सञ्चालन गर्न बाधा पर्ने छैन ।
- माथी जुनसुकै कुरा लेखिएको भए तापनि ठेक्का प्रक्रियाबाट योजना सञ्चालन हुन समय अभाव हुने अवस्था भएमा बहुवर्षीय योजना बाहेकका अन्य सम्पूर्ण योजनाहरु उपभोक्ता समूहबाट नै सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।
- सञ्चालित आयोजनाहरुको पर्यटन बिकास आयोजनाबिराटनगरबाट नियमित रुपमा , अनुगमन मूल्याङ्कन गरिनेछ।
- आयोजनाहरुको कन्टिन्जेन्सी खर्च सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९, प्रदेश सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धित निर्देशिका, २०७९ मा भएको व्यवस्था बमोजिम गर्नु पर्नेछ।
- सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ बमोजिम स्थानीय पर्यटकीय पुर्वाधार निर्माण कार्य कार्यान्वयन गर्नु पर्नेछ।

## २१७. बहुवर्षिय आयोजनाहरु

- विगत आ.व.मा सम्झौता भएका बहुवर्षीय आयोजनाहरुको भुक्तानी, भेरिएसन आदेश, मुल्य समायोजन, म्याद थप लगायतका व्यवस्था सम्बन्धित निर्माण व्यवसायीसँग भएको

सम्झौताका शर्त तथा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

- चालु आर्थिक वर्षमा नयाँ बहुवर्षीय आयोजना सञ्चालन गर्न देहायकाको विवरण खुलाई प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई खरिद प्रक्रिया अगाडि बढाउन सकिनेछ :
  - ➢ आयोजनाको कुल लागत अनुमान,
  - ➢ आयोजना सम्पन्न हुने अवधि,
  - ➢ स्वीकृत खरिद गुरु योजना,
  - ➢ बिस्तृत परियोजना प्रतिवेदन,
  - ➢ चालु आर्थिक वर्षमा विनियोजन भएको रकम,
  - ➢ आयोजनाको आवश्यकताको पहिचान, छनौटको आधार, उद्देश्य, औचित्य, लाभ लागत विश्लेषण, लाभान्वित जनसंख्या, अपेक्षित उपलब्धी लगायतका विवरण,
  - ➢ प्रचलित कानून बमोजिमको अन्य विषय र आर्थिक मामिला तथा योजना मन्त्रालयले माग गरेको विवरण।
- कार्यालयबाट अनुगमन निरीक्षण गरिने व्यवस्था मिलाउनु पर्नेछ ।आवश्यक परेका बखत मन्त्रालयले समेत आयोजनाको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।
- सम्पन्न भएका आयोजनाहरुको अन्तिम बिल भुक्तानीको लागि आवश्यक विल, भरपाइ, डोर हाजिर, स्थानीय तहको सिफारिस, स्थलगत प्राविधिक नाप जाँच प्रतिवेदन लगायतका कागजातहरु तथा आवश्यकता बमोजिम गुणस्तरीयता परीक्षणको प्रतिवेदन समेत संलग्न राखी पेश गर्नु पर्नेछ।
- आयोजनाहरुको त्रैमासिक रुपमा भौतिक तथा वित्तीय प्रगतिको समिक्षा गरिनेछ।

## २१८. पर्यटन प्रवर्द्धन तथा पुर्वाधार विकास योजनाहरु

- प्रदेशभित्र बढी भन्दा वढी पर्यटक आकर्षण गर्न पहिचान भई सकेका पर्यटकीय क्षेत्र तथा सम्भाव्य अन्य पर्यटकीय स्थानहरुमा पर्यटनका लागि आवश्यक पूर्वाधार विकासका कार्यहरु गरी पर्यटनको विस्तार तथा प्रवर्द्धन गर्नको लागि योजनाहरु सञ्चालन गरिनेछ ।
- स्वदेशी तथा स्थानीय वस्तु उपयोगलाई प्राथमिकता दिई योजनाको विस्तृत लागत अनुमान तयार गरी योजना कार्यान्वयन गर्नु पर्नेछ।

- स्वीकृत कार्यक्रममा समावेश भएका योजनाको निर्माण कार्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ। उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुको कार्यविधि परिच्छेद-६ बमोजिम हुनेछ।
- कार्यालयमा रहेको मौजुदा जनशक्तिहरुको परिचालन गरी योजना कार्यान्वयन गर्नु पर्नेछ र कार्यालयले भौगोलिक जटिलता तथा कार्य वातावरणको अवस्थाका आधारमा योजनाहरुको वर्गीकरण गरी फाल्गुन मसान्त सम्ममा सम्झौता गर्न सक्नेछ र सम्झौता भएका सम्पूर्ण योजनाहरुको फरफारक जेठ मसान्त सम्ममा सम्पन्न गरी गरिसक्नु पर्नेछ । बहुवर्षीय आयोजनाको समयसीमा सोही आयोजनाको सम्झौतामा तोकिए बमोजिमको हुनेछ ।
- संचालित आयोजनाहरुको नियमित अनुगमन, मुल्यांकन आयोजना तथा मन्त्रालयबाट हुनेछ।
- सम्पन्न भएका योजनाहरुको अन्तिम बिल भुक्तानीको लागि आवश्यक विल, भरपाइ, डोर हाजिर, स्थानीय तहको सिफारिस, स्थलगत प्राविधिक नाप जाँच प्रतिवेदन लगायतका कागजातहरु तथा आवश्यकता बमोजिम गुणस्तरीयता परीक्षणको प्रतिवेदन समेत संलग्न राखी पेश गर्नु पर्नेछ।
- योजनाहरुको त्रैमासिक रुपमा भौतिक तथा वित्तीय प्रगतिको समिक्षा गरिनेछ।

## २१९. संस्कृति तथा सम्पदा संरक्षण सम्बन्धि योजनाहरु

- प्रदेशभित्रका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका मठ, मन्दिर, धर्मशाला, गुम्बा, थान, मदरसा, मस्जिद, इदगाह, कब्रस्थानहरुको निर्माण, जिर्णोद्वार, संरक्षण तथा प्रवर्द्धनका साथै धार्मिक पर्यटन वढाउने गरीतिनको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वको जगेर्नाका योजनाहरु सञ्चालन गरिनेछ।
- पुरातात्त्विक महत्त्वका क्षेत्रमा योजना सञ्चालन गर्दा आवश्यकता अनुसार पुरातत्व विभागसँग समन्वय गरी सञ्चालन गर्नु पर्नेछ।
- संस्कृतिसँग सम्बन्धित क्षेत्रमा योजना सञ्चालन गर्दा आवश्यकता अनुसार सम्बन्धित विज्ञसँग परामर्श गरी सञ्चालन गर्नु पर्नेछ।

- स्वीकृत कार्यक्रममा समावेश भएका योजनाको निर्माण कार्य प्रचलित सार्वजनिक खरिद कानून बमोजिम हुनेछ। उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाहरुको कार्यविधि परिच्छेद-६ बमोजिम हुनेछ।
- कार्यालयमा रहेको मौजुदा जनशक्तिहरुको परिचालन गरी योजना कार्यान्वयन गर्नु पर्नेछ र कार्यालयले भौगोलिक जटिलता तथा कार्य वातावरणको अवस्थाका आधारमा योजनाहरुको वर्गीकरण गरी फाल्गुन मसान्त सम्ममा सम्झौता गर्न सक्नेछ र सम्झौता भएका सम्पूर्ण योजनाहरुको फरफारक जेठ मसान्त सम्ममा सम्पन्न गरी गरिसक्नु पर्नेछ। बहुवर्षीय योजनाको समयसीमा सोही योजनाको सम्झौतामा तोकिए बमोजिमको हुनेछ।
- संचालित योजनाहरुको नियमित अनुगमन, मुल्यांकन कार्यालय तथा मन्त्रालयबाट हुनेछ।
- सम्पन्न भएका आयोजनाहरुको अन्तिम बिल भुक्तानीको लागि आवश्यक विल, भरपाइ, डोर हाजिर, स्थानीय तहको सिफारिस, स्थलगत प्राविधिक नाप जाँच प्रतिवेदन लगायतका कागजातहरु तथा आवश्यकता बमोजिम गुणस्तरीयता परीक्षणको प्रतिवेदन समेत संलग्न राखी पेश गर्नु पर्नेछ।
- आयोजनाहरुको त्रैमासिक रुपमा भौतिक तथा वित्तीय प्रगतिको समिक्षा गरिनेछ।

## २२०. डि.पि.आर. निर्माण

- कार्यालयले डि.पि.आर. गर्नुपर्ने सूचि तयार गरेर महत्वपूर्ण योजनाहरुको मात्र डि.पि.आर. तयार गर्नु पर्नेछ।
- कार्यालयले प्रचलित सार्वजनिक खरिद कानून बमोजिम कार्यालयमा सूचिकृत कन्सल्टेन्सीबाट परामर्श सेवा खरिद गरी डि.पि.आर. तयार गर्न सक्नेछ र कार्यालयले माघ मसान्तसम्ममा डि.पि.आर. तयारीको कार्य सम्पन्न गरि सक्नु पर्नेछ।
- अध्ययन गरिने क्रियाकलापको लागि सम्बन्धित प्राविधिकको सहयोगमा कार्य क्षेत्रगत शर्त (TOR) तथा लागत अनुमान तयार गरी स्वीकृत गर्नु पर्नेछ र प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावाधान बमोजिम परामर्शदाताको छनौट गरी सम्झौता गर्नु पर्नेछ।

- सम्झौता पश्चात् सरोकारवालाहरुको समेत सहभागितामा डि.पि.आर.को मस्यौदा प्रतिवेदनको प्रस्तुतीकरण गर्ने र संशोधन तथा थप गर्नुपर्ने भएमा पृष्ठपोषण दिई अन्तिम प्रतिवेदन तयारी गर्न लगाउनु पर्नेछ।

## २२१. उपभोक्ता समितिबाट गरिने कार्यको कार्यविधि

- कार्यालयले योजना सञ्चालन का लागि समन्वय गरिदिन स्वीकृत योजनाहरुको सूची सहित सम्बन्धित स्थानीय तहमा पत्राचार गर्नु पर्नेछ।
- सम्बन्धित स्थानीय तहले जानकारी पाए पश्चात उपभोक्ता समूह गठनका लागि आम भेला गर्न ७ दिन अगावै सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि आम भेला हुने समय , वडा कार्यालयमा सूचना /स्थान र भेलाको विषय समावेश गरी सम्बन्धित स्थानीय तह ,मिति प्रकाशित गर्नु पर्नेछ।
- सम्बन्धित स्थानीय तहले तोकेको दिन सम्बन्धित स्थानीय तहको जनप्रतिनिधिको रोहवरमा उपभोक्ताहरुको अधिकतम सहभागिता सहितको आम भेलाबाट सात देखि एघार (७ देखि ११) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ।
- उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्नेछ। समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ र समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ।
- एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन। साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन।
- उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नु पर्नेछ। सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समिति गठन गर्नुपर्नेछ। यसरी गठन भएको उपभोक्ता समिति सम्बन्धित स्थानीय तहमा दर्ता गर्नु पर्नेछ।
- योजना कार्यान्वयनको लागि गठन भएको उपभोक्ता समितिहरुको कार्यालयले अनुसूची-१ को ढाँचामा लगत राख्नु पर्नेछ।
- सामुदायिक वन, सामुदायिक स्तरका सहकारी संस्थाहरू, कानुन बमोजिम गठन भएका अन्य सामुदायिक संस्थाहरुबाट आयोजनाको कार्य सञ्चालन गर्न/गराउन उपभोक्ताहरुको

आमभेलाबाट निर्णय भई आएमा यस मार्गदर्शन बमोजिमकार्य सञ्चालन गर्न/गराउन सकिनेछ।

उपभोक्ता समितिका सदस्यहरुको योग्यता देहायका बमोजिमको हुनेछ:

- सम्बन्धित योजना क्षेत्रको स्थायी वासिन्दा,
- १८ वर्ष उमेर पुरा भएको,
- फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,
- सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको,
- अन्य उपभोक्ता समितिमा सदस्य नरहेको,
- जनप्रतिनिधि,राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक नभएको।

**(क) उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार**

- सम्झौता बमोजिमको परिमाण, गुणस्तर, समय, लागत तथा डिजाईन अनुसार कार्य सम्पादन गर्ने,
- उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,
- सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने,
- उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,
- योजना सञ्चालन का सन्दर्भमा नियमित रुपमा बैठक बस्ने, उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने, निर्णय सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्ने।
- सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय, लागत तथा डिजाईनमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,
- आयोजनाको सार्वजनिक परीक्षण गराउने,
- आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार तथा आवश्यक अन्य कार्य गर्ने,

- योजना सम्पन्न भई सकेपछि कार्यालयलाई जानकारी गराउने र नियमानुसार फरफारक गराउने दायित्व उपभोक्ता समितिको हुनेछ।उपभोक्ता समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा अनुसूची २ बमोजिमको ढाँचामा योजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्नु पर्नेछ।
- उपभोक्ता समितिले सम्झौता बमोजिमको कार्य आफैं गर्नु पर्नेछ। आफूलाई जिम्मामा लिएको काम ठेक्कापट्टाबाट गराउन पाईने छैन।ठेक्कामा दिएको पाईएमा त्यस्ता उपभोक्ता समितिलाई कानून बमोजिम कारबाही गरिनेछ।
- अन्य प्रचलित ऐन नियममा उपभोक्ता समितिलाई तोकिएका कार्यहरु गर्ने।

(ख) **आयोजना कार्यान्वयन**

- कार्यालयले उपभोक्तासमितिबाट सञ्चालन हुने योजना, परियोजना र कार्यक्रमहरु पहिचान/छनौट गरी कार्यान्वयन योजना बनाउनु पर्नेछ। उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रईङ, डिजाईन र लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनु पर्नेछ।
- उपभोक्ताले सम्बन्धित योजनामा लागत अनुमान अंकको दस प्रतिशत १० प्रतिशत जन श्रमदान गर्नुपर्नेछ
- योजनाको कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची -३बमोजिमको ढाँचामा सम्झौता गरी कार्यालयले उपभोक्ता समितिलाई अनुसूची-४ बमोजिमको ढाँचामा कार्यादेश दिनुपर्नेछ।

(ग) **योजना सम्झौताकोलागि आवश्यक कागजातहरु**

(क) उपभोक्ता समिति गठन आम भेलाको निर्णयको प्रतिलिपि,

(ख) उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि,

(ग) सम्बन्धित स्थानीय तहको सिफारिस,

(घ) आयोजनाको लागत अनुमान विवरण,

(ङ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय,

(च) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालन को लागि आवश्यक कागजातहरु,

(छ) अन्य आवश्यक कागजातहरु।

**(घ) उपभोक्ता समितिको क्षमता विकास**

कार्यालयले योजनाको कार्यान्वयनको लागि कार्यादेश भएपश्चात् उपभोक्ता समितिका पदाधिकारीहरुलाई देहायका विषयमा अभिमुखिकरण गर्नु पर्नेछ :

- उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार,
- सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान,
- निर्माण सामाग्रीको गुणस्तर र परिमाण,
- खरिद, रकम निकासा प्रक्रिया, खर्चको लेखाकंन र अभिलेख व्यवस्थापन,
- आयोजनाको कार्यान्वयन, अनुगमन प्रक्रिया,सार्वजनिकपरीक्षण, योजनाको फरफारक र हस्तान्तरण,
- अन्य आवश्यक विषयहरु।

**(ङ) खाता सञ्चालन तथा भुक्तानी प्रक्रिया**

- उपभोक्ता समितिको खाता सञ्चालन का लागि निर्णय भई आएमा कार्यालयले निर्णय बमोजिमको बैंकमा खाता सञ्चालन को लागि सिफारिस गर्नेछ।
- समितिको खाता अध्यक्ष, कोषाध्यक्ष वा सचिव गरी कम्तिमा दुइ जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।
- उपभोक्ता समितिलाई सम्झौता बमोजिम योजनाको अन्तिम भुक्तानीको लागि उपभोक्ता समितिको निर्णय, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र, सम्बन्धित प्राविधिकको नापी मूल्यांकन, ठेक्का बिल,कार्य सम्पन्न प्रतिवेदनर सार्वजनिक परीक्षणको प्रतिवेदन, प्राविधिकको नापी मूल्यांकन बमोजिमको बिल भर्पाई तथा डोर हाजिरी र अन्य आवश्यक कागजातहरु पेश गर्नु पर्नेछ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश

विशाल घिमिरे
प्रदेश सचिव

- उपभोक्ता समितिलाई योजनाको अन्तिम भुक्तानी दिंदा कार्यसम्पन्न परीमाणको आधारमा पाँच प्रतिशत (५%) धरौटी तथा नियमानुसार कर कट्टा गरी उपभोक्ता समितिको नाममा रहेको बैक खाता मार्फत दिनु पर्नेछ।
- उपभोक्ता समितिले सम्झौता बमोजिम योजनाको कम्तिमा पचास प्रतिशत (५०%) भौतिक प्रगति भए पश्चात सम्बन्धित प्राविधिकको सिफारिस सहित रनिङ्ग विल भूक्तानी मागको लागि उपभोक्ता समितिबाट निर्णय गराई कार्यालयमा निर्माण कार्यको फोटोहरु सहित निवेदन पेश भएमा कार्यालयले खटाइएको प्राविधिकबाट स्थलगत नाप जाँच गरी रनिङ्ग विल पेश भए पश्चात सोही बमोजिम भूक्तानी गरिनेछ ।
- उपभोक्ता समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नुपर्नेछ।
- योजनाको अन्तिम भुक्तानी हुनुभन्दा अगावै कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।
- योजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहको जनप्रतिनिधिको रोहवरमा सरोकारवाला उपभोक्ताहरुको आम भेला गराइ सार्वजनिक परीक्षण गर्नु पर्नेछ। सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची ५ बमोजिम हुनेछ।
- उपभोक्ता समितिले काम शुरु गर्नु भन्दा अगावै योजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम शुरु र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी तयार गरिएको अनुसूची ६ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नु पर्नेछ।
- उपभोक्ता समितिलाई सम्बन्धित कार्यालयले योजनाको ड्रइङ्ग, डिजाइन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनेछ।
- उपभोक्ता समितिबाट निर्माण हुने योजनाहरूको गुणस्तर कायम गर्ने गराउने दायित्व,जिम्मेवारी जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ।

(च) निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नुपर्ने

उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ। गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त देहायका विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

- निर्माण सामाग्रीको गुणस्तरः निर्माण सामाग्री ड्रइङ, डिजाईन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ।
- निर्माण विधि र प्रक्रियाको गुणस्तरः निर्माण विधि र प्रक्रिया कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ।
- निर्माण कार्यको दिगोपनाः उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाको लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नु पर्नेछ।
- गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारीः उपभोक्ता समिति मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यको लागि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ।
- लगत राख्नु पर्नेः उपभोक्ता समितिबाट हुने कामको सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा सम्बन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ। त्यस्ता उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गर्नेछ।

(छ) अनुगमन समितिको व्यवस्था

आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न उपभोक्ताहरुको आमभेलाबाट ३(तीन) सदस्यीय अनुगमन समिति गठन गर्नु पर्नेछ।अनुगमन समितिले आयोजनाको अनुगमन गर्दा सम्बन्धित स्थानीय तहको जनप्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।अनुगमन समितिको काम, कर्तव्य अधिकार देहायका बमोजिम हुनेछ :

- आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

प्रदेश सरकार
उद्योग, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश

विशाल घिमिरे
प्रदेश सचिव

- आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,
- आवश्यक अन्य कार्य गर्ने।

**(ज) म्याद थप सम्बन्धि व्यवस्था**

- सम्झौतामा निर्दिष्ट गरिएको म्यादभित्र आयोजना सम्पन्न हुन नसक्ने अवस्था सृजना भएमा उपभोक्ता समितिले निर्णय गरी कारण सहित म्याद समाप्त हुनु भन्दा कम्तिमा सात दिन अगावै सम्बन्धित प्राविधिकको सिफारिस सहित कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ। यसरी म्याद थपको लागि निवेदन पेश भएमा आवश्यकता बमोजिम म्याद थप गर्न सक्नेछ।
- थप भएको म्याद भित्र समेत कार्यसम्पन्न हुन नसक्ने भएमा कार्यालयले अन्य खरिद विधिबाट आयोजना सम्पन्न गर्न बाधा पर्ने छैन।
- प्राकृतिक प्रकोप तथा भवितव्य परीथप भएको म्याद भित्र पनि कार्य सम्पन्न हुन नसक्ने विशेष परिस्थिति भएमा मात्र कार्यालयले पुन: म्याद थप गर्न बाधा पर्नेछैन।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि कार्यालयले जेष्ठ मसान्त भन्दा पछिको म्याद थप गर्न सकिने छैन।

## २२२. विभिन्न अध्ययन अनुसन्धान सम्बन्धी कार्य

मन्त्रालयमा विनियोजित तपशिल बमोजिमका अध्ययन अनुसन्धानका कार्यहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम परामर्शदाता व्यक्ति/कम्पनी/फर्महरुबाट गरिनेछ। यसका लागि मन्त्रालयमा गठित खरिद इकाई समितिले तयार गरेको कार्यसूची अनुसार तथा मूल्याङ्कनबाट सारभूत रुपमा प्रभावग्राही तथा न्यूनतम मूल्याङ्कित भएका परामर्शदाहरुबाट गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालयबाट कार्यसूची स्वीकृत गरी प्रस्तावपत्र मूल्याङ्कन विधिबाट यो कार्यक्रम सञ्चालन हुनेछ।

**बजेट व्यवस्थापन तथा क्रियाकलापहरु**

| क्र.स. | क्रियाकलाप | बजेट (रु. हजारमा) |
|---|---|---|
| १. | प्राणी उद्यान (खुला चिडियाखाना), वन्यजन्तु उद्दार केन्द्र स्थापना (संभाव्यता अध्ययन/गुरुयोजना तथा DPR तयारी र कार्यान्वयन | २००० |
| २. | मिचाहा प्रजातीका वनस्पतिको अध्ययन अनुसन्धान | १००० |

| | | |
|---|---|---|
| ३. | मन्त्रालय तथा मातहत निकायहरुको SOP तयारी | १००० |
| ४. | प्रदेश स्तरीय फरेष्ट रिपोर्टिङ प्रणाली निर्माण | ३०० |
| ५. | पर्यटन वर्षको वेभसाइट निर्माण/अध्यावधिक | २०० |

## खण्ड ५- विविध

**प्रचलित कानून बमोजिम हुने**

यो मार्गदर्शनमा लेखिएका विषयमा यसै मार्गदर्शन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ । यस मार्गदर्शनमा लेखिएको कुनै विषय खरिद तथा आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून विपरित देखिएमा प्रचलित कानून बमोजिम हुने गरी खर्चको व्यवस्थापन गर्नु सम्बन्धित निकायको जिम्मेवारी हुनेछ।

